कार्यालय प्रयोजनका लागि मात्र

# सूर्योदय नगरपालिकाको

# कार्यक्रम कार्यान्वयन निर्देशिका

# २०७६

(आर्थिक वर्ष २०७६/७७ को स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयनका लागि)

## सूर्योदय नगरपालिका

## इलाम

कार्यपालिकाबाट स्वीकृत मिति: २०७६ /०५ /१८

# विषय सूची


| विषय | पृष्ठ |
|---|---|
| पृष्ठभूमिः | 1 |
| **खण्ड १-परिचय** | |
| दीर्घकालीन सोच (Long Term Vision) | 2 |
| ध्येय (Mission) | 2 |
| लक्ष्य (Goal) | 2 |
| उद्देश्य (Objectives) | 2 |
| सूर्योदय विकासका मोडयूल (SURYODAYA Development Module) | 3 |
| संगठन संरचना | 4 |
| दरवन्दी तेरिज | 5 |
| **खण्ड २-योजना तर्जुमा** | |
| आय तथा व्यय प्रक्षेपणका आधारहरु | 6 |
| राजश्व प्रक्षेपणको आधार : | 6 |
| व्यय प्रक्षेपणको आधारः | 7 |
| योजना तर्जुमाका आधारहरु | 7 |
| योजना तथा कार्यक्रम तर्जुमाका प्राथमिकताहरु | 7 |
| खर्च प्राथमिकिकरणका आधारहरु | 8 |
| योजना तर्जुमाका सन्दर्भमा संघीय तथा प्रादेशिक सरकारबाट प्राप्त मार्गनिर्देशन | 9 |
| लैंगिक उत्तरदायी बजेट | 9 |
| गरिवी न्यूनीकरण उन्मुख बजेट | 10 |
| नगर गौरवका आयोजनाहरु | 11 |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | 11 |
| वडागत बजेट सिलिङ निर्धारणका आधारहरु | 11 |
| **खण्ड ३-आय व्ययका शीर्षकहरु वर्गीकरणको सिद्धान्त र प्रचलित वर्गीकरण** | |
| आय वर्गीकरणको सिद्धान्त | 12 |
| व्यय वर्गीकरणको सिद्धान्त | 13 |

कार्यालय संकेत र बजेट उपशीर्षक सम्बन्धि व्यवस्था 14

बजेटको सेवा तथा कार्यगत वर्गीकरण 16

खण्ड ४ - खर्च लेखांकन सम्बन्धी व्यवस्था

महालेखा नियन्त्रक कार्यालयले तोकेको ढाँचामा श्रेस्ता राख्नु पर्ने 18

बजेट तर्जुमा, खर्चको लेखांकन र प्रतिवेदनका लागि सुत्र प्रयोगमा ल्याउन पर्ने 22

बजेट खर्च गर्ने अख्तियारी 23

बैंक खाता सम्बन्धी व्यवस्था 26

बजेट खर्च सँग सान्दर्भीक कानूनी व्यवस्था 27

खण्ड ५ - कार्य सञ्चालन तथा प्रशासनिक खर्चको कार्यान्वयन प्रकृया 28

खण्ड ६ - शिक्षा, युवा तथा खेलकुद क्षेत्रमा विनियोजित बजेट खर्चको कार्यान्वयन प्रकृया 53

खण्ड ७ - जनस्वास्थ्य प्रवर्द्धन तर्फ विनियोजित बजेटको कार्यान्वयन प्रकृया 72

खण्ड ८ - कृषि, सहकारी, उद्यम विकास तर्फको बजेटको कार्यान्वयन प्रकृया 81

खण्ड ९ - महिला, वालवालिका, समाज कल्याण तथा सामाजिक समावेशीकरणतर्फको बजेटको कार्यान्वयन प्रकृया 95

खण्ड १० - हेरचाहका लागि उत्प्रेरणा कार्यक्रम तर्फ विनियोजित बजेटको कार्यान्वयन प्रकृया 107

खण्ड ११ - अन्य पूर्वाधार निर्माण सम्बन्धी कार्यकालागि विनियोजित बजेटको कार्यान्वयन प्रकृया 123

खण्ड १२ - प्रवर्द्धनात्मक कार्यकालागि विनियोजित बजेटको कार्यान्वयन प्रकृया 129

खण्ड १३ - वडा कार्यालयहरुको लागि विनियोजित बजेटको कार्यान्वयन प्रकृया 130

खण्ड १४ - सबै प्रकारका तालिम गोष्ठी सेमिनार कार्यशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्ड 144

## पृष्ठभूमिः

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने तथा राज्य शक्तिको प्रयोग तीनै तहले संविधान र कानून बमोजिम गर्ने व्यवस्था गरेको छ । संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आफ्नो अधिकार क्षेत्रका विषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिक र विषयक्षेत्रगत मध्यमकालीन र दीर्घकालीन योजना बनाई लागु गर्नुपर्ने व्यवस्था गरेको छ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्ने, मध्यमकालीन खर्च संरचना तयार गर्ने, आवश्यकताको प्रक्षेपण गर्ने, राजश्वको प्रक्षेपण गर्ने र वित्तीय अनुशासन कायम गर्नुपर्ने व्यवस्था गरेको छ ।

आवधिक योजनाले लिएका लक्ष्यहरु तथा मध्यमकालीन खर्च संरचनाले गरेका व्यवस्थालाई स्रोत साधनसँग तालमेल गरी प्राथमिकताका साथ स्रोतको विनियोजन गर्ने कार्य वार्षिक योजनाले गर्दछ । यस नगरपालिकाले संविधान प्रदत्त स्थानीय तहका काम, कर्तव्य र अधिकार, संविधान बमोजिम राज्यका निर्देशक सिद्धान्त र नीतिहरु, नेपाल पक्ष भएर गरिएका अभिसन्धीहरु, दीगो विकासका लक्ष्यहरु, प्रदेशको आवधिक योजनाको आधारपत्र, नगर सभाबाट पारित नीतिहरुलाई मार्गदर्शनको रुपमा लिई आर्थिक वर्ष २०७६/७७ को वार्षिक योजना तथा कार्यक्रमहरु तय गरी नगर सभाबाट स्वीकृत गरेको छ ।

स्वीकृत कार्यक्रमहरुको कार्यान्वयनमा एकरुपता र प्रभावकारीता, अपेक्षित लक्ष्यको प्राप्ति, तोकिएका शीर्षक र क्रियाकलापमा खर्च गर्ने वातावरणको सुनिश्चितता, उपलब्ध स्रोतको अधिकतम उपयोगका लागि सहजीकरण, आर्थिक अनुशासन कायम गरी तोकिएका शीर्षकहरुमा नियमानुसार खर्च गर्ने मापदण्ड एवं स्वीकृत कार्यक्रमको अवधारणा, उद्देश्य, प्रकृया र रणनीतिहरुका सम्बन्धमा सबै सरोकारवालाहरुलाई परिचित गराई कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गराउन सूर्योदय नगरपालिकाको विनियोजन ऐन, २०७६ ले नगरपालिकाले "कार्यक्रम कार्यान्वयन निर्देशिका" जारी गर्न सक्ने व्यवस्था गरेको छ ।

नगर सभाबाट स्वीकृत आर्थिक वर्ष २०७६/७७ मा सञ्चालन गरिने कार्यक्रमहरु सञ्चालनका सिलसिलामा कार्यक्रम कार्यान्वयन गर्ने निकायलाई अनुशासित र जिम्मेवार बनाई कार्यक्रम कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि गर्न एवं सहजीकरण गर्नका लागि सूर्योदय नगरपालिकाको मिति २०७६/०५/१८ को निर्णयबाट **"सूर्योदय नगरपालिकाको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७६"** जारी गरी लागु गरिएको छ ।

## खण्ड १ - परिचय



### दीर्घकालीन सोच (Long Term Vision)

"सूर्योदय नगरपालिकाको समृद्धता : प्राङ्गारिक कृषि, पर्या-पर्यटन र आर्थिक समानता"



### ध्येय (Mission)

नगरपालिकाका विषयक्षेत्रगत नीतिहरुलाई मार्गदर्शकको रुपमा आत्मसाथ गरी "SURYODAYA विकासको मोड्यूल" ले निर्देशित गरे अनुसार कार्यक्रम सञ्चालन गर्ने ।




### लक्ष्य (Goal)

आ.व. ०७६/७७ मा सञ्चालन गरिने भनी निर्दिष्ट क्रियाकलापहरु समय,लागत, गुणस्तर र परिमाणात्मक रुपमा निर्धारित लक्ष्य अनुसारको प्रगति हासिल हुने तथा सूर्योदय नगरपालिकाको आर्थिक, सामाजिक, भौतिक, वातावरण संस्थागत सेवा प्रवाह, वित्तीय व्यवस्थापन र सुशासनमा अभिवृद्धि भई नगरवासीको जीवन स्तरमा सुधार आएको हुनेछ ।




### उद्देश्य (Objectives)

- प्राङ्गारिक कृषि खेतीको प्रवर्द्धन र व्यवसायीकरण, पर्यटन पूर्वाधार, पर्या-पर्यटन क्षेत्रको विकास, सामूहिक युवा उद्यम व्यवसायको प्रवर्द्धन, पशु सेवा कार्यक्रम, ५० % अनुदानमा उन्नत गाईपालन व्यवसाय, भकारो सुधार, गोठ सुधार, सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि, सहकारी उद्योगहरुको प्रवर्द्धन र विकास, चियाखेती जन्य उद्योगहरु, पशुजन्य उद्योग साथै अन्य साना तथा घरेलु उद्योग एवं व्यापार व्यवसायमा प्रवर्द्धन जस्ता कार्यक्रमहरु सञ्चालन भई नगरबासीको रोजगारी र आय स्तरमा सुधार भएको हुनेछ ।
- गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य एवं पोषण शिक्षा तथा स्वास्थ्य क्षेत्रको भौतिक पूर्वाधार निर्माण सुधार, स्वच्छ पिउने पानी तथा सरसफाईको सुविधामा पहुँच, यूवा एवं खेलकुद विकास प्रवर्द्धनका साथै लैंगिक समानता, सामाजिक समावेशीकरण, लोपोन्मुख आदिवासी जनजातिहरुको भाषा, कला, संस्कृति र क्षमताको अभिवृद्धि भई नगरबासीलाई आधारभूत सामाजिक सेवा, संरक्षण, सुरक्षाको प्रत्याभूती र क्षमता विकास भएको हुनेछ ।
- बाह्रैमास चल्ने वडा स्तरीय गौरवका सडकहरु तथा नगर यातायात गुरुयोजना बमोजिमका नगर स्तरीय सडकहरुको क्रमागत स्तरोन्नति, आधारभूत तथा गुणस्तरीय भौतिक एवं सामाजिक पूर्वाधारको निर्माण, स्तरोन्नति र मर्मत सम्भारबाट नगरको भौतिक पूर्वाधार विकासमा निरन्तर गतिशीलता, नगरवासीलाई स्थानीय सरकारको तर्फबाट उपलव्ध गराइने सेवा तथा सुविधा प्रासिमा पहुँच र सेवा प्रवाह सहज भएको हुनेछ ।
- वन, वन्यजन्तु,जैविक विविधता तथा भू तथा जलाधार क्षेत्रको संरक्षण, विकास, संवर्द्धन, प्रवर्द्धन गर्दै फोहरमैला व्यवस्थापन, विपद व्यवस्थापन एवं जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण गर्दै वातावरणमैत्री विकास गर्ने, बायोइञ्जिनियरिङ प्रविधिलाई अवलम्बन गर्ने र वृक्षरोपण गरी वातावरणीय क्षेत्रमा सुधार भएको हुनेछ ।
- नगरपालिकालाई आवश्यक पर्ने ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड तयारी एवं स्वीकृत गरी विधि र प्रकृयाको निर्माण, चुस्त दुरुस्त तथा प्रभावकारी सेवा प्रवाह, मौजुदा जनशक्तिको क्षमता विकास र

अधिकतम परिचालन गरी सेवा प्रवाह प्रभावकारी भएको हुनेछ ।

- आन्तरिक स्रोत संकलन र परिचालन गर्दै प्रविधिमैत्री कर तथा आर्थिक प्रशासनको माध्यमबाट वित्तीय अनुशासन कायम भई स्थानीय सुशासन व्यवस्थित भएको हुनेछ ।
- प्रदेश सरकार र नगरपालिकाको साझेदारीमा Tea Testing Center को स्थापना, पर्या-पर्यटनका लागि प्रारम्भिक अध्ययन, श्रमिक दस्ताको स्थापना र परिचालन भएको हुनेछ ।
- संघीय सरकार, प्रदेश सरकार र दातृ निकायबाट प्राप्त कार्यक्रम अनुसारका विभिन्न पूर्वाधार कार्यक्रमहरुको सञ्चालन, समपुरक कोषबाट लागत साझेदारीमा पूर्वाधार विकासका कार्यक्रमहरु सञ्चालन र विशेष अनुदानबाट अन्य आयमूलक कार्यक्रमहरु संचालन भएको हुनेछन् ।
- स्वीकृत कार्यक्रमहरुको कार्यान्वयनमा एकरुपता र प्रभावकारीता, अपेक्षित लक्ष्यको प्राप्ति, तोकिएका शीर्षक र क्रियाकलापमा खर्च गर्ने वातावरणको सुनिश्चितता, उपलव्ध स्रोतको अधिकतम उपयोगका लागि सहजीकरण, आर्थिक अनुशासन कायम गरी तोकिएका शीर्षकहरुमा नियमानुसार खर्च गर्ने मापदण्ड एवं स्वीकृत कार्यकमको अवधारणा, उद्देश्य, प्रकृया र रणनीतिहरुका सम्बन्धमा सबै सरोकारवालाहरुलाई परिचित गराई कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन भएका हुनेछन् ।



## सूर्योदय विकासको मोड्यूल (SURYODAYA Development Module)

| | |
|---|---|
| S | Sustainable and balanced approach to development<br>(दिगो र सन्तुलित विकासको लक्ष्य निर्धारण) |
| U | United with 3 Ps ( Political Parties, Public & Public Servants)<br>(राजनैतिक दल, स्थानीय जनता र कर्मचारीको एकीकृत समन्वयात्मक प्रयास र तादात्म्यता) |
| R | Researched programms based on rational approaches<br>(औचित्यमा आधारित (जनता केन्द्रित) अनुसन्धानमूलक कार्यक्रम) |
| Y | Youth, Women, Children, Senior Citizens, Disabled & Marginalised People Inclusiveness<br>(युवा, महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत समुदाय, लोपोन्मुख वर्गको समान समावेशी सहभागिता) |
| O | Organic Agriculture, Eco-tourism & Economic Equality Promotion<br>(प्राङ्गारिक कृषि, पर्यापर्यटन र आर्थिक समानताको प्रवर्द्धन) |
| D | Development of overall physical, innovative infrastructure & Programmes<br>(समग्र पूर्वाधार प्रविधिमा नविनताको विकास सम्वन्धी कार्यक्रम) |
| A | Accountable, impartial & competent Administration<br>(उत्तरदायी, तटस्थ र सक्षम प्रशासन) |
| Y | Youth Oriented Programmes Focusing On Spots & Enterpreneurship<br>(युवा लक्षित खेलकूद र उद्यमशीलता सम्वन्धी कार्यक्रममा जोड) |
| A | Avenues for growth and prosperity of Suryodaya Municipality<br>(विकास र समृद्धिको पहिचान दिने सूर्योदय नगरपालिका |

## संगठन संरचना

सूर्योदय नगरपालिका, इलाम



## दरवन्दी तेरिज

नगरकार्यपालिकाको दरवन्दी तेरीज

वडा कार्यालय तर्फको दरवन्दी तेरीज

सेवा केन्द्र तर्फको दरवन्दी तेरीज

क) कृषि सेवा केन्द्र फिक्कल

ख) पशु सेवा केन्द्र फिक्कल

ग) पशु सेवा केन्द्र आईतबारे

# स्वास्थ्य संस्था तर्फको दरवन्दी तेरिज

**प्राथमिक स्वास्थ्य केन्द्र तर्फ (फिक्कल र पशुपतिनगर)**

| क्र. सं. | पदनाम | तह | दरवन्दी संख्या | स्वास्थ्य संस्थाको संख्या | कूल दरवन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मेडिकल अधिकृत | ८ | १ | २ | २ | |
| २ | हेल्थ असिष्टेण्ट | ५/६/७ | १ | २ | २ | |
| ३ | स्टाफ नर्स | ५/६/७ | १ | २ | २ | |
| ४ | सि.अ.हे.व./अ.हे.व. | ४/५/६ | ३ | २ | ६ | |
| ५ | सि.अ.न.मि./अ.न.मि. | ४/५/६ | ३ | २ | ६ | |
| ६ | ल्याव असिष्टेण्ट | ४/५/६ | १ | २ | २ | |
| ७ | कार्यालय सहयोगी | श्रेणीविहिन | २ | २ | ४ | |

**स्वास्थ्य चौकी तर्फ (गोर्खे, श्रीअन्तु, समालबुङ, कन्याम, पञ्चकन्या, लक्ष्मीपुर)**

| क्र.सं. | पदनाम | तह | दरवन्दी संख्या | स्वास्थ्य संस्थाको संख्या | कूल दरवन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | हेल्थ असिष्टेण्ट | ५/६/७ | १ | ६ | ६ | |
| २ | सि.अ.हे.व./अ.हे.व. | ४/५/६ | २ | ६ | १२ | |
| ३ | सि.अ.न.मि./अ.न.मि. | ४/५/६ | २ | ६ | १२ | |
| ४ | ल्याव असिष्टेण्ट | ४/५/६ | १ | ३ | ३ | गोर्खे, समालबुङ र लक्ष्मीपुर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | कार्यालय सहयोगी | श्रेणीविहिन | १ | ६ | ६ | |

**शहरी स्वास्थ्य केन्द्र (मलिम)**

| क्र.सं. | पदनाम | तह | दरवन्दी संख्या | स्वास्थ्य संस्थाको संख्या | कूल दरवन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | अ.हे.व. | ४ | १ | १ | १ | |
| २ | अ.न.मि. | ४ | १ | १ | १ | |
| ३ | कार्यालय सहयोगी | श्रेणीविहिन | १ | १ | १ | |

**हेल्थ डेस्क (पशुपतिनगर फाटक)**

| क्र.सं. | पदनाम | तह | दरवन्दी संख्या | स्वास्थ्य संस्थाको संख्या | कूल दरवन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | अ.हे.व. | ४ | १ | १ | १ | |
| २ | अ.न.मि. | ४ | २ | १ | २ | |

## खण्ड २- योजना तर्जुमा

### आय तथा व्यय प्रक्षेपणका आधारहरु

बजेट प्रक्षेपणको मुल आधार राजश्वको सही अनुमान र व्ययको प्रभावकारी विनियोजन हो । यसलाई यथार्थपरक तुल्याउन नगरपालिकाले निश्चित मापदण्डका आधारमा आय र व्ययको प्रक्षेपण गर्न आवश्यक हुन्छ । सैद्धान्तिक पक्षको ज्ञान, तथ्य र प्रवृत्तिगत विश्लेषणबाट आय र व्ययको प्रक्षेपणलाई वास्तविकताको नजिक पुर्याउन सकिन्छ । पहिचान गरिएका राजश्वका स्रोतहरुको एकाईगत राजश्व प्रक्षेपण गर्ने प्रयास गरिएको छ । यसैगरी व्ययका लागि तोकिएका कार्यक्रममा आवश्यक बजेट विनियोजन गरी अनिवार्य दायित्वलाई सीमित गर्ने प्रयास गरिएको छ । यस परिच्छेदमा बजेट तर्जुमाका पक्षसँग जोडिएका आय र व्ययको प्रक्षेपणका केही आधारभूत विषय उल्लेख गरिएको छ ।

### राजश्व प्रक्षेपणको आधार :

सामान्यतया, विगतको राजश्व असुलीको प्रवृत्तिलाई आधार मानी राजश्व प्रक्षेपण गर्ने गरिन्छ । राजश्व प्रक्षेपण गर्नका लागि गुणात्मक र संख्यात्मक गरी दुई विधिहरु प्रचलनमा रहेका छन् । राजश्व प्रक्षेपण जटिल र परिस्थितिजन्य हुने भएकोले प्रक्षेपण गर्दा आउन सक्ने प्रत्येक जोखिम (External Factors) लाई पूर्वानुमान गरी प्रत्येक शीर्षकका लागि उपयुक्त तरिकाबाट विभिन्न शीर्षकहरुको अलग अलग राजश्व प्रक्षेपण गरिएको छ । राजश्व प्रक्षेपणलाई यथार्थपरक बनाउँदै हरेक शीर्षकमा प्रक्षेपणको सैद्धान्तिक आधार स्पष्ट हुन पर्दछ । कुनै राजश्वको शीर्षकको कराधार (Tax base) स्थापित आर्थिक सूचकबाट निश्चित गर्न सकिने भएमा त्यही सूचकलाई कराधार कायम गर्न सकिन्छ र नसकिने भएमा विगतको असुली प्रवृत्ति र विशिष्ट खालका सूचनाहरु कराधार हुन सक्छन् । संवैधानिक व्यवस्था अनुसारको अधिकार क्षेत्रलाई आधार मानी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम राजश्व प्रक्षेपण गरिन्छ । नगरपालिकाले राजश्व प्रक्षेपण गर्दा करको दरलाई बढाउने भन्दा पनि बढीभन्दा बढी करदातालाई करको दायरामा

ल्याउन सक्ने गरी कर प्रणाली लागु गर्ने गरी प्रक्षेपण गरेको छ । करदाताको कर छल्न चाहने प्रवृत्ति र कर प्रशासनको क्षमता राजश्व प्रशासनका जोखिमहरु हुन् । कर प्रशासनको कार्यान्वयनमा यी विषयहरुलाई गम्भीरतापूर्वक हेरिनु पर्दछ ।

### व्यय प्रक्षेपणको आधारः

बजेट तर्जुमा गर्ने निश्चित आधार र मापदण्ड नभएमा बजेट विनियोजन यथार्थपरक हुन सक्दैन । परिणामस्वरुप, अत्यावश्यक क्षेत्रमा रकमको अभाव हुने र अनावश्यक क्षेत्रमा बढी विनियोजन हुन गई रकमको सदुपयोग हुन नसक्ने अवस्था सिर्जना हुन जान्छ । यसलाई सुधार गर्न नगरपालिकाले अवलम्बन गरेका विभिन्न खर्च शीर्षकहरु (खास गरी चालु खर्च) को बजेट तर्जुमाका आधारहरु अनुसूचीमा उल्लेख गरिएको छ ।

### योजना तर्जुमाका आधारहरु

**राजश्व अनुमान तर्फ**

सूर्योदय नगरपालिकाको आन्तरिक स्रोत
अन्य दातृ निकाय र विकासका साझेदार संस्थाबाट प्राप्त हुने बजेट,
संघीय र प्रादेशीक सरकारबाट आ.ब. २०७६/७७ मा प्राप्त हुने वित्तिय समानिकरण र सशर्त अनुदान,
संघीय सरकारको राजश्व बाँडफाँडबाट प्राप्त हुने मू.अ.कर, अन्तशुल्क लगायतका रकम,
प्रदेश सरकारको राजश्व बाँडफाँडबाट प्राप्त हुने सवारी कर लगायतका रकम
जिल्ला समन्वय समितिबाट प्राप्त हुने कोष बाँडफाँड लगायतका अनुदान
अन्य विभिन्न अनुदान

### योजना तथा कार्यक्रम तर्जुमाका प्राथमिकताहरु

नगरपालिकाले वार्षिक योजना तथा वार्षिक विकास कार्यक्रम तर्जुमा गर्दा देहायका विषयहरुलाई आधार बनाएको छ ।

नेपालको संविधान
दीर्घकालिन सोच
संघीय सरकारले निर्माण गरेको राष्ट्रिय योजना
प्रादेशिक आवधिक योजनाको आधारपत्र
नगरपालिकको मध्यमकालीन खर्च संरचना
दिगो विकास लक्ष्य
विकासका अन्तरसम्बन्धित विषय
नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताबाट सिर्जित दायित्व
संघीय र प्रादेशिक सरकारले अवलम्बन गरेका अन्य आर्थिक नीतिहरु
नगरपालिकासँग सम्बन्धित ऐन नियम तथा निर्देशिकाहरु

- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन,२०७४
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४(परिमार्जित)
- संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्ड

स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका, २०७४

सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ का सान्दर्भिक दफा तथा नियमहरु

नेपाल सरकार, अर्थ मन्त्रालयबाट जारी बजेट तर्जुमा दिग्दर्शन, २०७५ (आठौं संस्करण)

## खर्च प्राथमिकीकरणका आधारहरु

| क्र.सं. | आयोजना वर्गीकरण | प्रदान हुने अंक | कैफियत |
|---|---|---|---|
| १ | गरिवी निवारणमा योगदान पुग्ने आयोजनाहरु | | |
| | -प्रत्यक्ष योगदान पुर्याउने | १५ | |
| | -अप्रत्यक्ष योगदान पुर्याउने | १० | |
| | -तटस्थ | ५ | |
| २ | उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने आयोजनाहरु | | |
| | -चालु आ.ब.मै सम्पन्न भई सक्ने | १५ | |
| | -आगामी आ.ब.मा सम्पन्न हुने | १० | |
| | -अन्य | ५ | |
| ३ | बढी जनसंख्या लाभान्वित हुने आयोजनाहरु | | |
| | -१०० जना भन्दा बढी लाभान्वित हुने | ५ | |
| | -७० वा सो भन्दा बढी लाभान्वित हुने | ३ | |
| | -५० देखि ६९ जना सम्म लाभान्वित हुने | २ | |
| ४ | आम्दानी र रोजगारी वृद्धि गर्ने आयोजनाहरु | | |
| | -प्रत्यक्ष योगदान पुर्याउने | १० | |
| | -अप्रत्यक्ष योगदान पुर्याउने | ५ | |
| | -तटस्थ | ० | |
| ५ | लागत सहभागिता जुट्ने आयोजनाहरु | | |
| | -५०% वा सो भन्दा बढी लागत सहभागिता हुने | १५ | |
| | -२०% देखि माथि ५०% सम्म लागत सहभागिता हुने | १० | |
| | -२०% सम्म लागत सहभागिता हुने | ५ | |
| | -लागत सहभागिता नहुने | ० | |
| ६ | स्थानीय स्रोत साधन र सीपको प्रयोग हुने आयोजनाहरु | | |
| | -आयोजनालाई आवश्यक पर्ने सबै श्रोत साधन स्थानीय स्तरमा उपलव्ध हुने | १० | |
| | -आयोजनालाई आवश्यक पर्ने ५०% सम्म श्रोत साधन स्थानीय स्तरमा उपलव्ध हुने | ७.५ | |
| | -अन्य | ५ | |
| ७ | समावेशी विकासमा योगदान पुर्याउने आयोजनाहरु | | |
| | -प्रत्यक्ष योगदान पुर्याउने | १५ | |
| | -अप्रत्यक्ष योगदान पुर्याउने | १० | |
| | -तटस्थ | ० | |
| ८ | दीगो विकास र वातावरणीय संरक्षण गर्ने आयोजनाहरु | | |

| क्र.सं. | आयोजना वर्गीकरण | प्रदान हुने अंक | कैफियत |
|---|---|---|---|
| | -प्रत्यक्ष योगदान पुर्याउने | १० | |
| | -अप्रत्यक्ष योगदान पुर्याउने | ५ | |
| | -तटस्थ | ० | |
| ९ | स्थानीय भाषिक, सांस्कृतिक विकास गर्ने आयोजनाहरु | | |
| | -प्रत्यक्ष योगदान पुर्याउने | ५ | |
| | -अप्रत्यक्ष योगदान पुर्याउने | ३ | |
| | -तटस्थ | ० | |

## योजना तर्जुमाका सन्दर्भमा संघीय तथा प्रादेशिक सरकारबाट प्राप्त मार्गनिर्देशन

नेपाल सरकार, अर्थ मन्त्रालयबाट प्राप्त मार्गदर्शनले अनुदानको रकम लगानीका देहायका विषयलाई प्राथमिकता दिएको छ ।

- आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी कार्य
- आधारभूत स्वास्थ्य तथा सरसफाई सम्बन्धी कार्य
- कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य र सहकारी सम्बन्धी कार्य
- कृषि प्रसारको व्यवस्थापन, संचालन र नियमन सम्बन्धी कार्य
- स्थानीय खानेपानी सम्बन्धी नीति, योजना कार्यान्वयन र नियमन एवं खानेपानी सेवा व्यवस्थापन
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई प्रणालीको संचालन र मर्मत संभार
- स्थानीय तटवन्ध, नदी नियन्त्रण तथा नदी व्यवस्थापन
- खेलकुद विकास र प्रवर्द्धन
- स्थानीय यातायात व्यवस्थापन
- सामाजिक एवं आर्थिक दृष्टिले कमजोर तथा तुलनात्मक विकासको मूल प्रवाहमा पछि परेका वर्ग वा समूहको उत्थान एवं मूल प्रवाहीकरणमा योगदान पुर्याउने कार्यक्रमहरु

## लैंगिक उत्तरदायी बजेट

महिला र पुरुषको आवश्यकता अनुरुप कार्यक्रम र बजेट विनियोजन गर्न लैंगिक उत्तरदायी बजेटलाई सशक्त माध्यमको रुपमा लिइएको छ । सार्वजनिक साधन र स्रोतको अनुमान, वितरण र उपयोगलाई प्रभावकारी तुल्याउन संघीय सरकारले लैंगिक उत्तरदायी बजेट प्रणाली कार्यान्वयनमा ल्याएको छ । खासगरी निर्णयमा महिलाहरुको अर्थपूर्ण सहभागिता बढाउन, समानुपातिक फाइदाको वितरण गर्न, रोजगारी वृद्धि गर्न समयको प्रयोगमा गुणात्मक सुधार गर्न लैंगिक उत्तरदायी बजेट प्रणालीले कार्यक्रममा प्रत्यक्ष सहयोग पुर्याउने उद्देश्य लिइएको छ ।

लैंगिक उत्तरदायी बजेट निम्न मान्यतामा आधारित रहेको छ ।

- बजेटका सबै प्रकिया र यसले पार्ने प्रभाव लैंगिक रुपमा तटस्थ हुँदैन । बजेट सम्बन्धी नीतिहरु, राजश्व संकलन र खर्च सबै पक्षमा यो तथ्य लागु हुन्छ ।
- लैंगिक उत्तरदायी बजेटले लैंगिक समानताको नीति एवं समष्टिगत आर्थिक नीतिका बीच सम्बन्ध स्थापित गर्दछ ।

- लैंगिक उत्तरदायी बजेट प्रक्रियाको प्रारम्भ नै कार्यक्रम तथा बजेटले महिला र पुरुषमा पार्न सक्ने प्रभावको विश्लेषणबाट हुन्छ । त्यसपछि कार्यक्रम तथा बजेट तर्जुमा गर्दा लैंगिक पक्षको समायोजन गर्नु पर्दछ ।
- लैंगिक उत्तरदायी बजेटले लैंगिक मूल प्रवाहीकरणलाई कार्यान्वयनमा लैजान योगदान पुर्याउँदछ ।
- लैंगिक उत्तरदायी बजेट भन्नाले महिलाका लागि छुट्टै बजेट होइन । कार्यक्रम तथा बजेटका सबै पक्षहरुमा महिला तथा पुरुषको सन्तुलित लाभ सुनिश्चित गर्ने प्रक्रिया हो ।

कार्यक्रम तथा बजेट तर्जुमा गर्दा परियोजना चक्रका परियोजना/कार्यक्रम पहिचान, छनौट, तर्जुमा, कार्यान्वयन, अनुगमन तथा प्रभावको चरणमा पर्न सक्ने लैंगिक प्रभावको पूर्व अध्ययन/विश्लेषण गर्नु पर्दछ । सो प्रयोजनका लागि निर्धारण गरिएका आवश्यक सुचकांक, उपसुचकांक र कार्यगत परीक्षण सूचीका आधारमा कार्यक्रम तथा बजेटलाई लैंगिक दृष्टिले कुन तहमा छ भन्ने विश्लेषण गरि निक्यौंल गर्नु पर्दछ ।

लैंगिक समानता प्राप्तिका लागि पुरुषको अधिकारको कटौती होइन महिलाहरुको अधिकारको बढोत्तरी गर्नुपर्दछ । यस विधिले समुन्नत समाजका लागि महिला र पुरुष दुवैको जित-जितको अवस्था सृजना गर्दछ । यसका लागि कार्यालयमा नियमित रुपमा हुने तलव, भत्ता दैनिक कार्यालय संचालन जस्ता कार्यमा गरिने विनियोजनमा नभई निश्चित लक्ष्य राखी गरिने कार्यक्रमको सन्दर्भमा कार्यक्रमगत रुपमा प्रत्येक कार्यक्रमलाई लैंगिक समानताका रुपमा प्रत्यक्ष लैंगिक उत्तरदायी, अप्रत्यक्ष लैंगिक उत्तरदायी र लैंगिक रुपमा तटस्थ गरी वर्गीकरण गरिन्छ ।

यस नगरपालिकाले बजेट तथा कार्यक्रम प्रस्ताव गर्दा उक्त सूचकहरुको परीक्षण गर्न नसकेको भएतापनि चालु आर्थिक बजेटको लैंगिक परीक्षण गरी आगामी वर्षको लागि बजेट तर्जुमा गर्दा चालु आ.व. को बजेट तर्जुमा प्रक्रियामा निर्धारण गरिएका कार्यक्रमहरु लैंगिक उत्तरदायी भए नभएको र लैंगिक समानताको मूलभूत लक्ष्यमा पुर्याउने योगदानको मापन गरी नसकेको भए सम्भव भएसम्म उक्त आधारहरु पूरा गर्ने प्रयास गर्नेछ ।

### गरिवी न्यूनीकरण उन्मुख बजेट

नेपाल सरकाले देशको स्रोतलाई गरिवी न्यूनीकरण गर्ने परिप्रेक्षमा बजेट विनियोजनको माध्यमबाट लगानीको अंशलाई मापन गर्ने सिलसिलामा देहाय बमोजिमको परिभाषा र संकेतहरु प्रयोगमा ल्याएको छ । यस नगरपालिकाले बजेट तर्जुमा गर्दा यी संकेतहरुलाई प्रयोगमा ल्याउने अभ्यास शुरु गर्न सकेको छैन । तथापि, चालु आर्थिक वर्षमा निम्न क्षेत्रमा लगानी गरिएको नगरको स्रोतलाई गरिवी न्यूनीकरणको क्षेत्रमा प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव पारेको अवस्थाको बारेमा मापन गरिनेछ ।

- ग्रामीण क्षेत्रमा लगानी भएको बजेट
- ग्रामीण क्षेत्रको आय आर्जनमा सघाउ पुर्याउने कार्यक्रमहरु
- ग्रामीण क्षेत्रमा क्षमता विकास सम्बन्धी कार्यक्रमहरु
- सामाजिक परिचालनका लागि गरिएका खर्चहरु
- सामाजिक क्षेत्रमा लगानी गरिएका रकमहरु
- सामाजिक सुरक्षाका कार्यक्रमहरु
- गरिवी निवारणमा केन्द्रित खर्चहरु
- विभिन्न क्षेत्र वर्ग, जनजातिहरुको उत्थान र विकासका लागि लक्षित कार्यक्रमहरु

## नगर गौरवका आयोजनाहरु

नगरपालिकाले आ.ब. २०७६/७७ को वार्षिक योजना तर्जुमा गर्दा देहायका योजनाहरुलाई नगर गौरवका आयोजनाको रुपमा लिई बजेट विनियोजन गरेको छ ।

क) बाह्रमासे सडक (All Weather Road) को रुपमा छनौट गरिएका हरेक वडामा १ सडक योजनाहरु
ख) प्रदेश सरकारसँगको साझेदारीमा निर्माण गरिने Tea Testing Center निर्माण कार्य
ग)
घ)

## अन्तर सरकारी वित्तीय हस्तान्तरण

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम यस नगरपालिकालाई संघीय सरकार र प्रादेशिक सरकारबाट प्राप्त हुने समानिकरण अनुदान तथा सशर्त अनुदानको सीमालाई आधार मानी बजेट तर्जुमा गरिएको छ । संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदानका कृयाकलापगत बजेट समेत प्राप्त भईसकेको अवस्था भएकोले बजेट पुस्तिकामा जस्ताको तस्तै प्रस्तुत गरिएको छ भने प्रदेश सरकाबाट प्राप्त हुने सशर्त अनुदानको रकम मात्र उल्लेख गरिएको छ । समपुरक अनुदान तथा विशेष अनुदान वापत सम्बन्धित तहको निर्देशिका/कार्यविधि बमोजिम आयोजना प्रस्ताव माग गरी योजना छनौट हुने भएको हुँदा ती अनुदान शीर्षकमा आय अनुमान गरिएको छैन । लागत सहभागिताका आधारमा ती सरकारहरुसँग यस नगरपालिकाले राख्नुपर्ने समपुरक कोषको लागि बजेट व्यवस्था गरिएको छ । समपुरक एवं विशेष अनुदान तर्फ सञ्चालन हुने योजना प्रस्ताव माग भएका वखत कार्यपालिकाको निर्णय बमोजिमका योजनाहरुको प्रस्तावना तयार गरी सम्बन्धित निकायमा पठाइने र स्वीकृति भए बमोजिमका आयोजनाहरु सञ्चालन गरिनेछन् ।

## वडागत बजेट सिलिङ निर्धारणका आधारहरु

नगरपालिकाले आर्थिक वर्ष २०७६/७७ का लागि वडागत बजेट सिलिङ निर्धारण गर्दा लिएका आधारहरुलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

- स्थानीय तहका एकल अधिकार सूची –संविधानको अनुसूची ८
- नेपाल सरकारको कार्यविस्तृतिकरण प्रतिवेदन
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय सरकारका काम कर्तव्य र अधिकार
- मिति २०७५/९/१५ को सूर्योदय नगरपालिकको राजश्व परामर्श समितिको सुझाव सहितको सिफारिस
- राजश्व परामर्श समितिको सिफारिसको आधारमा मिति २०७५/९/२९ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको वैठकको निर्णय (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६) अनुसार आ.ब. ०७६/७७ को लागि प्रक्षेपण गरिएको प्रस्तावित अनुमानित आय व्यय
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग को सिफारिसमा संघीय सरकार, अर्थ मन्त्रालयको च.नं. ९१ मिति २०७५/१२/१४ प्राप्त पत्रानुसार प्राप्त भएको वित्तीय समानिकरण अनुदान र राजश्व बाँडफाँडबाट प्राप्त हुने अनुदानको बजेट सीमा (सिलिङ) र मार्गदर्शन
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग को सिफारिसमा प्रदेश सरकारबाट प्राप्त वित्तीय समानिकरण अनुदानको बजेट सीमा (सिलिङ) र मार्गदर्शन
- चालु आ.ब. २०७५/७६ को आन्तरिक राजश्व संकलन को अवस्था (Trend)

- नगरपालिकाले आ.ब. २०७५/७६ को वार्षिक कार्यक्रम तर्जुमा गर्दा नगरसभाबाट पारित महत्वपूर्ण नितिहरुको दीर्घकालिन निरन्तरता
- मिति २०७६/०१/१० मा बसेको स्रोत अनुमान समितिको वैठकको निर्णय
- दामासाहीले वडाहरुमा बजेट बाँडफाँड गर्न नपाइने कानूनी प्रावधान
- बहुवर्षिय क्रमागत रुपमा सञ्चालन गर्नुपर्ने वडास्तरीय गौरवका महत्वपूर्ण पूर्वाधार आयोजनाहरुको निरन्तरता
- वडाको जनसंख्या,भौगोलिक दूरी र सो अनुसार लाग्ने विकासको लागतको अवस्था, वडाको क्षेत्रफलको आधारमा वडागत बजेट निर्धारणको सूत्र
  - वडाको जनसंख्या -३०%
  - भौगोलिक दूरीक आधारमा लाग्ने विकास लागत -१५%
  - वडाको क्षेत्रफल - ३०%
  - आन्तरिक राजश्व संकलन क्षमता - २५%
- नगरपालिकाले आन्तरिक राजश्व असुली गरेको रकमको पुरै अंश नगरपालिकाका वडाहरुको विकास निर्माण एवं प्रवर्द्धनात्मक कार्यक्रममा मात्र खर्च गर्ने
- प्रशासनिक खर्च र पूँजिगत सम्पत्ती (फर्निचर, सवारी साधन जस्ता) मा खर्च नगर्ने गरी सूर्योदय नगरपालिकाबाट लिइने नीतिगत निर्णय
- अनिवार्य दायित्व सिर्जनाको चालु प्रकृतिका वडागत खर्चको आवश्यकता र औचित्य
- आफ्नै भवन नभएका वडाको हकमा घरभाडाको लागि आवश्यक पर्ने रकमको लेखाजोखा

## खण्ड ३ - आय व्ययका शीर्षकहरु वर्गीकरणको सिद्धान्त र प्रचलित वर्गीकरण

सरकारको कार्यहरुको कार्यात्मक वर्गीकरणसँग तादाम्यता कायम गरी सरकारका तीनै तहको सञ्चित कोषको सञ्चालनको लागि एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ ले आय र व्ययका खर्च शीर्षकगत वर्गीकरण गरेको छ । स्थानीय तहले आर्थिक कारोबारको लेखांकन गर्दा प्रचलित आय र व्ययका शीर्षकहरुको वर्गीकरणको सिद्धान्तको राम्रोसँग जानकारी राख्न जरुरी हुने भएकोले यस खण्डमा बजेट तर्जुमा, कार्यान्वयन, लेखांकन र प्रतिवेदन प्रयोजनका लागि प्रयोग हुने आय व्यय वर्गीकरणको सिद्धान्त र प्रचलित वर्गीकरणलाई प्रस्तुत गरिएको छ ।

### आय वर्गीकरणको सिद्धान्त

सरकारी आयलाई कर राजश्व, गैरकर राजश्व, अनुदान राजश्व र वेरुजु गरी ४ भागमा वर्गीकरण गरिएको छ । राजश्व शीर्षक वर्गीकरणको मूख्य आधार अन्तराष्ट्रिय मुद्रा कोषको Government Finance Statistics Manual 2014 बमोजिम हुन्छ । यसै म्यानुअल सँग मेल खानेगरी एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ ले राजश्वका शीर्षकहरुको संकेत र वर्गीकरण निर्धारण गरेको छ । यसरी वर्गीकरण कायम गर्दा राजश्व संकेतलाई मूल शीर्षक, आधार शीर्षक र आम्दानी जनाउने शीर्षक गरी ३ खण्डमा विभाजन गरिएको छ ।

- कर राजश्व सम्पूर्णतः चालु प्रकृतिको हुन्छ । प्रत्यक्ष रुपमा कुनै सेवा वा वस्तु प्रदान नगरी कानून बमोजिम असुल गरिने रकम कर राजश्वमा पर्दछ । कर राजश्वमा वस्तु  वा सेवा वा अधिकार वा लाभको विनिमयको अवस्था रहँदैन । यस किसिमको राजश्वको लेखांकनका लागि मूल संकेत ११००० कायम गरिएको छ ।
- स्थानीय तहले संघीय सरकार तथा प्रादेशिक सरकारबाट अनुदान प्राप्त गर्ने व्यवस्था अन्तरसरकारी वित्त व्यवस्थापन ऐनले गरेको छ । वित्तीय समानिकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान वापत अन्य सरकारबाट प्राप्त गरेको अनुदान राजश्व अन्तरगत समावेश हुन्छ । यस किसिमको राजश्वको लेखांकनका लागि मूल संकेत १३००० कायम गरिएको छ ।
- गैरकर राजश्वको रकम सँग कुनै किसिमको विनिमय भएको हुन्छ । कुनै सेवा वा वस्तु वा अधिकार वा लाभ प्रदान गरे वापत वा कुनै किसिमले उन्मुक्ति प्रदान गरे वापत लिइने शुल्क वा दस्तुरहरु गैर कर राजश्वमा पर्दछन् । यस किसिमको राजश्वको लेखांकनका लागि मूल संकेत १४००० कायम गरिएको  छ ।
- लेखापरीक्षणबाट कायम भएको वेरुजु दाखिलाबाट प्राप्त राजश्वको लेखांकनका लागि मूल संकेत १५००० कायम गरिएको छ ।

## व्यय वर्गीकरणको सिद्धान्त

स्थानीय तहबाट खर्च हुने बजेटलाई चालु, पुँजीगत र वित्तीय व्यवस्था गरी ३ किसिमले वर्गीकरण गरिएको छ ।

चालु खर्च : पुँजीगत खर्च र वित्तीय व्यवस्था बाहेक साल वसाली रुपमा हुने खर्चहरु चालु खर्चमा पर्दछन् । यस अन्तरगत साल बसाली रुपमा गरिने उपभोग खर्च, दैनिक रुपमा कार्य सञ्चालनका लागि आवश्यक खर्च, सरकारी निकायले सार्वजनिक हितका लागि प्रदान गर्ने सेवा तथा त्यस्तो सेवा प्रदान गर्ने निकायलाई दिइने सञ्चालन अनुदान, पुँजीगत अनुदान, ऋणको व्याज भुक्तानी खर्च, आयोजना निर्माण सम्पन्न भए पश्चात मरमत संभार खर्च तथा फिर्ता खर्च जस्ता खर्चहरु पर्दछन् । चालु खर्चहरु लेखांकनका लागि देहायका मूल शीर्षक  कायम गरिएको छ ।

२१००० पारिश्रमिक सुविधा
२२००० मालसामान तथा सेवाको उपयोग
२५००० सहायता
२७००० सामाजिक सुरक्षा
२८००० अन्य खर्च

पुँजीगत खर्च : स्थिर सम्पत्तिहरु जस्तै : फर्निचर तथा फिक्चर्स, सवारी साधन, मेशीनरी औजार उपकरण आदि प्राप्त गर्न भएको खर्च, रणनीतिक महत्व वा आपतकालीन समयको लागि व्यवस्था गरिएको मौज्दात, जग्गा, भवन खरिद, सार्वजनिक उपयोगको सम्पत्तिहरु जस्तै : सडक, खानेपानी,  सिंचाई, सार्वजनिक भवन, वन वृक्षारोपण, पूँजीगत कार्यका लागि गरिने अध्ययन अनुसन्धान तथा आयोजना निर्माण चरणमा हुने व्याज, भाडा भरौट, भन्सार कर जस्ता खर्च एवं पूँजीगत खर्चको क्षति वापत दिइने मुआब्जा जस्ता खर्चहरु पूँजीगत खर्चमा पर्दछन् । पुँजीगत खर्चहरु लेखांकनका लागि मूल शीर्षक ३१००० कायम गरिएको छ ।

३१११० भवन तथा संरचना

३१११२० सवारी साधन तथा मेसिनरी औजार
३१११३० अन्य पुँजीगत खर्च
३१११४० सुरक्षा उपकरण
३१११५० सार्वजनिक निर्माण
३१११७० पुँजिगत सुधार खर्च
३१४१० जग्गा प्राप्ति
३१४४० अदृश्य सम्पत्ति प्राप्ति खर्च

वित्तीय व्यवस्था : अन्तराष्ट्रिय मापदण्ड बमोजिम सरकारको खुद खर्चमा साँवा भुक्तानी रकम नपर्ने भएतापनि सावाँ भुक्तानी खर्चलाई वित्तीय व्यवस्था अन्तरगत वर्गीकरण गरिएको छ । आन्तरिक ऋण, सेयर लगानी, त्यसबाट हुने साँवा फिर्ता लगानी, विक्रिबाट प्राप्त हुने आय वित्तीय व्यवस्था अन्तरगत पर्दछन् । वित्तीय व्यवस्था अन्तरगत सम्पत्ती लेखांकनका लागि मूल शीर्षक ३२००० , दायित्व लेखांकनका लागि मूल शीर्षक ३३००० र सम्भाव्य सम्पत्ति र दायितव्का लागि मूल शीर्षक ३४००० कायम गरिएको छ । स्थानीय तहले अन्य सरकार सँग बाँडफाँडगर्नु पर्ने आय प्राप्त गर्दा बाँडफाँड पुर्वको आय रकम समेत दायित्व शीर्षकमा नै लेखांकन गर्नु पर्दछ ।

३२१०० आन्तरिक वित्तिय सम्पत्ति
३२२०० बाह्य वित्तिय सम्पत्ति
३३१०० आन्तरिक दायित्व
३३२०० बाह्य वित्तिय दायित्व
३४११० सम्भाव्य सम्पत्ति
३४२१० सम्भावित दायित्व

## कार्यालय संकेत र बजेट उपशीर्षक सम्बन्धि व्यवस्था

एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ ले बजेट उपशीर्षक सम्बन्धी व्यवस्था गरेको छ । संघीय एवं प्रादेशिक विनियोजन ऐन बमोजिम खर्च हुने रकमहरुको लागि जम्मा ८ अंकको बजेट शीर्षक निर्धारण भएको छ । तर स्थानीय तहको हकमा ८ अंकले स्थानीय तहको परिचय मात्र दिन सक्ने भएकोले ३ अंक थप गरी जम्मा ११ अंकको बजेट शीर्षक नम्बर कायम गर्ने व्यवस्था गरेको छ । जस अनुसारः

पहिलो १ अंक (८) ले स्थानीय तहको बजेट शीर्षक हो भन्ने कुराको संकेत गर्दछ ।
त्यसपछिको २ अंक प्रदेशलाई जनाउने संकेत हो । १ नं प्रदेशको लागि ०१ राखिएको छ ।
त्यसपछिको २ अंक जिल्ला जनाउने संकेत हो । इलाम जिल्लाको लागि ०३ राखिएको छ ।
त्यस पछिको १ अंक स्थानीय तहको प्रकार जनाउने संकेत हो । २ ले महानगरपालिका, ३ ले उपमहानगरपालिका, ४ ले नगरपालिका र ५ ले गाउँ पालिका जनाउँछ ।
त्यस पछिको २ अंकले जिल्लामा रहेको स्थानीय तहको प्रकार अनुसारको क्रमसंख्या जनाउँदछ । सूर्योदय नगरपालिका इलाम जिल्ला भित्रका नगरपालिका मध्ये वणानुक्रम अनुसार चौथो नगरपालिका भएकोले ०४ संकेत राखिएको छ ।
यस प्रकार सूर्योदय नगरपालिकाको संकेत ८०१०३४०४ हुन आउँछ ।

स्थानीय तहको संकेत पछिका ३ अंक बजेट उपशीर्षकको लागि निर्धारण गरिएका छन् । जस मध्ये पहिलो १ अंकले बजेट उपशीर्षकको प्रकार र त्यस पछिको २ अंकले बजेट उपशीर्षकको क्रमसंख्या जनाउँदछ । बजेट उपशीर्षकको प्रकार जनाउने पहिलो अंक देहाय अनुसार छन् ।

१ - यसले कार्यपालिकालाई जनाउँदछ । यस प्रकारको बजेट उपशीर्षक १०१ बाट शुरु हुन्छ ।

२ - यसले वडालाई जनाउँछ । यस प्रकारको बजेट उपशीर्षक २०१ बाट शुरु हुन्छ ।

३ - यसले विषयगत बजेटउपशीर्षकलाई जनाउँदछ । यस प्रकारको बजेट उपशीर्षक ३०१ बाट शुरु हुन्छ ।

४ - यसले विशेष कोषलाई जनाउँदछ । यस प्रकारको बजेट उपशीर्षक ४०१ बाट शुरु हुन्छ ।

५ - यसले हस्तान्तरित कार्यक्रमलाई जनाउँदछ । ५०१ ले संघीय सरकारबाट , ५०२ ले प्रादेशीक सरकारबाट र ५०३ ले अन्य स्थानीय तहबाट हस्तान्तरित कार्यक्रमलाई जनाउँदछ ।

आर्थिक वर्ष २०७६/७७ को बजेट तर्जुमा गर्दा सूर्योदय नगरपालिकाको विनियोजन ऐन, २०७६ मा देहायका बजेट उपशीर्षकहरुबाट संचितकोषको रकम खर्च हुने गरी बजेट व्यवस्था गरिएको छ ।

| बजेट उपशीर्षकको नाम | बजेट उपशीर्षक नं |
|---|---|
| सूर्योदय नगरपालिका | ८०१०३४०४१०१ |
| सूर्योदय नगरपालिका - वडा नं.१ | ८०१०३४०४२०१ |
| सूर्योदय नगरपालिका - वडा नं.२ | ८०१०३४०४२०२ |
| सूर्योदय नगरपालिका - वडा नं.३ | ८०१०३४०४२०३ |
| सूर्योदय नगरपालिका - वडा नं.४ | ८०१०३४०४२०४ |
| सूर्योदय नगरपालिका - वडा नं.५ | ८०१०३४०४२०५ |
| सूर्योदय नगरपालिका - वडा नं.६ | ८०१०३४०४२०६ |
| सूर्योदय नगरपालिका - वडा नं.७ | ८०१०३४०४२०७ |
| सूर्योदय नगरपालिका - वडा नं.८ | ८०१०३४०४२०८ |
| सूर्योदय नगरपालिका - वडा नं.९ | ८०१०३४०४२०९ |
| सूर्योदय नगरपालिका - वडा नं.१० | ८०१०३४०४२१० |
| सूर्योदय नगरपालिका - वडा नं.११ | ८०१०३४०४२११ |
| सूर्योदय नगरपालिका - वडा नं.१२ | ८०१०३४०४२१२ |
| सूर्योदय नगरपालिका - वडा नं.१३ | ८०१०३४०४२१३ |
| सूर्योदय नगरपालिका - वडा नं.१४ | ८०१०३४०४२१४ |
| सूर्योदय नगरपालिका - शिक्षा युवा तथा खेलकुद | ८०१०३४०४३०१ |
| सूर्योदय नगरपालिका - स्वास्थ्य | ८०१०३४०४३०२ |
| सूर्योदय नगरपालिका - कृषि, सहकारी तथा उद्यम विकास | ८०१०३४०४३०३ |
| सूर्योदय नगरपालिका- महिला वालवालिका समाजकल्याण तथा सामाजिक समावेशीकरण | ८०१०३४०४३०४ |
| सूर्योदय नगरपालिका- हेरचाहका लागि उत्प्रेरणा | ८०१०३४०४३०५ |
| सूर्योदय नगरपालिका- अन्य पूर्वाधार | ८०१०३४०४३०६ |
| सूर्योदय नगरपालिका- प्रवर्द्धनात्मक कार्य | ८०१०३४०४३०७ |
| सूर्योदय नगरपालिका- संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम | ८०१०३४०४५०१ |

| बजेट उपशीर्षकको नाम | बजेट उपशीर्षक नं |
|---|---|
| सूर्योदय नगरपालिका- प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम | ८०१०३४०४५०२ |

## बजेटको सेवा तथा कार्यगत वर्गीकरण

बजेटको क्षेत्रगत विभाजन के कस्तो छ भनी थाहा पाउन र लगानी तथा प्रतिफलको मूल्यांकन समेत गर्ने प्रयोजनका लागि हाल देहाय अनुसार बजेट वर्गीकरण गरिएको छ । यो वर्गीकरण Classification of the Functions of Government (COFOG) मा आधारित भई स्थानीय तहहरुको बजेट तर्जुमा,खर्चको लेखांकन र प्रतिवेदनका लागि महालेखा नियन्त्रक कार्यालयले कार्यान्वयनमा ल्याएको सफ्टवेयर Sub-National Treasury Regulatory Application (SuTRA ) मा निर्धारण गरिएको छ । सोही आधारमा आर्थिक वर्ष २०७६/७७ मा सूर्योदय नगरपालिकाले विनियोजन गरेको बजेटको सेवा तथा कार्यगत क्षेत्रहरु निम्नानुसार रहेका छन् ।

| संकेत | सेवा तथा कार्यगत वर्गीकरण |
|---|---|
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक |
| १०१ | कार्यालय सञ्चालन तथा प्रशासनिक |
| २ | आर्थिक विकास |
| २०१ | कृषि |
| २०२ | उद्योग |
| २०३ | पर्यटन |
| २०४ | सहकारी |
| २०८ | पशुपन्छी विकास |
| २०९ | भूमि व्यवस्था |
| ३ | पूर्वाधार विकास |
| ३०१ | यातयात पूर्वाधार |
| ३०२ | भवन, आवास तथा सहरी विकास |
| ३०३ | उर्जा |
| ३०६ | पुनर्निर्माण |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र |
| ४०१ | शासन प्रणाली |
| ४०३ | प्रशासकीय सुशासन |
| ४०४ | वित्तीय सुशासन |
| ४०५ | कानुन तथा न्याय |
| ४१० | गरिबी निवारण |
| ४१२ | योजना तर्जुमा र कार्यन्वयन |
| ४१३ | अनुगमन तथा मूल्यांकन |
| ४१४ | तथ्यांक प्रणाली |
| ४१५ | वातावरण तथा जलवायु |

| संकेत | सेवा तथा कार्यगत वर्गीकरण |
|---|---|
| ४१६ | मानब संशाधन विकास |
| ४१७ | विपद व्यवस्थापन |
| ७ | सामाजिक विकास |
| ७०३ | युवा तथा खेलकुद |
| ७०४ | खानेपानी तथा सरसफाई |
| ७०५ | भाषा तथा संस्कृति |
| ७०६ | शिक्षा |
| ७०७ | स्वास्थ्य |
| ७०८ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण |

## खण्ड ४ - खर्च लेखांकन सम्बन्धी व्यवस्था

### महालेखा नियन्त्रक कार्यालयले तोकेको ढाँचामा श्रेस्ता राख्नु पर्ने

नेपालको संविधानको धारा २४१ ले नेपालको सरकारी लेखाको लेखापरीक्षण गर्ने र यसरी लेखापरीक्षण गरिने लेखा संघीय कानून बमोजिम महालेखा परीक्षकले तोकेको ढाँचामा राख्नु पर्ने व्यवस्था छ । त्यस्तै संघीय आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १०(२) ले कारोबारको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नु पर्ने व्यवस्था गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा स्थानीय तहको कारोबारको लेखा सम्बन्धी व्यवस्था उल्लेख छ । उपदफा (१) मा नगरपालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण तोकिए बमोजिम हुने र उपदफा (२) मा स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था गरेको छ ।

महालेखा नियन्त्रक कार्लालयले स्वीकृत गरेको अन्तराष्ट्रिय मुद्रा कोषको Government Finance Statistics Manual 2014 बमोजिम तयार गरेको एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा भएको आम्दानी र खर्चको वर्गीकरण र व्याख्या सम्बन्धी व्यवस्था खण्ड ३ मा प्रस्तुत गरिएको छ ।

महालेखापरीक्षकको कार्यालयबाट मिति २०७६/०२/१९ मा नेपालको संघीय व्यवस्था बमोजिम तीनै तहका सरकारमा लागु हुने गरी म.ले.प. फारामहरु स्वीकृत भएका छन् । संघीय संरचनामा आधारित नेपालका सरकारी लेखा फारामहरु (थप, परिमार्जन तथा संसोधन), २०७६ बमोजिमका फारामहरु सम्बन्धी विवरण यहाँ प्रस्तुत गरिएको छ ।

**१०० राजश्व सम्बन्धी फारामहरु**

- १०१ नगदी/ आम्दानी रसीद
- १०२ दैनिक राजश्व/ आम्दानी खाता
- १०३ गोश्वरा भौचर (राजश्व)
- १०४ राजश्व/ आम्दानीको शीर्षकगत खाता
- १०५ राजश्व आम्दानीको गोश्वरा खाता
- १०६ राजश्व आम्दानीको दैनिक नगद प्राप्ती गोश्वरा खाता
- १०७ राजश्व आम्दानीको दैनिक नगद प्राप्ती गोश्वरा खाता
- १०८ राजश्व आम्दानीको बैंक नगदी किताव
- १०९ राजश्वको बैंक हिसाब मिलान विवरण
- ११० राजश्व आम्दानीको आर्थिक विवरण / फाँटवारी
- १११ करदाताको लगत
- ११२ करदाताको गोश्वरा लगत फाराम
- ११३ राजश्व / आम्दानीको लगत र असुली प्रतिवेदन
- ११४ राजश्व / आम्दानीको केन्द्रिय अभिलेख खाता
- ११५ कोषको अवस्थाको मासिक विवरण

**२०० खर्च, लेखांकन सम्बन्धी फारामहरु**

- २०१ अ.ल्या. / खातावन्दी फाराम

२०२ भुक्तानी कारोबारको सिफारिस पत्र
२०३ गोश्वरा भौचर (खर्च र अन्य)
२०४ भुक्तानी आदेश
२०५ समायोजनको भुक्तानी आदेश
२०६ भुक्तानीको रसीद / भरपाई
२०७ समूहगत / व्यक्तिगत / सहायक खाता
२०८ बजेट खाता
२०९ बैंक नगदी किताब
२१० खर्चको फाँटवारी
२११ फछ्र्यौट गर्न बाँकी पेश्कीको विवरण
२१२ बैंक हिसाब मिलान विवरण
२१३ खर्च शीर्षकगत बजेट र खर्चको आर्थिक विवरण
२१४ दातृ निकायगत बजेट र खर्चो आर्थिक विवरण
२१५ सरकारी कोषको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन
२१६ सोझै भुक्तानी तथा तेश्रो पक्ष भुक्तानी अभिलेख खाता
२१७ निकायगत खर्च तथा अनुदानको वार्षिक विवरण
२१८ वार्षिक कारोबारको समायोजन फाराम
२१९ सानो नगदी कोषको विवरण
२२० भुक्तानी बाँकी चेकको विवरण
२२१ भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी
२२२ प्राप्त रकमको मास्केवारी
२२३ अन्तरदेशीय / अन्तराष्ट्रिय भ्रमण आदेश
२२४ दैनिक तथा भ्रमण खर्चको विल
२२५ सन्तुलन परीक्षण
२२६ तलवी फाराम
२२७ अन्तरसरकारी कारोबार फाराम
२२८ अन्तरसरकारी कारोबारको खाता
२२९ विभाज्य कोष / एकल कर प्रशासन कारोबार (संकलन तथा बाँडफाँड) को खाता
२३० अन्तर सरकारी कारोबारको एकिकृत प्रतिवेदन
२३१ आयोजनाको वित्तीय विवरण
- आयोजनागत रकमको स्रोत र उपयोगको वार्षिक विवरण
- सरकारको आयोजनागत रकमको स्रोत र उपयोग विवरण
- आयोजनागत खर्चको विवरण (बजेट विवरण)
- दातृ निकायगत कोषको विवरण
- आयोजना लेखा सम्बन्धी लेखा अनुसूचीहरु
२३२ आयोजना सकृय हुन अघी र अवधी समाप्त पश्चातको खर्चको पुष्ट्याईं
२३३ संचित कोष प्राप्ती तथा भुक्तानीको एकिकृत आर्थिक विवरण
२३४ संघ र प्रदेश सरकारको प्राप्ती भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (NPSAS अनुरुप)
२३५ स्थानीय सरकाको कोषको प्राप्तीभुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (NPSAS अनुरुप)
२३६ सरकारी कोषको हिसाब मिलान विवरण
२३७ नेपाल सरकाको वासलात

**२७० मूल प्रतिवेदन फारामहरु**

२७१ एकिकृत वित्तीय विवरण

- प्राप्ती भुक्तानी को वार्षिक प्रतिवेदन
- प्राप्ती भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन
- सहायक लेखा टिप्पणीहरु
- बजेट तुलनात्मक विवरण

२७२ प्राप्ती भुक्तानी हिसाब

२७३ सरकारी कोषको हिसाब मिलान विवरण

२७५ मासिक तथा चौमासिक वित्तीय प्रतिवेदन

**३०० बजेट सम्बन्धी फारामहरु**

३०१ बजेट खर्चको अख्तियारीपत्र

३०२ अख्तियारी अभिलेख खाता

३०३ खर्चको मासिक बाँडफाँड तथा नगद योजना

३०४ बजेट रकमान्तर / स्रोतान्तर / कार्यक्रम संसोधन विवरण

३०५ फकुवा / सोधभर्ना / रोक्का पत्र

३०६ बजेट रोक्का / फुकुवा अभिलेख खाता

३०७ बजेट रकमान्तर / स्रोतान्तरको गोश्वरा अभिलेख खाता

३०८ सोधभर्ना अभिलेख खाता

३०९ कार्यक्रम / आयोजनाको प्रतिवद्धता / कार्यान्वयन व्यक्तिगत अभिलेख खाता

३१० कार्यक्रम / आयोजनाको प्रतिवद्धता / कार्यान्वयन अभिलेख खाता

३११ बस्तु तथा निर्माणको खरिद योजना

३१२ परामर्श सेवाको खरिद योजना

३१३ कार्यालयगत बजेट विवरण खाता

३१४ बजेट उपशीर्षकगत बजेट नियन्त्रण खाता (केन्द्रिय)

३१५ केन्द्रिय बजेट नियन्त्रण खाता

**४०० जिन्सी तथा सम्पत्ति व्यवस्थापन सम्बन्धी फारामहरु**

४०१ माग फाराम

४०२ खरिद आदेश

४०३ दाखिला प्रतिवेदन फाराम

४०४ खर्च र निकासा फाराम

४०५ जिन्सी स्टोर फिर्ता फाराम

४०६ हस्तान्तरण फाराम

४०७ खर्च भएर जाने जिन्सी खाता

४०८ खर्च भएर नजाने (खप्ने मालसामानको) जिन्सी खाता

४०९ विन कार्ड

४१० जिन्सी निसर्ग / मिन्हा फाराम

४११ जिन्सी निरीक्षण फाराम

४१२ जिन्सी सहायक खाता

४१३ जिन्सी मौज्दातको वार्षिक विवरण

४१४ मर्मत, संभार तथा संरक्षण आवेदन फाराम
४१५ मर्मत, संभार तथा संरक्षण अभिलेख खाता
४१६ भाडामा दिएको / लिएको सम्पत्ति अभिलेख खाता
४१७ घर जग्गाको लगत किताब
४१८ स्थिर सम्पत्तिको मूल्यांकन फाराम

**५०० सार्वजनिक निर्माण व्यवस्थापन सम्बन्धी फारामहरु**

५०१ निर्माण कार्यको लागत अनुमान
५०२ परामर्श सेवाको लागत अनुमान
५०३ नापी किताब
५०४ ठेक्का सम्बन्धी विल
५०५ आइटमवाइज कार्य अभिलेख खाता
५०६ ठेक्का सम्बन्धी अभिलेख खाता
५०७ ठेक्का सम्बन्धी गोश्वरा लगत
५०८ भेरीएसन आदेश फाराम
५०९ भेरीएसन अभिलेख खाता
५१० कार्य स्वीकार / सम्पन्न प्रतिवेदन
५११ डोर हाजिर फाराम
५१२ नापी किताब नियन्त्रण खाता
५१३ प्रतितपत्र अभिलेख खाता
५१४ जनसहभागितामा सम्पादित कार्यको प्रतिवेदन

**६०० धरौटी सम्बन्धी फारामहरु**

६०१ व्यक्तिगत धरौटी खाता
६०२ गोश्वरा धरौटी खाता
६०३ धरौटीको नगद तथा बैंक हिसाब खाता
६०४ बैंक प्रत्याभूति (Bank Guarantee) अभिलेख खाता
६०५ सरकारी निकायले अन्य निकायमा राखेको धरौटी खाता
६०६ सरकारी निकायले अन्य निकायमा राखेको धरौटीको गोश्वरा खाता
६०७ धरौटीको वित्तीय प्रतिवेदन
६०८ सरकारद्वारा दिइएको प्रत्याभूतिको अभिलेख खाता

**७१० ऋण व्यवस्थापन सम्बन्धी फारामहरु**

७०१ आन्तरिक / वैदेशिक ऋण प्राप्ती खाता
७०२ आन्तरिक / वैदेशिक ऋण अभिलेख खाता
७०३ ऋण अभिलेख खाता
७०४ ऋणको प्रवाह विवरण
७०५ आन्तरिक / वैदेशिक ऋण गोश्वरा प्रतिवेदन
७०६ ट्रेजरी विल्स सम्बन्धी ऋण खाता
७०७ सरकारी ऋणपत्रको खाता
७०८ अन्तरसरकारी ऋण खाता
७०९ दीर्घकालीन दायित्वको विवरण

**७५० लगानी व्यवस्थापन सम्बन्धी फारामहरु**

७५० ऋण लगानीको निकायगत खाता
७५१ शेयर लगानी अभिलेख खाता
७५२ वित्तीय उपकरणमा लगानीको अभिलेख खाता
७५३ शेयर लगानी सहायक खाता
७५४ शेयर लगानीको गोश्वरा प्रतिवेदन
७५५ ऋण लगानीको गोश्वरा प्रतिवेदन
७५६ वैदेशिक संस्थामा भएको लगानीको गोश्वरा अभिलेख खाता
७५७ शेयर लगानीको आवधिक प्रतिवेदन
७५८ ऋण लगानीको आवधिक प्रतिवेदन
७५९ शेयर तथा ऋण लगानीको एकिकृत वार्षिक प्रतिवेदन

**८०० लेखापरीक्षण वेरुजु व्यवस्थापन सम्बन्धी फारामहरु**

८०१ आन्तरिक / अन्तिम लेखापरीक्षणबाट कायम भएको वेरुजुको लगत खाता
८०२ वेरुजुको कार्यालयगत प्रतिवेदन
८०३ वेरुजुको केन्द्रिय कार्यालयगत लगत
८०४ वेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन
८०५ वेरुजु सम्परीक्ष गोश्वरा अभिलेख खाता
८०६ लेखापरीक्षण कागजात जाँचसूची

**९०० आन्तरिक नियन्त्रण सम्बन्धी फारामहरु**

९०१ सफ्टवेयर प्रयोगकर्ता विवरण परिवर्तन र स्थगन माग फाराम
९०२ सफ्टवेयर प्रयोगकर्ता विवरण परिवर्तन र स्थगित अभिलेख
९०३ Software Inventory (Data Backup) प्रमाणिकरण फाराम
९०४ रसीद नियन्त्रण खाता
९०५ सवारी साधन र मेसिन प्रयोगको लगबुक
९०६ परिवारको दैनिक भ्रमण भत्ता सम्बन्धी अभिलेख
९०७ दैनिक कार्य सम्पादन विवरण (TIME SHEET)
९०८ भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारिको भ्रमण अभिलेख खाता
९०९ भ्रमण प्रतिवेदनको ढाँचा
९१० कर्मचारी दस्तखत नमूना फाराम

## बजेट तर्जुमा, खर्चको लेखांकन र प्रतिवेदनका लागि सुत्र प्रयोगमा ल्याउन पर्ने

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८० मा मन्त्रालयले स्थानीय तहको आर्थिक कार्य प्रणाली र प्रशासनिक काम कारबाहीमा एकरुपता कायम गर्न तथा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न त्यस्तो क्षेत्रमा प्रयोग गर्नुपर्ने सूचना प्रविधिको ढाँचा तोक्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहहरुको बजेट तर्जुमा,खर्चको लेखांकन र प्रतिवेदनका लागि महालेखा नियन्त्रक कार्यालयले कार्यान्वयनमा ल्याएको सफ्टवेयर Sub-National Treasury Regulatory Application (SuTRA ) लागु गरेको छ । स्थानीय तहहरुले आफ्नो बजेट तर्जुमा गर्ने,

आम्दानी खर्चको लेखांकन गर्ने र सो को प्रतिवेदन गर्ने कार्यका लागि सोही प्रणाली कार्यान्वयनमा ल्याउन अनिवार्य गरिएको छ ।

## बजेट खर्च गर्ने अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(१) मा सभाबाट बजेट स्वीकृत भएको सात दिन भित्र नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेटको खर्च गर्ने अख्तियारी प्रदान गर्नु पर्ने व्यवस्था छ । त्यस्तै उपदफा (२) मा उपदफा (१) बमोजिम अख्तियारी प्राप्त भएको पन्ध्र दिन भित्र प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित महाशाखा वा शाखा प्रमुख र वडा सचिवलाई कार्यक्रम र बजेट सहित प्रचलित कानून बमोजिम खर्च गर्ने अख्तियारी दिनु पर्ने व्यवस्था छ । सोही बमोजिम सूर्योदय नगरपालिकाको आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६ मा समेत खर्च गर्ने अख्तियारी सम्बन्धी व्यवस्था छ ।

सूर्योदय नगरपालिकाको विनियोजन ऐन, २०७६ बमोजिम स्वीकृत आ.ब. २०७६/७७ को बजेट तथा कार्यक्रम सञ्चालनका लागि नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई मिति २०७६/०३/२७ मा दिएको अख्तियारी पत्र देहाय बमोजिम रहेको छ ।

**म.ले.प. फाराम नं. ३०१**

**बजेट खर्चको अख्तियारी पत्र**

पत्र नं.- .

मिति : २०७६/०३/२७

श्री प्रमुख प्रशासकीय अधिकृत
सूर्योदय नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, इलाम ।
कार्यालय संकेत नं.: ८०१०३४०४

**विषय - खर्च गर्ने अख्तियारी प्रदान गरेको ।**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(१), सूर्योदय नगरपालिकाको विनियोजन ऐन, २०७६ को दफा ४(१), तथा सूर्योदय नगरपालिकाको आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६ बमोजिम आर्थिक वर्ष २०७६/७७ को लागि तपाईंलाई तपसिल बमोजिमको रकम (त्यसमा हुने थप घट समेत) सूर्योदय नगरपालिकाको सञ्चित कोषबाट सम्बन्धित बजेट उपशीर्षकमा निकासा गरी खर्च गर्ने अख्तियारी प्रदान गरिएको छ। प्रचलित कानुन अनुसार खर्च गर्नु गराउनु, नियमानुसार लेखा राखी प्रतिवेदन गर्नु र लेखापरीक्षण समेत गराउनु होला ।

**तपसिल**

| बजेट उपशीर्षक | बजेट शीर्षक नं. | अख्तियारी प्रदान गरिएको रकम (रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | आन्तरिक श्रोत | राजश्व बाँडफाँड | | समानिकरण अनुदान | | जम्मा |
| | | | नेपाल सरकार | प्रदेश सरकार | नेपाल सरकार | प्रदेश सरकार | |
| सूर्योदय नगरपालिका | ८०१०३४०४१०१ | १५०० | १०७३८७ | ३५६३२ | ६२०० | | १५०७१९ |
| सूर्योदय नगरपालिकावडा नं.१ | ८०१०३४०४२०१ | ३३०० | ४५० | | ७१७८ | | १०९२८ |
| सूर्योदय नगरपालिकावडा नं.२ | ८०१०३४०४२०२ | ४७०० | ४५० | | ६७७३ | | ११९२३ |

| बजेट उपशीर्षक | बजेट शीर्षक नं. | अख्तियारी प्रदान गरिएको रकम (रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | आन्तरिक श्रोत | राजश्व बाँडफाँड | | समानिकरण अनुदान | | जम्मा |
| | | | नेपाल सरकार | प्रदेश सरकार | नेपाल सरकार | प्रदेश सरकार | |
| सूर्योदय नगरपालिकावडा नं.३ | ८०१०३४०४२०३ | ४१०० | ४५० | | ६३०७ | | १०८५७ |
| सूर्योदय नगरपालिकावडा नं.४ | ८०१०३४०४२०४ | २५०० | ४५० | | ७५०२ | | १०४५२ |
| सूर्योदय नगरपालिकावडा नं.५ | ८०१०३४०४२०५ | १८०० | ४५० | | ६५५९ | | ८८०९ |
| सूर्योदय नगरपालिकावडा नं.६ | ८०१०३४०४२०६ | | ५१६ | | ५५३१ | | ६०४७ |
| सूर्योदय नगरपालिकावडा नं.७ | ८०१०३४०४२०७ | ५००० | ४५० | | ५४०६ | | १०८५६ |
| सूर्योदय नगरपालिकावडा नं.८ | ८०१०३४०४२०८ | १००० | ५५५ | | ६८५७ | | ८४१२ |
| सूर्योदय नगरपालिकावडा नं.९ | ८०१०३४०४२०९ | | ५५५ | | ६७९३ | | ७३४८ |
| सूर्योदय नगरपालिकावडा नं.१० | ८०१०३४०४२१० | ३८०० | ५५५ | | ७४३८ | | ११७९३ |
| सूर्योदय नगरपालिकावडा नं.११ | ८०१०३४०४२११ | | ४५० | | ९९४० | | १०३९० |
| सूर्योदय नगरपालिकावडा नं.१२ | ८०१०३४०४२१२ | | ५५६ | | ६१९३ | | ६७४९ |
| सूर्योदय नगरपालिकावडा नं.१३ | ८०१०३४०४२१३ | ३१०० | ५४४ | | ५४९८ | | ९१४२ |
| सूर्योदय नगरपालिकावडा नं.१४ | ८०१०३४०४२१४ | १००० | ४५० | | ६७७४ | | ८२२४ |
| सूर्योदय नगरपालिका - शिक्षा युवा तथा खेलकूद | ८०१०३४०४३०१ | ४८०० | २४०० | | १२३७५ | | १९५७५ |
| सूर्योदय नगरपालिका - स्वास्थ्य | ८०१०३४०४३०२ | १२०० | ५६५ | | | ७३०४ | ९०६९ |
| सूर्योदय नगरपालिका - कृषि सहकारी तथा उद्यम विकास | ८०१०३४०४३०३ | २९५०० | ५३९ | ३१ | ४१०० | ४०० | ३४५७० |
| महिला वालवालिका समाजकल्याण तथा सामाजिक समावेशीकरण | ८०१०३४०४३०४ | ८५०० | १३० | | ११११९१ | ३० | १९८५१ |
| सूर्योदय नगरपालिका - हेरचाहका लागि उत्प्रेरणा | ८०१०३४०४३०५ | ८७७० | | | | ३५ | ८८०५ |
| सूर्योदय नगरपालिका- अन्य पूर्वाधार | ८०१०३४०४३०६ | २१५०४० | | २१६० | ७००० | | २२४२०० |
| सूर्योदय नगरपालिका- प्रवर्द्धनात्मक कार्य | ८०१०३४०४३०७ | ३०८१० | ५४०० | | ३१६८५ | | ६७८९५ |
| जम्मा | | ३३०४२० | १२३३०० | ३७८२३ | १६७३०० | ७७६९ | ६६६१२ |

| बजेट उपशीर्षक | बजेट शीर्षक नं. | अख्तियारी प्रदान गरिएको रकम (रु. हजारमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | सशर्त अनुदान | | समपुरक अनुदान | | विशेष अनुदान | | जम्मा |
| | | नेपाल सरकार | प्रदेश सरकार | नेपाल सरकार | प्रदेश सरकार | नेपाल सरकार | प्रदेश सरकार | |
| संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम | ८०१०३४०४५०१ | २८४१०० | | | | | | २८४१०० |
| प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम | ८०१०३४०४५०२ | | १५००० | | | | | १५००० |
| जम्मा | | २८४१०० | १५००० | ० | ० | ० | ० | २९९१०० |

(जम्मा अख्तियारी रकम रु. ९६,५७,११,६००/- अक्षरेपी छयानब्बे करोड सन्तावन्न लाख एघार हजार ६ सय मात्र)

**अख्तियारीका विशेष निर्देशन तथा अन्य थप विषयहरु :**

(१) स्वीकृत विनियोजन बमोजिमको रकम खर्च गर्दा सम्बन्धित खर्च शीर्षक र कृयाकलापगत विनियोजनको परिधिभित्र रही खर्च गर्नु पर्नेछ ।

(२) विनियोजन ऐनको दफा ५ (१) बमोजिम नगर कार्यपालिकाबाट स्वीकृत कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिम खर्च गर्नु पर्नेछ ।

(३) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदानको रकम खर्च गर्दा सम्बन्धित निकायबाट प्राप्त मार्गदर्शन बमोजिम खर्च गर्नु पर्नेछ । आर्थिक वर्षको अन्त सम्ममा खर्च नभई बाँकी रहेको सशर्त अनुदानको रकम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत फिर्ता पठाउन पर्नेछ ।

(४) खर्चको लेखांकन र एकिकृत प्रतिवेदनका लागि नेपाल सरकारबाट लागु गरिएको Sub-National Treasury Regulatory Application (SuTRA) कार्यान्वयनमा ल्याई सोही बमोजिम लेखांकन र प्रतिवेदन गर्नु पर्नेछ ।

(५) स्थानीय तहको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुने र महालेखा नियन्त्रक कार्यालयबाट आय र व्ययको एकिकृत आर्थिक विवरण तयार गर्नु पर्ने कानूनी व्यवस्था भएकोले महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा आय व्ययको विवरण तयार गर्नु पर्नेछ ।

(६) वित्तीय अनुशासन

- आवधिक रुपमा वित्तीय तथा भौतिक प्रगति तयार गरी सार्वजनिक गर्ने तथा नगरपालिकाको वेवसाइट समेतमा राख्ने व्यवस्था मिलाउन पर्नेछ ।
- सबै आय स्थानीय सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ ।
- जुन प्रयोजनको लागि रकम विनियोजन भएको हो सोही प्रयोजनको लागिमा रकम खर्च गर्नु पर्नेछ ।
- पूँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्न पाइने छैन ।
- आय व्ययको-वर्गीकरणतथा लेखांकन प्रचलित संघीय कानूनले निर्धारण गरेबमोजिम राख्नु पर्नेछ ।
- आवधिक रुपमा आन्तरिक लेखापरीक्षण गराई वित्तीय अनुशासनलाई कायम राख्नु पर्नेछ ।

..........................................................

(रण बहादुर राई)

नगर प्रमुख

वोधार्थ:

श्री महालेखा परीक्षकको कार्यालय, काठमाण्डौ ।

श्री महालेखा नियन्त्रक कार्यालय, काठमाण्डौ ।

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, इलाम।

श्री प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय, इलाम ।

श्री आर्थिक प्रशासन शाखा, सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, फिक्कल, इलाम ।

श्री आन्तरिक लेखापरीक्षण शाखा, सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, फिक्कल, इलाम।

### बैंक खाता सम्बन्धी व्यवस्था

नगरपालिकाले आर्थिक कारोबार सञ्चालनका लागि राष्ट्रिय वाणिज्य बैंक फिक्कल शाखामा खोलिएका देहाय बमोजिमका बैंक खाताहरु मार्फत कारोबार गर्नेछ ।

| खाताको प्रकार | समूह | बैंक खाता नं. |
|---|---|---|
| स्थानीय तह राजश्व खाताहरु (ग १ समूह) | | |
| आन्तरिक राजश्व खाता | ग-१-१ | |
| बाँडफाँडबाट प्राप्त राजश्व खाता | ग-१-२ | |
| आन्तरिक अनुदान खाता | ग-१-३ | |
| वैदेशिक सहायता अनुदान खाता | ग-१-४ | |
| वित्तिय व्यवस्था तथा ऋण खाता | ग-१-५ | |
| स्थानीय तह खर्च खाताहरु (ग-२ समूह) | | |
| चालु खर्च खाता (यस वर्ष) | ग-२-१ | 2100302016102 |
| चालु खर्च खाता (आगामी वर्ष) | ग-२-२ | |
| पुँजीगत खर्च खाता (यस वर्ष) | ग-२-३ | 2100302026202 |
| पुँजीगत खर्च खाता (आगामी वर्ष) | ग-२-४ | |
| वित्तिय व्यवस्था खर्च खाता (यस वर्ष) | ग-२-५ | |
| वित्तिय व्यवस्था खर्च खाता (आगामी वर्ष) | ग-२-६ | |
| विविध खर्च खाता | ग-२-७ | |
| स्थानीय तह धरौटी खाता (ग-३ समूह) | | |
| धरौटी खाता | ग ३ | 2100303007102 |
| स्थानीय तह कोष खाता (ग-४ समूह) | | |
| सञ्चित कोष खाता | ग ४ १ | 2100304018102 |
| स्थानीय तह विविध कोष खाता (ग-५ समूह) | | |
| विविध कोष खाता | ग-५-१ | |
| स्थानीय तह विभाज्य कोष खाता (ग-६ समूह) | | |
| विभाज्य कोष खाता | ग-६-१ | |
| स्थानीय तह आकस्मिक कोष खाता (ग-७ समूह) | | |
| आकस्मिक कोष खाता | ग-७-१ | |
| स्थानीय तह हिसाव मिलान खाता (ग-८ समूह) | | |
| हिसाव मिलान खाता | | खाता सञ्चालन गर्ने बैंक संग सम्बन्धित |

उल्लेखित व्यवस्था बमोजिम हाल सञ्चालनमा रहेका खाताहरुलाई यवाथत सञ्चालन गरि बाँकी समूहका बैंक खाताहरु खोल्ने सम्बन्धमा कोष तथा लेखा नियन्त्रक कार्यालय र राष्ट्रिय वाणिज्य बैंक सँग समन्वय गरी खाता खोल्ने र सञ्चालनमा ल्याउने व्यवस्था गर्नु पर्नेछ ।

**<u>यस अघी खोलिएका विशेष कोष खाताहरु</u>**

प्रचलित कानून बमोजिम नगरपालिकाले विगतमा देहायका विशेष कोषहरु खोलि सञ्चालनमा ल्याएको छ । साविकमा ग-५ समूहमा खोलिएका यी खाताहरुको व्यवस्थापनका सम्बन्धमा महालेखा नियन्त्रक कार्यालयबाट हुने व्यवस्था बमोजिम व्यवस्थापन गर्ने गरी हाल यथावत सञ्चालनमा ल्याउने ।

| खाताको प्रकार | समूह | हाल सञ्चालनमा रहेको बैंक खाता |
|---|---|---|
| कर्मचारी कल्याण कोष खाता | ग ५ १ समूह | 21003050019102 |
| मर्मत संभार कोष खाता | ग ५ २ समूह | 21003050029202 |
| स्थानीय घुम्ती कोष खाता | ग ५ ३ समूह | कोष नभएको |
| प्रकोप व्यवस्थापन कोष खाता | ग ५ ४ समूह | 21003050049402 |
| मानव संसाधन विकास कोष खाता | ग ५ ५ समूह | 21003050059502 |
| वातावरण विकास कोष खाता | ग ५ ६ समूह | 21003050069602 |
| गरिवी निवारण तथा सामाजिक परिचालन कोष खाता | ग ५ ७ समूह | 21003050079702 |
| महिला तथा वालवालिका कोष खाता | ग ५ ८ समूह | 21003050089802 |
| लघु उद्यम विकास कोष खाता | ग ५ १० समूह | 2100305101001 |

## बजेट खर्च सँग सान्दर्भीक कानूनी व्यवस्था

नगरपालिकाले बजेट खर्च गर्दा अपनाउन पर्ने केही सान्दर्भीक कानूनी व्यवस्था उल्लेख गरिन्छ ।

### सार्वजनिक खरीद सम्बन्धी कानूनी व्यवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ को उपदफा (१) मा नगरपालिकाले सार्वजनिक खरिद गर्नु पर्दा संघीय सार्वजनिक खरिद ऐन बमोजिम गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको छ । त्यस्तै उपदफा (२) मा उपदफा (१) बमोजिमको ऐनको अधीनमा रही गाउँपालिका तथा नगरपालिकाले सार्वजनिक खरिद नियमावली बनाई लागू गर्न सक्नेछ भन्ने व्यवस्था छ । यस नगरपालिकाले सोही व्यवस्था बमोजिम सूर्योदय नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ स्वीकृत गरी लागु गरेको छ । सार्वजनिक खरिद सम्बन्धी कार्य गर्दा सोही नियमावलीको पालना गर्नु पर्दछ ।

## खण्ड ५ -कार्य सञ्चालन तथा प्रशासनिक खर्चको कार्यान्वयन प्रकृया

सूर्योदय नगरपालिका एवं नगर कार्यपालिकाको कार्यालयको दैनिक प्रशासनीक काम कारबाही संचालनका लागि आवश्यक पर्ने तलव भत्ता, कार्यालय सञ्चालन लगायतका खर्चहरुलाई मितव्ययी, पारदर्शी एवं कार्यालयको कार्यक्षमता अभिवृद्धि गर्ने तरिकाले खर्च गर्न र सेवा प्रवाहलाई थप गुणस्तरीय, छिटो-छरितो र सर्वसुलभ बनाउन आवश्यक छ । प्रशासनिक कार्यका लागि विनियोजन भएको रकमलाई अनावश्यक रुपमा खर्च हुन नदिन र नगरपालिकाले खर्च गरेको रकमको नतिजा सेवा प्रवाहको गुणस्तरमा प्रतिविम्वित हुने वातावरण सिर्जना गर्न आर्थिक वर्ष २०७६/७७ को लागि देहाय अनुसार खर्चको कार्यान्वयन प्रकृया निर्धारण गरिएको छ ।

**बजेट उपशीर्षक - सूर्योदय नगरपालिका - ८०१०३४०४१०१**

खर्च शीर्षक नं : **२११११ तलव कर्मचारी**

| | |
|---|---|
| वार्षिक बजेट र स्रोत : | रु. १०७९२ हजार राजस्व बाँडफाँड - प्रदेश सरकार<br>रु. ४६५१५ हजार राजस्व बाँडफाँड - नेपाल सरकार |

नगरकार्यपालिकाको कार्यालय, अन्तरगतका विषयगत शाखा र वडा कार्यालयहरुको स्वीकृत दरवन्दीमा कार्यरत कर्मचारीहरुको तलव भुक्तानीका लागि यो रकम विनियोजन गरिएको हो । स्वीकृत दरवन्दीमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत तलवी प्रतिवेदन बमोजिम र रिक्त दरवन्दीमा करार सेवामा लिइएका कर्मचारीहरुको हकमा करार सम्झौता बमोजिमको तलव, संचय कोष थप रकम, विमा, पर्व खर्च, प्रसुति स्याहार खर्च जस्ता खर्चहरु नियमानुसार यस शीर्षकबाट भुक्तानी गर्नु पर्दछ । कर्मचारीले तलव वापत प्राप्त गर्ने रकममा कट्टा गर्नुपर्ने रकमहरु कट्टा गरी खुद भुक्तानी हुने रकम सम्बन्धित कर्मचारीको वैंक खातामा मासिक रुपमा जम्मा गर्नु पर्दछ ।

विद्यालयका शिक्षक तथा कर्मचारीहरु, वालविकास केन्द्रका शिक्षक तथा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको तलव, भत्ता संघीय सरकारबाट हस्तान्तरित सशर्त अनुदानबाट भुक्तानी गर्नु पर्नेछ ।

पर्व खर्च भुक्तानी गर्दा घटस्थापना परेको महिनाको मासिक पारिश्रिमक भुक्तानी गर्दा (पर्व खर्च पाउने प्रयोजनका लागि छुट्टै पर्व उल्लेख गरेको बाहेक)१ महिनाको ग्रेड सहितको तलव वरावरको रकम समेत जोडी भुक्तान गरिनेछ ।

नगरपालिकाको स्वीकृत दरवन्दीमा कार्यरत स्थायी कर्मचारीहरुलाई नेपाल सरकार अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखाको च.नं. ११ को पत्रसाथ प्राप्त नेपाल सरकार (मं.प.) को मिति २०७६/४/१६ को निर्णयानुसार निर्धारित तलवमान बमोजिम आर्थिक वर्ष २०७६/७७ मा कर्मचारी पारिश्रमिक भुक्तानी गरिनेछ । तलवमान र सुविधा अनुसूचीमा प्रस्तुत गरिएको छ ।

नगरपालिकाको स्वीकृत दरवन्दीमा समायोजन/सरुवा/नियुक्त स्थायी कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गर्ने सम्बन्धमा प्रदेश कानूनमा छुट्टै व्यवस्था नभए सम्मकालागि गत वर्षसम्म पारित तलवी प्रतिवेदन, नयाँ तलवमान र सो सम्बन्धमा नेपाल सरकार तथा प्रदेश सरकारका निकायबाट प्राप्त निर्देशन समेतका आधारमा नगरकार्यपालिकाको कार्यालय, आन्तरिक लेखापरीक्षण शाखाबाट तलवी प्रतिवेदन प्रमाणित गराएर मात्र तलव खर्च लेख्नु पर्नेछ ।

रिक्त दरवन्दीमा कार्यरत अस्थायी/करारका कर्मचारीहरुको करार संझौता थप गर्दा वा नयाँ करार संझौता गर्दा सोही तलवमान बमोजिम सम्बन्धित तहको आधार तलवमान (शुरु तलव स्केल) भन्दा बढी पारिश्रमिक भुक्तानी हुने गरी करार संझौता नगर्ने ।

खर्च शीर्षक नं : **२१११२ पारिश्रमिक पदाधिकारी**

| वार्षिक बजेट र स्रोत : | रु. ५७९२ हजार राजस्व बाँडफाँड - नेपाल सरकार |
|---|---|

क. पारिश्रमिकः नगर सभाका सदस्यहरुको प्रदेश कानूनले व्यवस्था गरेबमोजिम पाउने पारिश्रमिक यस शीर्षकबाट मासिक भुक्तानी गरिनेछ । पदाधिकारीको पारिश्रमिक रकममा नियमानुसार कर कट्टा गरी खुद पाउने रकम सम्बन्धित पदाधिकारीको बैंक खातामा जम्मा गर्नु पर्नेछ । प्रदेश सरकारको " गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५" को दफा ३ (सुविधा) को उप दफा (१) मा नगरपालिकाका प्रमुख, उपप्रमुख, वडाध्यक्ष, कार्यपालिका सदस्य र वडा सदस्यले सोही ऐनको अनुसूची -१ (ख) बमोजिमको सुविधालाई अधिकतम कायम गरी कार्यपालिकाले निर्धारण गरे बमोजिमको सुविधा पाउने उल्लेख भए बमोजिम आ.ब. २०७६/७७ मा देहाय अनुसारको मासिक सुविधा यस शीर्षकबाट भुक्तानी गरिनेछ ।

| क.सं. | पद | संख्या | मासिक सुविधा रकम | मासिक अनुगमन खर्च | मासिक यातायात खर्च (सवारी साधन उपलव्ध नहुनेको हकमा मात्र) |
|---|---|---|---|---|---|
| १ | नगर प्रमुख | १ | २८००० | ११००० | सवारी साधन सुविधा |
| २ | नगर उपप्रमुख | १ | २३००० | ११००० | सवारी साधन सुविधा |
| ३ | वडाध्यक्ष | १४ | १५००० | ४५०० | मोटरसाइकल सुविधा वा रु . ४५०० |
| ४ | कार्यपालिका सदस्य | ७ | ८५०० | २००० | रु. २५०० |
| ५ | वडा सदस्य | ५१ | ७५०० | ० | रु. २५०० |

ख. मासिक अनुगमन खर्च : मासिक अनुगमन खर्च भुक्तानी गर्का लागि मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गरेको हुन पर्नेछ । मासिक अनुगमन खर्च वापतको रकम खर्च शीर्षक नं २२६११ बाट नै लेख्नु पर्नेछ ।

ग. पर्व खर्चः नगर कार्यपालिकाका सदस्यहरुलाई पर्व खर्च वापत प्रति व्यक्ति रु १००००।- का दरले असोज महिनाको पारिश्रमिक सँग थप गरी भुक्तानी गर्नु पर्नेछ ।

खर्च शीर्षक नं : **२११२१ पोशाक**

| वार्षिक बजेट र स्रोत : | रु. १५७० हजार राजस्व बाँडफाँड - नेपाल सरकार |
|---|---|

नगरपालिका अन्तरगत कार्यरत सबै स्थायी तथा करार सेवाका कर्मचारीहरुलाई जनही रु १००००।- का दरले पोशाक खर्च भुक्तानी गरिनेछ । नगरपालिकामा कार्यरत सुरक्षाकर्मीहरुको हकमा कार्यालयबाट नै पोशाक उपलव्ध गराउन पर्ने भएमा पोशाक खर्च वापत (खरिद र सिलाई खर्च समेत) बढीमा जनही रु २००००।- का दरले खर्च

लेख्न सकिनेछ । पोशाक खर्च वापतको रकम २०७६ चैत्र महिनाको पारिश्रमिक भुक्तानी गरेको बखतमा खर्च लेख्नु पर्नेछ । पोशाक खर्च भुक्तानी नहुँदै अवकाश हुने कर्मचारीलाई पोशाक भत्ता उपलव्ध गराइने छैन ।

खर्च शीर्षक नं : **२११३२ महंगी भत्ता**

| वार्षिक बजेट र स्रोत : | रु. ३५२८ हजार राजस्व बाँडफाँड - नेपाल सरकार |
|---|---|

नगरपालिका अन्तरगत कार्यरत सबै कर्मचारीहरुलाई मासिक पारिश्रमिक भुक्तानी गर्दा प्रति व्यक्ति प्रति महिना रु. २०००।- का दरले महंगी भत्ता भुक्तानी गर्ने । यसरी भुक्तानी गर्दा करार सेवामा नियुक्त कर्मचारीहरुको करार संझौतामा यस्तो रकम पाउने व्यहोरा उल्लेख भए नभएको एकिन गर्नु पर्दछ ।

खर्च शीर्षक नं : **२११३३ फिल्ड भत्ता**

| वार्षिक बजेट र स्रोत : | रु. ३३७२ हजार राजस्व बाँडफाँड - नेपाल सरकार |
|---|---|

नगर कार्यपालिकको कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीलाई नगर भित्र कार्यालयको कामको शिलसिलामा भ्रमण गर्दा भ्रमण खर्च नपाउने गरी देहायको दरमा मासिक फिल्ड भत्ता भुक्तानी गर्ने ।नगर बाहिर सरकारी कामको सिलसिलामा भ्रमण खर्च भुक्तानी हुने गरी काजमा रहेको अवधिको फिल्ड भत्ता भुक्तानी हुने छैन । फिल्ड भत्ता लिएको आधारमामा प्राविधिक कर्मचारीले प्रयोग गर्ने सवारी साधनको लागि आवश्यक पर्ने इन्धन उपलव्ध गराउन वाधा पर्ने छैन ।

मासिक फिल्ड भत्ताको दर

| तह | मासिक फिल्ड भत्ताको दर | कैफियत |
|---|---|---|
| ९ | ९००० | |
| ८ | ८००० | |
| ७ | ८००० | |
| ६ | ८००० | |
| ५ | ७००० | |
| ४ | ६००० | |
| सवारीचालक | ३००० | |

उल्लेखित बमोजिमको फिल्ड भत्ता पाउने कर्मचारीलाई स्थानीय भत्ता उपलव्ध हुने छैन । नगरपालिकाले फिल्ड भत्ता नपाउने गरी कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु गरेको खण्डमा यस दफा बमोजिमको फिल्ड भत्ता उपलव्ध गराइने छैन ।

खर्च शीर्षक नं : **२११३४ कर्मचारीको बैठक भत्ता**

| वार्षिक बजेट र स्रोत : | रु. ५६३ हजार राजस्व बाँडफाँड - नेपाल सरकार |
|---|---|

कर्मचारीले सम्पादन गर्नुपर्ने काम सम्पादन गर्न बैठक बसेकोमा नियमानुसार भत्ता पाउने भएमा त्यस्तो बैठक खर्च भुक्तानी गर्ने प्रयोजनका लागि यो रकम विनियोजन गरिएको हो ।

(क) देहायका आधारमा कर्मचारी बैठक भत्तामा खर्च लेख्न सकिनेछ ।

- बैठक बस्नुपर्ने कारण र औचित्य स्पष्ट हुनुपर्ने छ।
- बैठकमा सहभागी हुने संख्याको पुष्टयाँई हुनुपर्ने छ ।
- कार्यालय समय अघिपछि हुने बैठक, कानून बमोजिम गठित समिति, कार्यदल आदिका लागि हुने बैठकमा सहभागी कर्मचारीले कर्मचारी वैठक भत्ता प्राप्त गर्नेछन् ।
- कार्यालयको नियमित कामका लागि बैठक भत्ता दिइने छैन ।
- कार्यालयको कामको सिलसिलामा बस्ने बैठकमा अन्य कार्यालयबाट प्रतिनिधिको रुपमा कर्मचारी आवश्यक पर्ने भई कार्यालयले आमन्त्रण गरेको अवस्थामा त्यस्ता कर्मचारीलाई समेत कर्मचारी बैठक भत्ता भुक्तानी गरिनेछ ।
- भत्तादर प्रति बैठक प्रति सहभागी रु. १,०००/- हुनेछ ।

(ख) कार्यपालिकाको वैठक व्यवस्थापनका लागि खटिने कर्मचारीलाई देहाय बमोजिम वैठक भत्ता भुक्तानी गर्न सकिनेछ।

सचिव- प्रति वैठक रु १०००।-

सहायक कर्मचारी (बढीमा २ जना)- प्रति वैठक रु ७००।-

कार्यालय सहयोगी (१ जना) - प्रति वैठक रु ५००।-

(ग) वडा समितिको वैठकमा वडा सचिवलाई प्रति वैठक रु १०००।- का दरले वैठक भत्ता भुक्तानी गरिनेछ ।

खर्च शीर्षक नं : **२११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार**

| | |
|---|---|
| वार्षिक बजेट र स्रोत : | रु. ७२०० हजार राजस्व बाँडफाँड - नेपाल सरकार |

प्रचलित ऐन, नियम तथा निर्णय अनुसार कर्मचारीलाई दिइने प्रोत्साहन भत्ता वापतको रकम यस शीर्षकमा खर्च लेख्नु पर्दछ ।

कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणालीले संस्थागत उत्पादकत्व, कर्मचारीको कार्य सन्तुष्टि, सेवाग्राहीको वस्तु तथा सेवा प्रतिको विश्वास तथा संगठन प्रतिको भरोसालाई संस्थागत गरी पारदर्शीता, वस्तुनिष्ठता तथा जवाफदेहीताको कार्यसंस्कृति विकास गर्न ठोस योगदान पुर्याउँदछ । यही मान्यतालाई आत्मसात गरी सूर्योदय नगरपालिकाले पाँचौं नगरसभाबाट कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु गर्ने गरी यस शीर्षकमा बजेट विनियोजन गरेको छ ।

नगरपालिकाले संगठन संरचना र दरवन्दी तेरीज स्वीकृत गरेको छ । नगर कार्यपालिकाको कार्यालयलाई कार्यमूलक कार्यविभाजनमा आधारित सांगठनिक संरचनाको रुपमा विकास गर्न यस वर्ष शाखागत र कर्मचारीगत कार्यविवरण तयार गर्ने कार्याकालागि समेत बजेट व्यवस्था गरिएको छ । संगठन संरचना बमोजिम हरेक शाखा/उपशाखा तथा इकाइगत एवं ती शाखा/उपशाखा/इकाइमा पदस्थापन गरिएका कर्मचारीहरुको व्यक्तिगत कार्यविवरणमा निर्दिष्ट कार्य लगायतका कार्यसम्पादनका विभिन्न परिसूचक (Performance Indicators) निर्धारण गरी ती परिसूचकहरुका आधारमा विभिन्न कार्यको मासिक एवं वार्षिक लक्ष्य समेत निर्धारण गर्नु पर्दछ । सूचकांक सकेसम्म मापन गर्न सकिने गरि परिमाणको आधारमा र परिमाण तोक्न नसकिने कामको हकमा निश्चित समयसीमामा सम्पन्न गर्नुपर्ने गरी तोक्नु पर्दछ । तोकिएका सम्पादन गर्नुपर्ने कार्यप्रकृतिका आधारमा शाखागतरुपमा अलग अलग सूचकांक निर्धारण गर्न सकिन्छ ।

कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु गर्दा देहायका आधारमा सूचकहरु निर्धारण गरी देहाय अनुसारको सीमालाई सत प्रतिशत प्रोत्साहन मानी प्राप्त सूचकबमोजिमको अंश प्रोत्साहन वापत उपलव्ध गराउन पर्नेछ । प्रोत्साहन रकम भुक्तानी प्रयोजनका लागि सूचक तयार गर्दा कार्य विवरण बमोजिम निर्धारित कार्यको सम्पादनको स्तरलाई ४० प्रतिशत, कार्यालयमा अतिरिक्त समय काम गरेको आधारलाई ४० प्रतिशत र कर्मचारीले आचार संहिता पालना गरेको अवस्थाको मूल्यांकनलाई २० प्रतिशत भार दिई १०० पूर्णांक मध्ये हरेक कर्मचारीले प्राप्त गरेको सूचकांक बमोजिम निर्धारित प्रतिशतले हुने रकम प्रोत्साहन वापत उपलव्ध गराउने व्यवस्था मिलाउन पर्नेछ ।

कार्यालयले कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु गर्न निर्देशिका/कार्यविधि तय गर्नु पुर्व देहायका विषयहरु उल्लेख गरी तयार गरेको अवधारणा पत्र नगर कार्यपालिकामा पेश गरी स्वीकृति लिनु पर्नेछ ।

- पृष्ठभूमी
- कार्यालयको विद्यमान अवस्था (भौतिक अवस्था, मौजुदा जनशक्तिको अवस्था,कार्यवोझ, मौजुदा जनशक्तिको सीपको अवस्था)
- प्रोत्साहन प्रणालीको अवधारणा (सम्भव भए सम्म विगतका अभ्यास र उपलव्धी )
- औचित्य (प्रणाली लागु नगरेमा हुने जोखिम )
- प्रणालीको कार्यान्वयनबाट प्राप्त हुने अपेक्षा जस्तै  राजश्व संकलनमा वृद्धि, करदाता अभिलेख अध्यावधिक हुने, कर्मचारीमा काम प्रतिको उत्प्रेरणा, समयमा प्रतिवेदन गर्ने परम्पराको विकास, वेरुजु फछ्र्यौट, दैनिक प्रशासनमा सकारात्मक प्रभाव, कार्यालयबाट प्रवाह गरिएका सेवा प्रति सेवाग्राहीको सन्तुष्टी,सम्पादित कार्यका लागि सूचकांक निर्धारण, योजना कार्यान्वयन तालिका बमोजिम कार्य सम्पादन आदि)
- कार्ययोजना (क्षेत्रगत)
- प्रणाली कार्यान्वयन हुने अवधि
- सुपरीवेक्षण, अनुगमन र मूल्यांकन प्रणाली
- कार्यान्वयमा हुन सक्ने जोखिम र न्यूनीकरणका उपाय
- प्रणाली कार्यान्वयनबाट सिर्जना हुने दायित्व र स्रोत व्यवस्थापन

नगरपालिकाले कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली (PBIS) कार्यान्वयन सम्बन्धि निर्देशिका जारी गरी प्रथम पटक गरिएको मूल्यांकनको आधारमा श्रावण महिना देखि मूल्यांकन गरिएको महिना सम्मको एकमुष्ठ प्रोत्साहन रकम भुक्तानी गर्न वाधा पर्ने छैन । तर त्यस पछी हरेक मूल्यांकन अवधिको मूल्यांकन पश्चात प्रोत्साहन रकम भुक्तानी गरिनेछ ।

| क्र.सं. | तह | मासिक प्रोत्साहन रकमको दर रु. (१०० प्रतिशत) | कैफियत |
|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | १०००० | |
| २ | ९ र १० तह | ९००० | |
| ३ | ६, ७ र ८ तह | ८००० | |
| ४ | ५ तह | ७००० | |
| ५ | ४ तह | ६००० | |
| ६ | ३ तह | ५००० | |
| ७ | श्रेणी विहिन | ३००० | |

ख. कर्मचारी पुरस्कार :उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई वार्षिक रुपमा कार्यपालिकाको निर्णयानुसार कुनै समारोह वा अवसरमा पुरस्कृत गर्दा खर्च लेख्नु पर्ने रकम समेत यसै शीर्षकमा लेखांकन गर्नु पर्दछ ।
ग. अन्य पुरस्कार तथा सम्मान : कार्यपालिकाको निर्णयानुसार विभिन्न विधामा वार्षिक रुपमा पुरस्कृत गर्ने प्रयोजनका लागि हुने खर्च समेत यसै शीर्षकमा लेखांकन गरिन्छ ।

खर्च शीर्षक नं : **२११३९ अन्य भत्ता**

| | |
|---|---|
| वार्षिक बजेट र स्रोत : | रु. २०० हजार राजस्व बाँडफाँड - नेपाल सरकार |

खर्च संकेत वर्गीकरण र व्याख्यामा परेका बाहेक दशैं तिहार जस्ता पर्वहरुमा खटाइएका कार्यालय सहयोगीलाई दिइने पालो पहरा भत्ता लगायत अन्य प्रकृतिका भत्ता वापतको खर्च यस शीर्षकमा लेखांकन गरिन्छ ।यस्तो भत्ताको दर तोकिए बमोजिम हुनेछ ।

खर्च शीर्षक नं : **२११४१ पदाधिकारी बैठक भत्ता**

| | |
|---|---|
| वार्षिक बजेट र स्रोत : | रु. ४३०५ हजार राजस्व बाँडफाँड - नेपाल सरकार |

क. कार्यपालिकाको वैठक : नगर कार्यपालिकाको बैठकमा सहभागी भएका पदाधिकारीहरुलाई प्रादेशिक कानून "गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५" को अनुसूची- १ (ख) बमोजिम प्रति वैठक प्रति पदाधिकारी रु १०००/- का दरले बैठक भत्ता उपलव्ध गराइनेछ ।

ख. समितिको बैठक : नगर कार्यपालिकाको कार्य विभाजन नियमावली बमोजिम गठित समितिहरुको बैठकमा सहभागी भएबापत समितिका पदाधिकारीलाई समितिको वैठकमा सहभागी भए वापत "गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५" को अनुसूची- १ (ख) बमोजिम रु. १०००।- का दरले बैठक भत्ता भुक्तानी गरिनेछ । त्यस्तो भत्ता रकम मासिक १ बैठकको लागि भन्दा बढी भुक्तानी गरिने छैन ।

ग. वडा समितिको बैठक : वडा समितिका पदाधिकारीले बैठकमा सहभागी भएका पदाधिकारीलाई प्रादेशिक कानून "गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५" को अनुसूची- १ (ख) बमोजिम प्रति वैठक प्रति पदाधिकारी रु १०००/- का दरले बैठक भत्ता उपलव्ध गराइनेछ ।वडा समितिको वैठक भत्ता भुक्तानीका लागि वडागत बजेट उपशीर्षकमा बजेटको व्यवस्था गरिएकोले सम्बन्धित बजेट उपशीर्षकमा नै खर्च लेख्नु पर्नेछ ।

घ. न्यायिक समितिको बैठक : न्यायिक समितिका पदाधिकारीले बैठकमा सहभागी भए बापत "गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५" को अनुसूची- ३ बमोजिम प्रति वैठक प्रति पदाधिकारी देहाय अनुसारको दरमा बैठक भत्ता भुक्तानी गरिनेछ ।

| क्र.सं. | पदाधिकारी | दर |
|---|---|---|
| १ | संयोजक | १४००/- |
| २ | सदस्य | १२००/- |

खर्च शीर्षक नं : **२१२१४ कर्मचारी कल्याण कोष**

| | |
|---|---|
| वार्षिक बजेट र स्रोत : | रु. ३००० हजार राजस्व बाँडफाँड - नेपाल सरकार |

कर्मचारी अवकाश हुँदा निवृत्तिभरण वापतको रकम नगरपालिकाले व्यहोर्नु पर्ने दायित्व भएका कर्मचारीलाई नियमानुसार उपदान, औषधी उपचार तथा संचित विदा वापतको रकम भुक्तानी गर्ने प्रयोजनका लागि संचित कोषबाट एकैपटक ठूलो रकम भुक्तानी गर्न नपरोस भन्ने उद्देश्यले कर्मचारी कल्याण कोषको स्थापना गरिएको हो । यस शीर्षकमा विनियोजन भएको रकम एकमुष्ठ उक्त कोषमा जम्मा गरिनेछ ।

उल्लेखित बमोजिम निवृतिभरण वापतको रकम भुक्तानी गर्नु पर्ने भएमा कर्मचारी कल्याण कोषमा नै खर्च लेख्नु पर्नेछ ।

खर्च शीर्षक नं : **२२१११ पानी तथा विजुली**

| | |
|---|---|
| वार्षिक बजेट र स्रोत : | रु. ४७९ हजार राजस्व बाँडफाँड - नेपाल सरकार |

१. खानेपानी महशुल : कार्यालयमा उपयोग हुने धारा महशुल तथा जडान खर्च, एवं कार्यालयमा उपभोग गरिने खानेपानीको रकम खर्चको विलको आधारमा भुक्तानी गर्ने ।
२. नयाँ विद्युत लाइन जडान खर्च, नगरकार्यपालिकाको कार्यालय, प्रशासकीयभवन, आफ्नै भवन भएका वडा कार्यालयहरु र भाडामालिएका वडा कार्यालयहरु, कर्मचारी आवास, भेटनरी रेफ्रिजेरेटर, इन्ट्रानेट टावर सञ्चालन वापत खपत हुने विद्युतको महशुल भुक्तानी वापतको खर्च विलको आधारमा भुक्तानी गर्ने ।
३. वडा कार्यालयहरुमा समेत पानी विजुली महुशल वापतको रकम विनियोजन भएको हुँदा वडा कार्यालयमा विनियोजित रकमले वडाको पानी विजुली महशुल भुक्तानी गर्न नपुग हुने अवस्था भएमा वास्तविक हेरी वडामा विनियोजित रकम नपुग हुने यथार्थ कारण एकिन गरेर मात्र यस शीर्षकबाट वडा कार्यालयको सिफारिस समेतको आधारमा भुक्तानी गर्ने ।
४. कार्यालय प्रयोजन बाहेक नीजि प्रयोजनका लागि उपभोग भएको पानी तथा विजुली महशुलको रकम भुक्तानी नगर्ने । वहालमा लिएको घरमा उपभोग भएको पानी विजुली महशुल भुक्तानी गर्दा सो सम्बन्धमा घरबहाल संझौतामा उल्लेखित शर्त हेरी भुक्तानी गर्नुपर्ने हो होइन एकिन गरेर मात्र भुक्तानी गर्ने । बहालमा लिएको घरको विद्युत महशुल खपत भुक्तानी गर्दा मूल मिटरको विल भुक्तानी हेरेर रकम एकिन गर्ने । सम्भव भएसम्म छुट्टै मिटर वा सव मिटर जडान गर्ने व्यवस्था मिलाउने ।
५. बजेट हुँदाहुँदै समयमा रकम भुक्तानी नगरी जरिवाना भुक्तानी गर्नु पर्ने अवस्था सिर्जना हुन नदिने ।

खर्च शीर्षक नं : **२२११२ संचार महशुल**

| | |
|---|---|
| वार्षिक बजेट र स्रोत : | रु. १५०० हजार राजस्व बाँडफाँड - नेपाल सरकार |

१. संचार महशुल : सञ्चार सम्बन्धी यन्त्र उपकरण बाहेक टेलिफोन, इन्टरनेट, वेबसाइट होष्टिङ महशुल र यस्तै अन्य सञ्चार सम्बन्धी खर्चहरु साथै चिट्ठी, पार्सल टिकट खर्च, रजिष्ट्री फिर्ती रसिदको खर्च, कुरियर खर्च समेत यस शीर्षकबाट भुक्तानी गरीन्छ ।

क) चिठी/पार्सल टिकट खर्च, रजिष्ट्री फिर्ता रसिद खर्च, कुरियर खर्चका लागि लाग्ने महशुल र हुलाक खर्च वापत विल बमोजिमको रकम भुक्तानी गर्ने ।

ख) मासिक टेलिफोन खर्च वापत कार्यालयमा जडान गरिएका लेण्ड लाइन टेलिफोन र कार्यालयको नाममा प्रयोग गरिएका मोवाइल फोनको विल बमोजिमको रकम भुक्तानी गर्ने ।

ग) इन्टरनेट महशुल र लिजलाईनको सम्झौता वापतको रकम भुक्तानी गर्ने ।

घ) वेबसाइट होष्टिङ खर्च र कार्र्यालय प्रयोजनका लागि जडान गरिएको केबुल टेलिभिजनको महशुल भुक्तानी गर्ने ।

ङ) बजेट हुँदाहुँदै समयमा रकम भुक्तानी नगरी जरिवाना भुक्तानी गर्नु पर्ने अवस्था सिर्जना हुन नदिने ।

खर्च शीर्षक नं : **२२१११ इन्धन पदाधिकारी**

| वार्षिक बजेट र स्रोत : | रु. १००० हजार राजस्व बाँडफाँड - नेपाल सरकार |
|---|---|

पदाधिकारीका लागि प्रयोग हुने सवारी साधनको निमित्त चाहिने इन्धन, लुब्रिकेन्ट्स, कुलिन आदिको खर्च यस शीर्षकबाट भुक्तानी गर्ने । नगर प्रमुख र नगर उपप्रमुखज्यूले प्रयोग गर्ने सवारी साधनको औषत मासिक इन्धन खपत निम्नानुसार अनुमान गरिएको छ ।

| क्र.सं. | सुविधा पाउने पदाधिकारी | मासिक पेट्रोल | | मासिक डिजेल लि | | मोविलर ब्रेक आयल प्रति ३ महिना | वार्षिक अनुमान |
|---|---|---|---|---|---|---|---|
| | | लिटर | रकम | लिटर | रकम | रकम | |
| १ | नगर प्रमुख | | | २६० | २६००० | ३५००० | ४५२००० |
| २ | नगर उपप्रमुख | | | ३४० | ३४००० | ३५००० | ५४८००० |
| | जम्मा | | | | | | १०००००० |

उल्लेखित परिमाण अनुमानित औषत खपत मात्र हो । सवारी साधनको प्रयोगको अवस्था अनुसार इन्धनको घटी वा बढी खपत समेत हुन सक्दछ । इन्धन विल र सवारीको लगबुक र खरिद आदेश (वा कुपन) को आधारमा खर्च भुक्तानी गर्ने ।

खर्च शीर्षक नं : **२२११२ इन्धन (कार्यालय प्रयोजन)**

| वार्षिक बजेट र स्रोत : | रु. १९९८ हजार राजस्व बाँडफाँड - नेपाल सरकार |
|---|---|

कार्यालयको कामको सिलसिलामा प्रयोग हुने सवारी साधनको निमित्त चाहिने इन्धन, लुब्रिकेन्ट्स, कुलिन आदिको खर्च यस शीर्षकबाट भुक्तानी गर्ने ।यस शीर्षकमा देहाय अनुसार खर्च हुने अनुमान गरि बजेट विनियोजन गरिएको छ ।

| क्र.सं. | सवारी साधनको विवरण | सवारी साधनको संख्या | मासिक पेट्रोल | | मासिक डिजेल लि | | मोविलर ब्रेक आयल प्रति ३ महिना | वार्षिक अनुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | लिटर | रकम | लिटर | रकम | रकम | |
| 1 | चारपांग्रेहलुका सवारी साधन | १ | | | २०० | २०००० | २५००० | ३४०००० |
| 2 | दमकल | १ | | | ५० | ५००० | १०००० | १००००० |
| 3 | टीपर | १ | | | ३४० | ३४००० | ५००० | ४२८००० |

| क्र.सं. | सवारी साधनको विवरण | सवारी साधनको संख्या | मासिक पेट्रोल | | मासिक डिजेल लि | | मोविलर ब्रेक आयल प्रति ३ महिना | वार्षिक अनुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | लिटर | रकम | लिटर | रकम | रकम | |
| 4 | ट्रक | १ | | | ३५० | ३५००० | ५००० | ४४०००० |
| 5 | मोटरसाइकल | २५ | १० | १२०० | | ० | १५०० | ५१०००० |
| 6 | अन्य (फुटकर) | १ | | ५००० | | १०००० | ० | १८०००० |
| | जम्मा | | | | | | | १९९८००० |

नगरपालिकाको नाममा दर्ता भएका सवारी साधन बाहेक अन्य कुनैपनि सवारी साधनमा सरकारी खर्चको इन्धन प्रयोग गर्न पाइने छैन ।

कुनै कर्मचारीले आफ्नो निजी सवारी साधन कार्यालय प्रयोजनमा प्रयोग गर्नु परेमा कार्यालय प्रमुखले सो साधनको कार्यालय प्रयोजनमा प्रयोग गरेको यकिन गरी सम्बन्धित कर्मचारीको ड्राइभीङ लाइसेन्स र व्लु कुकको प्रतिलिपि लिई इन्धन सुविधा उपलव्ध गराउन सकिन्छ ।

सरकारी सवारी साधनको प्रयोग कार्यालय प्रयोजनको लागि मात्र गर्नु पर्नेछ । प्रत्येक सवारी साधनको प्रयोगको लगबुक राखी सम्बन्धित पदाधिकारीले प्रमाणित गर्नु पर्नेछ ।

तोकिए बमोजिम बाहेक नगरपालिकाको सवारी साधनमा निजी नम्बर प्लेट राख्न हुद्दैन । नगरपालिकाले आयोजना गरेको कुनै कार्यक्रम, सभा, समारोहमा आमन्त्रण गरिएका विशिष्ट व्यक्तिले प्रयोग गर्ने सवारी साधनको अगुवा पछुवा सवारी साधनको लागि आवश्यक पर्ने इन्धन खर्च भुक्तानी गर्नु पर्ने भएमा त्यस्तो सवारी साधनको लगबुकको प्रतिलिपि लिई इन्धन खर्च भुक्तानी गर्न सकिनेछ ।

नगरपालिकाको नाममा रहेको सरकारी सवारी साधनको नियमित रुपमा सवारी साधन कर तिर्नु पर्नेछ ।

सवारी चालकले सवारी साधनमा प्रयोग हुने इन्धन तथा मोविल प्रयोग गर्दा लगबुक (म.ले.प.फाराम नं. ९०५ सवारी साधन र मेसिन प्रयोगको लग बुक)दुरुस्त राखी सवारी साधन प्रयोगकर्ताले प्रमाणित गर्नु पर्नेछ ।

खर्च शीर्षक नं : २२११३ **सवारी साधन मर्मत खर्च**

| | |
|---|---|
| वार्षिक बजेट र स्रोत : | रु. १५६० हजार राजस्व बाँडफाँड - नेपाल सरकार |

नियमित रुपमा कार्यालयमा प्रयोगमा रहेका सवारी साधन मर्मत संभार गर्न चाहिने सामान, व्याट्री लगायतका सामानहरु र ज्याला समेतको खर्च यस शीर्षकबाट भुक्तानी गरिन्छ ।

सवारी चालकले सवारी साधन मर्मत र सर्भिसिङ गर्दा सो को लागत अनुमान तयार/स्वीकृत गराएर मात्र मर्मत र सर्भिसिङ गराउन पर्दछ । यसका लागि म.ले.प. फाराम नं ४१४ मर्मत, संभार तथा संरक्षण आवेदन फाराम प्रयोग गर्नु पर्नेछ ।

यसरी गरिएको सवारी साधनको मर्मत संभारको अभिले म.ले.प. फराम नं ४१५ मर्मत, सम्मार तथा संरक्षण अभिलेख खातामा अभिलेख राख्नु पर्नेछ ।

यस शीर्षकमा बजेटको अनुमान गर्दा देहाय अनुसार गरिएको छ ।

क) सवारी साधनको नियमित मर्मत खर्च प्रक्षेपण गर्दा सवारी साधनको आयूलाई ध्यान दिई नयाँ खरिद गर्दा पर्ने मूल्यको देहायको प्रतिशतको आधारमा प्रक्षेपण गर्ने प्रयोजनका लागि निर्धारण गरिएको मापदण्डः

| सवारी साधनको प्रकार | सवारी साधनको आयू र मूल्यका आधारमा मर्मत खर्च प्रतिशत |
|---|---|

| | १ – ५ वर्ष | ५ – १० वर्ष | १० – २० वर्ष |
|---|---|---|---|
| हलुका सवारी साधन-पेट्रोल | २ | ४ | ६ |
| हलुका सवारी साधन– डिजेल | ४ | ६ | ८ |
| हेभी सवारी साधन – डिजेल | ६ | ८ | १० |
| मोटर साइकल - | ४ | ६ | - |

उल्लेखित मापदण्डका आधारमा कार्यालयका सवारी साधनहरुको नियमित मर्मत सम्भारका लागि देहाय अनुसार प्रक्षेपण गरिएको छः

| सवारी साधनको प्रकार | सवारी साधनको नाम | आयू(वर्ष) | संख्या | नयाँ खरिद गर्न लाग्ने मूल्य | मर्मत खर्च % | वार्षिक मर्मत सम्भार खर्च |
|---|---|---|---|---|---|---|
| हलुकासवारी साधन | Mahindra Scorpio | २ | १ | 5500000 | 4 | 220000 |
| हलुकासवारी साधन | TATA Genuine | ६ | १ | 4000000 | 6 | 240000 |
| हलुकासवारी साधन | Mahindra Scorpio Pik-up | १ | १ | 4500000 | 4 | 180000 |
| हेभीसवारी साधन | Eicher वारुण यन्त्र | ५ | १ | 5000000 | 6 | 300000 |
| हेभीसवारी साधन | TATA Tipper | ५ | १ | 3000000 | 6 | 180000 |
| हेभीसवारी साधन | SML 4wd Truck | २ | १ | 3000000 | 6 | 180000 |
| मोटरसाइकल | | ७ | १ | 250000 | 6 | 30000 |
| मोटरसाइकल | | ५ | १ | 250000 | 4 | 10000 |
| मोटरसाइकल | | ३ | २ | 250000 | 4 | 20000 |
| मोटरसाइकल | | २ | ९ | 250000 | 4 | 90000 |
| मोटरसाइकल | | १ | ११ | 250000 | 4 | 110000 |
| | | | | | | 1560000 |

खर्च शीर्षक नं : २२११४ **बिमा तथा नवीकरण खर्च**

| वार्षिक बजेट र स्रोत : | रु. ३२५ हजार राजस्व बाँडफाँड - नेपाल सरकार |
|---|---|

यस शीर्षकबाट देहाय बमोजिमको खर्च भुक्तानी गरिन्छ ।

१. निर्माण भइसकेका सार्वजनिक सम्पत्ति (जस्तै: सडक, पूल, भवन आदि) को बीमा तथा नवीकरण खर्च
२. मेशिनरी उपकरण आदिको बीमा तथा नवीकरण खर्च
३. सवारी साधनको बीमा तथा तेश्रो पक्षको दायित्व बीमा गर्दा लागेको शुल्क सम्बन्धी खर्च
४. सवारी साधन नवीकरण शुल्क
५. आकस्मिक रुपमा गर्नुपर्ने जोखिमयुक्त कार्यकालागि खटाइने कर्मचारी ज्यामी तथा अन्य व्यक्तिको निश्चित अवधिको लागि गरिएको विमा शुल्क

- उल्लेखित बमोजिम विमा तथा नविकरण बापत खर्च भएको रकमको विल बमोजिमको खर्च भुक्तानी गर्ने
- निर्माणाधिन सार्वजनिक सम्पत्तिको लागि भएको विमा तथा नविकरण खर्च सम्बन्धित योजनामा विनियोजित रकमबाट नै भुक्तानी गर्ने ।

खर्च शीर्षक नं : २२२२१ **मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च**

| | |
|---|---|
| वार्षिक बजेट र स्रोत : | रु. १००० हजार  राजस्व बाँडफाँड - नेपाल सरकार |

कार्यालयमा रहेका मेशिनरी तथा औजारको सञ्चालनमा लाग्ने नियमित खर्च तथा मर्मत सम्भारको खर्च यस शीर्षकबाट भुक्तानी गरिन्छ । यस शीर्षकमा वजेट विनियोजन गर्दा देहायको मापदण्डका आधारमा कार्यालयमा रहेका मेशिनरी तथा औजारको सञ्चालनमा लाग्ने नियमित खर्च तथा मर्मत सम्भारको वार्षिक खर्च प्रक्षेपण गरिएको छ ।

| स्थायी सम्पत्ति | किताब मूल्य (ह्रासकट्टी पछिको) | १-५ वर्षको | ६-१० वर्षको | जम्मा मर्मत सम्भार खर्च |
|---|---|---|---|---|
| मेशिनरी औजार | ६६६८०००।- | १५% | - | १०००००० |
| मेशिनरी औजार | - | - | २०% | - |

क) कार्यालयको दैनिक प्रयोगमा आउने पूँजीगत मेशिनरी तथा औजारहरु जस्तो हिटर/ पंखा / कूलर/ कम्प्यूटर/ फ्याक्स/ फोटोकपी मेसिन तथा यस्तै अन्य सामानहरू मर्मत सम्भार गराउनु पर्दा त्यस्ता सामानको मर्मत सम्भार गर्नु अघि सम्बन्धित कर्मचारीबाट मर्मत सम्भार गर्नु पर्ने सामानको विवरण लिई लागत अनुमान स्वीकृत गराई अधिकार प्राप्त अधिकारीको आदेश लिनुपर्नेछ ।यसका लागि म.ले.प. फाराम नं ४१४ प्रयोग गर्नु पर्नेछ ।

(ख) मर्मत सम्भार गरिएको सामान मर्मत भएको कुरा सम्बन्धित मेसिनरी सञ्चालन गर्ने कर्मचारी वा प्राविधिकबाट मर्मत सम्पन्न भएको प्रमाणित गराएर मात्र भुक्तानी दिनु पर्नेछ ।

(ग) मर्मतको लागि सामान खरीद गरेको भए त्यस्तो सामान सार्वजनिक खरीद सम्बन्धी ऐन तथा नियमावलीको अधिनमा रहेर मात्र खरीद गर्नु पर्ने र त्यस्तो सामान मर्मत संभार तथा संरक्षण अभिलेख खाता (मलेप फाराम ४१५) मा अभिलेख राखु पर्नेछ ।

(च) रकम भुक्तानी गर्दासम्बन्धित सामानको नयाँ खरिद गर्न लाग्ने मुल्यको तुलनामा मर्मत खर्चको अनुपात सन्तोषजनक छ/ छैन, मर्मत गरिएको सामानको पुरानो सामान भण्डार फिर्ता गरे नगरेको जाँच गरेर र मर्मत गरिएको सामान जिन्सी निरीक्षण प्रतिवेदनमा मर्मत गराउनुपर्ने भनी उल्लेख गरिएको सामान हो वा होईन एकिन गरेर मात्र भुक्तानी गर्नु पर्नेछ।

खर्च शीर्षक नं : २२२३१ **निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च**

| | |
|---|---|
| वार्षिक बजेट र स्रोत : | रु. १०००० हजार  राजस्व बाँडफाँड - प्रदेश सरकार |

निर्माण सम्पन्न भइसकेका स्थिर सार्वजनिक सम्पत्ति जस्तैः सडक, पूल, भवन आदिको चालु प्रकृतिका नियमित मर्मत सम्भार खर्च  यस शीर्षकबाट भुक्तानी गरिन्छ ।

१. निर्माण सम्पन्न अन्य पूर्वाधारको मर्मत सम्भार खर्च

(खर्चको छुट्टाछुट्टै कामको प्रयोजन देखिने गरी प्रस्ताव हुनुपर्ने, प्रत्येक खर्चको प्रकृति र पुष्टयाईं संलग्न हुनुपर्ने, इकाईमा कि.मि. वा संख्या उल्लेख हुनुपर्ने)

क) सडक / पूल

ख) सिँचाई संरचना

ग) धार्मिक स्थल / संग्रहालय

घ) खानेपानी संरचना

ङ) वन तथा वातावरण संरक्षण

च) सरसफाई संरचना

छ) पर्यटकीय पूर्वाधार संरचना

ज) रङ्गमञ्च तथा खेलमैदान

२. निर्माण सम्पन्न भवनको नियमित मर्मत सम्भार खर्च

नियमित मर्मत खर्च प्रक्षेपण गर्दा संरचनाको आयूलाई ध्यान दिई भवनको ह्रासकट्टी पछिको मूल्यको देहायको प्रतिशतको आधारमा प्रक्षेपण गर्ने प्रयोजनका लागि निर्धारण गरिएको मापदण्डः

| भवनको प्रकार | निर्मित भवनको आयू र मूल्यका आधारमा मर्मत खर्च प्रतिशत | | | |
|---|---|---|---|---|
| | १ – ५ वर्ष | ६ – १० वर्ष | ११ – २० वर्ष | २१ वर्षमाथि |
| सिमेन्ट जोडाई | १.०० | १.५० | २.०० | २.५ |
| माटो जोडाई | ०.७५ | १.०० | १.२५ | १.५० |
| काठबाट बनेको | ०.९० | १.२५ | १.५० | १.७५ |

उल्लेखित मापदण्डका आधारमा नगरपालिकाको स्वामित्वमा रहेका निर्माण सम्पन्न भवनहरुको नियमित मर्मत सम्भारका लागि खर्च गर्न सकिनेछ ।

उल्लेखित बाहेक नगरपालिकामा नियमित मर्मत सम्भारको दायित्व भएका अन्य भवन, मठ मन्दिर गुम्बा, गेट सेड आदि समेतको नियमित मर्मत सम्भार र रङरोगनको लागि आवश्यक पर्ने रकम समेत उल्लेखित मापदण्डको आधारमा यस शीर्षकबाट खर्च गर्न सकिनेछ ।

यस शीर्षकबाट खर्च हुने गरी विनियोजन ऐन को अनुसूचीमा कृयाकलापगत बाँडफाँड नगरिएको हुँदा नगर विकास योजना तर्जुमा प्रकृयामा टोल/वस्ती स्तर र वडा स्तरबाट माग भएका तर नगर विकास योजनामा समावेश हुन नसकेका पूर्वाधारहरु (योजना बैंकमा समावेश भएका) को मर्मत तथा संभार गर्न यो रकम खर्च गर्न सकिन्छ । तर यस्ता पूर्वाधारहरुको मर्मत संभार कार्य गराउँदा मर्मत संभार गर्नु पर्ने संरचनाको विवरण संकलन गरी प्रस्तावित मर्मत संभारकार्यको लागत अनुमान तयार गरी नगर कार्यपालिकाबाट स्वीकृत गराएर मात्र मर्मत संभार गराउनु पर्दछ । रु. ५० हजार भन्दा कम लागत अनुमान भएका मर्मत संभार कार्य प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराई प्रचलित खरिद कानून बमोजिम गराउन सकिनेछ ।

यस प्रकारको मर्मत संभार कार्य गराउँदा प्रचलित सार्वजनिक खरिद ऐन र नियमावलीमा भएका व्यवस्थाको पालना गर्नु पर्नेछ र मर्मत संभार खर्च वापतको रकम भुक्तानी गर्दा मर्मत संभार कार्यको निर्माण कार्यको लागत अनुमान, ड्रइङ्ग, डिजाइन, कार्य स्वीकार, नापी किताब र कार्य सम्पन्न प्रतिवेदन संलग्न राखी भुक्तानी गर्नु पर्नेछ ।

खर्च शीर्षक नं : **२२२९१ अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च**

| वार्षिक बजेट र स्रोत : | रु. १०० हजार राजस्व बाँडफाँड - नेपाल सरकार |
|---|---|

स्थीर सम्पत्ती बाहेक अन्य सम्पत्तिको चालु प्रकृतिका नियमित मर्मत सम्भार खर्च वापतको रकम यस शीर्षकबाट भुक्तानी गरिन्छ । जस्तै : फर्निचर आदि ।

कार्यालयमा रहेका फर्निचरको नियमित मर्मत सम्भारको खर्च वापतको रकम खर्चका लागि देहायको मापदण्ड तयार गरी रकम विनियोजन गरिएको छ ।

| स्थायी सम्पत्ति | किताब जम्मा मूल्य (ह्रासकट्टी पछिको) | १-५ वर्षको | ६-१० वर्षको | जम्मा मर्मत सम्भार खर्च |
|---|---|---|---|---|
| फर्निचर | | १% | १.५% | |

जिन्सी निरीक्षण प्रतिवेदन (म.ले.प.फाराम नं. ४११) मा मर्मत संभार गर्नु पर्ने भनी उल्लेख भएका मालसामानको मर्मत संभार कार्यको रकम यस शीर्षकबाट भुक्तानी गर्ने । यस्ता मालसामान मर्मत गर्नु अघी म.ले.प. फाराम नं. ४१४ बमोजिमको मर्मत संभार तथा संरक्षण आवेदन फाराम स्वीकृत भएको हुन पर्नेछ ।

खर्च शीर्षक नं : **२२३११ मसलन्द तथा कार्यालय सामाग्री**

| वार्षिक बजेट र स्रोत : | रु. ३००० हजार राजस्व बाँडफाँड - नेपाल सरकार |
|---|---|

यस शीर्षक अन्तरगत देहायका खर्चहरु पर्दछन्:

क) बैंक दस्तुर, क्षतिपूर्ति र अन्य यस्तै सेवा खर्च
ख) कार्यालयको दैनिक प्रयोगमा ल्याइने कागज, खाम, फारम, रेकर्ड फाइल, स्ट्यापलर, पञ्चिङ मेसिन जस्ता मेसिन र यिनका लागि चाहिने अन्य सामानहरु एवम् कलम, मसी, सिसाकलम, टोनर आदि जस्ता मसलन्द सामग्रीको मूल्य
ग) एक वर्षभन्दा कम टिकाउ हुने अन्य कार्यालय मालसामानहरु
घ) सुरक्षाका मेसिनरी औजारका लागि आवश्यक स-साना सहयोग सामग्री
ङ) एक वर्षभन्दा टिकाउ हुने सामान जस्तैः पर्दा, पेनड्राइभ जस्ता वस्तुहरु
च) रु. ५००० भन्दा कम मूल्यका अरु कार्यालय मालसामानहरुको खर्च
छ) सरकारी प्रयोगका सामग्रीको ढुवानीमा हुने खर्च

गत वर्षको विनियोजन र चालु आ.व. को खर्चको अवस्था समेतका आधारमा खर्चमा मितव्ययिता अपनाउने नीति अवलम्बन गरी यस शीर्षकमा रकम विनियोजन गरिएको हो ।

नगरपालिका कार्यालय, नगर कार्यपालिकाको कार्यालय र अन्तरगतका विषयगत कार्यालयहरु तथा वडा कार्यालयहरुमा १ वर्ष भरी आवश्यक पर्ने मसलन्द तथा कार्यालय सामानहरुको अनुमानित विवरण तयार गर्नु पर्नेछ । सम्भव भए सम्म अनुमानित परिमाण बमोजिमको मालसामान एकमुष्ठ वोलपत्र आह्वान गरी खरिद गर्नु पर्दछ ।

सामान खरीद गर्दा सार्वजनिक खरीद ऐन तथा नियमावलीका अधिनमा रही खरीद गर्नु पर्ने र यसरी सामान खरीद गर्नु पूर्व सामानको स्पेशिफिकेसन तथा लागत अनुमान तयार गरी स्वीकृत गराउन पर्नेछ ।कार्यालय सामान खरीद गर्दा एकै पटक खरीद गर्न सकिनेमा टुक्राटुक्रा गरी बोलपत्र छल्ने उद्देश्यले खरीद गर्न हुँदैन ।खरीद गरिएको सामानको बिलमा सामानको गुणस्तर अनुसारको नाम, आकार प्रकार तथा अन्य विवरण आदि उल्लेख गर्नु पर्दछ । कार्यालयमा पर्याप्त मौज्दात छँदाछँदै अनावश्यक परिमाणमा खरिद गर्नु हुँदैन ।

खर्च शीर्षक नं : **२२३१२ पशुपंक्षीहरूको आहार**

| | |
|---|---|
| वार्षिक बजेट र स्रोत : | रु. १० हजार राजस्व बाँडफाँड - नेपाल सरकार |

पशुपंक्षीहरुको आहार शीर्षकमा खर्च गर्नु पर्ने भएमा पशुपंक्षीको लागि दिइने आहारको मापदण्ड/दरवन्दी तोकिएकोमा सोही बमोजिम पशुपंक्षीको लागि आहाराको परिमाण, गुणस्तर र लागतको लगत अनुमान समेतका आधारमा सार्वजनिक ऐन, नियमको पालना गरी खर्च गर्नु पर्नेछ ।यस प्रकार यस शीर्षकमा खर्च गर्नु पर्ने भएमा पशुपंक्षीको लगत एवं आहार भण्डारण र सुरक्षा व्यवस्था समेतका आधारमा खर्च लेख्नु पर्दछ ।

खर्च शीर्षक नं : **२२३१३ पुस्तक तथा सामग्री खर्च**

| | |
|---|---|
| वार्षिक बजेट र स्रोत : | रु. ६०० हजार राजस्व बाँडफाँड - नेपाल सरकार |

सार्वजनिक विद्यालयले निशुल्क रुपमा विद्यार्थीहरुलाई वितरण गर्ने पुस्तक, खेलकूद एवम् शैक्षिक सामग्री तथा पुस्तकालय प्रयोजनका लागि खरीद गरिएको पुस्तक खर्च वापतको रकम यस शीर्षकबाट खर्च लेखिन्छ ।
नगरपालिकाको पुस्तकालयका लागि आवश्यक पर्ने पुस्तक खरिद गर्न एकमुष्ट रु. २,००,०००/- विनियोजन गरिएको छ । विभिन्न खेलकुद सामाग्री खरिद तथा वितरण कार्यका लागि र विद्यालयको अतिरिक्त पाठ्यसामाग्री खरीद कार्यका लागि बाँकी रकम खर्च गर्न सकिनेछ ।सामुदायिक विद्यालयलाई उपलव्ध गराइने निशुल्क पाठ्य पुस्तकको रकम सशर्त अनुदान तर्फ विनियोजन भएको छ ।
अतिरिक्त पाठ्यपुस्तक उपलव्ध गराउन पर्ने भएमा (प्रति सेट अनुमानित लागत रु. x विद्यालय संख्या) का आधारमा लागत अनुमान तयार गरी प्रचलित खरिद ऐन तथा नियमावली बमोजिम खरीद गर्नु पर्नेछ ।

खर्च शीर्षक नं : **२२३१४ इन्धन - अन्य प्रयोजन**

| | |
|---|---|
| वार्षिक बजेट र स्रोत : | रु. २०० हजार राजस्व बाँडफाँड - नेपाल सरकार |

सवारी साधन बाहेकका मेसिन औजारमाप्रयोग हुने इन्धनको खर्च, प्रशासनिक कार्यमा प्रयोग हुने मट्टीतेल, ग्यास, कोइला, दाउरा आदिको खर्च, सवारी साधन बाहेकका ब्याट्री र तिनमा प्रयोग हुने डिस्ट्रिल्ड वाटर आदिको खर्च यस शीर्षकबाट भुक्तानी गर्नु पर्नेछ ।

खर्च शीर्षक नं : **२२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च**

| | |
|---|---|
| वार्षिक बजेट र स्रोत : | रु. १५०० हजार राजस्व बाँडफाँड - नेपाल सरकार |

देहायका खर्चहरु यस शीर्षकबाट भुक्तानी गर्ने ।

क) कार्यालयको लागि आवश्यक छपाईको एकमुष्ट रकम (पुष्टयाईं उल्लेख गर्ने, एवं लागत अनुमान तयार गरी स्वीकृत गराएर छपाई गर्ने)
ख) विज्ञापन शुल्क (विज्ञापन दर x संख्या) (प्रचारप्रसार बाहेकको)
ग) पत्रपत्रिका (कार्यालय प्रयोजनार्थ) एवं दैनिक तथा पेशागत पत्रिका (नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र पुस्तकालय प्रयोजनका लागि)
घ) कार्यालयमा आवश्यक पर्ने पुस्तक खरिद
ङ) सरकारी सूचना, ठेक्कापट्टा, घटाघट/बढाबढ सम्बन्धी सूचना छपाई तथा प्रकाशन खर्च
च) नगर बुलेटिन / नगर विकास समाचार छपाई तथा प्रकाशन खर्च
छ) सूचना प्रशारण खर्च

खर्च शीर्षक नं : २२३१९ **अन्य कार्यालय संचालन खर्च**

| वार्षिक बजेट र स्रोत : | रु. ३०० हजार राजस्व बाँडफाँड - नेपाल सरकार |
|---|---|

कार्यालय सामान तथा सेवा (खर्चको वर्गीकरण २२३००) भित्र नपरेका अन्य खर्चहरुको रकम भुक्तानी गर्नु पर्ने भएमा यस शीर्षकबाट खर्च लेख्न सकिनेछ ।

खर्च शीर्षक नं : २२४११ **सेवा र परामर्श खर्च**

| वार्षिक बजेट र स्रोत : | रु. १००० हजार राजस्व बाँडफाँड - नेपाल सरकार |
|---|---|

देहाय बमोजिमका खर्चहरुको भुक्तानी गर्नु पर्ने भएमा यस शीर्षकबाट खर्च लेख्न सकिनेछ ।
क) छानबिन तथा जाँचबुझ गराउँदाको खर्च
ख) विशेषज्ञबाट लिइने परामर्श तथा विज्ञ र सल्लाहकार सेवा आदिको पारिश्रमिक खर्च
ग) पूँजीगत निर्माण अन्तर्गत नपरेका वा त्यस्तो निर्माणसँग सम्बन्ध नभएका अध्ययन अनुसन्धान आदिको पारिश्रमिक खर्च (विशेषज्ञको संख्या x प्रति कार्यदर x अवधि) अनुमान गरी सोको विवरण तयार गरी स्वीकृत गरेको हुन पर्दछ ।

खर्च शीर्षक नं : २२४१२ **सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च**

| वार्षिक बजेट र स्रोत : | रु. ३५० हजार राजस्व बाँडफाँड - नेपाल सरकार |
|---|---|

सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालनका लागि गरिने नवीकरण खर्च, परामर्श सेवाको खर्च तथा नियमित सुधार खर्च वापतको रकम यस शीर्षकबाट खर्च गर्ने
क) नवीकरण तथा सेवाशुल्क वापत नगरपालिकाले सञ्चालनमा ल्याएका देहायका सफ्टवेयरहरुको नविकरण शुल्क भुक्तानी गर्ने ।

| क्र.सं. | सफ्टवेयरको नाम | नवीकरण शुल्क | वार्षिक सेवाशुल्क | अनुमानित वार्षिक खर्च |
|---|---|---|---|---|
| १ | राजश्व असुली | ७०००० | - | ७०००० |
| २ | विद्युतीय हाजिरी | ४०००० | - | ४०००० |
| ३ | जिन्सी व्यवस्थापन | ४०००० | - | ४०००० |
| ४ | स्मार्ट रोड | ५०००० | - | ५०००० |

ख) नियमित सुधार खर्चको लागि एकमुष्ट रु. १५००००/- विनियोजन गरिएको छ । सञ्चालनमा रहेका सफ्टवेयरहरुको सुधार गर्नु पर्ने भएमा सो का लागि हुने खर्च रकम यस शीर्षकबाट भुक्तानी गर्नु पर्नेछ ।

खर्च शीर्षक नं : २२४१३ **करार सेवा शुल्क**

| | |
|---|---|
| वार्षिक बजेट र स्रोत : | रु. १००० हजार राजस्व बाँडफाँड - नेपाल सरकार |

कार्यालयमा सुरक्षा गर्ने, सरसफाई गर्ने, बगैंचा सम्भार गर्ने, चिठीपत्र ओसारपसार गर्ने, कृषि प्रसार तथा पशुसेवा सम्बन्धी सुविधा, प्राथमिक स्वास्थ्य सेवाको सुविधा, सवारी चलाउने तथा टेलिफोन, कम्प्युटर, फ्याक्स, फोटोकपी जस्ता मेशिनरी मर्मत सम्भार र सञ्चालनको व्यवस्थाका लागि पटके वा आवधिक करार सम्झौता गरी सेवा लिएबापतको रकम यस शीर्षकबाट भुक्तानी गर्ने ।

क) व्यक्ति करार – व्यक्तिसँग आवधिक वा पटके रुपमा करार सम्झौता गरी सेवा लिएबापत दिइने सेवाशुल्क

ख) सेवा करार – फर्मसँग आवधिक वा पटके रुपमा करार सम्झौता गरी सेवा लिएबापत दिइने सेवाशुल्क

(व्यक्ति करारमा लिँदा चाडपर्व खर्च, औषधी उपचार खर्च तथा विदाबापत आर्थिक दायित्व पर्ने गरी सम्झौता र नवीकरण गरिने छैन ।)

खर्च शीर्षक नं : २२४१४ **सरसफाई सेवा शुल्क**

| | |
|---|---|
| वार्षिक बजेट र स्रोत : | रु. १००० हजार राजस्व बाँडफाँड - नेपाल सरकार |

सडक, बजार क्षेत्र, धार्मिक स्थल, सार्वजनिक शौचालय, पार्क आदिको सरसफाईका निम्ति गरिने देहाय बमोजिमको खर्चको लागि यस शीर्षकबाट खर्च लेख्ने ।

क) व्यक्ति करार (नियमित सरसफाई) वापतको खर्च ।

| क्र.सं. | सरसफाई स्थल | आवश्यक संख्या | मासिक दर प्रति इकाई | अवधि | वार्षिक रकम |
|---|---|---|---|---|---|
| १ | सार्वजनिक स्थल | १० जना | १३४५० | १२ महिना | १६१४००० |
| २ | न.पा. कार्यालय | एकमुष्ट | १०००० | १२ महिना | १२०००० |
| | | | | | |

ख) नियमित सरसफाईका लागि कुनै सेवा प्रदायकसँग यस किसिमको सेवा खरिद गरिएको अवस्थामा खरिद संझौता बमोजिमको रकम ।

| क्र.सं. | सरसफाई स्थल | सेवा प्रदायक | अवधि | वार्षिक रकम |
|---|---|---|---|---|
| | | | | |

ग) अतिरिक्त सरसफाई वापतको खर्च ।

खर्च शीर्षक नं : २२४१९ **अन्य सेवा शुल्क**

| | |
|---|---|
| वार्षिक बजेट र स्रोत : | रु. ३०० हजार राजस्व बाँडफाँड - नेपाल सरकार |

खर्च वर्गीकरण २२४११ देखि २२४१४ मा उल्लेख भए बाहेकका सेवा खरिद गर्दा लाग्ने खर्च यस शीर्षकबाट नियमानुसार खर्च लेख्ने ।

खर्च शीर्षक नं : **२२५११ कर्मचारी तालिम खर्च**

| | |
|---|---|
| वार्षिक बजेट र स्रोत : | रु. ५०० हजार समानिकरण अनुदान - नेपाल सरकार |

यस शीर्षकबाट कर्मचारीको वृत्तिविकास तथा क्षमता वृद्धिका लागि दिइने तालिम, गोष्ठी, कार्यशाला सञ्चालनको खर्च तथा तालिममा सहभागी हुँदाको दैनिक भ्रमण खर्च, प्रशिक्षक तथा श्रोतव्यक्तिको खर्च भुक्तानी गरिन्छ ।

- क) कार्यालयका कर्मचारीलाई प्रमाणपत्र प्रदान गर्ने गरी वृत्ति विकास, दक्षता अभिवृद्धिको लागि दिइने छोटो / लामो अवधिको तालिमका लागि लाग्ने रकम
- ख) कार्यालयका कर्मचारीलाई कुनै किसिमको प्रमाण पत्र प्रदान नगर्ने गरी दक्षता अभिवृद्धिको लागि दिइने तालिम बापत लाग्ने खर्च
- ग) कार्यालयका कर्मचारीलाई दिइने पुनर्ताजगी तालिम तथा अभिमुखीकरण बापत लाग्ने खर्च
- घ) बाह्य श्रोतव्यक्तिको यातायात, आवास तथा सहजीकरण बापतको खर्च
- ङ) तालिम, सेमिनार आदिका लागि आयोजक निकायलाई एकमुष्ट तिर्नुपर्ने रकम र भ्रमण खर्च

- तालिमको प्रकार, अवधि, संख्या र खर्चको दरका आधारमा प्रस्तावना तयार गरी प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराउन पर्नेछ ।
- यस निर्देशिकाको **खण्ड -१४** मा उल्लेखित विषयमा सोही बमोजिम र उल्लेख नभएको हकमा प्रदेश सरकारको "सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५", निकायगत मापदण्ड वा नेपाल सरकार अर्थ मन्त्रालय (बजेट तथा कार्यक्रम महाशाखा) को कार्यसञ्चालन निर्देशिकामा उल्लेखित विश्लेषण तथा निर्णयका आधारमा खर्च प्रस्ताव गर्ने ।

**खर्च शीर्षक नं : २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च**

| | |
|---|---|
| वार्षिक बजेट र स्रोत : | रु. १००० हजार समानिकरण अनुदान - नेपाल सरकार |

- सार्वजनिक रुपमा दिइने आयआर्जन, सीपविकास, सशक्तिकरण, सार्वजनिक चेतना जागरण जस्ता तालिम सञ्चालन खर्च (प्रशिक्षक, श्रोतव्यक्तिको भत्ता, सहभागीको भत्ता, मसलन्द, खाजा खर्च, हलभाडा तथा तालिमका सहभागीको स्वीकृत मापदण्ड अनुसारको भ्रमण खर्च र स्वीकृत कार्यक्रम अनुसारको कार्यक्रम कार्यान्वयन गर्दा लाग्ने भ्रमण तथा अन्य खर्च) यस शीर्षकबाट भुक्तानी गरिन्छ ।
- आवश्यकता पहिचान भएका विषयमा माग समेतका आधारमा क्रियाकलापगत बाँडफाँड स्वीकृत भएको हुन पर्ने । कार्यालयले सञ्चालन गर्ने तालिम गोष्ठीको हकमा कार्यालय/सम्बन्धित विषयगत शाखाले प्रस्तावना तयार भएको हुन पर्ने ।
- तालिम/गोष्ठीको प्रकार, अवधि, संख्या र खर्चको दरका आधारमा प्रस्तावना तयार गरी प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराउन पर्नेछ ।
- यस निर्देशिकाको **खण्ड -१४** मा उल्लेखित विषयमा सोही बमोजिम र उल्लेख नभएको हकमा प्रदेश सरकारको "सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५", निकायगत मापदण्ड वा नेपाल सरकार अर्थ मन्त्रालय (बजेट तथा कार्यक्रम महाशाखा) को कार्यसञ्चालन निर्देशिकामा उल्लेखित विश्लेषण तथा निर्णयका आधारमा खर्च प्रस्ताव गर्ने ।

**खर्च शीर्षक नं : २२५२२ कार्यक्रम खर्च**

| | |
|---|---|
| वार्षिक बजेट र स्रोत : | रु. १०००० हजार राजश्व बाँडफाँड - प्रदेश सरकार |

सीपविकास र जनचेतना तालिम तथा गोष्ठी बाहेकका कार्यालयको आवश्यकता अनुसार देहायका विषयमा सञ्चालन गर्नु पर्ने सबै किसिमका कार्यक्रम सञ्चालन सम्बन्धी खर्चहरु यस शीर्षकबाट भुक्तानी गरिन्छ ।

- ❖ प्रचारप्रसार तथा सामग्री उत्पादन एवम् प्रकाशन र वितरण
- ❖ गुणस्तर परीक्षण
- ❖ अध्ययन
- ❖ प्रशिक्षक प्रशिक्षण
- ❖ साक्षरता कार्यक्रम
- ❖ परीक्षा सञ्चालन
- ❖ खाद्यान्न / दिवा खाजा / पौष्टिक आहारा वितरण
- ❖ राहत तथा पुनर्स्थापना / क्षतिपूर्ति कार्यक्रम
- ❖ शैक्षिक कार्यक्रम
- ❖ खेलकूद तथा अन्य क्रियाकलाप
- ❖ कृषि विकास कार्यक्रम
- ❖ खाद्य तथा पोषण कार्यक्रम
- ❖ पशुपंक्षी विकास कार्यक्रम
- ❖ वनस्पति संरक्षण
- ❖ भू-संरक्षण / वृक्षरोपण
- ❖ वातावरण संरक्षण / सरसफाई कार्यक्रम
- ❖ स्वास्थ्य सेवा
- ❖ संस्था / समितिलाई अनुदान
- ❖ पहिचान / प्रमाण पत्र प्रदान
- ❖ अन्य कार्यक्रम

- कार्यक्रम सञ्चालन सँग सम्बन्धित खर्चहरु (प्रशिक्षक, श्रोतव्यक्तिको भत्ता, सहभागीको भत्ता, मसलन्द, खाजा खर्च, हलभाडा तथा तालिमका सहभागीको स्वीकृत मापदण्ड अनुसारको भ्रमण खर्च र स्वीकृत कार्यक्रम अनुसारको कार्यक्रम कार्यान्वयन गर्दा लाग्ने भ्रमण तथा अन्य खर्च) यस शीर्षकबाट भुक्तानी गरिन्छ ।
- आवश्यकता पहिचान भएका विषयमा माग समेतका आधारमा क्रियाकलापगत बाँडफाँड स्वीकृत भएको हुन पर्ने । कार्यालयले सञ्चालन गर्ने तालिम गोष्ठीको हकमा कार्यालय/सम्बन्धित विषयगत शाखाले प्रस्तावना तयार भएको हुन पर्ने ।
- कार्यक्रमको प्रकार, अवधि, संख्या र खर्चको दरका आधारमा प्रस्तावना तयार गरी प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराउन पर्नेछ ।
- यस निर्देशिकाको **खण्ड -१४** मा उल्लेखित विषयमा सोही बमोजिम र उल्लेख नभएको हकमा प्रदेश सरकारको "सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५", निकायगत मापदण्ड वा नेपाल सरकार अर्थ मन्त्रालय (बजेट तथा कार्यक्रम महाशाखा) को कार्यसञ्चालन निर्देशिकामा उल्लेखित विश्लेषण तथा निर्णयका आधारमा खर्च प्रस्ताव गर्ने ।
- पत्रपत्रिका /रेडीयो/ टेलिभिजन मार्फत प्रकाशन/प्रशारण गरिने विज्ञापनका लागि अधिकतम रु. ५०००००/- र नगर डकुमेन्ट्री निर्माण का लागि अधिकतम रु. ५०००००/- समेत यसै शीर्षकबाट नियमानुसार भुक्तानी गर्ने ।

**खर्च शीर्षक नं : २२५२९ विविध कार्यक्रम खर्च**

| | |
|---|---|
| वार्षिक बजेट र स्रोत : | रु. १००० हजार समानिकरण अनुदान - नेपाल सरकार |

कार्यक्रम खर्चको व्याख्यामा नपरेका देहायका खर्चहरु यस शीर्षकबाट भुक्तानी गर्नु पर्नेछ । यस शीर्षकबाट भुक्तानी गर्नु पर्ने कार्यक्रमहरुको खर्च प्रकृया खर्च शीर्षक नं. २२५२२ मा उल्लेख गरिए बमोजिम हुनेछ ।

१) धार्मिक तथा सांस्कृतिकः- कुनै धर्म संस्कृतिसँग सम्बन्धित कुनैपनि पाठपूजा, अनुष्ठान सञ्चालन सम्बन्धी खर्च

२) मेला आयोजना तथा दिवस :- मेला प्रदर्शनी आयोजना गर्न वा भाग लिने क्रियाकलाप सञ्चालन गर्न, वार्षिक रुपमा निश्चित दिवस मनाउने कार्यसँग सम्बन्धित खर्च

३) स्वागत, बिदाई, घोषणा आदिजस्ता कार्यक्रम सञ्चालन सम्बन्धी खर्च

४) कार्यक्रम खर्चको व्याख्यामा नपरेका अन्य खर्च

**खर्च शीर्षक नं : २२६११ अनुगमन मूल्यांकन खर्च**

| | |
|---|---|
| वार्षिक बजेट र स्रोत : | रु. १००० हजार राजश्व बाँडफाँड - नेपाल सरकार |

अनुगमन तथा मुल्यांकन कार्य, तत्सम्बन्धी प्रतिवेदन तथा निरिक्षणका लागि हुने खर्च र अनुगमन गर्ने पदाधिकारी तथा कर्मचारीको दैनिक तथा भ्रमण खर्च लगायतका खर्चहरु यस शीर्षकबाट खर्च लेखिन्छ ।

(क) **पदाधिकारीः** नगर सभाका सदस्यहरुको हकमा मासिक अनुगमन प्रतिवेदन पेश भएपछि देहायको दरमा अनुगमन खर्च भुक्तानी गर्नु पर्नेछ ।

| क्र.सं. | पद | संख्या | मासिक अनुगमन खर्च |
|---|---|---|---|
| १ | नगर प्रमुख | १ | ११००० |
| २ | नगर उपप्रमुख | १ | ११००० |
| ३ | वडाध्यक्ष | १४ | ४५०० |
| ४ | कार्यपालिका सदस्य | ७ | २००० |
| ५ | वडा सदस्य | ५१ | ० |

(ख) **कर्मचारीः** कुनै कर्मचारीलाई सम्बन्धित कामको लागि फिल्डमा खटिनु/खटाउनु पर्दा वा अन्य कार्यालयगत काम गर्नुपर्दा वा कामको अनुगमन तथा सुपरीवेक्षण गर्नु पर्दा प्रदेश भ्रमण खर्च नियमावली नबने सम्म नेपाल सरकारको भ्रमण खर्च नियमावली, २०६४ अनुसार गर्नु पर्नेछ ।

**खर्च शीर्षक नं : २२६१२ भ्रमण खर्च**

| | |
|---|---|
| वार्षिक बजेट र स्रोत : | रु. २५०० हजार राजश्व बाँडफाँड - नेपाल सरकार |

क) एक कार्यालयबाट अर्को कार्यालयमा सरुवा भएको वा दरबन्दी यथास्थानमा राखी काज सरुवा भएको कर्मचारीको निजले नियमानुसार लैजान पाउने परिवारको भ्रमण खर्च, निर्धारित दरमा सवारी खर्च र पैदल हिँडेबापत पाउने भ्रमण खर्च (यातायात भाडा, हवाई उडान कर, भ्रमण सम्बन्धी बीमा खर्च र भ्रमण सम्बन्धी स्वीकृत फूटकर खर्च)

ख) सरकारी काम वा कार्यक्रम कार्यान्वयनका शिलशिलामा स्वदेश वा विदेशमा भ्रमण गर्दा नियमानुसार भुक्तानी गर्नुपर्ने भ्रमण खर्च, दैनिक भत्ता, वासस्थान खर्च, बीमा खर्च, फूटकर तथा भैपरी आउने खर्चहरु

- प्रदेश भ्रमण खर्च नियमावली नबने सम्म नेपाल सरकारको भ्रमण खर्च नियमावली, २०६४ अनुसार गर्नु पर्नेछ ।

- खटिएकै निकायबाट तलव भत्ता पाउने गरी काज सरुवा भई आउने कर्मचारीलाई नेपाल सरकारको भ्रमण खर्च नियमावली २०६४ को नियम १० वमोजिम पाउने सरुवा भ्रमण खर्च उपलव्ध गराउन सकिनेछ । तर तीन महिना भित्रै काज फिर्ता भएको अवस्थामा यो सुविधा लिन पाउने छैन ।

नगर प्रमुख, उपप्रमुख तथा सभाका सदस्यले नगरपालिकाको कामको सिलसिलामा आफ्नो नगरपालिका क्षेत्र भन्दा बाहिर गई वास बस्नु परेमा " गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७५" को दफा ८ मा उल्लेख भए बमोजिम अनुसूची - १(ख) मा निर्धारित देहायको दरमा भ्रमण खर्च भुक्तानी गर्नु पर्नेछ ।

भ्रमण खर्च भुक्तानी सम्बन्धमा यस निर्देशिकामा उल्लेख भएको विषयमा बाहेक प्रदेश भ्रमण नियमावली नबने सम्मको लागि संघीय कानून नेपाल सरकारको भ्रमण खर्च नियमावली, २०६४ बमोजिम हुनेछ ।

**खर्च शीर्षक नं : २२६१३ विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च**

| | |
|---|---|
| वार्षिक बजेट र स्रोत : | रु. ५०० हजार राजश्व बाँडफाँड - नेपाल सरकार |

विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलका लागि दिइने यातायात भाडा, हवाई उडान कर, भ्रमण सम्बन्धी बीमा खर्च, दैनिक भत्ता, बासस्थान, विदेश जाँदाको भत्ता, फूटकर तथा भैपरी आउने खर्च "गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७५" मा उल्लेख भए बमोजिम हुनेछ ।भ्रमण सम्बन्धी अन्य व्यवस्था प्रदेश भ्रमण नियमावली नबने सम्मको लागि संघीय कानून नेपाल सरकारको भ्रमण खर्च नियमावली, २०६४ बमोजिम हुनेछ ।

**खर्च शीर्षक नं : २२६१९ अन्य भ्रमण खर्च**

| | |
|---|---|
| वार्षिक बजेट र स्रोत : | रु. १०० हजार राजश्व बाँडफाँड - नेपाल सरकार |

सरकार वादी हुने मुद्दामा सरकारी पक्षमा साक्षीको रुपमा झिकाइएको व्यक्तिको भ्रमण सम्बन्धी खर्च र खर्च वर्गीकरण २२६११, २२६१२ र २२६१३ मा नपरेका कुनै व्यक्तिलाई प्रचलित कानूनको अधिनमा रही भ्रमण खर्च दिनुपर्ने भएमा त्यस्तो खर्च रकम प्रचलित भ्रमण नियमावली बमोजिम यस शीर्षकबाट भुक्तानी गर्नु पर्नेछ ।

**खर्च शीर्षक नं : २२७११ विविध खर्च**

| | |
|---|---|
| वार्षिक बजेट र स्रोत : | रु. २५०० हजार राजश्व बाँडफाँड - नेपाल सरकार |

सरकारी कामको शिलशिलामा आवश्यक पर्ने विभिन्न किसिमका विविध खर्चहरु यस शीर्षकबाट भुक्तानी गर्ने ।

क) स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, चियापान र भोजहरु सम्बन्धी खर्च
ख) कार्यालय सुरक्षा सम्बन्धी आवश्यक खर्च
ग) प्रतिनिधीमण्डल स्वागत र अतिथि सत्कार खर्च

घ) अन्य कुनै खर्च शीर्षकमा नपरेको नियमानुसार गर्नुपर्ने विविध खर्च आदि ।
यस्तो खर्च गर्दा सार्वजनिक खर्चमा मितव्ययिता एवम् पारदर्शिता कायम गर्ने सिद्धान्तमा आधारित भई खर्च गर्ने ।

**खर्च शीर्षक नं : २२७२१ सभा सञ्चालन खर्च**

| | |
|---|---|
| वार्षिक बजेट र स्रोत : | रु. २५०० हजार राजश्व बाँडफाँड - नेपाल सरकार |

नगर सभा सञ्चालनसँग सम्बन्धित आयोजना खर्च, चियापान खर्च, बास खर्च, सहभागीको बैठक भत्ता, समारोह खर्च, मसलन्द लगायतका खर्च तथा नगर सभासँग सम्बन्धित विषयगत समितिहरुको बैठक खर्च एवम् नगर सभा तयारीका लागि आवश्यक पर्ने खर्च रकम यस शीर्षकबाट भुक्तानी गर्ने । सो का अतिरिक्त नगर सभाको उद्घाटन/समापन वा नगर सभाका निर्णयहरु सार्वजनिक गर्न आयोजित पत्रकार भेटघाट वा कार्यक्रम वा समारोह आयोजना गर्दा हुने खर्च, त्यस्ता कार्यक्रममा आमन्त्रित अतिथिको यातायात तथा वास खर्च, सम्मान तथा पुरस्कार वापतको रकम तथा नगर सभाबाट भएका निर्णय आदि प्रकाशन खर्च समेत यस शीर्षकबाट भुक्तानी गर्ने ।

**खर्च शीर्षक नं : २७२१२ उद्धार राहत तथा पुनर्स्थापना खर्च**

| | |
|---|---|
| वार्षिक बजेट र स्रोत : | रु. ५०० हजार राजश्व बाँडफाँड - नेपाल सरकार |

देहायका खर्चहरु यस शीर्षकबाट भुक्तानी गरिन्छ ।
क) विपद् वा अन्य घटनाका कारणले भएको क्षतिबापत व्यक्ति/संस्थालाई दिइने क्षतिपूर्तिको रकम
ख) प्राकृतिक प्रकोप उद्दार तथा राहतका लागि नगरपालिकाको निर्णय वा कानूनी व्यवस्थाका आधारमा हुने खर्च

**खर्च शीर्षक नं : २७२१९ अन्य सामाजिक सहायता**

| | |
|---|---|
| वार्षिक बजेट र स्रोत : | रु. ५०० हजार राजश्व बाँडफाँड - नेपाल सरकार |

नगरपालिकाको तर्फबाट प्रदान गरिने अन्य आर्थिक / सामाजिक सहायता, पुरस्कार वा सामाजिक सहायता सम्बन्धी रकम यस शीर्षकबाट भुक्तानी गरिन्छ ।

**खर्च शीर्षक नं : २८१४२ घर भाडा**

| | |
|---|---|
| वार्षिक बजेट र स्रोत : | रु. ६२१.४ हजार राजश्व बाँडफाँड - नेपाल सरकार |

क) सरकारी प्रयोजनको लागि लिइने घरको वहाल बापतको रकम (प्रति कर्मचारी सरदर १२० वर्गफिटका दरले हुन आउने क्षेत्रफल बराबर)
ख) नियमानुसार कुनै पदाधिकारीलाई सुविधाको रुपमा प्रदान गरिने घरभाडा बापतको रकम (आवास सुविधा पाउने पदाधिकारीको श्रेणीगत संख्या x मासिक रकम x १२)
ग) गोदाम वा भण्डारण प्रयोजनका लागि लिइने संरचनाको वहाल बापतको रकम
घ) नगरपालिका कार्यालयको सुरक्षाका लागि सुरक्षाकर्मीहरुलाई बस्ने प्रयोजनलाई हुने गरी लिइने घरको भाडा (कर्मचारी संख्याको हिसाबले हुने क्षेत्रफलको १० प्रतिशत वा न्यूनतम २५० वर्गफिट)
ङ) कार्यक्रम अनुसार परामर्शदातालाई कोठा उपलब्ध गराउनु पर्ने भए परामर्शदाताको संख्याका आधारमा माथि उल्लेखित मापदण्डका आधारमा भाडामा लिइने घरको वहाल बापतको रकम

(संझौता मितिले २ वर्ष पुगेमा संझौता रकममा १० प्रतिशतले बृद्धि गरि संझौता गर्ने)
वडा कार्यालयहरुको घरभाडा वापतको रकम सम्बन्धित वडाको बजेट उपशीर्षकमा बजेट व्यवस्था गरिएको हुँदा सोही बजेट शीर्षकबाट भुक्तानी गर्ने ।

**खर्च शीर्षक नं : २८१४३ सवारी साधन तथा मेशीनरी औजार भाडा**

| | |
|---|---|
| वार्षिक बजेट र स्रोत : | रु. ३०० हजार राजश्व बाँडफाँड - नेपाल सरकार |

देहाय अनुसारको भाडा रकम यस शीर्षकबाट भुक्तानी गर्ने ।सार्वजनिक निर्माण कार्यका लागि सवारी साधन तथा मेशीनरी औजार भाडामा लिनु पर्ने भएमा त्यस्तो रकम लागत अनुमानमा नै समावेश गरी सम्बन्धित योजनाको लागि विनियोजित बजेटबाट भुक्तानी गर्ने ।

क) कार्यालयको कामको लागि लिइने सवारी साधनको भाडा

ख) कार्यालयको कामविशेषको लागि मेशिनरी औजार लगायत अन्य पूँजीगत सम्पत्ति भाडामा लिँदा लाग्ने रकम

**खर्च शीर्षक नं : २८१४९ अन्य भाडा**

| | |
|---|---|
| वार्षिक बजेट र स्रोत : | रु. २०० हजार राजश्व बाँडफाँड - नेपाल सरकार |

खर्चको वर्गीकरण २८१४१ देखि २८१४३ सम्म नपरेका कार्यका लागि भाडामा लिनुपर्ने भएमा त्यस्तो भाडाबापतको रकम भुक्तानी गर्नु पर्ने भएमा यस शीर्षकबाट भुक्तानी गर्नु पर्दछ ।

**खर्च शीर्षक नं : २८२११ राजश्व फिर्ता**

| | |
|---|---|
| वार्षिक बजेट र स्रोत : | रु. ५०० हजार राजश्व बाँडफाँड - नेपाल सरकार |

विभाज्य कोषमा जम्मा भएको रकम बाहेक नगरपालिकाले प्राप्त गरी सञ्चित कोषमा दाखिला भएको राजश्व मध्ये फिर्ता गर्नुपर्ने भएमा त्यस्तो रकम एकिन गरी यस शीर्षकबाट खर्च लेख्ने ।

**खर्च शीर्षक नं : २८२१२ न्यायिक फिर्ता**

| | |
|---|---|
| वार्षिक बजेट र स्रोत : | रु. ३०० हजार राजश्व बाँडफाँड - नेपाल सरकार |

नगरपालिकाले न्यायिक निर्णयानुसार फिर्ता गर्नुपर्ने रकम यस शीर्षकमा खर्च लेखि फिर्ता गर्नु पर्दछ ।

**खर्च शीर्षक नं : २८२१९ अन्य फिर्ता**

| | |
|---|---|
| वार्षिक बजेट र स्रोत : | रु. ३०० हजार राजश्व बाँडफाँड - नेपाल सरकार |

राजश्व फिर्ता र न्यायिक फिर्ता बाहेकका अन्य फिर्ता रकम यस शीर्षकमा खर्च लेखि फिर्ता गर्नु पर्दछ ।

**खर्च शीर्षक नं : २८९११ भैपरी आउने चालु खर्च**

| वार्षिक बजेट र स्रोत : | रु. १५०० हजार  आन्तरिक श्रोत<br>रु. १८४० हजार  राजश्व बाँडफाँड - प्रदेश सरकार |
|---|---|

क) बजेट निर्माणका समयमा किटानीसाथ चालु खर्च शीर्षकमा तोक्न सम्भव नभएका तर आगामी वर्षमा खर्चमा समावेश गर्नुपर्ने प्रकारका रकमहरु बजेट तर्जुमा प्रयोजनका लागि मात्र यस खर्च शीर्षकमा विनियोजन गरिएको छ ।

ख) यो रकम खर्च गर्दा खर्च शीर्षकगत बाँडफाँड गरी सम्बन्धित खर्च शीर्षक अन्तर्गत नै समावेश गरी खर्च गर्नुपर्दछ ।

ग) यो खर्च शीर्षकबाट नै खर्च गर्ने गरी अख्तियारी दिन, निकासा दिन र खर्च लेख्न मिल्दैन ।

घ) जम्मा बजेटको १% भन्दा बढी रकम यस शीर्षकमा अनुमान गर्न र खर्च गर्न मिल्दैन ।

कुनै शीर्षकमा विनियोजित बजेटले नपुग हुने अवस्था आई अन्य कुनै शीर्षकमा विनियोजित बजेटबाट रकमान्तर गर्न सक्ने अवस्था नदेखिएमा पर्याप्त कारण र पुष्ट्याई सहित प्रस्ताव तयार गरी नगर कार्यपालिकाबाट यस शीर्षकको रकम अन्य खर्च शीर्षकमा रकमान्तर गर्न सकिनेछ ।

**खर्च शीर्षक नं : ३१११४  जग्गा विकास कार्य**

| वार्षिक बजेट र स्रोत : | रु. १००० हजार  समानिकरण अनुदान - नेपाल सरकार |
|---|---|

जग्गा विकास कार्य सम्वन्धी लागत खर्च तथा सो संग सम्वन्धित अन्य रकम प्रचलित कानून बमोजिम यस शीर्षकबाट भुक्तानी गरिन्छ ।यस शीर्षकबाट के कार्य गर्ने हो सो को विस्तृत विवरण सहित लागत अनुमान तयार गरी प्रस्ताव पेश गरी नगर कार्यपालिकाबाट स्वीकृत गराउन पर्नेछ । यस्तो प्रस्तावमा जग्गा विकास कार्यको प्रकृति, सो बाट प्राप्त हुने प्रतिफल, कार्य गर्ने/गराउने तरिका स्पष्ट उल्लेख भएको हुन पर्नेछ ।कार्य सम्पन्न भएपछ सो कार्यको प्रगति प्रतिवेदन नगर कार्यपालिकामा पेश गर्नु पर्दछ ।

**खर्च शीर्षक नं : ३११२१  सवारी साधन**

| वार्षिक बजेट र स्रोत : | रु. १००० हजार  समानिकरण अनुदान - नेपाल सरकार |
|---|---|

- यसमा देहायका आधारमा सवारी साधन वापतको खर्च भुक्तानी गर्ने ।
- सवारी साधनको इन्जिन नै बदली मर्मत गरेको, सवारी साधन र इन्जिन झिकाउँदा लागेको भाडा भरौट, कर, भन्सार, मार्गस्थ विमामा खर्च गरेको रकम यस रकम नम्वरबाट खर्च लेख्नु पर्दछ ।
- सवारी साधन खरिद गर्दा सार्वजनिक खरिद ऐन, नियमावली र निर्देशिकाको अधिनमा रही खरिद गर्ने ।
- खरिद भएका सामानहरूको भुक्तानी गर्दा खरिद आदेश, दाखिला रिपोर्ट संलग्न छ/छैन र ती सामानहरूको विस्तृत विवरण (किसिम, मोडेल, चेसिस नं., उत्पादन कम्पनिको कन्फ्युग्रेसन,मूल्य, खरिद गरिएको फर्म वा स्थान, एजेण्ट/विक्रेताको प्रत्याभूति (वारेण्टी) आदि) स्पष्ट रूपले खर्च भएर नजाने जिन्सी खातामा आम्दानी बाँधिएको छ/छैन एकिन गरेर मात्र भुक्तानी गर्ने ।
- खरिद गरिएको सवारी साधन सम्बन्धित कार्यालयको नाममा यातायात कार्यालयमा दर्ता गराई ब्लु बुक परीक्षण गर्नु पर्दछ ।
- सवारी साधन खरिद गर्नु अघि स्पेशिफिकेशन तथा लागत अनुमान तयार गरी स्वीकृत गर्नु पर्दछ ।

- अनावश्यक रुपमा विनियोजित बजेट खर्च मात्र गर्ने गरी सवारी साधन खरिद गर्नु हुँदैन । आवश्यकताका आधारमा नगर कार्यपालिकाबाट स्वीकृत गराएर मात्र सवारी साधन खरिद गर्नु पर्दछ ।

**खर्च शीर्षक नं : ३११२२ मेशीनरी तथा औजार**

| | |
|---|---|
| वार्षिक बजेट र स्रोत : | रु. २००० हजार राजश्व बाँडफाँड - नेपाल सरकार |

- १ वर्ष भन्दा वढी आयू भएका सवारी साधन वाहेकका मेशिन तथा मेशिनरी औजारहरुको खरिदको लागि भएको खर्च समावेश हुन्छ । विभिन्न किसिमका भारी मेसिनहरू, खेती सम्बन्धी मेसिन र औजारहरू ट्र्याक्टर (ढुवानीकोकाममा प्रयोग हुने बाहेक), जेनेरेटर, ट्रान्सफरमर, कारखानाको सामान, निर्माण सम्बन्धीमेसिन, संचारका सामान, वैज्ञानिक यन्त्र र सामान, नाप तथा तौलको सामान, तस्वीर खिच्ने सामान, प्राविधिक ड्राफ्टिङ्ग सम्बन्धी सामान, कार्यालय मेसिन र औजारहरू (फ्याक्स,मिमिओग्राफ, कम्प्यूटर, प्रिन्टर) आदि, यस्ता मेसिनरी औजारहरूको मुख्य भाग नै बदली मर्मत गर्नुपरेमा सो को खर्च, सो सम्बन्धी आवश्यक भाडा, भरौट, शुल्क, कर, भन्सार, मार्गस्थ विमा आदि यस रकम नम्वरबाट खर्च लेख्नु पर्दछ ।
- मेसिन औजार खरिद गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधिनमा रही खरिद गर्नु पर्दछ ।
- खरिद भएका सामानहरूको भुक्तानी गर्दा खरिद आदेश, दाखिला रिपोर्ट संलग्न छ/छैन र ती सामानहरूको विस्तृत विवरण (किसिम, मोडेल, उत्पादन कम्पनिको कन्फ्युग्रेसन, मूल्य, खरिद गरिएको फर्म वा स्थान, एजेण्ट/विक्रेताको प्रत्याभूति (वारेण्टी), खरिद गरिएको फर्म वा स्थान आदि) स्पष्ट रूपले उल्लेख गरिएको छ/छैन एकिन गरेर मात्र भुक्तानी गर्नु पर्दछ ।

**खर्च शीर्षक नं : ३११२३ फर्निचर तथा फिक्चर्स**

| | |
|---|---|
| वार्षिक बजेट र स्रोत : | रु. २००० हजार राजश्व बाँडफाँड - नेपाल सरकार |

- सरकारी कार्यालयको प्रयोजनको लागि खरिद गरिएका फर्निचर, फर्निसिङ्ग तथा फिक्चर्सको खरिद मोल, ढुवानी भाडा, मार्गस्थ विमा, कर, भन्सार सम्बन्धी खर्च लेख्नु पर्दछ ।
- फर्निचर खरिद गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधिनमा रही खरिद गर्नु पर्दछ ।
- खरिद भएका सामानहरूको भुक्तानी गर्दा खरिद आदेश, दाखिला रिपोर्ट संलग्न छ/छैन र ती सामानहरूको विस्तृत विवरण (किसिम, मोडेल, उत्पादन कम्पनिको कन्फ्युग्रेसन, मूल्य, खरिद गरिएको फर्म वा स्थान, एजेण्ट/विक्रेताको प्रत्याभूति (वारेण्टी), खरिद गरिएको फर्म वा स्थान आदि) स्पष्ट रूपले उल्लेख गरिएको छ/छैन एकिन गरेर मात्र भुक्तानी गर्नु पर्दछ ।

**खर्च शीर्षक नं : ३११३२३ कम्प्यूटर सफ्टवेयर निर्माण तथा खरिद खर्च एवं वौद्धिक सम्पत्ती प्राप्ती खर्च**

| | |
|---|---|
| वार्षिक बजेट र स्रोत : | रु. १५०० हजार समानिकरण अनुदान - नेपाल सरकार |

- स्वीकृत कार्यक्रम अनुसार सबै प्रकारका सफ्टवेयर निर्माण (परामर्शदाताको खर्च समेत), खरिद र सारभूत रुपमा प्रभाव पार्ने गरी सफ्टवेयरमा स्तरोन्नति गर्दाको लागत तथा डाटावेश सम्वन्धी खर्च लेख्नु पर्नेमा यस शीर्षकबाट खर्च लेख्नु पर्दछ ।
- वौद्धिक सम्पत्ति अधिकार, अनुसन्धान र विकास, मनोरन्जनात्मक तथा साहित्यिक र कलात्मक कार्यमा गरिने पूजीगत प्रकृतिको खर्च यस शीर्षकबाट भुक्तानी गर्ने ।
- सफ्टवेयर निर्माणको लागि प्रस्ताव गरिएको कार्य क्षेत्रगत शर्त (Terms of reference) मा उल्लेख भए अनुसार नै सफ्टवेयर निर्माण भएको प्रमाणित गर्ने कागजात संलग्न छ/छैन एकिन गरेर मात्र यस्तो खर्चको भुक्तानी दिने ।
- निर्मित सफ्टवेयर नगरपालिकाको मात्र सम्पत्ति हुने गरी हक सुरक्षित गरिएको हुन पर्दछ ।
- निर्मित सफ्टवेयरको सुरक्षा र गुणस्तरका पक्षहरू मुल्यांकन गरेर त्यस्तो सफ्टवेयर प्रयोग गर्ने निर्णय गर्नु पर्दछ ।
- सफ्टवेयर सञ्चालनको लागि कुनै programme को ईजाजत लिनुपर्नेमा सो लिनु पर्दछ । र त्यस्तो इजाजत लिएकोमा कार्यालयको नाममा इजाजत दर्ता भए नभएको एकिन गर्नु पर्दछ ।
  उल्लेखित कार्यहरूमा खर्च गर्दा सार्वजनिक खरिद ऐन र नियमावली अनुसारको प्रकृया पुरा गरेर गर्नु पर्दछ ।

**खर्च शीर्षक नं : ३११४११ जग्गा प्राप्ती खर्च**

| | |
|---|---|
| वार्षिक बजेट र स्रोत : | रु. २०० हजार समानिकरण अनुदान - नेपाल सरकार |

नगरपालिकाले जग्गा प्राप्ती गर्दा लाग्ने मोल र सो बापतको मुआब्जा तथा जग्गा प्राप्त गर्दा लाग्ने दस्तुर, कर र अन्य खर्च बापतको रकम यसमा समावेश गरिन्छ ।

- प्राप्त जग्गाको सो जग्गा र जग्गामा मौजुदा रहेको अन्य सम्पत्ति कार्यालयको नाममा स्वामित्व हस्तान्तरण गरी जिन्सी खातामा आम्दानी बाँधे नबाँधेको र जग्गा धनीपुर्जा प्राप्त भए नभएको एकिन गरी जग्गा प्राप्ति गर्दा लागेको खर्चको पुष्ट्याइका आधारमा रकम भुक्तानी गर्ने ।
- प्राप्त जग्गाको वार्षिक प्रतिवेदन तयार गर्ने ।

## खण्ड ६-शिक्षा, युवा तथा खेलकुद क्षेत्रमा विनियोजित बजेट खर्चको कार्यान्वयन प्रकृया

**कार्यक्रमको नाम : शिक्षाः बालबिकास केन्द्रका बालशिक्षक र विद्यालय कर्मचारीका लागि पोषाक भत्ता अनुदान**

खर्च शीर्षक नं : २११२१

बार्षिक बजेट र स्रोत : ६९०हजार (समानिकरण अनुदान- नेपाल सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | सूर्योदय नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा कार्यरत न्यून बेतनधारी बाल शिक्षक, विद्यालय कर्मचारी तथा सहयोगी कर्मचारीहरुलाई नगरपालिकाले पोशाक भत्ता उपलब्ध गराउने निर्णय गरे अनुसार एक बाल शिक्षक तथा विद्यालय कर्मचारी बराबर रु ५०००।०० हजारका दरले बार्षिक पोशाक भत्ता उपलब्ध गराउने । |
| उद्देश्य | पोशाकमा एक रुपता ल्याउन, पोशाक लगाउन प्रोत्साहन पुर्याउन तथा मनोबल बढाउन |
| अपेक्षित प्रतिफल | पोशाकमा एकरुपता आउने |
| सञ्चालन प्रक्रिया | शिक्षा, युवा तथा खेलकुद शाखाबाट विद्यालबाट माग फारम संकलन गरी विद्यालको खातामा निकासा दिने तथा विद्यालले सम्बन्धित बाल शिक्षक तथा कर्मचारीलाई बैक खातामार्फत भुक्तानी दिने र भर्पाइ गराइ सो को जानकारी नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा पठाउने र आफ्नो विद्यालको बार्षिक लेखापरीक्षणमा समेट्ने । *शिक्षा र स्वास्थ्य क्षेत्रमा कार्यरत स्थानीय तहका कर्मचारीले प्राप्त गर्ने तलव भत्ता लयागतका सुविधा वापतको रकम नेपाल सरकारले सशर्त अनुदानको रुपमा स्थानीय तहमा प्राप्त हुने हुँदा संघीय सरकारबाट प्राप्त सशर्त अनुदानमा पोशाक वापत रकम विनियोजन भएको खण्डमा यो रकम खर्च गर्न मिल्दैन ।* |
| जिम्मेवार निकाय | सूर्योदय नगरपालिका/ शिक्षा,युवा तथा खेलकुद शाखा । |
| समयावधि | तेस्रो चौमासिक । |
| परिणाम सूचक | सबै बाल शिक्षक तथा विद्यालय कर्मचारीहरुले पोशाक भत्ता बुझिलिएको तथा पोशाकमा एकरुपता आएको हुनेछ । |

**कार्यक्रमको नाम : शिक्षा बालबिकास केन्द्रका बालशिक्षकहरुका लागि प्रोत्साहन अनुदान**

खर्च शीर्षक नं : २११३५

बार्षिक बजेट र स्रोत : ७८० हजार (समानिकरण अनुदान- नेपाल सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | सूर्योदय नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा कार्यरत न्यून बेतनधारी बाल शिक्षकहरुका लागि नगरपालिकाको आन्तरिक बजेटबाट आ व २०७६/७७ बाट यो कार्यक्रम सूरु भएको छ । न्यून बेतनधारी बालशिक्षकहरुको जिविकोपार्जनमा सहयोग पुर्याउने तथा अतिरिक्त समय अर्थात २ बजेदेखि ४ बजेसम्म विद्यालयमा थप समय काम गरे बापतको पारिश्रमिक थप गर्नका लागि प्रोत्साहन अनुदानको व्यवस्था गरिएको हो । |
| उद्देश्य | न्यून बेतनलाई नगरपालिकाको आन्तरिक बजेटबाट सम्बोधन गर्न, अतिरिक्त समय काम गरेबापतको पारिश्रमिक थप गर्न । |
| अपेक्षित प्रतिफल | प्रोत्साहन अनुदानले बाल शिक्षकमा थप हौसला प्रदान हुने तथा विद्यालमा ४:०० बजेसम्म सेवा दिने । |
| सञ्चालन प्रक्रिया | शिक्षा, युवा तथा खेलकुद शाखाबाट विद्यालबाट माग फारम संकलन गरी सम्बन्धित मातृ विद्यालको खातामा निकासा दिने । विद्यालले सम्बन्धित बाल शिक्षकलाई बैक |

| | |
|---|---|
| | खातामार्फत भुक्तानी दिने, भर्पाइ गराइ सो को जानकारी नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा पठाउने र आफ्नो विद्यालयको बार्षिक लेखापरीक्षणमा समेट्ने । मातृ विद्यालयबाट पारिश्रमिक बुझ्ने बाल शिक्षकहरुले यी प्रक्रिया मातृ विद्यालमार्फत पूरा गर्नु पर्ने । |
| जिम्मेवार निकाय | सूर्योदय नगरपालिका / शिक्षा, युवा तथा खेलकुद शाखा । |
| समयावधि | प्रथम, दोस्रो तथा तेस्रो चौमासिक निकासामा । |
| परिणाम सूचक | सबै बाल शिक्षकहरुले प्रोत्साहन भत्ता बुझेको हुने तथा गुणस्तर सुधारमा टेवा पुग्ने छ । |

**कार्यक्रमको नाम : सामुदायिक विद्यालयहरुमा शैक्षिक सामग्री वितरण**

खर्च शीर्षक नं : २२३१३

बार्षिक बजेट र स्रोत : ३०० हजार (समानिकरण अनुदान- नेपाल सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | सूर्योदय नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा शिक्षण सिकाइ कार्यलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्न विद्यालयलाई आवश्यक पर्ने शैक्षिक सामग्री वितरण गर्ने सोच नगरपालिकाले बनाए अनुरुप यस वर्ष यो कार्यक्रम ल्याइएको हो । |
| उद्देश्य | सामुदायिक विद्यालयमा विद्यार्थीहरुको शिक्षण सिकाइलाई प्रभावकारी र दिगो बनाउने |
| अपेक्षित प्रतिफल | सामग्री प्रयोग गरी शिक्षण गरेपश्चात विद्यार्थीहरुको सिकाई दिगो हुने तथा सिकाई उपलब्धी बृद्धि हुने। |
| सञ्चालन प्रक्रिया | विद्यालयमा सञ्चालित कक्षा, विद्यार्थी संख्या एवं विद्यालयको भौतिक पूर्वाधारको अवस्था, क्षमता लगायतका सूचकका आधारमा विद्यालयलाई उपलव्ध गराउन पर्ने आवश्यक सामग्रीको विवरण सम्बन्धित शाखाबाट तयार गर्ने । प्रचलित खरिद कानून बमोजिम खरिद गर्ने । विद्यालयलाई हस्तान्तरण गर्ने । |
| जिम्मेवार निकाय | सूर्योदय नगरपालिका / शिक्षा,युवा तथा खेलकुद शाखा |
| समयावधि | पहिलो र दोस्रो चौमासिक |
| परिणाम सूचक | सामग्री प्राप्त गरेका विद्यालयले सामग्रीको अधिकतम प्रयोग गरेका हुनेछन् । |

**कार्यक्रमको नाम : खेल शिक्षक सेवा करार**

खर्च शीर्षक नं : २२४१३

बार्षिक बजेट र स्रोत : २६० हजार (समानिकरण अनुदान- नेपाल सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | सूर्योदय नगरपालिका क्षेत्रभित्रका विद्यालयमा विद्यार्थीहरुको खेल विकासमा सहयोग गर्नका लागि तथा नगर क्षेत्रभित्रका खेलाडीहरुको खेल बिकासमा खेल सम्बन्धी विविध कार्यक्रमहरु नगरपालिकाले आयोजना गरिरहेको छ । विद्यालमा खेल शिक्षकको अभाव हुँदा खेल सम्बन्धी विविध विषयमा विद्यार्थीहरुले आवश्यक जानकारी नपाउँदा खेल मा भविष्य बोकेका विद्यार्थीहरुको भविष्य नबन्ने तथा शारीरिक विकासमा सहयोग नपुग्ने हुनाले खेल शिक्षकको आवश्यकता महसुस गरी व्यवस्था गरिएको हो । |
| उद्देश्य | विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको खेल विकास तथा नगरपालिका क्षेत्रभित्रका खेलाडीहरुको विकासमा सहयोग पुर्याउने । |
| अपेक्षित प्रतिफल | नगर क्षेत्र भित्रका खेलाडी तथा विद्यालयमा अध्ययनरत खेलाडीहरुलाई खेल सम्बन्धी प्राविधिक सहयोग भएको तथा खेल सम्बन्धी कार्यक्रमहरु सहज ढङ्गले सञ्चालन भएको |

| | |
|---|---|
| | हुने । |
| सञ्चालन प्रक्रिया | नगर शिक्षा समितिको निर्णय बमोजिन खेल शिक्षक सेवा करारमा लिने आवश्यक योग्यता तथा प्रक्रिया तोकी नियुक्ति गर्ने, नगरपालिका तथा खेल शिक्षक बीच एक वर्षे सेवा करार सम्झौता गरिने तथा तोकिएका काम कर्तव्य खेल शिक्षकले पूरा गर्नु पर्ने, सूर्योदय नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखासँग आबद्ध भई खेल शिक्षकले कार्य सम्पादन गर्नु पर्ने । |
| जिम्मेवार निकाय | सूर्योदय नगरपालिका/ शिक्षा,युवा तथा खेलकुद शाखा । |
| समयावधि | २०७६/०४/०१देखि २०७७ असार मसान्त सम्म । |
| परिणाम सूचक | नगर क्षेत्रभित्र नगरपालिकाले सञ्चालन गर्ने खेल कार्यक्रमहरु सञ्चालनमा सहयोग भएको हुने तथा विद्यालय र नगर क्षेत्रभित्रका खेलाडीहरुको खेल विकासमा सहयोग पुगेको हुने छ । |

**कार्यक्रमको नाम : शिक्षक तालिम सञ्चालन**

खर्च शीर्षक नं : २२५११

बार्षिक बजेट र स्रोत : ८०० हजार (समानिकरण अनुदान - नेपाल सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | सूर्योदय नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा बाल शिक्षकहरुको क्षमता विकासमा सहयोग पुर्याउन तालिम कार्यक्रम सञ्चालन गर्नु पर्ने हुन्छ । तालिम कार्यक्रमले ज्ञानको पुनर्ताजगी मात्रै नभएर नयाँ प्रविधि, शिक्षण विधि तथा सामग्री प्रयोग तथा शिक्षणमा नयाँ पन ल्याई गुणस्तर सुधारमा सघाउ पुर्याउँछ । तसर्थ नगरपालिकाले प्रत्येक वर्ष आवश्यकतामा आधारित तालिम सञ्चालन गर्ने क्रममा यस बर्ष पनि तालिम कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छ । नगरपालिका क्षेत्रभित्र सञ्चालित विद्यालहरुमा सबैभन्दा कम उपलब्धि गणित विषयमा रहेकोले यस बर्ष गणित विषयलाई मध्यनजर गरी तालिम सञ्चालन गरिने छ । |
| उद्देश्य | आवश्यकतामा आधारित तालिम तथा गणित विषयको तालिम सञ्चालन गरी गणित विषयको गुणस्तर सुधार गर्नु । |
| अपेक्षित प्रतिफल | आधारभूत तथा माध्यमिक तहमा गणित शिक्षण गर्ने शिक्षकहरुलाई तालिम प्रदान गरिएको हुने तथा आधारभूत तहदेखीनै गणितको नतिजामा सुधार आएको हुने । |
| सञ्चालन प्रक्रिया | शिक्षा युवा तथा खेलकुद शाखाबाट तालिम प्रदायक संस्थासँग समन्वय गरी आवश्यकता पहिचान गर्ने र शिक्षा युवा तथा खेलकुद शाखाले तालिममा सहभागी हुने शिक्षक मनोनयन गर्ने । तालिम सञ्चालनको प्रस्तावना तयार गर्ने । स्वीकृत प्रस्तावना बमोजिम तालिम सञ्चालन गर्ने । |
| जिम्मेवार निकाय | सूर्योदय नगरपालिका/ शिक्षा,युवा तथा खेलकुद शाखा । |
| समयावधि | प्रथम दोस्रो तथा तेस्रो चौमासिक समयावधि । |
| परिणाम सूचक | तालिम कार्यक्रम संख्या, सहभागी संख्या, आगामी वर्षको विषयगत नतिजा । |

**कार्यक्रमको नाम : सरोकारवालाहरुको क्षमता विकास तालिम सञ्चालन**

खर्च शीर्षक नं : २२५१२

बार्षिक बजेट र स्रोत : २०० हजार (समानिकरण अनुदान - नेपाल सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | सूर्योदय नगपालिका क्षेत्रभित्रको शिक्षासँग सम्बन्धित सरोकारवालहरु विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, अभिभावक, आमा समूह, बाल शिक्षक |

| | |
|---|---|
| | तथा लक्षित वर्गका लागि क्षमता विकास तालिम सञ्चालन गर्न यो बजेट बिनियोजन भएको हो |
| उद्देश्य | सरोकारवालहरुको क्षमता विकासमा सहयोग पुर्याई आफ्नो जिम्मेवारी र कर्तव्य पूरा गराउने तथा शैक्षिक गतिविधिमा प्रत्यक्ष सहभागिता बढाउने । |
| अपेक्षित प्रतिफल | सरोकारवालाहरुमा आफ्नो जिम्मेवारी र कर्तव्य बोध भई शैक्षिक गतिविधिमा सहभागिता बढेको हुने छ । |
| सञ्चालन प्रक्रिया | शिक्षा, युवा तथा खेलकुद शाखाले तालिम उपलव्ध गराउन पर्ने सरोकारवालाहरुको विवरण तयार गर्ने । तालिमका विषयवस्तु पहिचान गरी प्रस्तावना तयार गर्ने । स्वीकृत प्रस्तावना अनुसार तालिम कार्यक्रम सञ्चालन गर्ने । |
| जिम्मेवार निकाय | सूर्योदय नगरपालिका/ शिक्षा,युवा तथा खेलकुद शाखा । |
| समयावधि | प्रथम दोस्रो तथा तेस्रो चौमासिक । |
| परिणाम सूचक | सरोकारवालहरुको क्षमता विकास भइ शैक्षिक गतिविधिमा सहभागिता बढेको हुने। |

**कार्यक्रमको नाम : अन्तराष्ट्रिय कराँते प्रतियोगिता सञ्चालन**

खर्च शीर्षक नं : २२५२२

बार्षिक बजेट र स्रोत : ४०० हजार (समानिकरण अनुदान - नेपाल सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | नेपाल भारत लागायतका सार्क राष्ट्रहरुका कराँते खेलाडीहरुलाई आमन्त्रण गरी सितेरियो कराते डो सँगको सहकार्यमा विगत वर्ष देखि सञ्चालन हुँदै आएको अन्तराष्ट्रिय कराँते खेल प्रतियोगिता सञ्चालनलाई निरन्तरता दिन यस शीर्षकमा बजेट विनियोजन भएको हो । |
| उद्देश्य | अन्तराष्ट्रिय भाइचारा वृद्धि गर्ने, खेलको माध्यमबाट युवा शक्तिलाई तन्दुरुस्त र अनुशासित बनाउने तथा नगर क्षेत्रभित्रका कराँते प्रतियोगिहरुलाई अन्तराष्ट्रिय प्रतिस्पर्धामा सहभागी गराउने । |
| अपेक्षित प्रतिफल | भाइचारा वृद्धि तथा कराँते खेल प्रति रुचि जागृत भई अन्तराष्ट्रिय स्तरका खेलाडी उत्पादन हुने । |
| सञ्चालन प्रक्रिया | नगरशिक्षा समितिले निर्णय गरेबमोजिम सूचना जारी गरी खेल सञ्चालन गर्ने । खेल सञ्चालन सम्बन्धी कार्यविधि नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले तयार गरी नगर शिक्षा समितिबाट स्वीकृत भए बमोजिम हुने । |
| जिम्मेवार निकाय | सूर्योदय नगरपालिका/ शिक्षा, युवा तथा खेलकुद शाखा । |
| समयावधि | प्रथम दोस्रो तथा तेस्रो चौमासिक । |
| परिणाम सूचक | खेल कार्यविधि अनुसार खेल सञ्चालन भई खेल विकासमा सहयोग पुगेको हुने छ । |

**कार्यक्रमको नाम : एथलेटिक्स प्रतियोगिता सञ्चालन**

खर्च शीर्षक नं : २२५२२

बार्षिक बजेट र स्रोत : ३०० हजार (समानिकरण अनुदान - नेपाल सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | सूर्योदय नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालहरुका विद्यार्थीहरुका बिचमा एथलेटिक्स प्रतियोगिता अन्तर्गत विभिन्न खेलहरु सञ्चालन गरी विद्यार्थीहरुको शारीरिक तथा मानसिक विकासमा सहयोग पुर्याउने सोचका साथ यो कार्यक्रमका लागि बजेट बिनियोजन गरिएको हो । |
| उद्देश्य | एथलेटिक्स खेलको विकास तथा विद्यार्थीहरुको शारीरिक तथा मानसिक विकासमा |

| | |
|---|---|
| | सहयोग पुर्याउनु । |
| अपेक्षित प्रतिफल | एथलेटिक्स खेलको विकास भएको हुने । |
| सञ्चालन प्रक्रिया | शिक्षा, युवा तथा खेलकुद शाखाले प्रस्तावना तयार गरी स्वीकृत प्रस्तावना अनुसार खेल सञ्चालन गर्ने । |
| जिम्मेवार निकाय | सूर्योदय नगरपालिका/ शिक्षा,युवा तथा खेलकुद शाखा । |
| समयावधि | प्रथम दोस्रो तथा तेस्रो चौमासिक । |
| परिणाम सूचक | खेल कार्यविधि अनुसार खेल सञ्चालन भई खेल विकासमा सहयोग पुगेको हुने छ । |

**कार्यक्रमको नाम : ग्रासरुट फूटबल प्रतियोगिता सञ्चालन**

खर्च शीर्षक नं : २२५२२

बार्षिक बजेट र स्रोत : १०० हजार (समानिकरण अनुदान - नेपाल सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | सूर्योदय नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालहरुका विद्यार्थीहरुका बिचमा फूटबल प्रतियोगिता सञ्चालन गरी विद्यार्थीहरुको शारीरिक तथा मानसिक विकासमा सहयोग पुर्याउनुका साथै फुटबल खेलको विकास गर्ने सोचका साथ यो कार्यक्रमका लागि बजेट बिनियोजन गरिएको हो । |
| उद्देश्य | विद्यालयका फूटबल खेलमा रुचि भएका विद्यार्थीहरुको खेलको विकास तथा विद्यार्थीहरुको शारीरिक तथा मानसिक विकासमा सहयोग पुर्याउनु । |
| अपेक्षित प्रतिफल | फुटबल खेलको विकासमा सहयोग पुर्याउनु । |
| सञ्चालन प्रक्रिया | शिक्षा, युवा तथा खेलकुद शाखाले प्रस्तावना तयार गरी स्वीकृत प्रस्तावना अनुसार खेल सञ्चालन गर्ने । |
| जिम्मेवार निकाय | सूर्योदय नगरपालिका/ शिक्षा,युवा तथा खेलकुद शाखा । |
| समयावधि | प्रथम दोस्रो तथा तेस्रो चौमासिक । |
| परिणाम सूचक | खेल प्रस्तावना अनुसार खेल सञ्चालन भई खेल विकासमा सहयोग पुगेको हुने छ । |

**कार्यक्रमको नाम : नगर स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन**

खर्च शीर्षक नं : २२५२२

बार्षिक बजेट र स्रोत : ६०० हजार (समानिकरण अनुदान - नेपाल सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | सूर्योदय नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालहरुका विद्यार्थीहरुको छात्रछात्रा फूटबल प्रतितयोगिता, उपराष्ट्रपति तथा राष्ट्रपति खेलकुद छनौट प्रतियोगिता सञ्चालन गर्न तथा खेलसम्बन्धी विविध कार्यक्रम सञ्चालन गर्न नगरस्तरीय खेलकुद प्रतियोगिता सञ्चालन शीर्षकमा बजेट विनियोजन गरिएको हो । |
| उद्देश्य | नगरक्षेत्रभित्रका सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत खेलकुदमा रुचि भएका विद्यार्थी तथा अन्य खेलाडीहरुको खेल बिकासमा सहयोग पुर्याउनु । |
| अपेक्षित प्रतिफल | विद्यालयस्तरीय खेलकुद विकासमा सहयोग पुग्ने । |
| सञ्चालन प्रक्रिया | शिक्षा, युवा तथा खेलकुद शाखाले प्रस्तावना तयार गरी स्वीकृत प्रस्तावना अनुसार खेल सञ्चालन गर्ने । |
| जिम्मेवार निकाय | सूर्योदय नगरपालिका/ शिक्षा,युवा तथा खेलकुद शाखा । |
| समयावधि | प्रथम दोस्रो तथा तेस्रो चौमासिक । |
| परिणाम सूचक | खेलको प्रस्तावना अनुसार खेल सञ्चालन भई खेल विकासमा सहयोग पुगेको हुने छ । |

**कार्यक्रमको नाम :   नगरस्तरीय अन्य खेलकुद प्रतियोगिता सञ्चालन**

खर्च शीर्षक नं :  २२५२२

बार्षिक बजेट र स्रोत : ६० हजार (समानिकरण अनुदान - नेपाल सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | सूर्योदय नगरपालिका क्षेत्रभित्र रहेका फुटबल तथा क्रिकेट खेल बाहेकका अन्य खेल सञ्लान गर्ने हेतुले प्रस्तुत बजेट विनियोजन भएको हो । |
| उद्देश्य | फूटबल तथा क्रिकेट बाहेकका अन्य खेलको विकासमा सहयोग पुर्याउनु । |
| अपेक्षित प्रतिफल | अन्य खेलको विकास भएको हुने । |
| सञ्चालन प्रक्रिया | नगर शिक्षा समितिले निर्णय गरे बमोजिम हुने । |
| जिम्मेवार निकाय | सूर्योदय नगरपालिका/ शिक्षा,युवा तथा खेलकुद शाखा । |
| समयावधि | प्रथम दोस्रो तथा तेस्रो चौमासिक । |
| परिणाम सूचक | सामाजिक विकास समिति / नगर शिक्षा समितिबाट निर्णय भएबमोजिम तयार भएको प्रस्तावना अनुसार खेल सञ्चालन भई खेल विकासमा सहयोग पुगेको हुने छ । |

**कार्यक्रमको नाम :   मेयरकप फुटबल प्रतियोगिता सञ्चालन**

खर्च शीर्षक नं :  २२५२२

बार्षिक बजेट र स्रोत : १६,०० हजार (राजश्व बाँडफाँड - नेपाल सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | सूर्योदय नगरपालिकाले विगत वर्ष जस्तै यस बर्ष पनि मेयर कप फूटबल प्रतियोगिता सञ्चालन गर्न यो बजेट विनियोजन गरको हो । विभिन्न नगरपालिकाबाट फूटबल खेलाडीहरुलाई आमन्त्रण गरी भव्य फूटबल प्रतियोगिता सञ्चालन गरिने छ । |
| उद्देश्य | मेयर कप सञ्चालन गरी फूटबल खेलको विकासमा सघाउ पुर्याउनु । |
| अपेक्षित प्रतिफल | फूटबल खेलको विकास हुने । |
| सञ्चालन प्रक्रिया | नगरकार्यपालिकाबाट प्रतियोगिता सञ्चालन गर्ने मिति तय गर्ने । आयोजक समिति गठन गर्ने । आयोजक समिति तथा युवा तथा खेलकुद उपशाखाले आवश्यक तयारी गर्ने । सहभागी टीमको खर्च, निर्णायक, खेलमैदान तयारी, स्टेज निर्माण, खेल सामाग्री, खेलको लागि आवश्यक पर्ने साउण्ड सिष्टम, शिल्ड एवं पुरस्कार, प्रचार प्रसार खर्च लगायतका खर्चहरुको विवरण, विलभरपाई तथा समग्र प्रतियोगिताको प्रतिवेदन आयोजक समितिका जिम्मेवार पदाधिकारी एवं युवा तथा खेलकुद उपशाखाका जिम्मेवार कर्मचारी मार्फत आर्थिक प्रशासन शाखामा पेश गरी भुक्तानी गर्ने । आवश्यकता अनुसार तयारी कार्यका लागि अग्रिम पेश्कि उपलव्ध गराउन सकिनेछ । |
| जिम्मेवार निकाय | सूर्योदय नगरपालिका/ शिक्षा,युवा तथा खेलकुद शाखा । |
| समयावधि | प्रथम दोस्रो तथा तेस्रो चौमासिक । |
| परिणाम सूचक | खेल प्रस्तावना अनुसार खेल सञ्चालन भई खेल विकासमा सहयोग पुगेको हुने छ । |

**कार्यक्रमको नाम :   नगर क्षेत्रभित्रका विद्यालय स्तरीय विज्ञान प्रदर्शनी**

खर्च शीर्षक नं :  २२५२२

बार्षिक बजेट र स्रोत : १०,००,०००।   नगरपालिकाको आन्तरिक स्रोत बाट बिनियोजित रकमबाट

| | |
|---|---|
| कार्यक्रमको परिचय | सूर्योदय नगरपालिका क्षेत्रभित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको बैज्ञानिक सोच, प्रयोग क्षमता तथा विज्ञान विषयको प्रयोगात्मक कार्यमा सहयोग |

| | |
|---|---|
| | पुर्याउने हेतुले यो कार्यक्रमका लागि बजेट बिनियोजन भएको हो । |
| उद्देश्य | विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका बीचमा विज्ञान प्रयोगात्मक कार्य र प्रदर्शनी सञ्चालन गर्नु |
| अपेक्षित प्रतिफल | विज्ञान विषय तथा बैज्ञानिक सोचको बिकासमा सघाउ पुगेको हुने छ । |
| सञ्चालन प्रक्रिया | नगर क्षेत्र भित्रका माध्यमिक विद्यालयहरुमा कार्यरत विज्ञान शिक्षकहरुलाई सहभागी गराई प्रदर्शनी आयोजनाका विषयमा अन्तरक्रिया गर्ने । प्रदर्शनीमा समावेश गर्न सकिने सम्भावित विधाहरु पहिचान गर्ने । प्रस्तावित मिति र प्रदर्शनी स्थल तय गर्ने । प्रदर्शनी आयोजनाको लागि जिम्मेवारी बाँडफाँड गर्ने ।<br>प्रदर्शनीका लागि आवश्यक पर्ने प्रदर्शनी स्थल तयारी खर्च, सामाग्रीका लागि आवश्यक खर्च, बाह्य श्रोत व्यक्तिको आवश्यकता पर्ने भएमा त्यस्ता व्यक्तिलाई नियमानुसार भुक्तानी गर्नु पर्ने रकम, पुरस्कार एवं अन्य आवश्यक रकम को विल भरपाई एवं प्रदर्शनीको प्रतिवेदनका आधारमा आर्थिक प्रशासन शाखाबाट भुक्तानी गर्ने । आवश्यकता अनुसार तयारी कार्यका लागि अग्रिम भुक्तानी गर्न सकिने । |
| जिम्मेवार निकाय | सूर्योदय नगरपालिका/ शिक्षा,युवा तथा खेलकुद शाखा । |
| समयावधि | पहिलो दोस्रो र तेस्रो चौमासिक । |
| परिणाम सूचक | स्वीकृत प्रस्तावना अनुसार कार्यक्रम सञ्चालन भएको हुने छ । |

**कार्यक्रमको नाम : ८० प्रतिशतभन्दा बढी हाजिरी हुने विद्यार्थीहरुका लागि प्रोत्साहन कार्यक्रम**

खर्च शीर्षक नं : २२५२२

बार्षिक बजेट र स्रोत : ८०० हजार (राजश्व बाँडफाँड - नेपाल सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | सूर्योदय नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालमा अध्ययनरत विद्यार्थीहरु विशेष गरी गरिब तथा पिछडिएको क्षेत्रका बालबालिकालाई नियमित रुपमा विद्यालयमा उपस्थित गराउने प्रयोजनका लागि प्रस्तुत कार्यक्रम र बजेट विनियोजन भएको हो । |
| उद्देश्य | शैक्षिक गुणस्तर बढाउने तथा गरिब र पिछडिएका बालबालिकाको शैक्षिक पहुँच बृद्धि गर्नु । |
| अपेक्षित प्रतिफल | गरिब तथा पिछडीएका बालबालिकाहरु नियमित रुपमा उपस्थित भई शिक्षाको गुणस्तर अभिवृद्धि भएको हुने छ । |
| सञ्चालन प्रक्रिया | नगर शिक्षा समितिको निर्णय अनुसार शिक्षा, युवा तथा खेलकुद शाखाले प्रस्तावना तयार गरी स्वीकृत प्रस्तावना अनुसार कार्यक्रम सञ्चालन गर्ने । |
| जिम्मेवार निकाय | सूर्योदय नगरपालिका/ शिक्षा,युवा तथा खेलकुद शाखा । |
| समयावधि | प्रथम दोस्रो तथा तेस्रो चौमासिक । |
| परिणाम सूचक | स्वीकृत प्रस्तावना अनुसार कार्यक्रम सञ्चालन भई लक्षित वर्गको शैक्षिक विकासमा सहयोग पुगेको हुने छ । |

**कार्यक्रमको नाम : आधारभूत तह कक्षा ५ परीक्षा सञ्चालन व्यवस्थापन**

खर्च शीर्षक नं : २२५२२

बार्षिक बजेट र स्रोत : ३०० हजार (समानिकरण अनुदान - नेपाल सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | सूर्योदय नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालका विद्यार्थीहरुको कक्षा ५ को उपलब्धी परीक्षण गर्न तथा परीक्षा सञ्चालन गर्न प्रस्तुत बजेट विनियोजन गरिएको हो । |
| उद्देश्य | नगर क्षेत्रभित्रका कक्षा ५ मा अध्ययनरत विद्यार्थीहरुको नगर स्तरीय परीक्षा सञ्चालन गर्नु । |
| अपेक्षित प्रतिफल | कक्षा ५ को नगरस्तरीय परीक्षा सञ्चालन गरी उपलब्धि मापन गर्नु । |
| सञ्चालन प्रक्रिया | नगर शिक्षा समितिको निर्णय अनुसार परीक्षा समिति गठन गरी परीक्षा समितिले तयार गरेको प्रस्तावना स्वीकृत गरी सञ्चालन गर्ने । |
| जिम्मेवार निकाय | सूर्योदय नगरपालिका/ शिक्षा,युवा तथा खेलकुद शाखा । |
| समयावधि | तेस्रो चौमासिक । |
| परिणाम सूचक | स्वीकृत प्रस्तावना अनुसार कार्यक्रम सञ्चालन भएको हुने छ । |

**कार्यक्रमको नाम : आधारभूत तह कक्षा ८ परीक्षा सञ्चालन**

खर्च शीर्षक नं : २२५२२

बार्षिक बजेट र स्रोत : ५०० हजार (समानिकरण अनुदान - नेपाल सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | सूर्योदय नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालका विद्यार्थीहरुको कक्षा ८ को उपलब्धी परीक्षण गर्न तथा परीक्षा सञ्चालन गर्न प्रस्तुत बजेट विनियोजन गरिएको हो । |
| उद्देश्य | नगर क्षेत्रभित्रका कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुको नगर स्तरीय परीक्षा सञ्चालन गर्नु । |
| अपेक्षित प्रतिफल | कक्षा ८ को नगरस्तरीय परीक्षा सञ्चालन गरी उपलब्धि मापन गर्नु । |
| सञ्चालन प्रक्रिया | नगर शिक्षा समितिको निर्णय अनुसार परीक्षा समिति गठन गरी परीक्षा समितिले तयार गरेको प्रस्तावना स्वीकृत गरी सञ्चालन गर्ने । |
| जिम्मेवार निकाय | सूर्योदय नगरपालिका/ शिक्षा,युवा तथा खेलकुद शाखा । |
| समयावधि | तेस्रो चौमासिक । |
| परिणाम सूचक | स्वीकृत प्रस्तावना अनुसार कार्यक्रम सञ्चालन भएको हुने छ । |

**कार्यक्रमको नाम : उत्कृष्ट विद्यालय ,प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, शिक्षक अभिभावक संघ अध्यक्ष, अभिभावक तथा विद्यार्थी सम्मान कार्यक्रम सञ्चालन**

खर्च शीर्षक नं : २२५२२

बार्षिक बजेट र स्रोत : २०० हजार (समानिकरण अनुदान - नेपाल सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | सूर्योदय नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालय मध्ये एस ई ई तथा नगर स्तरीय कक्षा ८ को परीक्षा, नगर क्षेत्रभित्रका अन्य शैक्षिक गतिविधिमा उत्कृष्ट नतिजा हासिल गर्ने तथा विद्यालको विकासमा थप योगदान पुर्याउने विद्यालय, प्रधानाध्यापक, वि व्य स अध्यक्ष, शिक्षक, शिक्षक अभिभावक संघ अध्यक्ष, अभिभावक तथा विद्यार्थी छनौट गरी सम्मान कार्यक्रम सञ्चालन गर्ने हेतुले प्रस्तुत बजेट विनियोजन गरिएको हो । |
| उद्देश्य | नगर क्षेत्रभित्र सञ्चालित सामुदायिक तथा संस्थागत उत्कृष्ट विद्यालय ,प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, शिक्षक अभिभावक संघ अध्यक्ष, अभिभावक तथा विद्यार्थी सम्मान कार्यक्रम सञ्चालन गर्नु । |

| | |
|---|---|
| अपेक्षित प्रतिफल | शैक्षिक क्षेत्रका सरोकारवालाहरुको क्षमता विकासमा सहयोग पुर्याइ हौसला बढेको हुने । |
| सञ्चालन प्रक्रिया | नगर शिक्षा समितिको निर्णय अनुसार छनोट समिति गठन गरी छनोट गर्ने तथा शिक्षा, युवा तथा खेलकुद शाखाले तयार गरेको प्रस्तावना अनुसार कार्यक्रम सञ्चालन हुने । |
| जिम्मेवार निकाय | सूर्योदय नगरपालिका/ शिक्षा,युवा तथा खेलकुद शाखा । |
| समयावधि | पहिलो चौमासिक । |
| परिणाम सूचक | स्वीकृत प्रस्तावना अनुसार कार्यक्रम सञ्चालन भएको हुने छ । |

**कार्यक्रमको नाम : करफोक विद्या मन्दिर बहुमुखी क्याम्पसमा छात्रवृत्ति छनौट तथा अनुगमनका लागि खर्च**

खर्च शीर्षक नं : २२५२२

बार्षिक बजेट र स्रोत : ५० हजार (समानिकरण अनुदान - नेपाल सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | सूर्योदय नगरपालिकाले करफोक विद्या मन्दिर बहुमुखी क्याम्पसमा अध्ययनरत गरिब, जेहेन्दार तथा बुहारी छात्रवृत्ति कार्यक्रम सञ्चालन गरेको छ । उक्त कार्यक्रम सञ्चालन गर्न विद्यार्थी छनौट गर्न, छनोट पश्चात प्रतिफल बुझ्न तथा लगातार अनुगमन गर्नका लागि आवश्यक पर्ने बजेट विनियोजन गरिएको हो । |
| उद्देश्य | करफोक विद्या मन्दिर बहुमुखी क्याम्पसमा अध्ययनरत गरिब, जेहेन्दार तथा बुहारी छात्रवृत्ति कार्यक्रमको निरन्तर अनुगमन गरी कार्यक्रम सफल पार्नु । |
| अपेक्षित प्रतिफल | छात्रवृत्ति कार्यक्रम सफल भई विद्यार्थोको शैक्षिक गुणस्तर वृद्धि हुने । |
| सञ्चालन प्रक्रिया | नगर शिक्षा समिति एवं शिक्षा, युवा तथा खेलकुद शाखाबाट छात्रवृत्ती प्राप्त गर्ने विद्यार्थी छनौट कार्य एवं अनुगमन कार्यमा भएको खर्च यस शीर्षकबाट भुक्तानी गर्ने । |
| जिम्मेवार निकाय | सूर्योदय नगरपालिका/ शिक्षा,युवा तथा खेलकुद शाखा । |
| समयावधि | पहिलो दोस्रो र तेस्रो चौमासिक । |
| परिणाम सूचक | प्रभावकारी अनुगमन भई क्याम्पस तथा विद्यार्थीहरुले उचित सुझाव पाएका हुने तथा छात्रवृत्ति कार्यक्रम सफल भएको हुने छ । |

**कार्यक्रमको नाम : नगर शिक्षा शाखा व्यवस्थापन (इन्धन, सञ्चार लगायत विविध खर्च)**

खर्च शीर्षक नं : २२५२२

बार्षिक बजेट र स्रोत : १५० (समानिकरण अनुदान - नेपाल सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | नगर क्षेत्रभित्रको शिक्षा, युवा तथा खेलकुदसँग सम्बन्धित कार्यहरु शिक्षा, युवा तथा खेलकुद शाखाबाट सञ्चालन हुने हुँदा शाखा सञ्चालनका लागि आवश्यक पर्ने इन्धन, सञ्चार लगायतका विविध खर्च व्यवस्थापनका लागि बजेट विनियोजन भएको हो । |
| उद्देश्य | बजेट उप शीर्षक ८०१०३४०४३०१ (शिक्षा, युवा तथा खेलकुद) सँग सम्बन्धित कृयाकलापहरु सञ्चालनका सिलसिलामा इन्धन, सञ्चार लगायत विविध खर्च व्यवस्थापनमा आवश्यक पर्ने खर्च यस शीर्षकबाट भुक्तानी गर्ने । |
| अपेक्षित प्रतिफल | शिक्षा, युवा तथा खेलकुद शाखा राम्ररी सञ्चालन गरी सेवा दिनु । |
| सञ्चालन प्रक्रिया | शिक्षा, युवा तथा खेलकुद शाखाले आवश्यक प्रस्तावना तयार गरी स्वीकृत गराई कार्य सञ्चालन गर्ने । |
| जिम्मेवार निकाय | सूर्योदय नगरपालिका/ शिक्षा,युवा तथा खेलकुद शाखा । |
| समयावधि | पहिलो दोस्रो र तेस्रो चौमासिक । |
| परिणाम सूचक | बैठक व्यवस्थापन, खाजा व्यवस्थापन तथा बैठक भत्ता व्यवस्थापन भएको हुने छ । |

**कार्यक्रमको नाम : नगर शिक्षा शाखा समिति बैठक व्यवस्थापन**

खर्च शीर्षक नं : २२५२२

बार्षिक बजेट र स्रोत : ८० हजार (समानिकरण अनुदान - नेपाल सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | यस नगरपालिकामा गठन भएको नगर शिक्षा समितिको बैठक व्यवस्थापन, खाजा, सञ्चार, तथा बैठक भत्ताको व्यवस्थापनका लागि यो बजेट बिनियोजन भएको हो । |
| उद्देश्य | नगर शिक्षा समितिको बैठक सञ्चालनको व्यवस्थापन गर्नु । |
| अपेक्षित प्रतिफल | नगर शिक्षा समितिको बैठक सहज ढङ्गले सञ्चालन गर्ने तथा बैठकमा सहभागीलाई बैठक भत्ता उपलब्ध गराउने । |
| सञ्चालन प्रक्रिया | नगर शिक्षा समितिको बैठकमा सहभागी भएका पदाधिकारीहरुलाई प्रति बैठक रु. १०००।- प्रति पदाधिकारीका दरले बैठक भत्ता एवं बैठक सञ्चालन सँग सम्बन्धित अन्य खर्च भुक्तानी गर्ने । |
| जिम्मेवार निकाय | सूर्योदय नगरपालिका/ नगर शिक्षा समिति / शिक्षा,युवा तथा खेलकुद शाखा । |
| समयावधि | पहिलो दोस्रो र तेस्रो चौमासिक । |
| परिणाम सूचक | बैठक सञ्चालन, बैठक सङ्ख्या । |

**कार्यक्रमको नाम : प्रधानाध्यापक, शिक्षक तथा बाल शिक्षकहरुको अध्ययन भ्रमण**

खर्च शीर्षक नं : २२५२२

बार्षिक बजेट र स्रोत : ५०० हजार (समानिकरण अनुदान - नेपाल सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | सूर्योदय नगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा बालशिक्षकहरुको क्षमता विकास तथा अनुभव आदान प्रदान गरी राम्रा अभ्यास भएका विद्यालयको राम्रो पक्ष आफ्नो विद्यालयमा भित्र्याउने तथा नगर भित्रका सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर तथा शैक्षिक विकासमा सहयोग पुर्याउने उद्देश्यले यो कार्यक्रमका लागि बजेट बिनियोजन गरिएको छ । |
| उद्देश्य | देशभरका राम्रा अभ्यास भएका विद्यालय तथा शैक्षिक संस्थाको अवलोकन भ्रमण गरी असल अभ्यासको अनुकरण तथा हाम्रा राम्रा अभ्यासको अनुभव आदानप्रदान गर्ने । |
| अपेक्षित प्रतिफल | शैक्षिक गुणस्तर र शैक्षिक विकासमा सहयोग पुग्ने । |
| सञ्चालन प्रक्रिया | शिक्षा, युवा तथा खेलकुद शाखाले प्रधानाध्यापक, शिक्षक तथा बाल शिक्षक छनोट गरी आवश्यक प्रस्तावना तयार गरी स्वीकृत गराई कार्य सञ्चालन गर्ने, सम्भव भएसम्म भ्रमण कार्यक्रम विदाको समयमा सञ्चालन गर्ने। |
| जिम्मेवार निकाय | सूर्योदय नगरपालिका/ शिक्षा,युवा तथा खेलकुद शाखा । |
| समयावधि | पहिलो दोस्रो र तेस्रो चौमासिक । |
| परिणाम सूचक | स्वीकृत प्रस्तावना अनुसार कार्य सञ्चालन भएको हुने छ । |

**कार्यक्रमको नाम : प्रतिभा पहिचान कार्यक्रम सञ्चालन**

खर्च शीर्षक नं : २२५२२

बार्षिक बजेट र स्रोत : १०० हजार (समानिकरण अनुदान - नेपाल सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | नगर क्षेत्रभित्रका समुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको प्रतिभा पहिचान गरी प्रतिभा उजागर र विकास गर्न तथा जिल्ला तथा प्रदेश र राष्ट्रिय स्तरका प्रतिभा पहिचान कार्यक्रममा सहभागी हुने अवसर सिर्जना गर्न यो कार्यक्रम आयोजना हुने गरी बजेट बिनियोजन गरिएको छ । |

| | |
|---|---|
| उद्देश्य | नगर क्षेत्रभित्रका विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको प्रतिभा पहिचान गरी विकासमा सहयोग पुर्याउनु । |
| अपेक्षित प्रतिफल | प्रतिभा पहिचान भई सम्बन्धित विद्यार्थीले आफ्नो प्रतिभा प्रस्फुटन गर्ने र विकास गर्ने अवसर प्राप्त गरेको हुने छ । |
| सञ्चालन प्रक्रिया | शिक्षा, युवा तथा खेलकुद शाखाले विद्यालयहरुसँग समन्वय गरी आवश्यक प्रस्तावना तयार गरी स्वीकृत गराई कार्य सञ्चालन गर्ने । |
| जिम्मेवार निकाय | सूर्योदय नगरपालिका/ शिक्षा,युवा तथा खेलकुद शाखा । |
| समयावधि | दोस्रो र तेस्रो चौमासिक । |
| परिणाम सूचक | उत्कृष्ट प्रतिभा भएक विद्यार्थीहरु पुरस्कृत भएको हुने तथा विभिन्न छनोट चरणमा सहभागी भएका हुने |

**कार्यक्रमको नाम : प्रधानाध्यापकहरुको बैठक सञ्चालन**

खर्च शीर्षक नं : २२५२२

बार्षिक बजेट र स्रोत : १५० हजार (समानिकरण अनुदान - नेपाल सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | नगर क्षेत्रभित्रका समुदायिक तथा संस्थागत विद्यालयक प्रधानाध्यापकहरुको नियमित बैठक सञ्चालन गर्ने कार्य यस नगरपालिकाले गर्दै आएको छ । प्रधानाध्यापहरुलाई बैठक बोलाई नगरपालिकाले तय गरेका कार्यक्रम नीति निर्देशनहरुको जानकारी गराउने, शैक्षिक विचार विमर्श गर्ने, विभिन्न निर्णयहरु गरी कार्यान्वयन गर्ने गराउने तथा शैक्षिक विविध कार्यहरु सञ्चालन गर्ने सम्बन्धमा सहयोग पुर्याउन नगरपालिकाको शैक्षिक कार्यपात्रो अनुरुप नै बैठक सञ्चालन गर्न र आवश्यक परेको बखतमा बैठक सञ्चालन गर्न बजेट विनियोजन गरिएको हो । |
| उद्देश्य | प्रधानाध्यापकहरुको बैठक सञ्चालन गर्नु । |
| अपेक्षित प्रतिफल | सहज ढङ्गले प्रधानाध्यापकहरुको बैठक सञ्चालन हुने । |
| सञ्चालन प्रक्रिया | नगरपालिका र नगर शिक्षा समितिले तोके अनुसार तथा नगरपालिकाको शैक्षिक कार्यपात्रोमा तोकिएको तथा आवश्यकताका आधारमा शिक्षा, युवा तथा खेलकुद शाखाले बैठक बोलाउने, बैठक सञ्चालनका लागि आवश्यक पर्ने सामग्री, खाजा खर्च उपलब्ध गराउने । |
| जिम्मेवार निकाय | सूर्योदय नगरपालिका/ शिक्षा,युवा तथा खेलकुद शाखा । |
| समयावधि | प्रथम दोस्रो र तेस्रो चौमासिक । |
| परिणाम सूचक | प्रधानाध्यापक बैठक शैक्षिक कार्यपात्रो अनुरुप सञ्चालन भएको हुने । बैठक सङ्ख्या र निर्णय पुस्तिका । |

**कार्यक्रमको नाम : प्रारम्भिक बालविकास अभिभावक शिक्षा कार्यक्रम सञ्चालन**

खर्च शीर्षक नं : २२५२२

बार्षिक बजेट र स्रोत : ३०० हजार (समानिकरण अनुदान - नेपाल सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | नगर क्षेत्रभित्रका समुदायिक विद्यालयमा आधारित तथा समुदायमा आधारित प्रारम्भिका बालविकास केन्द्रसँग सम्बन्धित अभिभावकहरुको चेतना स्तर बढाउन तथा उहाँहरुले गर्नुभएको राम्रो कार्यको अनुभव आदान प्रदान गर्ने हेतुले यो कार्यक्रम र बजेट विनियोजन गरिएको हो । |
| उद्देश्य | प्रारम्भिक बालबिकास अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्नु । |
| अपेक्षित प्रतिफल | बालविकास केन्द्रमा अध्ययनरत बालविकासकेन्द्रका बालबालिकाहरुको शारीरिक |

| | |
|---|---|
| | मानसिक, बौद्धिक तथा संवेगात्मक विकासमा सघाउ पुगेको हुने छ । |
| सञ्चालन प्रक्रिया | शिक्षा, युवा तथा खेलकुद शाखाले प्रस्तावना तयार गरी स्वीकृत गराई सामग्री सहित कार्यक्रम सञ्चालन गर्ने । |
| जिम्मेवार निकाय | सूर्योदय नगरपालिका/ शिक्षा,युवा तथा खेलकुद शाखा । |
| समयावधि | प्रथम दोस्रो र तेस्रो चौमासिक । |
| परिणाम सूचक | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन भएको हुने । |

**कार्यक्रमको नाम : बाह्र महिना बाह्र कार्यक्रम सञ्चालन (विद्यालय स्तरीय अतिरिक्त कार्यक्रम सञ्चालन)**

खर्च शीर्षक नं : २२५२२

बार्षिक बजेट र स्रोत : ६०० हजार (समानिकरण अनुदान - नेपाल सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | नगर क्षेत्रभित्रका समुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत बालबालिकाहरुको चौतर्फी बिकासका लागि शैक्षिक कार्यपात्रोमा उल्लेख भएका कार्यक्रमहरु सञ्चालन गर्नका लागि यो बजेट विनियोजन भएको हो । |
| उद्देश्य | विद्यालयस्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नु । |
| अपेक्षित प्रतिफल | बाह्र महिनाका बाह्र कार्यक्रम सञ्चालन गरी बिद्यार्थीहरुको चौतर्फी विकासमा सहयोग पुगेको हुने छ । |
| सञ्चालन प्रक्रिया | नगरपालिकाको शैक्षिक कार्यपात्रो अनुसार शिक्षा, युवा तथा खेलकुद शाखाले कार्यक्रमको प्रस्तावना तयार गर्ने तथा स्वीकृत प्रस्तावना अनुसार कार्यक्रम सञ्चालन गर्ने । |
| जिम्मेवार निकाय | सूर्योदय नगरपालिका/ शिक्षा,युवा तथा खेलकुद शाखा । |
| समयावधि | प्रथम दोस्रो र तेस्रो चौमासिक । |
| परिणाम सूचक | नियमित रुपमा तोकिएका अतिरिक्त कार्यक्रमहरु सञ्चालन भएको हुने छ । |

**कार्यक्रमको नाम : माध्यमिक विद्यालयमा नेपाल स्काउटको स्थापना, तालिम सञ्चालन गर्ने**

खर्च शीर्षक नं : २२५२२

बार्षिक बजेट र स्रोत : ५०० हजार (समानिकरण अनुदान - नेपाल सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | नगर क्षेत्र भित्रका बालबालिकालाई स्काउटमा सहभागी गराई तिनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकास गरी तिनीहरूलाई अनुशासित र स्वावलम्बी बनाई देश विकास कार्यमा सहभागी गराउने उद्देश्यले नगर क्षेत्रभित्रका नेपाल स्काउट स्थापना हुन बाँकी रहेका माध्यमिक विद्यालयहरुमा नेपाल स्काउटको स्थापना गर्ने तथा स्थापना भई सञ्चालनमा रहेका विद्यालयहरुको स्काउट कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि आर्थीक अनुदान उपलब्ध गराउने तथा विद्यालयका स्काउट शिक्षकहरुलाई सक्रिय बनाउन तालिम सञ्चालन गर्न तथा स्काउटको परिचालन गरी क्याम्पिङ र अन्य रचनात्मक कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारको कार्यक्रम अनुसार बजेट बिनियोजन गरिएको हो । |
| उद्देश्य | • विश्व स्काउटद्वारा प्रतिपादित सिद्धान्त,मान्यता र भावनासंग नेपालका बालबालिकालाई परिचित गराउदै बालबालिका लाई जनसेवी कार्यमा संलग्न हुन अग्रसर गराउने ।<br>• बालबालिकालाई नेपाल स्काउटको माध्यमद्वारा कर्तव्यपरायण, अनुशासित, स्वावलम्बी, सच्चरित्रवान तथा सुयोग्य नागरिक बनाउने ।<br>• दैवी प्रकोप तथा दुर्घटनामा परेका व्यक्तिहरूको उद्धार तथा सहायता कार्यमा नेपाल |

| | |
|---|---|
| | स्काउटलाई परिचालन गर्ने, गराउने ।<br>• सामुदायिक सेवा तथा जनहित सम्बन्धी कार्य गर्ने गराउने । |
| अपेक्षित प्रतिफल | सबै माध्यमिक विद्यालयहरुमा नेपाल स्काउटको स्थापना भएको हुने तथा स्काउट शिक्षकले तालिम प्राप्त गरेको हुने । |
| सञ्चालन प्रक्रिया | नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले माध्यमिक विद्यालयमा नेपाल स्काउटको स्थापना भए नभएको जानकारी लिने । नभएको विद्यालयमा नेपाल स्काउटको स्थापना गर्न लगाउने । उल्लेखित उद्देश्य पुर्तिका लागि स्काउट स्थापना र सञ्चालन गर्न एवं आवश्यक तालिम सञ्चालन गर्नकालागि प्रस्तावना तयार गरी स्वीकृत गराई सो बमोजिम कार्य सञ्चालन गर्ने । |
| जिम्मेवार निकाय | सूर्योदय नगरपालिका/ शिक्षा,युवा तथा खेलकुद शाखा । |
| समयावधि | प्रथम दोस्रो र तेस्रो चौमासिक । |
| परिणाम सूचक | माध्यमिक विद्यालयमा नेपाल स्काउटको स्थापना र सक्रिय सञ्चालन भएको हुने तथा स्काउट शिक्षकले तालिम प्राप्त गरेको हुने । |

**कार्यक्रमको नाम :राम्रो अभ्यास सञ्चालन गर्ने उत्कृष्ट बिद्यालयलाई प्रोत्साहन अनुदान**

खर्च शीर्षक नं. २२५२२

बार्षिक बजेट र स्रोत : १०० हजार (समानिकरण अनुदान - नेपाल सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | सुर्योदय नगरपालिकामा सञ्चालित बिद्यालयहरु मध्ये बर्षभरिको मुल्यांकनमा राम्रो अभ्यास सञ्चालन गर्ने उत्कृष्ट बिद्यालयलाई प्रोत्साहन गरि अन्य बिद्यालयहरुमा सकारात्मक प्रभाव परि उत्प्रेरणा जगाउन सहयोग गरि शिक्षामा गुणात्मक सुधार ल्याउनका लागि यो कार्यक्रम ल्याईएको हो । |
| उद्देश्य | राम्रो अभ्यास सञ्चालन गर्ने उत्कृष्ट बिद्यालयलाई प्रोत्साहन गरि अन्य बिद्यालयहरुमा सकारात्मक प्रभाव परि उत्प्रेरणा जगाउन सहयोग गरि शिक्षामा गुणात्मक सुधार ल्याउने । |
| अपेक्षित प्रतिफल | शिक्षामा गुणात्मक सुधार हुने । |
| सञ्चालन प्रक्रिया | सुर्योदय नगरपालिकामा सञ्चालित बिद्यालयहरु मध्ये बर्षभरिको मुल्यांकनमा राम्रो अभ्यास सञ्चालन गर्ने उत्कृष्ट बिद्यालयहरु छनौट गरि प्रोत्साहन अनुदान उपलब्ध गराउने । |
| जिम्मेवार निकाय | सूर्योदय नगरपालिका / शिक्षा,युवा तथा खेलकुद शाखा । |
| समयावधि | तेस्रो चौमासिक । |
| परिणाम सूचक | राम्रो अभ्यास सञ्चालन गर्ने उत्कृष्ट बिद्यालयलाई प्रोत्साहन गरि अन्य बिद्यालयहरुमा सकारात्मक प्रभाव परि उत्प्रेरणा जगाउन सहयोग गरि शिक्षामा गुणात्मक सुधार आउने । |

**कार्यक्रमको नाम - बाल दिवश तथा शिक्षा दिवश कार्यक्रम सञ्चालन**

खर्च शीर्षक नं. २२५२२

बार्षिक बजेट र स्रोत - १०० हजार (समानिकरण अनुदान - नेपाल सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | सुर्योदय नगरपालिकामा बिभिन्न कार्यक्रमहरु सञ्चालन गरि बाल दिवश तथा शिक्षा दिवश कार्यक्रम मनाउनका लागि मुल समारोह समिति गठन गरि कार्यक्रम तय गरि सो बमोजिम नजिकका बिद्यालयहरुलाई सहभागि गराउने तथा टाढाका बिद्यालयहरुलाई उक्त कार्यक्रम भब्यरुपमा मनाउनका लागि पत्राचार गरि बाल दिवश तथा शिक्षा दिवश कार्यक्रम मनाउनका लागि यो बजेट बिनियोजन गरिएको हो । |
| उद्देश्य | बिद्यालय तथा बिद्यार्थीहरुमा बाल दिवश तथा शिक्षा दिवश कार्यक्रम भब्यरुपमा मनाई |

| | |
|---|---|
| | चौतर्फि बिकास गराउने । |
| अपेक्षित प्रतिफल | बिद्यालय तथा बिद्यार्थीहरुमा बाल दिवश तथा शिक्षा दिवश कार्यक्रम भब्यरुपमा मनाई चौतर्फि बिकास गराउने र बिदा गर्ने चलन प्रतिस्थापन हुने । |
| सञ्चालन प्रक्रिया | शिक्षा युवा तथा खेलकुद शाखाले बाल दिवश तथा शिक्षा दिवश कार्यक्रम सञ्चालनका लागि नगर स्तरीय कार्यक्रम तर्जुमा गरी दिवश मनाउने । उक्त कार्यमा भएको खर्च यस शीर्षकबाट भुक्तानी गर्ने । |
| जिम्मेवार निकाय | सूर्योदय नगरपालिका / शिक्षा,युवा तथा खेलकुद शाखा । |
| समयावधि | पहिलो चौमासिक । |
| परिणाम सूचक | बाल दिवश तथा शिक्षा दिवश कार्यक्रम सञ्चालन गरी बिबिध ज्ञान,सीप तथा भाषण कलाको सीप बिकास भै बिद्यालयहरुमा सकारात्मक प्रभाव परि उत्प्रेरणा जगाउन सहयोग गरि शिक्षामा गुणात्मक सुधार आउने । |

**कार्यक्रमको नाम - बिद्यालय नियमित एबं सघन अनुगमन तथा नियमन**

खर्च शीर्षक नं. २२५२२

बार्षिक बजेट र स्रोत - ३५० हजार (समानिकरण अनुदान- नेपाल सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | सुर्योदय नगरपालिकामा सञ्चाललित सबै बिद्यालयहरु,बाल बिकास केन्द्रहरु र सामुदायिक सिकाई केन्द्रहरुको नियमित एबं सघन अनुगमन तथा नियमन गरि शिक्षामा गुणस्तरीयता अभिबृदि गर्नका लागि यो बजेट बिनियोजन गरिएको हो । |
| उद्देश्य | शिक्षामा गुणस्तरीयता अभिबृदि गर्नै । |
| अपेक्षित प्रतिफल | सुर्योदय नगरपालिकामा सञ्चाललित सबै बिद्यालयहरु,बाल बिकास केन्द्रहरु र सामुदायिक सिकाई केन्द्रहरुको शिक्षामा गुणस्तरीयता अभिबृदि हुने । |
| सञ्चालन प्रक्रिया | सूर्योदय नगरपालिका शिक्षा,युवा तथा खेलकुद शाखाले नियमित अनुगमन गर्ने,वडा समिति तथा नगर पालिकाको अनुगमन समितिले पनि अनुगम गर्ने तथा अन्तिम प्रतिवेदन शिक्षा,युवा तथा खेलकुद शाखाले तयार गरी न पा समक्ष पेश गर्ने । |
| परिणाम सूचक | अनुगमन तथा अनुगमन प्रतिवेदन । |

**कार्यक्रमको नाम - बिद्यालयहरुमा प्रबिधि हस्तान्तरण**

शीर्षक नं. २२५२२

बार्षिक बजेट र स्रोत - ३०० हजार (समानिकरण अनुदान- नेपाल सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | सुर्योदय नगरपालिकामा सञ्चाललित बिद्यालयहरुलाई प्रबिधिमैत्री बनाउंदै लैजाने नगरपालिकाको उद्देश्य बमोजिम थप बिद्यालयहरुलाई हस्तान्तरण गरि शिक्षामा गुणस्तरीयता अभिबृदि गर्नका लागि यो बजेट बिनियोजन गरिएको हो । |
| उद्देश्य | शिक्षामा गुणस्तरीयता अभिबृदि गर्नै । |
| अपेक्षित प्रतिफल | सुर्योदय नगरपालिकामा सञ्चाललित सबै बिद्यालयहरु, बाल बिकास केन्द्रहरु र सामुदायिक सिकाई केन्द्रहरुको शिक्षामा गुणस्तरीयता अभिबृदि हुने । |
| सञ्चालन प्रक्रिया | सूर्योदय नगरपालिका शिक्षा,युवा तथा खेलकुद शाखाले नियमित अनुगमन गर्ने, वडा समिति तथा नगर पालिकाको अनुगमन समितिले पनि अनुगम गर्ने तथा अन्तिम प्रतिवेदन |

| | |
|---|---|
| | शिक्षा,युवा तथा खेलकुद शाखाले तयार गरी न पा समक्ष पेश गर्ने । |
| जिम्मेवार निकाय | सूर्योदय नगरपालिका र शिक्षा,युवा तथा खेलकुद शाखा । |
| समयावधि | पहिलो चौमासिक । |
| परिणाम सूचक | प्रबिधि खरीद, प्रयोग, अनुगमन तथा अनुगमन प्रतिवेदन । |

**कार्यक्रमको नाम - शिक्षक छनौट परीक्षा तथा अन्य परीक्षा सञ्चालन**

शीर्षक नं. २२५२२

बार्षिक बजेट र स्रोत - २५० हजार (समानिकरण अनुदान- नेपाल सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | सुर्योदय नगरपालिकामा सञ्चालित सामुदायिक बिद्यालयहरुमा कार्यरत शिक्षक, बाल शिक्षक र कर्मचारीहरुको दरबन्दी रिक्त भै पदपुर्ति गर्नकालागि यो बजेट बिनियोजन गरिएको हो |
| उद्देश्य | सामुदायिक बिद्यालयहरुमा कार्यरत शिक्षक ,बाल शिक्षक र कर्मचारीहरुको दरबन्दी रिक्त भै पदपुर्ति गर्ने । |
| अपेक्षित प्रतिफल | सुर्योदय नगरपालिकामा सञ्चाललित सबै बिद्यालयहरु, बाल बिकास केन्द्रहरु र सामुदायिक सिकाई केन्द्रहरुको शिक्षामा गुणस्तरीयता अभिबृदि हुने । |
| सञ्चालन प्रक्रिया | दरबन्दी रिक्त भएको जानकारी सम्बन्धित बिद्यालयबाट प्राप्त भए पश्चात शिक्षा बिकास तथा समन्वय इकाई, ईलाममा अनुमतिका लागि पठाउने, अनुमति प्राप्त हुदासाथ शिक्षक छनौट समितिको बैठक सञ्चालन गरि बिज्ञापन गर्ने, निबेदन संकलन गर्ने, परीक्षा सञ्चालन गर्ने र पदस्थापन गर्ने । |
| जिम्मेवार निकाय | सूर्योदय नगरपालिका र शिक्षा, युवा तथा खेलकुद शाखा । |
| समयावधि | निरन्तर तथा आवश्यकतानुसार । |
| परिणाम सूचक | बैठक सञ्चालन, बिज्ञापन, निबेदन संकलन, परीक्षा सञ्चालन र पदस्थापन । |

**कार्यक्रमको नाम : शिक्षक तालिमको प्रभावकारिता अनुगमन**

खर्च शीर्षक नं : २२५२२

बार्षिक बजेट र स्रोत : ५० हजार (समानिकरण अनुदान- नेपाल सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | नगर क्षेत्रभित्रको शैक्षिक तालिमको प्रभावकारिताको अनुगमनलाई प्रभावकारी बनाई तालिमको उद्देश्य बमोजिम तालिम सञ्चालन गर्न बजेट बिनियोजन गरिएको हो । |
| उद्देश्य | तालिमको प्रभावकारी अनुगमन गर्नु तथा सुझाव दिनु । |
| अपेक्षित प्रतिफल | तालिमको उद्देश्य बमोजिम तालिम सञ्चालन भएको हुने छ । |
| सञ्चालन प्रक्रिया | शिक्षा, युवा तथा खेलकुद शाखाले अनुगमन तालिका तयार गरी अनुगमन कार्य सञ्चालन गर्ने । |
| जिम्मेवार निकाय | सूर्योदय नगरपालिका / शिक्षा,युवा तथा खेलकुद शाखा । |
| समयावधि | प्रथम दोस्रो र तेस्रो चौमासिक । |
| परिणाम सूचक | प्रभावकारी अनुगमन भई सुझाव कार्यान्यिन भएको हुने छ । |

**कार्यक्रमको नाम : शैक्षिक क्यालेन्डर निर्माण**

खर्च शीर्षक नं : २२५२२

बार्षिक बजेट र स्रोत : २०० हजार (समानिकरण अनुदान- नेपाल सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | नगर क्षेत्रभित्रका समुदायिक तथा संस्थागत विद्यालयको सञ्चालन तालिका, परीक्षा, अन्य शैक्षिक गतिविधि सञ्चालन गर्नका लागि नगरपालिकाले विगत बर्षदेखिनै तयार पारी गरिरहेको छ सो कार्यलाई निरन्तरता दिई प्रत्येक विद्यालय, शिक्षक, बाल शिक्षक, कर्मचारी, विद्यार्थी तथा सरोकारवालाहरुलाई वार्षीक शैक्षिक कार्यपात्रो तयार पारी वितरण गर्ने तथा शैक्षिक क्रियाकलाप व्यवस्थित ढङ्गले सञ्चालन गर्ने गरी बजेट बिनियोजन गरिएको हो । |
| उद्देश्य | विद्यालयस्तरीय तथा नगरस्तरीय शैक्षिक गतिविधि व्यवस्थित ढङ्गले सञ्चालन गर्नु । |
| अपेक्षित प्रतिफल | क्यालेन्डर निर्माण भइ सबै सरोकारवालाहरुले प्राप्त गरी शैक्षिक गतिविधि व्यवस्थित रुपमा सञ्चालन भएको हुने छ । |
| सञ्चालन प्रक्रिया | नगरपालिकाको शिक्षा समितिले क्यालेन्डर निर्माण समिति गठन गरी तोकिए बमोजिम सञ्चालन हुने । |
| जिम्मेवार निकाय | सूर्योदय नगरपालिका/ शिक्षा,युवा तथा खेलकुद शाखा । |
| समयावधि | तेस्रो चौमासिक । |
| परिणाम सूचक | तोकिएबमोजिम क्यालेन्डर निर्माण भई लागू भएको हुने छ । |

**कार्यक्रमको नाम : स्थानीय पाठ्यक्रम निर्माण परिमार्जन तथा सुधार (चिया अध्ययनसँग सम्बन्धित)**

खर्च शीर्षक नं : २२५२२

बार्षिक बजेट र स्रोत : ५०० हजार (समानिकरण अनुदान- नेपाल सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | नगर क्षेत्रभित्रका समुदायिक तथा संस्थागत कक्षा ६ देखि ८ सम्म सामाजिक अध्ययन तथा जनसंख्या विषयको २० पूर्णाङ्क ३२ पाठ्यभारको स्थानीय पाठ्यक्रम तयार गरी लागू गर्ने नगरपालिकाको निर्णय बमोजिम चिया अध्ययन विषयमा स्थानीय पाठ्यक्रम तयार गरी लागू गर्नका लागि तथा परिमार्जन गर्नका लागि यो बजेट बिनियोजन भएको हो । |
| उद्देश्य | ६ देखि ८ सम्म सामाजिक अध्ययन तथा जनसंख्या विषयको २० पूर्णाङ्क ३२ पाठ्यभारको स्थानीय पाठ्यक्रम चिया अध्ययन विषयमा तयार गरी लागू गर्नु । |
| अपेक्षित प्रतिफल | चिया अध्ययन विषयको स्थानीय पाठ्यक्रम तयार गरी कार्यान्यनमा रहेको हुने । |
| सञ्चालन प्रक्रिया | नगर कार्यपालिकाले तोकेको स्थानीय पाठ्यक्रमा निर्माण समितिले तोके बमोजिम तथा नगर शिक्षा समितिले दिएको निर्णय बमोजिम कार्य सञ्चालन हुने । |
| जिम्मेवार निकाय | सूर्योदय नगरपालिका/ शिक्षा,युवा तथा खेलकुद शाखा । |
| समयावधि | प्रथम दोस्रो र तेस्रो चौमासिक । |
| परिणाम सूचक | चिया अध्ययन विषयमा स्थानीय पाठ्यक्रम कक्षा ६ बाट लागू भएको हुने । |

**कार्यक्रमको नाम : करफोक विद्या मन्दिर नमुना बालबिकास केन्द्र सञ्चालन अनुदान**

खर्च शीर्षक नं : २२५२२

बार्षिक बजेट र स्रोत : १००० हजार (समानिकरण अनुदान- नेपाल सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | सूर्योदय नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा आधारित तथा समुदायमा आधारित प्रारम्भिका बालबिकास केन्द्रहरुको क्षमता विकासका निम्ति तालिम समेत प्रदान गर्ने गरी नमुना बाल बिकास केन्द्र करफोक विद्या मन्दिर माध्यमिक विद्यालमा सञ्चालन गर्ने गरी सम्पूर्ण सुविधा युक्त बाल विकास केन्द्र निर्माण गर्न यो बजेट बिनियोजन गरिएको हो । |

| | |
|---|---|
| उद्देश्य | नगर क्षेत्रभित्रको नमुना प्रारम्भिक बालबिकास केन्द्र स्थापना गर्नु तथा प्रारम्भिक बालबिकास केन्द्रका लागि तालिम प्रदायक संस्थाको रुपमा विकास गर्नु । |
| अपेक्षित प्रतिफल | नमुना बालबिकास केन्द्रको विकास भएको हुने तथा तालिम प्रदायक संस्थाको रुपमा बिकास भएको हुने । |
| सञ्चालन प्रक्रिया | नगर शिक्षा समितिको निर्णय बमोजिम प्रस्तवाना तयार गरी सञ्चालन हुने । |
| जिम्मेवार निकाय | सूर्योदय नगरपालिका/ शिक्षा,युवा तथा खेलकुद शाखा । |
| समयावधि | प्रथम दोस्रो र तेस्रो चौमासिक । |
| परिणाम सूचक | नमुना बालबिकास केन्द्र सञ्चालन भएको हुने । |

**कार्यक्रमको नाम : विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि पूर्णकालीन विद्यालय अनुदान**

खर्च शीर्षक नं : २२५२२

बार्षिक बजेट र स्रोत : ४०० हजार (समानिकरण अनुदान- नेपाल सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | सूर्योदय नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमध्ये छनोट गरिएका विद्यालयमा यो कार्यक्रमा लागू हुने छ । विगत वर्षमा श्री गोरख आधारभूत विद्यालय सू न पा ५ तथा श्री सार्वजनिक आधारभूत विद्यालय सू न पा २, पशुपतिनगरबाट यो कार्यक्रम सुरु भएको हो । विद्यार्थीहरुलाई घरायसी गृहकार्य तथा अध्ययनबाट मुक्त गराई विद्यालयमानै सम्पूण शैक्षिक क्रियाकलाप गराई शैक्षिक सुधार गर्ने गरी यो कार्यक्रम लागू गरिएको हो । विद्यार्थीहरुलाई बिहान तथा बेलुकी अतिरिक्त समय अभ्यास गराउन तथा खाजा खानाको व्यवस्तथा तथा शिक्षण सामग्री र शिक्षकको अतिरिक्त समयको पारिश्रमिक दिनका लागी यो बजेट बिनियोजन भएको हो । |
| उद्देश्य | कार्यक्रम लागू भएका विद्यालयको कक्षा ६ देखि ८ का विद्यार्थीको शैक्षिक गुणस्तर सुधार गर्नु । |
| अपेक्षित प्रतिफल | कक्षा ६ देखि ८ का विद्यार्थीको शिक्षण सिकाइमा सुधार आएको हुने । |
| सञ्चालन प्रक्रिया | नगर शिक्षा समितिको निर्णय बमोजिम सञ्चालन कार्यविधि शिक्षा, युवा तथा खेलकुद शाखाले तयार गर्ने तथा नगरपालिका र विद्यालयबीच सम्झौता भई सम्झौता अनुसार सञ्चालन हुने । |
| जिम्मेवार निकाय | सूर्योदय नगरपालिका/ शिक्षा,युवा तथा खेलकुद शाखा । |
| समयावधि | प्रथम दोस्रो र तेस्रो चौमासिक । |
| परिणाम सूचक | पूर्णकालीन विद्यालय कार्यक्रम सञ्चालन भई शिक्षण सुधार भएको हुने । |

**कार्यक्रमको नाम : करफोक विद्या मन्दिर बहुमुखी क्याम्पसमा अध्ययनरत छात्रछात्राहरुको लागि शैक्षिक शुल्कबापत छात्रवृत्ति अनुदान ( बुहारी छात्रवृति कार्यक्रम)**

खर्च शीर्षक नं : १७२११

बार्षिक बजेट र स्रोत : १८०० हजार (आन्तरिक स्रोत)

| | |
|---|---|
| कार्यक्रमको परिचय | सूर्योदय नगरपालिकाले करफोक विद्या मन्दिर बहुमुखी क्याम्पसमा अध्ययनरत गरिब, जेहेन्दार तथा बुहारी छात्रवृत्ति कार्यक्रम सञ्चालन गरेको छ । उक्त कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरिएको हो । |
| उद्देश्य | करफोक विद्या मन्दिर बहुमुखी क्याम्पसमा अध्ययनरत गरिब, जेहेन्दार तथा बुहारीहरुलाई छात्रवृत्ति प्रदान गर्नु । |
| अपेक्षित प्रतिफल | छात्रवृत्ति कार्यक्रम सफल भई विद्यार्थोको शैक्षिक गुणस्तर वृद्धि हुने । |

| | |
|---|---|
| सञ्चालन प्रक्रिया | नगर कार्य पालिका/ नगर शिक्षा समितिले निर्णय गरे बमोजिम हुने । |
| जिम्मेवार निकाय | सूर्योदय नगरपालिका/ शिक्षा,युवा तथा खेलकुद शाखा । |
| समयावधि | दोस्रो र तेस्रो चौमासिक । |
| परिणाम सूचक | तोकिएबमोजिमका छात्रछात्राले छात्रवृत्ति पाई सफलता हासिल गर्ने छन् । |

**कार्यक्रमको नाम : विद्यालयहरुमा विद्युतीय हाजिरी जडान कार्यक्रम**

खर्च शीर्षक नं : ३११२२

बार्षिक बजेट र स्रोत : २०० हजार (समानिकरण अनुदान- नेपाल सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | यस नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयका शिक्षककहरुको नियमितता तथा प्रविधिमैत्री विद्यालय स्थापनाका लागि विगत वर्षबाट सुरु भएको विद्युतीय इ हाजिरी जडानका लागि यो वर्ष पनि बजेट बिनियोजन गरिएको हो । |
| उद्देश्य | शिक्षक नियमितता कायम गर्नु तथा प्रविधि मैत्री हाजिरी रेकर्ड राख्नु । |
| अपेक्षित प्रतिफल | तोकिएका विद्यालयमा इ हाजरी जडान गरी शिक्षक नियमितता तथा हाजिरी रेकर्ड नगरसँग आबद्ध भएको हुने । |
| सञ्चालन प्रक्रिया | ई हाजिरी प्रणाली लागु नभएका विद्यालयहरुमा क्रमश ई हाजिरी जडान कार्य गर्ने । यस कार्यका लागि सूचना प्रविधि शाखाबाट प्रस्तावना तयार गरी सञ्चालन गर्ने । खरिद कार्य प्रचलित खरिद कानून बमोजिम गरी सो कार्यमा भएको खर्च यस शीर्षकबाट भुक्तानी गर्ने । |
| जिम्मेवार निकाय | सूर्योदय नगरपालिका/ शिक्षा, युवा तथा खेलकुद शाखा । |
| समयावधि | पहिलो दोस्रो र तेस्रो चौमासिक । |
| परिणाम सूचक | तोकिए बमोजिमका विद्यालयमा इ हाजिरी जडान भइ सञ्चालनमा रहेको हुने र मासिक रुपमा हाजिरी प्रतिवेदन नगरपालिकामा उपलव्ध हुनेछ । |

**कार्यक्रमको नाम : अन्तराष्ट्रिय क्रिकेट मैदान निर्माण**

खर्च शीर्षक नं : ३११५९

बार्षिक बजेट र स्रोत : १००० हजार (आन्तरिक स्रोत)

| | |
|---|---|
| कार्यक्रमको परिचय | सूर्योदय नगरपालिका क्षेत्रभित्रको क्रिकेट खेलको विकास गर्न तथा अन्तराष्ट्रिय स्तरको क्रिकेट मैदान निर्माण गर्न यो बजेट बिनियोजन गरिएको हो । |
| उद्देश्य | अन्तराष्ट्रिय स्तरको क्रिकेट मैदान निर्माण गर्नु |
| अपेक्षित प्रतिफल | अन्तराष्ट्रिय स्तरको क्रिकेट मैदान निर्माण गरी क्रिकेट खेलको विकास गर्नु । |
| सञ्चालन प्रक्रिया | नगर कार्य पालिका/ नगर शिक्षा समितिले निर्णय एवं प्राविधिक लागत अनुमान बमोजिम खरिद प्रकृया निर्धारण गरी प्रचलित कानून बमोजिम कार्यान्वयन गर्ने । |
| जिम्मेवार निकाय | सूर्योदय नगरपालिका/ शिक्षा,युवा तथा खेलकुद शाखा । |
| समयावधि | पहिलो दोस्रो र तेस्रो चौमासिक । |
| परिणाम सूचक | स्वीकृत प्रस्तावना अनुसार क्रिकेट मैदान निर्माण भएको हुने छ । |

**कार्यक्रमको नाम : करफोक खेल मैदान स्तरोन्नती तथा घाँस रोपण**

खर्च शीर्षक नं : ३११५९

बार्षिक बजेट र स्रोत : १००० हजार (आन्तरिक स्रोत)

| | |
|---|---|
| कार्यक्रमको | सूर्योदय नगरपालिका क्षेत्रभित्रको करफोक खेल मैदान अन्तराष्ट्रिय खेल मैदानका रुपमा |

| | |
|---|---|
| परिचय | विकास गर्ने काम भइरहेकोले सो को स्तरोन्नति तथा घाँस रोपणका लागि बजेट बिनियोजन भएको हो । |
| उद्देश्य | खेल मैदानको स्तरोन्नती गर्नु  तथा घाँस रोपण गरी मैदान सहज र हरियालीयुक्त बनाउनु । |
| अपेक्षित प्रतिफल | मैदानको स्तरोन्नती भएको तथा घाँस रोपण भएको हुने । |
| सञ्चालन प्रक्रिया | नगर कार्य पालिका/ नगर शिक्षा समितिले निर्णय एवं प्राविधिक लागत अनुमान बमोजिम खरिद प्रकृया निर्धारण गरी प्रचलित कानून बमोजिम कार्यान्वयन गर्ने । |
| जिम्मेवार निकाय | सूर्योदय नगरपालिका/ शिक्षा,युवा तथा खेलकुद शाखा । |
| समयावधि | पहिलो  दोस्रो र तेस्रो चौमासिक  । |
| परिणाम सूचक | स्वीकृत प्रस्तावना अनुसार खेल मैदान स्तरोन्नति भएको तथा घाँस रोपण  भएको हुने छ । |

**कार्यक्रमको नाम :  समुदायिक विद्यालयहरुको मर्मत संभार, तथा तारजाली व्यवस्थापन**

खर्च शीर्षक नं :  ३११५९

बार्षिक बजेट र स्रोत : १००० हजार (आन्तरिक स्रोत)

| | |
|---|---|
| कार्यक्रमको परिचय | सूर्योदय नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालहरुको मर्मत संभार तथा घेराबारा र तार जालीका लागि प्रसतुत बजेट विनियोजन भएको हो । |
| उद्देश्य | सामुदायिक विद्यालयहरुको मर्मत संभार तथा तार जाली व्यवस्थापन गरी सुरक्षित गर्नु |
| अपेक्षित प्रतिफल | विद्यालयको भौतिक संरक्षण भएको हुने तथा सुरक्षित भएको हुने छ । |
| सञ्चालन प्रक्रिया | सामुदायिक विद्यालयहरुको विद्यालय भवन एवं खेलमैदानको अवस्था अनुसार मर्मत संभार तथा तार घेरावारा तथा तार जाली व्यवस्थापन गर्नु पर्ने अवस्थाको आधारमा शिक्षा युवा तथा खेलकुद शाखाबाट प्रस्ताव माग गर्ने । शाखाबाट अनुगमन गरी मर्मत संभार तथा घेराबारा कार्य वास्तविक आवश्यकता हो होइन एकिन गर्ने । सम्बन्धित प्राविधिकबाट लागत अनुमान तयार गर्न लगाउने र विनियोजित बजेटको सीमा एवं आवश्यकताको आधारमा प्रस्ताव तयार गरी कार्यपालिकामा पेश गर्ने । कार्यपालिकाको निर्णयानुसार विद्यालयगत रकम बाँडफाँड स्वीकृत गरी प्रचलित खरिद कानून बमोजिम कार्य गराउने वा विद्यालय मार्फत नै कार्य गराउने गरी विद्यालयलाई अनुदान उपलव्ध गराउने । |
| जिम्मेवार निकाय | सूर्योदय नगरपालिका/ शिक्षा,युवा तथा खेलकुद शाखा । |
| समयावधि | पहिलो  दोस्रो र तेस्रो चौमासिक  । |
| परिणाम सूचक | स्वीकृत प्रस्तावना अनुसार क्रिकेट मैदान निर्माण भएको हुने छ । |

**अनुगमन तथा प्रतिवेदन प्रणाली :** शिक्षा युवा तथा खेलकुद तर्फ विनियोजित बजेटको कार्यान्वयन पक्षको अनुगमन एवं नगर भित्रका सामुदायिक/संस्थागत विद्यालयले गरेका कृयाकलापहरु, वालविकास केन्द्रहरु एवं सामुदायिक सिकाई केन्द्रहरु, स्रोत कक्षाहरुको समग्र क्रियाकलाप र शैक्षिक गुणस्तर समेतको अनुगमन कार्य नगर कार्यपालिका शिक्षा युवा तथा खेलकुद शाखाले गर्नेछ । यसका अतिरिक्त नगर शिक्षा समिति र नगर कार्यपालिकाबाट गठीत सामाजिक विकास समिति र नगरकार्यपालिकाले समेत नियमित अनुगमन गर्नेछ । नगर उप्रमुखज्यूको अध्यक्षतामा गठीत नगर स्तरीय अनुगमन समितिबाट नियमित अनुगमन हुनेछ । सबै किसिमका अनुगमनबाट प्राप्त पृष्ठपोषणका आधारमा समग्र सम्पादित कार्यको चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार  गर्ने जिम्मेवारी शिक्षा युवा तथा खेलकुद शाखाको हुनेछ ।

## खण्ड ७-जनस्वास्थ्य प्रवर्द्धन तर्फ विनियोजित बजेटको कार्यान्वयन प्रकृया

जनस्वास्थ्य प्रवर्द्धन तर्फ नेपाल सरकारले सशर्त अनुदानको रुपमा उपलब्ध गराएको बजेटका अतिरिक्त यस नगरपालिकाले आर्थिक वर्ष २०७६/७७ मा देहायका कार्यक्रमहरु सञ्चालन गर्ने गरी बजेट विनियोजन गरेको छ । उक्त कृयाकलापहरु देहाय अनुसार सञ्चालन गर्नु पर्नेछ ।

**कार्यक्रमको नाम : स्वास्थ्य संस्था बाट उत्कृष्ट कर्मचारी सम्मान २ जना**

खर्च शीर्षक नं. :२११३५

बार्षिक बजेट र श्रोत :१० हजार (राजश्व बाँडफाँड - नेपाल सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | स्वास्थ्य सेवा प्रदान गर्ने कर्मचारीहरुलाई उनीहरुको कामको मुल्यांकन गरि प्रोत्साहन गर्न यो कार्यक्रम राखिएको छ |
| उदेश्य | नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुलाई कामगर्न थप उर्जा प्रोत्साहन प्रदान गर्ने |
| अपेक्षित प्रतिफल | उत्कृस्ट कर्मचारी सम्मान पछि तोकिएको कार्य थप जिम्बेबार भएर गर्ने र बाकि कर्मचारीहरुलाई पनि काम गर्न हौसला मिल्ने |
| संचालन प्रकिया | -नगरपालिका अन्तर्गत का स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरु मध्येबाट कार्य सम्पादन मुल्यांकनको आधार मा दुइ जना कर्मचारी छनौट गर्ने<br>-कुनै कार्यक्रमको अवसर मिलाएर सम्मान पत्र र नगद प्रदान गर्ने |
| जिम्मेवार निकाय | सू.न.पा. स्वास्थ्य शाखा |
| समयाबधि | प्रथम चौमासिक भित्र |

**कार्यक्रमको नाम : समालबुंग, गोर्खे र लक्ष्मीपुर स्वास्थ्य चौकीमा ल्याब संचालनको लागि कर्मचारी ब्यबस्थापन**

खर्च शीर्षक नं. :२२४१३

बार्षिक बजेट र श्रोत : ५५५ हजार (राजश्व बाँडफाँड- नेपाल सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | हाल नेपाल सरकारको स्वीकृत दरबन्दी अनुसार स्वास्थ्य चौकीमा ल्याब कर्मचारी दरबन्दी नभएको र उक्त स्थान हरुमा ल्याब सेवा संचालन गर्न आवस्यक भएको आ.ब ०७५/७६ मा ल्याब सामाग्रीहरुको ब्यबस्थापन भैसकेका स्वास्थ्य चौकीहरुमा ल्याब सेवा संचालनको लागि जनशती आबश्यक भएको हुदा यो रकम बिनियोजन गरिएको छ |
| उदेश्य | स्वास्थ्य चौकीहरुमा ल्याब सेवा संचालनको व्यवस्था गर्न |
| अपेक्षित प्रतिफल | नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य चौकीहरुमा बर्षे भरि गुणस्तरीय ल्याब सेवा प्रदान भएको हुनेछ |
| संचालन प्रकिया | -सुर्योदय नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि २०७४ बमोजिम पदपूर्ति गर्नु पर्ने । पदपुर्ति कार्यका लागि परीक्षा सञ्चालन वापतको खर्च समेत यसै शिर्षकबाट भुक्तानी गर्ने ।<br>-करार सेवा सम्झौताअनुसार TOR बनाइ ल्याब सेवा संचालन गरिने स्वास्थ्य चौकीमा खटाउनु पर्नेछ<br>-करारमा नियुक्त ल्याब असिस्टेन्टहरुलाई अनिबार्य रुपमा ल्याब संचालन हुने स्वास्थ्य चौकीहरुमा मात्र खटाउनु पर्नेछ |
| जिम्मेवार निकाय | सू.न.पा. स्वास्थ्य शाखा |
| समयाबधि | आ.ब ०७६/७७ प्रथम चौमासिक भित्र |

**कार्यक्रमको नाम : म मात्र हैन नानीलाई पनि स्वास्थ्य बनाउछु कार्यक्रम (बर्थिंग सेन्टरमा ४ ANC जाच र सुत्केरी गराए बापत पालिका स्तर बाट स्वास्थ्य संस्थामा प्रसुती गराउन प्रोत्साहन तथा रेकोर्डिंग/रिपोर्ट Tools व्यवस्थापन समेत )**

खर्च शीर्षक नं. :२२५२२

बार्षिक बजेट र श्रोत : ५०० हजार (समानीकरण अनुदान- प्रदेश सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | नगरपालिका क्षेत्र भित्र प्रसुती भएका आमा र बच्चा दुबैलाई पौस्टिक आहार , स्वास्थ्य संस्थामा प्रसुती गराउन प्रोत्साहन तथा प्रसुती गराउदा आवस्यक पर्ने Recording /reporting Tools व्यवस्थापन गर्न यो कार्यक्रममा रकम बिनियोजन गरिएको छ |
| उदेश्य | - सुत्केरी महिला तथा परिवारलाई सुनौलो हजार दिन बारे जानकारी गराई बच्चाको विकास बारे<br>- आमा र बच्चा लाई आवस्यक पर्ने पौस्टिक आहार वितरण गरि स्वास्थ्य जीवन अपनाई स्वास्थ्य बनाउने<br>दीर्घ कुपोषणको समस्या समाधान गरी पोषणको स्थितिमा सुधार ल्याउने ।<br>जीवनको पहिलो हजार दिनमा अवलम्बन गर्नुपर्ने उपायहरुका बारेमा जानकारी दिने ।<br>मातृशिशु पोषणको स्थितिमा सुधार ल्याउने ।<br>-स्वास्थ्य संस्थामा प्रसुती गराउन महिलाहरुलाई प्रोत्साहन गर्ने<br>-स्वास्थ्य संस्थामा प्रसुती गराउदा आवस्यक पर्ने Recording /reporting Tools हरुको अभाव हुन नदिने |
| अपेक्षित प्रतिफल | -आमा र बच्चा लाई आवस्यक पर्ने पौस्टिक आहार वितरण भइ स्वास्थ्य जीवन अपनाउने छन<br>-स्वास्थ्य संस्थामा महिलाहरुले प्रसुती गराउने छन<br>-स्वास्थ्य संस्थामा Recording /reporting Tools हरुको व्यवस्थापन हुनेछ |
| संचालन प्रकिया | -स्वास्थ्य संस्थाबाट प्रसुती गराएका नगर क्षेत्र भित्रका सुत्केरी महिलाहरुको विवरण अध्यावधिक गर्ने ।<br>-अनुमानित महिलाहरुको लागि मातृ पोष्टो आहार, घिउ, मह, अण्डा आदि खरिद गर्ने ।<br>-खरिद गरिएको मातृ पोष्टो आहार, घिउ, मह, अण्डा वितरणको व्यवस्था मिलाउने ।<br>- सुत्केरी महिलालाई उपलव्ध गराउने पोष्टो आहारा सहितका सामाग्रीको परिमाण तथा लागत तथा सामाग्री उपलव्ध गराउने पकृया सहितको प्रस्तावना तयार गरी स्वीकृत गराउने ।<br>- Recording /reporting Tools आवस्यकता अनुसार छपाई वितरण गर्ने |
| जिम्मेवार निकाय | नगरपालिका, स्वास्थ्य शाखा |
| समयाबधि | आ.ब ०७६/७७ अवधि भरि |

**कार्यक्रमको नाम : Birth Defect कार्यक्रम संचालन गर्न Folic Acid खरिद**

खर्च शीर्षक नं. :२२५२२

बार्षिक बजेट र श्रोत : ३०० हजार (समानीकरण अनुदान- प्रदेश सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | नेपालमा हाल बिध्यमान उचच नवजात शिशु मृत्यु तथा पेरिनेटल मृत्युको प्रमुख कारणमा बच्चा बिकालाङग जन्मनु पनि एक हो । बिस्योब्यापी रुपमा अध्ययनहरुबाट प्रमाणित भए |

| | |
|---|---|
| | अनुसार गर्भ रहनु पूर्व देखिनै FOLIC ACID को प्रयोग गर्दा जन्मजात देखिने धेरै बिकृतिहरुलाई कम गर्न सकिने भएकोले यो कार्यक्रम राखिएको छ । |
| उदेश्य | नव बिबाहित महिलाले गर्भवती हुनु पूर्व Folic Acid को प्रयोग गरि बिकालाङग बच्चा जन्मनबाट बचाउने |
| अपेक्षित प्रतिफल | यो कार्यक्रम संचालन पश्चात सबै महिलाहरुले गर्भ रहनु भन्दा ३ महिना पहिले देखि गर्भ रहेको ३ महिना सम्म निरन्तर Folic Acid पाएका हुनेछन । |
| संचालन प्रकिया | -महिला स्वास्थ्य स्वयम सेविकाहरुले आफ्नो वडामा भर्खर बिबाह गरेका र बच्चा पाउने सोचमा भएका दम्पति पहिचान गरि स्वास्थ्य संस्थामा प्रेषण गर्ने<br>- महिला स्वास्थ्य स्वयम सेविकाहरुले प्रेषण गरेका दम्पतिहरुलाई स्वास्थ्य कर्मिहरुले परामर्स गरि चाहे अनुसार परिवार नियोजनका साधन उपलब्ध गराउने अथवा गर्भवती हुने मनसाय भएका महिलालाई गर्भवती हुनुभन्दा ३ महिना अगाडी देखि गर्भवती भएको ३ महिना सम्म जम्मा ६ महिना Folic Acid खुवाउने । |
| जिम्मेवार निकाय | न.पा. अन्तर्गतका सम्पूर्ण महिला स्वास्थ्य स्वयम सेविकाहरु, सम्पूर्ण स्वास्थ्य कर्मीहरु |
| समयाबधि | आ.ब.२०७६/७७ भरि निरन्तर |

**<u>कार्यक्रमको नाम : HMIS Tools, recording reporting tools, अन्य फाराम format छपाई तथा वितरण</u>**

खर्च शीर्षक नं. :२२५२२

बार्षिक बजेट र श्रोत : ३५० हजार (समानीकरण अनुदान- प्रदेश सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | आ.ब. ०७६-७७ को ससर्त अनुदानमा HMIS recording reporting tools र अन्य फाराम format छपाईमा रकम अभाब भएकोले स्वास्थ्य संस्थाहरुबाट recording reporting गर्न कुनै प्रकारको समस्या सिर्जना हुन नदिनको लागि यो कार्यक्रम राखिएको छ । |
| उदेश्य | -कार्यालयको दैनिक क्रियाकलापहरुलाई प्रभाबकारी बनाउन ।<br>- recording reporting समयमा गर्न |
| अपेक्षित प्रतिफल | स्वास्थ्य संस्थाको recording reporting गुणस्तरीय हुनेछ |
| संचालन प्रकिया | -स्वास्थ्य संस्थाहरुलाई बार्षिक रुपमा अनुमानित चाहिने विभिन्न प्रकारका HMIS फाराम फरम्याटहरुको यकिन गर्ने<br>- यकिन भए बमोजिमका फाराम फरम्याटहरु छपाई गरि वितरण गर्ने |
| जिम्मेवार निकाय | न.पा. स्वास्थ्य शाखा |
| समयाबधि | आ.ब.२०७६/७७ भरि निरन्तर |

**<u>कार्यक्रमको नाम : उत्कृस्ट महिला स्वास्थ्य स्वेम सेविकाहरुलाई सम्मान</u>**

खर्च शीर्षक नं. :२२५२२

बार्षिक बजेट र श्रोत : ४० हजार (समानीकरण अनुदान- प्रदेश सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | नगर क्षेत्रममा निस्वार्थ भावनाका साथ कार्य गर्ने म.स्व.स्वे.से को कामको उच्च कदर गरि प्रोत्साहन गर्न यो कार्यक्रम राखिएको छ |
| उदेश्य | आ.आफ्नो वडामा परिवार नियोजन , मात्रृ स्वास्थ्य , नवशिशु, बाल स्वास्थ्य लगायत प्रमुख स्वास्थ्य समस्याको रुपमा रहेको रोगहरुको बारेमा स्थानीय समुदायका मानिसहरुलाई स्वास्थ्य शिक्षा तथा सुचनाहरु निरन्तर प्रदान गर्ने कार्य गरिरहेका महिला स्वास्थ्य स्वेम सेविकाहरुको निस्वार्थ सेवाको उच्च मुल्यांकन गर्नु । |

| | |
|---|---|
| अपेक्षित प्रतिफल | म.स्व.स्वे.से को मुल्यांकन गरि प्रोत्साहन गर्दा काम गर्ने मनोबल बडी स्वास्थ्यका कार्यक्रम हरु प्रभावकारी रुपमा समुदायमा संचालन हुनेछन । |
| संचालन प्रकिया | यस आ.ब को १६ औ मा.स्व.स्वे.से दिवश (International Volunteer day 5 Dec) को दिन नगरपालिकामा कार्यक्रम आयोजना गरि स्वास्थ्य संस्थाको सिफारिसमा प्रतेक स्वास्थ्य संस्थाबाट एक जना गरि जम्मा ८ जना लाई नगद पुरस्कार तथा प्रमाण पत्र उपलब्ध गराउने । |
| जिम्मेवार निकाय | न.पा. स्वास्थ्य शाखा |
| समयाबधि | आ.ब.२०७६/७७ दोस्रो चौमासिक भित्र |

**कार्यक्रमको नाम : गर्भवती महिला लाई Calcium वितरण कार्यक्रम**

खर्च शीर्षक नं. :२२५२२

बार्षिक बजेट र श्रोत : ३०० हजार (समानीकरण अनुदान- प्रदेश सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | नेपालमा हाल बिध्यमान पेरिनेटल मृत्युको प्रमुख कारणमा तथा बिस्योब्यापी रुपमा अध्ययनहरुबाट प्रमाणित भए अनुसार गर्भ रहेको अवस्थामा देखिनै Calcium को प्रयोग गर्दा मात्रु मृत्यु कम गर्न सकिने भएकोले यो कार्यक्रम राखिएको छ । |
| उदेश्य | गर्भवती महिलाले गर्भावस्थामा Calcium को प्रयोग गरि स्वास्थ्य रहने जसले स्वास्थ्य बच्चा जन्मौना सहयोग पुग्नेछ स्वास्थ्य परिवार स्वास्थ्य नागरिक उत्पादन हुनेछन |
| अपेक्षित प्रतिफल | यो कार्यक्रम संचालन पश्चात सबै महिलाहरुले गर्भावस्थामा निरन्तर Calcium पाएका हुनेछन। |
| संचालन प्रकिया | -बार्षिक रुपमा आवासयक पर्ने Calcium पुर्व अनुमानगरि सार्वजनिक खरिद प्रक्रिया बमोजिम खरिद गर्ने<br>-महिला स्वास्थ्य स्वयम सेविकाहरुले आफ्नो वडामा भर्खर गर्भवती भएका महिलाको पहिचान गरि स्वास्थ्य संस्थामा प्रेषण गर्ने<br>- महिला स्वास्थ्य स्वयम सेविकाहरुले प्रेषण गरेका दम्पतिहरुलाई स्वास्थ्य कर्मिहरुले परामर्स गरि चाहे अनुसार परिवार नियोजनका साधन उपलब्ध गराउने अथवा गर्भवती भएका महिलालाई Calcium खुवाउने/ वितरण गर्ने । |
| जिम्मेवार निकाय | न.पा. अन्तर्गतका सम्पूर्ण महिला स्वास्थ्य स्वयम सेविकाहरु, सम्पूर्ण स्वास्थ्य कर्मीहरु |
| समयाबधि | आ.ब.२०७६/७७ भरि निरन्तर |

**कार्यक्रमको नाम : नगर स्वास्थ्य शाखा संचालन ब्यबस्थापन**

खर्च शीर्षक नं. :२२५२२

बार्षिक बजेट र श्रोत : ५० हजार (समानीकरण अनुदान- प्रदेश सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | सुर्योदय नगरपालिकामा रहेको स्वास्थ्य शाखाको नियमित कार्यालय संचालन तथा व्यवस्थापन गर्न तथा आवस्यक कार्य गर्न यो कार्यक्रम राखिएको छ |
| उदेश्य | स्वास्थ्य शाखाको नियमितकार्य कार्यसंचालन व्यवस्थित गर्न<br>स्वास्थ्य शाखाको कार्यालय तथा सञ्चालन व्यवस्थित गर्न |
| अपेक्षित प्रतिफल | स्वास्थ्य शाखा बाट संचालन गरिने नियमित कार्यहरु व्यवस्थित हुनेछन |
| संचालन प्रकिया | स्वास्थ्य शाखा संचालन तथा व्यवस्थापन गर्न आवस्यकता पहिचान गरि कार्यालय संचालन गर्ने (स्वास्थ्य शाखाको नागरिक वडा पत्र , स्वास्थ्य संस्थाहरुको स्वास्थ्य सेवाको सामाजिक नक्सा, नगर क्षेत्र भरिका स्थाई /करार कर्मचारी विवरण Flex/white board, IEC/BCC materials, संचार खर्च , अनुगमन खर्च, इन्धन, ढुवानी खर्च ,furniture,टेबल कुर्सि तथा |

| | |
|---|---|
| | कार्यालय मसलन्द खर्च आदिमा खर्च गर्न सकिने छ । |
| जिम्मेवार निकाय | सू.न.पा. स्वास्थ्य शाखा, नगर कार्यपालिकाको कार्यालय |
| समयावधि | आ.ब ०७६/७७ भरि |

**कार्यक्रमको नाम :महिला स्वास्थ्य स्वेम सेविकाहरुलाई प्रोत्साहन बापत बार्षिक यातायात खर्च**

खर्च शीर्षक नं. :२२५२२

बार्षिक बजेट र श्रोत : ५२८ हजार (समानीकरण अनुदान- प्रदेश सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | नगर क्षेत्रममा निस्वार्थ भावनाका साथ कार्य गर्ने सम्पूर्ण म.स्व.स्वे.से हरुलाई समुदाय स्तरमा प्रभावकारीरुपमा कामगर्न प्रोत्साहन गर्न नगरपालिका बाट यातायात खर्च उपलब्ध गराउन यो कार्यक्रम राखिएको छ |
| उदेश्य | आ.आफ्नो वडामा परिवार नियोजन , मात्रु स्वास्थ्य , नवशिशु, बाल स्वास्थ्य लगायत प्रमुख स्वास्थ्य समस्याको रुपमा रहेको रोगहरुको बारेमा स्थानीय समुदायका मानिसहरुलाई स्वास्थ्य शिक्षा तथा सुचनाहरु निरन्तर प्रदान गर्ने कार्य गरिरहेका महिला स्वास्थ्य स्वेम सेविकाहरुको निस्वार्थ सेवाको लागि थप उर्जा प्रदान गर्न । |
| अपेक्षित प्रतिफल | म.स्व.स्वे.से को मुल्यांकन गरि प्रोत्साहन गर्दा काम गर्ने मनोबल बडी स्वास्थ्यका कार्यक्रम हरु प्रभावकारी रुपमा समुदायमा संचालन हुनेछन । |
| संचालन प्रकिया | नगर क्षेत्र भरिका १७६ जना महिला स्वास्थ्य स्वेम सेविकाहरुलाई बार्षिक रुपमा प्रति एक जना लाई एकमुस्ट ३००० को दरले यातायात खर्च उपलब्ध गराउनु पर्ने छ |
| जिम्मेवार निकाय | नगर कार्यपालिकाको कार्यालय , न.पा. स्वास्थ्य शाखा |
| समयावधि | आ.ब.२०७६/७७ दोस्रो चौमासिक भित्र |

**कार्यक्रमको नाम : विभिन्न सर्ने,नसर्ने तथा महिनाबारी सरसफाई सम्बन्धि बिद्यालय स्वास्थ्य शिक्षा संचालन**

खर्च शीर्षक नं. :२२५२२

बार्षिक बजेट र श्रोत : ५० हजार (समानीकरण अनुदान- प्रदेश सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | समुदायमा विभिन्न किसिमका महामारी तथा सरुवा रोगहरुको कारण मानिसहरुले ज्यान गुमाउनु परेको अवस्था छ साथै महिनाबारी सरसफाईको कमीले धेरैले समस्या भोग्दै आइरहनु परेकोछ । यस्तो हुनुमा यसबारे सहि र पर्याप्त जानकारी नहुनु एक प्रमुख कारण मानिएको छ । त्यसैले यी बिषयहरुमा शिक्षा दिई स्वास्थ्य प्रतिको ब्यबहारमा सकारात्मक परिवर्तन ल्याउन आबश्यक भएकोले यो कार्यक्रम राखिएको छ। |
| उदेश्य | विभिन्न किसिमका महामारी,सरुवा रोग, सरसफाईको कमिबाट आउने समस्याहरुको रोकथाम तथा नियन्त्रणका लागि विभिन्न स्वास्थ्य शिक्षा कार्यक्रमहरु संचालन गर्ने । |
| अपेक्षित प्रतिफल | विभिन्न किसिमका महामारी,सरुवा रोग, सरसफाईको कमिबाट फैलिन सक्ने समस्याहरुको रोकथाम तथा नियन्त्रणबारे जानकारी भइ महामारी तथा सरुवा रोग रोकथाम तथा नियन्त्रणमा सहयोग पुग्ने । |
| संचालन प्रकिया | - नगरपालिका अन्तर्गत ३ वटा माध्यमिक बिद्यालय वा उच्च माध्यमिक बिद्यालय शिक्षा शाखा संग सहकार्य गरि विद्यालय छनौट गर्ने<br>- उक्त विद्यालयका ८,९ र १० कक्षामा अध्यनरत विद्याथीहरुलाई स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गर्ने<br>१) अन्तरक्रिया कार्यक्रम |

| | |
|---|---|
| | २) सचेतना कार्यक्रम<br>३) स्वास्थ्य शिक्षा सामाग्रीहरु जस्तैः पोस्टर,पम्फ्लेट छपाई तथा वितरण |
| जिम्मेवार निकाय | न.पा. स्वास्थ्य शाखा |
| समयावधि | आ.ब.२०७६/७७ दोस्रो चौमासिक |

**<u>कार्यक्रमको नाम : स्वास्थ्य संस्थाहरुको बार्षिक समीक्षा कार्यक्रम</u>**

खर्च शीर्षक नं. :२२५२२

बार्षिक बजेट र श्रोत : १०० हजार (समानीकरण अनुदान- प्रदेश सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | आ.ब ०७५/७६ मा यस नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्था हरुबाट विभिन्न स्वास्थ्य सेवा तर्फका कार्यक्रमको प्रगति तथा कार्यहरुको बिश्लेसन गर्न तथा आगामी वर्षमा स्वास्थ्य सेवा तर्फ कार्य गर्न स्वास्थ्य संस्था तथा सेवा प्रदायक ब्यबहारमा सकारात्मक परिवर्तन ल्याउन आबश्यक भएकोले यो कार्यक्रम राखिएको छ। |
| उदेश्य | स्वास्थ्य सेवा तर्फका कार्यक्रम हरुको प्रगति समीक्षा गरि SWOT Analysis गर्ने कार्यक्रम को गुणस्तर तथा प्रभावकारीताको मापन गर्ने कार्यक्रमहरु संचालन गर्ने । |
| अपेक्षित प्रतिफल | स्वास्थ्य संस्थाको बार्षिक प्रगति समीक्षा गरि सके पश्चयात समस्या चुनौती तथा समाधान बारे छलफल गरि समस्या समाधान भई कार्य संचालन तथा सेवा प्रवाहमा सहज हुनेछ |
| संचालन प्रकिया | -नगरपालिकाको स्वास्थ्य शाखा बाट आ.ब ०७५/७६ का कार्यक्रम तथा स्वास्थ्य गतिबिधि हरुको Template तयार परि सम्बन्धित स्वास्थ्य संस्थामा पठाउने<br>-आवस्यक समय प्रदान गरि उक्त template तथा प्रस्तुतीकरण तयार पर्न लाउने<br>-एक दिने बार्षिक समीक्षा कार्यक्रमको आयोजना गरि स्वास्थ्य संस्था बाट तयार गरिएका प्रस्तुतीकरण स्वास्थ्य संस्था प्रमुख /प्रतिनिधीबाट प्रस्तुतीकरण गराई बिश्लेसन गर्ने<br>-सहभागीहरु : नगर प्रमुख , उप-प्रमुख , सामाजिक बिकास समिति , स्वास्थ्य समिति वडा अध्यक्षहरु , स्वास्थ्य संस्था प्रमुख , नगरपालिका कर्मचारी , स्वास्थ्य कार्यालय ईलाम प्रतिनिधि आधि)<br>संचालन प्रक्रिया तथा खर्चको मापदण्ड सुर्योदय राजपत्रमा तोके बमोजिम हुनेछ |
| जिम्मेवार निकाय | न.पा. स्वास्थ्य शाखा |
| समयावधि | आ.ब.२०७६/७७ प्रथम चौमासिक |

**<u>कार्यक्रमको नाम : स्वास्थ्य संस्थाहरुलाई कार्यालय संचालन/ब्यबस्थापन खर्च</u>**

खर्च शीर्षक नं. :२२५२२

बार्षिक बजेट र श्रोत : २३६ हजार (समानीकरण अनुदान- प्रदेश सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | स्वास्थ्य संस्थाले दर्ता शुल्क बापत अनुदान रकम ०७६-७७ को ससर्त अनुदान मा समाबेस नभएकोले स्वास्थ्य संस्थाहरुलाई कार्यालय संचालन जस्तैःबिधुत,टेलिफोन,खानेपानी महसुल भुक्तानी गर्न यो कार्यक्रम राखिएको छ |
| उदेश्य | कार्यालय संचालन जस्तैःबिधुत,टेलिफोन,खानेपानी महसुल भुक्तानी जस्ता कार्यालय संचालन खर्च ब्यबस्थापन गर्न । |
| अपेक्षित प्रतिफल | -स्वास्थ्य संस्थाहरुको कार्यालय संचालन/ब्यबस्थापन हुनेछ । |
| संचालन प्रकिया | -नगरपालिका अन्तर्गतका २ वटा प्राथमिक स्वास्थ्य केन्द्र,६ वटा स्वास्थ्य चौकी र सहरी स्वास्थ्य केन्द्रलाई तपसिल बमोजिमको रकम वितरण गरिनेछ<br>१. फिक्कल प्राथमिक स्वास्थ्य केन्द्र – रु.५६,०००/- |

| | |
|---|---|
| | २. पशुपतिनगर प्राथमिक स्वास्थ्य केन्द्र – रु.५०,०००/-<br>३. स्वास्थ्य चौकी (सबै ६ वटा) – रु.२०,०००/- का दरले<br>४. सहरी स्वास्थ्य केन्द्र मलिम – रु.१०,०००/-<br>- स्वास्थ्य संस्थाहरुको लागि बाडफाड गरिने रकम सम्बन्धित स्वास्थ्य संस्थाको खातामा एकमुस्ट जम्मा गरि जानकारी गरिनेछ ।यसरि पठाइएको रकमबाट स्वास्थ्य संस्था संचालन तथा ब्यबस्थापन समितिको निर्णयानुसार स्वास्थ्य संस्थाहरुले निम्नानुसार कार्यमा खर्च गर्नु पर्नेछ ।<br><br>१. बिद्युत, खानेपानी तथा टेलिफोन महसुल भुक्तानी दिन<br>२. आबश्यक गुणस्तरीय औषधि/औजार उपकरण खरिद गर्न<br>३. लक्षित बर्गको सेवा पहुच र उपभोगमा बृदि गराउनका लागि सामाजिक परिचालन क्रियाकलाप संचालन गर्न<br>४. स्वास्थ्य संस्थाको सरसफाई सम्बन्धि कार्यमा खर्च गर्न<br>५. लेखा परिक्षण शुल्क तिर्न |
| जिम्मेवार निकाय | न.पा. स्वास्थ्य शाखा |
| समयाबधि | आ.ब.२०७६/७७ पहिलो चौमासिक |

**<u>कार्यक्रमको नाम : स्वास्थ्य संस्थामा फोहोरमैला ब्यबस्थापन</u>**

खर्च शीर्षक नं. :२२५२२

बार्षिक बजेट र श्रोत : १०० हजार (समानीकरण अनुदान- प्रदेश सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | स्वस्थ्य रहनको लागि आफूमात्र नभई आफ्नो वर परको बाताबरण स्वोच्छ हुनुपर्ने र स्वास्थ्य संस्थाकै बाताबरण स्वोच्छ नहुदा जन मानसमा जान सक्ने नकारात्मक सोचलाई बदल्नका लागि स्वास्थ्य संस्थाको फोहोरमैला को उचित ब्यबस्थापन हुनुपर्ने कुरालाई मध्यनजर गरेर यो कार्यक्रम राखिएको छ । |
| उदेश्य | -स्वास्थ्य संस्थाबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्ने ।<br>- स्वास्थ्य संस्थाबाट निस्कने जोखिमपूर्ण र जोखिम रहित फोहोरमैला उचित रुपमा ब्यबस्थापन गरि स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी, स्थानीय समुदायका व्यक्तिहरुलाई स्वास्थ्य संस्थाजन्य फोहोरमैला बाट हुने संक्रमण बाट बचाउने<br>- स्वास्थ्य संस्थाजन्य फोहोरमैला सुरक्षित रुपले बिसर्जन गरि स्वास्थ्य संस्थामा स्वोच्छ, सफा तथा आनन्दमय बताबरंणको सिर्जना गर्ने |
| अपेक्षित प्रतिफल | -स्वास्थ्य संस्थाबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तर सुधार हुनेछ<br>- स्वास्थ्य संस्थाजन्य फोहोरमैला सुरक्षित रुपले बिसर्जन गरि स्वास्थ्य संस्थामा स्वोच्छ, सफा तथा आनन्दमय बताबरंणको सिर्जना हुनेछ |
| संचालन प्रकिया | - स्वास्थ्य संस्थाहरुमा फोहोरमैला ब्यबस्थापनका लागि तपसिल बमोजिम मा सामाग्रीहरु बजेटको दायरामा रही खरिद गरि वितरण गर्ने<br>१) Autoclave<br>२) Health Care Waste Management Guideline 2014 अनुसार फोहोरमैला ब्यबस्थापनको लागि आबश्यक पर्ने बाटा, बाल्टिनहरु आदि |
| जिम्मेवार निकाय | न.पा. स्वास्थ्य शाखा |
| समयाबधि | आ.ब.२०७६/७७ प्रथम चौमासिक |

**कार्यक्रमको नाम : स्वास्थ्य संस्थाहरु बाट प्रसुती गराउदा निस्केका साल नाल व्यवस्थापनको लागि Placenta Pit निर्माण**

खर्च शीर्षक नं. :२२५२२

बार्षिक बजेट र श्रोत : २५० हजार (समानीकरण अनुदान- प्रदेश सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | स्वास्थ्य संस्थाबाट प्रसुती गराए पश्चात निस्केका साल नालको उचित ब्यबस्थापन हुनुपर्ने कुरालाई मध्यनजर गरेर यो कार्यक्रम राखिएको छ । |
| उदेश्य | -स्वास्थ्य संस्थाबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्ने ।<br>- स्वास्थ्य संस्थाबाट प्रसुती गराए पच्यात निस्किने साल नाल को उचित व्यवस्थापन गर्ने<br>-संक्रमण रोकथाम तथा फोहोर्मैला को उचित व्यवस्थापन गर्ने |
| अपेक्षित प्रतिफल | -स्वास्थ्य संस्थाबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तर सुधार हुनेछ<br>- स्वास्थ्य संस्थाजन्य फोहोरमैला सुरक्षित रुपले बिसर्जन गरि स्वास्थ्य संस्थामा स्वोच्छ, सफा तथा आनन्दमय बताबरंणको सिर्जना हुनेछ |
| संचालन प्रकिया | - नगरपालिका क्षेत्र भित्रका बर्थिंग सेन्टर मध्ये बजेटको परिधि भित्र रही स्वास्थ्य संस्था छनोट गरिनेछ<br>छनोट भएको/भएका स्वास्थ्य संस्था मध्ये सार्वजनिक खरिद प्रक्रिया बमोजिम उक्त निर्माण कार्य अघि बढाइने छ । |
| जिम्मेवार निकाय | न.पा. स्वास्थ्य शाखा |
| समयाबधि | आ.ब.२०७६/७७ प्रथम/दोस्रो चौमासिक |

**कार्यक्रमको नाम : स्वास्थ्य संस्थामा निसुल्क औषधि(३५ र ५८) सर्जिकल सामग्री (औजार उपकरण Cotton , bandage आदि) खरिद /वितरण प्राथमिक स्वास्थ्य केन्द्र /स्वास्थ्य चौकी /शहरी स्वास्थ्य केन्द्र सुधिरिकरण क्रियाकलाप**

खर्च शीर्षक नं. :२७२१३

बार्षिक बजेट र श्रोत : २५०० हजार (समानीकरण अनुदान- प्रदेश सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | स्वास्थ्य संस्था बाट सेवा प्रदानगर्न अत्यावस्यक निसुल्क वितरण गर्नु पर्ने औषधि , सेवा प्रदान गर्न आवस्यक औजार/उपकरण तथा Furniture र प्राथमिक स्वास्थ्य केन्द्र २ /स्वास्थ्य चौकी ६ /शहरी स्वास्थ्य केन्द्र मलिमको स्वास्थ्य सेवा सुधिरिकरण गर्न यो बजेट बिनियोजन गरिएको छ |
| उदेश्य | -स्वास्थ्य संस्थाबाट अतिअवासयक निसुल्क औषधिको नियमित आपूर्ति गर्न ।<br>- स्वास्थ्य संस्था औजार उपकरण भइ गुणस्तर स्वास्थ्य सेवा प्रवाह गर्न ।<br>-स्वास्थ्य संस्था कार्यालय व्यवस्थापन तथा स्वास्थ्य सेवा सुधिरिकरण गर्न । |
| अपेक्षित प्रतिफल | -स्वास्थ्य संस्थाबाट अतिअवासयक निसुल्क औषधिको नियमित आपूर्ति हुनेछ ।<br>- स्वास्थ्य संस्था औजार उपकरण भइ गुणस्तर स्वास्थ्य सेवा प्रवाह हुनेछ ।<br>-स्वास्थ्य संस्था कार्यालय व्यवस्थापन तथा स्वास्थ्य संस्थाको सेवा सुधिरिकरण हुनेछ । |
| संचालन प्रकिया | - स्वास्थ्य संस्थाबाट निसुल्क वितरण गर्नु पर्ने औषधिको बार्षिक अनुमानित विवरण तयार गरि आवस्यकता अनुसार नियमानुसारको खरिद प्रक्रिया आगाडी बढाउनु पर्ने ।<br>-स्वास्थ्य संस्थामा आवस्यक पर्ने Minimum service standard अनुसारको औजार उपकरण खरिद गरि वितरण गर्नु पर्ने ।<br>स्वास्थ्य संस्थाको सेवा सुधिरिकरण गर्न स्वास्थ्य संस्था संग आवस्यक सहकार्य तथा समन्वय गरि कार्य अगाडी बढाउनु पर्ने । |
| जिम्मेवार निकाय | न.पा. स्वास्थ्य शाखा |

| | |
|---|---|
| समयावधि | आ.ब.२०७६/७७ अवधि भरि |

**कार्यक्रमको नाम : फिक्कल प्राथमिक स्वास्थ्य केन्द्रमा आकस्मिक सेवा कक्ष स्थापना**

खर्च शीर्षक नं. :३१११२

बार्षिक बजेट र श्रोत : १००० हजार (समानीकरण अनुदान- प्रदेश सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | फिक्कल प्राथमिक स्वास्थ्य केन्द्र बाट प्रदान गरिने आकस्मिक सेवा लाई थप गुणस्तरीय तथा सेवा प्रदायक मैत्री बनाउन यो कार्यक्रम आवस्यक भएकोले बजेट बिनियोजन गरिएको छ । |
| उदेश्य | -स्वास्थ्य केन्द्रको सेवा सेवा प्रदायक तथा सेवा ग्राही मैत्री बनाउन ।<br>-स्वास्थ्य केन्द्रमा बिरामीको चाप धेरै भएकोलेले स्वास्थ्य संस्थाको पुर्बधार बिकास गर्न<br>-स्वास्थ्य केन्द्रको आकस्मिक सेवा थप गुणस्तरीय बनाउन ।<br>-आकस्मिक स्वास्थ्यसेवा लाई आवस्यक पर्ने औजार उपकरण खरिद गरि आकस्मिक कक्ष लाई थप व्यवस्थित बनाउन । |
| अपेक्षित प्रतिफल | -स्वास्थ्य संस्थाबाट प्रदान गरिने आकस्मिक स्वास्थ्य सेवाको गुणस्तर सुधार हुनेछ ।<br>- सेवा ग्राहीले गुणस्तरीय स्वास्थ्य सेवा पाउने छन तथा सेवा प्रदायकले सहज बातावरणमा उक्त सेवा प्रदान गर्न सक्नेछन । |
| संचालन प्रकिया | - भौतिक पुर्बधारको स्थलगत निरीक्षणगरि मर्मत /निर्माण को आवस्यक पुर्बधारको बिकास गर्नु पर्नेछ ।<br>-आकस्मिक सेवा प्रदान गर्न Minimum standard guideline बमोजिम आवस्यक औजार उपकरण, Emergency Medicines खरिद गर्नुपर्ने<br>- आकस्मिक कक्ष लाई आवस्यक पर्ने Furniture तथा Recording Reporting tools को व्यवस्थापन गर्नु पर्ने ।<br>उल्लेखित कार्यका लागि लागत अनुमान तयार गरी प्रचलित खरिद कानून बमोजिम कार्य गराउने र सो वापतको खर्च यस शीर्षकबाट भुक्तानी गर्ने । |
| जिम्मेवार निकाय | न.पा. स्वास्थ्य शाखा |
| समयावधि | आ.ब.२०७६/७७ दोस्रो चौमासिक भित्र |

**अनुगमन तथा प्रतिवेदन प्रणाली :** उल्लेखित कृयाकलापहरु, नेपाल सरकारले सशर्त अनुदानको रुपमा उपलव्ध गराएको बजेटबाट सञ्चालित कार्यक्रमहरु, नगर क्षेत्र भित्र रहेका स्वास्थ्य संस्थाहरुबाट सम्पादित कार्यहरुको नियमित अनुगमन गर्ने कार्य नगर कार्यपालिकाको जनस्वास्थ्य प्रवर्द्धन उपशाखाको हुनेछ । नगर कार्यपालिकाबाट गठीत सामाजिक विकास समिति, नगर उपप्रमुखज्यूको अध्यक्षतामा गठीत नगर स्तरीय अनुगमन समिति र नगर कार्यपालिकाबाट समेत समग्र स्वास्थ्य क्षेत्रका कृयाकलाप र सेवा प्रवाहको अवस्थाको अनुगमन हुनेछ । सबै तहबाट हुने अनुगमनको प्रतिवेदनहरुको आधारमा समग्र स्वास्थ्य क्षेत्रको चौमासिक तथा वार्षिक प्रतिवेदन तयार गरि प्रमुख प्रशासकीय अधिकृत मार्फत पेश गर्ने जिम्मेवारी जनस्वास्थ्य प्रवर्द्धन उपशाखाको हुनेछ ।

## खण्ड ८-कृषि, सहकारी, उद्यम विकास तर्फको बजेटको कार्यान्वयन प्रकृया

**सहकारी**

**कार्यक्रमको नाम - सहकारी –सहकारी संस्थाहारुको लागि अभिलेख व्यवस्थापन, आधारभूत लेखापालन ,पल्स अनुगमन ,व्यवसायिक कार्ययोजना निर्माण ,रणनैतिक योजना निर्माण तथा उद्यमशीलता तालिम**

खर्च शीर्षक नं. - २२५१२

बार्षिक बजेट र श्रोत - १०,००,०००।–

| | |
|---|---|
| कार्यक्रमको परिचय | सहकारी संस्थाहारुको लागि अभिलेख व्यवस्थापन, आधारभूत लेखापालन ,पल्स अनुगमन ,व्यवसायिक कार्ययोजना निर्माण , रणनैतिक योजना निर्माण तथा उद्यमशीलता तालिम संचालन । |
| उद्देश्य | सहकारी संस्थाहरुको क्षमता अभिबृद्धि र लेखा व्यवस्थापन तथा वर्तमान ऐन , नियम कानुन बारे जानकारी गराउने |
| अपेक्षित प्रतिफल | सूर्योदय नगरपालिका सहकारी संस्थाहरु व्यवस्थित तथा कानुन बमोजिम संचालन भएका हुने छन् । |
| संचालन प्रकृया | सूर्योदय नगरपालिकाका सहकारी मध्येवाट कम्तीमा ४० वटा सहकारीहरु बाट छनौट गरि तालिममा सहभागि नभएकालाई प्राथमिकतामा राखि तालिम संचालन गरिने छ । प्रत्येक विषय अन्तरगतका विशेषज्ञ झिकाई छुट्टा छुट्टै तालिम दिइने छ । |
| जिम्मेवार निकाय | आर्थिक विकास शाखा (सहकारी हेर्ने डेक्स) |
| समयावधि | आ. व. ०७६/०७७ को पहिलो ,दोश्रो र तेस्रो चौमासिकमा गरिने छ । |
| परिणाम सूचक | उपस्थिती हाजिरी ,तालिम प्रतिवेदन |

**कार्यक्रमको नाम - १० सहकारी संस्थालाई तालिम तथा कम्प्युटर अनुदान**

खर्च शीर्षक नं. - २२५२२

बार्षिक बजेट र श्रोत - १०,००,०००।–

| | |
|---|---|
| कार्यक्रमको परिचय | १० सहकारी संस्थालाई तालिम तथा कम्प्युटर अनुदान |
| उद्देश्य | सहकारी संस्थाहरुले आफ्नो विवरण कम्प्युटरमा व्यवस्थित गर्न सक्ने बनाउनु |
| अपेक्षित प्रतिफल | कम्प्युटरको तालिम लिई सहकारी संस्थाहरुमा कम्प्युटर भई कारोवार व्यवस्थित गरिएको हुने छ । |
| संचालन प्रकृया | सु. न.पा.का सहकारीहरु मध्ये करोडमाथि कारोवारगर्ने र उत्कृष्ठ तर कम्प्युटर सेवा बाट बन्चित सहकारीहरु मध्ये वाट सहभागि गराइ तालिम गराइने छ । र कम्प्युटर खरिद गरि सहकारी संस्थालाई हस्तान्तरण गरिने छ । |
| जिम्मेवार निकाय | आर्थिक विकास शाखा (सहकारी हेर्ने डेक्स) |
| समयावधि | आ.व. ०७६/०७७ को दोश्रो चौमासिकमा सम्पन्न गरिने छ । |
| परिणाम सूचक | उपस्थिती हाजिरी , तालिम प्रतिवेदन ,कम्प्युटरमा दक्ष र कम्प्युटर प्राप्त गरि बुझेको भरपाई आदि । |

**कार्यक्रमको नाम -सहकारी दिवश मनाउने तथा उत्कृष्ट सहकारी पुरस्कार (किसिम अनुसार)**

खर्च शीर्षक नं. - २२५२२

बार्षिक बजेट र श्रोत - १,५०,०००।–

| | |
|---|---|
| कार्यक्रमको परिचय | सहकारी दिवश मनाउने तथा उत्कृष्ट सहकारी पुरस्कार (किसिम अनुसार) |

| | |
|---|---|
| उद्देश्य | सूर्योदय नगरपालिकामा सञ्चालित सहकारी सस्थाहरुलाई राम्रो पारदर्शिता र इमानदारीता बनाउन र प्रोत्साहित गर्न । |
| अपेक्षित प्रतिफल | सूर्योदय नगरपालिकाका १४ वटा वडामा संचालित सहकारी संस्थाहरु कार्य संचालन तथा ऐन नियमको पालना गरेको हुनेछन् । |
| संचालन प्रकृया | चैत्र २० गते सहकारी दिवसको दिन नगर भित्रका सहकारी संस्थाहरुको सहभागिता हुने गरी सहकारी दिवश मनाउने .सु.न.पा.को सबै वडाका सहकारीहरुबाट उत्कृष्ट सहकारी छनौट गरि पुरस्कृत गरिने छ । |
| जिम्मेवार निकाय | आर्थिक विकास शाखा (सहकारी हेर्ने डेक्स) |
| समयावधि | आ.व. ०७६/०७७ को तेस्रो चौमासिक हुने छ । |
| परिणाम सूचक | उपस्थिती हाजिरी ,तालिम प्रतिवेदन |

**कार्यक्रमको नाम -सहकारी संस्थाहरुको एकिकरण ,दर्ता खारेजी सम्बन्धी कार्य**

खर्च शीर्षक नं. - २२५२२

बार्षिक बजेट र श्रोत - १५००००।-

| | |
|---|---|
| कार्यक्रमको परिचय | सहकारी संस्थाहरुको एकिकरण ,दर्ता खारेजी सम्बन्धी कार्य |
| उद्देश्य | विषय मिल्दो र एकै कार्य क्षेत्रका संस्थालाई एकिकरण गर्ने र २ वर्ष देखि निस्कृय भएका सहकारीलाई दर्ता खारेजी गर्ने । |
| अपेक्षित प्रतिफल | निस्कृय सहकारी संस्थाहरु एकिकरण या दर्ता खारेजी हुनेछन् । |
| संचालन प्रकृया | नियमन अनुगमन गरि स्थलगत प्रतिवेदन प्राप्त गरि आवश्यक कार्यवाही अगाडी वढाइने छ ,एफ.एम तथा पत्र पत्रिकामा सूचना प्रकासन गरि विनियम पुर्नलेखन गरि गरिने छ । |
| जिम्मेवार निकाय | आर्थिक विकास शाखा (सहकारी हेर्ने डेक्स) |
| समयावधि | आ.व.०७६÷०७७ तेस्रो चौमासिक सम्म रहने छ । |
| परिणाम सूचक | निरिक्षण पुस्तिका रजिष्टर ,अनुगमन प्रतिवेद ,फोटो ,पत्रिका आदि । |

**कार्यक्रमको नाम -सहकारी संस्थाहरुको नियमित÷सघन अनुगमन र नियमन**

खर्च शीर्षक नं. - २२५२२

बार्षिक बजेट र श्रोत -३०००००।-

| | |
|---|---|
| कार्यक्रमको परिचय | सहकारी संस्थाहरुको नियमित/सघन अनुगमन र नियमन |
| उद्देश्य | सूर्योदय नगरपालिकामा संचालित सबै सहकारी संस्थाहरुको नियमित र सघन अनुगमन नियमन गरि संस्थाको वास्तविक स्थिती बुझिने छ । |
| अपेक्षित प्रतिफल | निस्कृय सहकारी संस्थाहरु एकिकरण या दर्ता खारेजी हुनेछन् । |
| संचालन प्रकृया | नियमन अनुगमन गरि स्थलगत प्रतिवेदन प्राप्त गरि आवश्यक कार्यवाही अगाडी वढाइने छ र स्थलगत प्रतिवेदन संस्थाको निरिक्षण पुस्तिकामा समेत दिइने छ । |
| जिम्मेवार निकाय | आर्थिक विकास शाखा (सहकारी हेर्ने डेक्स) |
| समयावधि | आ.व.०७६/०७७ तेस्रो चौमासिक सम्म रहने छ । |
| परिणाम सूचक | निरिक्षण पुस्तिका रजिष्टर ,अनुगमन प्रतिवेद ,फोटो ,आदि । |

**कार्यक्रमको नाम - सहकारी चिया उद्योग स्थापनामा सहकारी संस्थालाई व्याज अनुदान**

खर्च शीर्षक नं. - २२३१५

बार्षिक बजेट र श्रोत - २५,००,०००।-

| | |
|---|---|
| कार्यक्रमको परिचय | सहकारी चिया उद्योग स्थापनामा सहकारी संस्थालाई व्याज अनुदान |
| उद्देश्य | सहकारी संस्थाहरुले चिया उद्योग स्थापना गर्न इच्छुक भएमा व्याज अनुदान प्राप्त गर्ने छन् |
| अपेक्षित प्रतिफल | चियाको क्षेत्रमा सहकारीहरुले चिया उद्योग स्थापना गरि चिया उद्यमी बनेका हुने छन् । |
| संचालन प्रकृया | सुचना प्रकासन गरि प्रस्ताव आव्हान गरि ,प्रस्ताव स्वीकृत भई सम्झौता गरि कार्यदेश गरिने छ । |
| जिम्मेवार निकाय | आर्थिक विकास शाखा (सहकारी हेर्ने डेक्स) |
| समयावधि | प्रस्तावनाको मिति अनुसार हुनेछ । |
| परिणाम सूचक | अनुगमन प्रतिवेदन र कारखाना निर्माण,ऋण प्राप्त गरि सम्झौता आदि |

**कार्यक्रमको नाम -सहकारी पसल स्थापना,व्याज अनुदान तथा वीउपूँजी अनुदान ( एक वडा एक सहकारी पसल)**

खर्च शीर्षक नं. - २२३१५

बार्षिक बजेट र श्रोत - २५०००००।-

| | |
|---|---|
| कार्यक्रमको परिचय | सहकारी पसल स्थापना,व्याज अनुदान तथा वीउपूँजी अनुदान ( एक वडा एक सहकारी पसल) |
| उद्देश्य | सूर्योदय नगरपालिकाका १४ वटै वडाका सहकारी संस्थाहरुले सहकारी पसल स्थापना गर्न इच्छुक भएमा व्याज अनुदानमा वीउँ पूँजी प्राप्त गर्ने छन् । |
| अपेक्षित प्रतिफल | सूर्योदय नगरपालिकाका १४ वटै वडाका सहकारी संस्थाहरुले सहकारी पसल स्थापना गर्न इच्छुक भएमा व्याज अनुदानमा वीउँ पूँजी प्राप्त गरि सहकारी पसल खोलिएको हुनेछ । |
| संचालन प्रकृया | सुचना प्रकासन गरि प्रस्ताव आव्हान गरि ,प्रस्ताव स्वीकृत भई सम्झौता गरि कार्यदेश गरिने छ । |
| जिम्मेवार निकाय | आर्थिक विकास शाखा (सहकारी हेर्ने डेक्स) |
| समयावधि | आ.व. ०७६/०७७ को तेस्रो चौमासिक सम्ममा हुनेछ । |
| परिणाम सूचक | अनुगमन प्रतिवेदन र व्याज अनुदान तथा वीउँपूँजी अनुदान सम्झौता आदि |

कृषि

कार्यक्रमको नामः कृषि विषादी व्यवस्थापन तालिम

खर्च शीर्षक नं.: २२५१२

वार्षिक वजेट र श्रोतः २५०

| | |
|---|---|
| कार्यक्रमको परिचय | कृषकहरुको जनचेतना अभिवृद्धि गर्ने । |
| उद्देश्य | विषादीबाट मानव स्वास्थ्य, वातावरण तथा पारिस्थितिक प्रणालीमा पर्ने असरको न्यूनिकरण गर्दै क्रमशः रसायनिक विषादीरहित नगरपालिका निर्माण गर्ने । |
| अपेक्षित प्रतिफल | विषादीको सही र समुचित प्रयोग, रसायनिक विषादी प्रयोगमा न्यूनिकरण हुने । |
| सञ्चालन प्रक्रिया | कृषक छनौट गरी विशेषज्ञ मार्फत तालिम सञ्चालन गर्ने |
| समयावधि | दोश्रो चौमासिक |

| | |
|---|---|
| परिणाम सूचक | प्रतिवेदन, माइन्युट |

कार्यक्रमको नामः कृषि सिताके / कन्या च्याउ खेती तालिम र बीउ वितरण
खर्च शीर्षक नं.: २२५१२
वार्षिक वजेट र श्रोतः २००

| | |
|---|---|
| कार्यक्रमको परिचय | कृषकहरुलाई च्याउ खेती सम्बन्धी जनचेतना अभिवृद्धि तथा सीप विकास |
| उद्देश्य | च्याउमा आत्मनिर्भरता बढ्ने |
| अपेक्षित प्रतिफल | च्याउ खेतीबाट कृषकहरुको आम्दानी बढ्ने र उपभोक्तालाई सहज रुपमा च्याउ उपलब्ध हुने । |
| सञ्चालन प्रक्रिया | कृषक छनौट गरी च्याउ सम्बन्धी तालिम तथा तालिमपश्चात् बीउ वितरण गर्ने । |
| समयावधि | दोश्रो चौमासिक |
| परिणाम सूचक | भरपाई तथा प्रतिवेदन |

कार्यक्रमको नामः कृषि अर्गानिक नगरका लागि आई. सि. एस. म्यानुअल निर्माण
खर्च शीर्षक नं.: २२५२२
वार्षिक वजेट र श्रोतः २००

| | |
|---|---|
| कार्यक्रमको परिचय | अर्गानिक नगरका लागि आई.सि.एस. म्यानुअल तयार गर्ने |
| उद्देश्य | प्रांगारिक प्रमाणीकरणको अन्तिम चरण पूरा गर्ने |
| अपेक्षित प्रतिफल | आन्तरिक नियन्त्रण प्रणाली लागु गरी प्रांगारिक उन्मुख उत्पादन हुने |
| सञ्चालन प्रक्रिया | विषय विशेषज्ञबाट म्यानुअल तयारी गरी स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्ने । |
| समयावधि | आ.व. भरिमा |
| परिणाम सूचक | म्यानुअल तथा प्रतिवेदन |

कार्यक्रमको नामः कृषि कफी खेती सम्बन्धी कार्यक्रम
खर्च शीर्षक नं.: २२५२२
वार्षिक वजेट र श्रोतः ५००

| | |
|---|---|
| कार्यक्रमको परिचय | कफी खेती विस्तार गर्ने |
| उद्देश्य | नगर क्षेत्रमा कफी खेतीको सम्भावना पहिचान गरी शुरुवात गर्ने |
| अपेक्षित प्रतिफल | रोजगारी सिर्जना तथा आर्थिक वृद्धि हुने । |
| सञ्चालन प्रक्रिया | सूचना प्रकाशन, समूह गठन, स्थान छनौट, कफी खेती सम्बन्धी तालिम, माटो परीक्षण तथा विरुवा वितरण |
| समयावधि | आ.व. भरिमा |
| परिणाम सूचक | भरपाई तथा प्रतिवेदन |

कार्यक्रमको नामः किवी खेती सम्बन्धी कार्यक्रम
खर्च शीर्षक नं.: २२५२२
वार्षिक वजेट र श्रोतः ५०

| | |
|---|---|
| कार्यक्रमको परिचय | किवी खेतीको व्यावसायिक शुरुवाता तथा विस्तार गर्ने |
| उद्देश्य | नगर क्षेत्रमा किवी खेतीको सम्भाव्यता अध्ययन गरी किवी खेतीको व्यावसायिकीकरणमा विस्तार गर्ने |
| अपेक्षित प्रतिफल | किवी खेतीको शुरुवात हुनेछ । |
| सञ्चालन प्रक्रिया | सूचना प्रकाशन गरी कृषक छनौट गरी किवी खेतीको तालिम सञ्चालन गर्ने । |
| समयावधि | दोश्रो चौमासिक |
| परिणाम सूचक | प्रतिवेदन |

कार्यक्रमको नामः चिया दिवस मनाउने कार्यक्रम
खर्च शीर्षक नं.: २२५२२
वार्षिक वजेट र श्रोतः ३००

| | |
|---|---|
| कार्यक्रमको परिचय | सूर्योदय नगरपालिका चियाको राजधानीको रुपमा परिचित रहेकोले सोको गरिमा कायम राख्न तथा राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा चियाको पहिचान विस्तार गर्नका लागि चिया दिवस मनाइने । |
| उद्देश्य | अर्थोडक्स तथा अर्गानिक चियाको प्रचारप्रसार भई तयारी चियाको आन्तरिक तथा बाह्य बजार प्रवर्द्धन हुने । |
| अपेक्षित प्रतिफल | चिया निर्यात बढ्ने, व्यापारीहरु आकर्षित हुने तथा चियालाई देश विदेशमा परिचित गराउने । |
| सञ्चालन प्रक्रिया | चिया तथा कफी विकास बोर्डसँग सहकार्यमा स्थानीय चिया किसान र चिया उद्योगी समेतको सहभागितामा कार्यक्रम आयोजना गरि चिया दिवश मनाउने । |
| समयावधि | आ.व. ०७६/७७ |
| परिणाम सूचक | माइन्युट तथा प्रतिवेदन |

कार्यक्रमको नामः जैविक मल तथा विषादी उत्पादन लागत साझेदारीमा सञ्चालन
खर्च शीर्षक नं.: २२५२२
वार्षिक वजेट र श्रोतः १०००

| | |
|---|---|
| कार्यक्रमको परिचय | अर्गानिक कृषि खेती पद्धति अपनाउन जैविक मल तथा विषादी उत्पादन गर्ने |
| उद्देश्य | अर्गानिक नगर घोषणामा टेवा पुर्याउने । मानव स्वास्थ्य, वातावरण तथा समग्र पारिस्थितिक प्रणालीमा सुधार हुने । |
| अपेक्षित प्रतिफल | माटोको जैविक गुण कायम रहन मद्दत पुग्ने, नगरवासीको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने, वातावरणीय सन्तुलन कायम रहने । |
| सञ्चालन प्रक्रिया | सूचना प्रकाशन गरी प्रस्ताव लिने र सम्झौता अनुसार लागत साझेदारीमा जैविक मल तथा विषादी उत्पादन गराउने । |
| समयावधि | दोश्रो चौमासिक |
| परिणाम सूचक | प्रतिवेदन |

कार्यक्रमको नामः मौरीपालन तालिम तथा घारमा अनुदान
खर्च शीर्षक नं.: २२५२२
वार्षिक वजेट र श्रोतः ३००

| | |
|---|---|
| कार्यक्रमको परिचय | मौरीपालन व्यवसायलाई थप व्यवस्थित बनाउनका लागि तालिमको व्यवस्था गर्नुका साथै मौरीको घारमा अनुदान उपलब्ध गराउने |
| उद्देश्य | महको उत्पादनमा वृद्धि गरी व्यावसायिक मौरीपालनको विकास गर्ने |
| अपेक्षित प्रतिफल | स्थानीय स्तरमा महको उत्पादनमा वृद्धि, मौरीपालन व्यावसायिकीकरणको विकास तथा विस्तार, बजारमागलाई पूर्ति गरी आयात घटाउने । |
| सञ्चालन प्रक्रिया | सूचना प्रकाशन, कृषक छनौट, कृषक तालिम तथा तालिमपश्चात् अनुदानमा घार वितरण |
| समयावधि | दोश्रो चौमासिक |
| परिणाम सूचक | भरपाई तथा प्रतिवेदन |

कार्यक्रमको नामः कृषि निशुल्क वितरणका लागि औषधी खरिद
खर्च शीर्षक नं.: २७२१३
वार्षिक वजेट र श्रोतः ३००

| | |
|---|---|
| कार्यक्रमको परिचय | कृषि शाखामा आएका कृषकहरुलाई जैविक विषादी वितरण गर्ने |
| उद्देश्य | कृषकहरुलाई जैविक विषादीको प्रयोग गराउन उत्प्रेरित गर्ने |
| अपेक्षित प्रतिफल | रसायनिक विषादी रहित कृषि उत्पादन हुने, कृषि सेवा शाखा र कृषकहरु बीच अन्तरसम्बन्ध स्थापित हुने |
| सञ्चालन प्रक्रिया | औषधी खरिद गरी माग तथा आवश्यकता अनुसार निशुल्क वितरण गर्ने |
| समयावधि | आ.व. भर |
| परिणाम सूचक | भरपाई तथा प्रतिवेदन |

कार्यक्रमको नामः सिल्पोलिन प्लाष्टिक अनुदान
खर्च शीर्षक नं.: ३११३१
वार्षिक वजेट र श्रोतः २००

| | |
|---|---|
| कार्यक्रमको परिचय | वेमौसमी तरकारी खेतीका लागि सिल्पोलिन प्लाष्टिक वितरण |
| उद्देश्य | व्यावसायिक वेमौसमी खेतीतर्फ कृषकहरुलाई आकर्षित गर्ने |
| अपेक्षित प्रतिफल | तरकारी खेतीमा नगर आत्मनिर्भर हुने, आयात प्रतिस्थापन गरी निर्यातमा वृद्धि गर्ने । |
| सञ्चालन प्रक्रिया | सूचना प्रकाशन गरी कृषक छनौट गरी ५०% अनुदानमा वितरण गर्ने |
| समयावधि | दोश्रो चौमासिक |
| परिणाम सूचक | भरपाई तथा प्रतिवेदन |

कार्यक्रमको नामः कृषि विषादी अवशेष जाँच्ने ल्याब स्थापना
खर्च शीर्षक नं.: ३११५९
वार्षिक वजेट र श्रोतः १५००

| | |
|---|---|
| कार्यक्रमको परिचय | कृषि बालीमा प्रयोग भएको / हुनसक्ने विषादीको प्रयोगको मात्रा जाँच गर्नका लागि ल्याब स्थापना गर्ने |
| उद्देश्य | अर्गानिक नगर घोषणा गर्नका लागि पृष्ठभूमि तयार हुने, उपभोक्तामा सचेतना वृद्धि हुने । |

| | |
|---|---|
| अपेक्षित प्रतिफल | उपभोक्ताले विषादी रहित कृषि उपज उपभोग गर्न पाउने । |
| सञ्चालन प्रक्रिया | संघीय तथा प्रादेशिक सरकारहरुसँग समन्वय गरी निर्धारित ढाँचामा उपकरण सहितको ल्याब स्थापना गर्ने । |
| समयावधि | आ.व. ०७६/७७ |
| परिणाम सूचक | प्रतिवेदन |

कार्यक्रमको नामः स्थानीय उत्पादनको प्रदर्शनी तथा विक्री वितरण कक्ष (कोशेली घर) निर्माण
खर्च शीर्षक नं.: ३११५९
वार्षिक वजेट र श्रोतः १०००

| | |
|---|---|
| कार्यक्रमको परिचय | स्थानीय उत्पादनको प्रदर्शनी कक्ष बनाउने |
| उद्देश्य | स्थानीय उत्पादनहरुको प्रचारप्रसार हुने |
| अपेक्षित प्रतिफल | स्थानीय उत्पादनहरुको सहज उपलब्धता हुनुका साथै राष्ट्रिय स्तरमा प्रचारप्रसार |
| सञ्चालन प्रक्रिया | नगर कार्यपालिकाबाट निर्णय गराई निर्णयानुसार प्रक्रिया अगाडि बढाउने । |
| समयावधि | आ.व. ०७६/७७ |
| परिणाम सूचक | प्रतिवेदन |

## पशु सेवा

कार्यक्रमको नामः स्थानीय पशु सेवाकर्मीसँग अन्तर्क्रिया
खर्च शीर्षक नं.: २२५१२
वार्षिक वजेट र श्रोतः ५०

| | |
|---|---|
| कार्यक्रमको परिचय | स्थानीय स्तरमा रहेका पशु सेवा प्राविधिक, ग्रामीण पशु स्वास्थ्य कार्यकर्ताहरुसँग अन्तर्क्रिया तथा छलफल |
| उद्देश्य | पशु सेवाकर्मीहरुबीच अनुभव आदानप्रदान तथा क्षमता विकास |
| अपेक्षित प्रतिफल | विभिन्न सरुवा रोगहरु फैलिनबाट रोकावट हुने साथै सबै स्थानबाट सरुवा रोगहरुको बारेमा जानकारी आउने । पशु स्वास्थ्य सेवा कार्यक्रम तथा भ्याक्सिनेसन कार्यक्रम गर्नका लागि सहजीकरण हुने । कार्यसम्पादनका क्रममा आइपर्ने समस्याहरुको समाधानमा पशु सेवाकर्मीहरुको भूमिका अभिवृद्धि हुने । |
| सञ्चालन प्रक्रिया | यस नगरपालिकाको सबै वडाहरुमा रहेका पशु स्वास्थ्यकर्मीहरुलाई आमन्त्रण गरी कार्यक्रमबारे छलफल (निजी तथा सरकारी दुवै) |
| समयावधि | प्रथम चौमासिक |
| परिणाम सूचक | निर्णय पुस्तिका |

कार्यक्रमको नामः कृषि तथा पशु पकेट क्षेत्र विकास कार्यक्रम
खर्च शीर्षक नं.: २२५२२
वार्षिक वजेट र श्रोतः २०००

| | |
|---|---|
| कार्यक्रमको परिचय | कृषि तथा पशुपंक्षीको पकेट क्षेत्र निर्माण (अकबरे खुर्सानी, तरकारी खेती र कुखुरा तथा बाख्रा) |
| उद्देश्य | प्रांगारिक कृषि तथा पशुपंक्षीपालनलाई अन्तरसम्बन्धित बनाउने । |

| | |
|---|---|
| अपेक्षित प्रतिफल | कृषि तथा पशुपंक्षीपालनलाई व्यावसायिकीकरण गर्दै नगरपालिकाको नीति तथा कार्यक्रम अन्तर्गत कृषि तथा पशु पकेट क्षेत्र चयन गरी कार्यक्रम गर्ने स्थानीय उत्पादन वृद्धि, रोजगारी सिर्जना गरी आम्दानीमा वृद्धि, कृषि तथा पशुपंक्षीपालनलाई उत्पादनसँग आबद्ध गर्ने । |
| सञ्चालन प्रक्रिया | विभिन्न समूह गठन गरी समूह, सहकारी मार्फत सञ्चालन गर्नका लागि प्रस्तावना आव्हानको सूचना प्रकाशन गर्ने । उत्कृष्ट प्रस्तावलाई छनौट गरी स्वीकृत गर्ने । स्वीकृत प्रस्तावना बमोजिम कार्यक्रम सञ्चालन गर्ने |
| समयावधि | आ.व. ०७६/७७ |
| परिणाम सूचक | कृषकको आयस्तर, कृषि तथा पशुपंक्षीको उत्पादन तथा उत्पादकत्व |

कार्यक्रमको नामः पशु सेवा C04 / जैघाँसको बीउ खरिद तथा वितरणः

खर्च शीर्षक नं.: २२५२२

वार्षिक वजेट र श्रोतः ६०००

| | |
|---|---|
| कार्यक्रमको परिचय | पशुहरुका लागि हरियो घाँस उत्पादन |
| उद्देश्य | नगरपालिकाको "एक घर एक उन्नत जातको गाई" नीति कार्यान्वियनमा सहजता ल्याउने, |
| अपेक्षित प्रतिफल | कृषकहरु घाँसमा आत्मनिर्भर हुने र पशुलाई पौष्टिक आहारजन्य घाँस उपलब्ध हुने । |
| सञ्चालन प्रक्रिया | विभिन्न कृषक समूह, सहकारी, फार्म तथा अन्य विक्रेताबाट घाँसको बीउ खरिद गरी कृषकको माग अनुरुप निशुल्क वितरण गर्ने । |
| समयावधि | आ.व. ०७६/७७ |
| परिणाम सूचक | वितरण भरपाई तथा प्रतिवेदन |

कार्यक्रमको नामः आकस्मिक रोग नियन्त्रण कार्यक्रम

खर्च शीर्षक नं.: २२५२२

वार्षिक वजेट र श्रोतः ५०

| | |
|---|---|
| कार्यक्रमको परिचय | नगर क्षेत्रभित्र पशुपंक्षीमा हुने सरुवा रोग नियन्त्रण गर्ने। |
| उद्देश्य | आकस्मिक रुपमा फैलिन सक्ने पशुपंक्षीको सरुवा रोगबाट हुने क्षति न्यूनिकरण गर्ने । |
| अपेक्षित प्रतिफल | सरुवा रोगहरुबाट हुनसक्ने पशुधनको क्षति न्यूनिकरण हुने । |
| सञ्चालन प्रक्रिया | कुनैपनि रोग पशुपंक्षीमा फैलिंदा तुरुन्त आवश्यक मात्रामा रोग विरुद्धको भ्याक्सिन औषधी प्रयोगशाला सेवा उपलब्ध गराउने |
| समयावधि | आ.व. ०७६/७७ |
| परिणाम सूचक | उपचार अभिलेख |

कार्यक्रमको नामः विभिन्न पशुपंक्षीको रोग विरुद्धको भ्याक्सिन कार्यक्रम

खर्च शीर्षक नं.: २२५२२

वार्षिक वजेट र श्रोतः १००

| | |
|---|---|
| कार्यक्रमको परिचय | पशुपंक्षीहरुलाई भ्यागुत्ते, खोरेत, पि पि आर, रानीखेत, फाउल पक्स आदि रोगबाट बचावट |

| | |
|---|---|
| उद्देश्य | रोग लागेपछि उपचार गर्ने भन्दा पनि रोग लाग्नै नदिने |
| अपेक्षित प्रतिफल | विभिन्न संक्रामक तथा सरुवा रोगहरुबाट पशुधनलाई बचाउने |
| सञ्चालन प्रक्रिया | विभिन्न रोगविरुद्धको भ्याक्सिन एवम् सम्बन्धित सामग्री खरिद गरी आवश्यकता अनुसार खोप सेवा उपलब्ध गराउने । |
| समयावधि | आ.व. भर |
| परिणाम सूचक | खोप अभिलेख |

कार्यक्रमको नामः व्यावसायिक पशुपंक्षी फार्म प्रोत्साहन
खर्च शीर्षक नं.: २२५२२
वार्षिक वजेट र श्रोतः २००

| | |
|---|---|
| कार्यक्रमको परिचय | व्यावसायिक रुपमा सञ्चालन भइरहेका पशुपंक्षी फार्मलाई उत्कृष्टताका आधारमा प्रोत्साहन गर्ने । |
| उद्देश्य | पशुपंक्षी फार्मको व्यावसायिक सुदृढीकरण हुने । |
| अपेक्षित प्रतिफल | व्यावसायिक रुपमा पशुपालन गर्ने कृषकहरुलाई हौसला प्राप्त हुने तथा कृषकहरु फार्म सञ्चालनतर्फ आकर्षित हुने । पशुजन्य उत्पादनमा वृद्धि हुने । |
| सञ्चालन प्रक्रिया | प्रोत्साहनका सूचक तयार गरी सूचकका आधारमा फार्महरुको मुल्यांकन गर्ने । उत्कृष्ट कृषक छनौट गर्दा विगत वर्षहरुमा सरकारी निकाय तथा साझेदार संस्थाबाट अनुदान नलिएका र विधिवत् दर्ता भएका फार्महरुलाई प्रोत्साहित गर्ने । |
| समयावधि | दोश्रो चौमासिक |
| परिणाम सूचक | भरपाई तथा प्रतिवेदन |

कार्यक्रमको नामः औषधी खरिद, निशुल्क वितरण
खर्च शीर्षक नं.: २७२१३
वार्षिक वजेट र श्रोतः ३००

| | |
|---|---|
| कार्यक्रमको परिचय | डिस्पेन्सरी सञ्चालन |
| उद्देश्य | पशुपंक्षीहरुमा आवश्यकता अनुसार उपचार गर्ने । |
| अपेक्षित प्रतिफल | पशुरोगबाट हुने क्षति न्यूनिकरण |
| सञ्चालन प्रक्रिया | आवश्यक पर्ने औषधी तथा भ्याक्सिन पहिचान गर्ने । आवश्यक पर्ने परिमाणको पूर्वानुमान गर्ने । प्रचलित खरिद कानून बमोजिम औषधी तथा भ्याक्सिन खरिद गर्ने । कृषकको माग तथा आवश्यकता अनुसार निशुल्क औषधी तथा भ्याक्सिनेसन सेवा उपलब्ध गराउने । |
| समयावधि | आ.व. भर |
| परिणाम सूचक | वितरण भरपाई तथा प्रतिवेदन |

कार्यक्रमको नामः थुनेलो, खोरेत रेबिज जस्ता रोग नियन्त्रण तथा भ्याक्सिनेसन
खर्च शीर्षक नं.: २७२१३
वार्षिक वजेट र श्रोतः ४००

| | |
|---|---|
| कार्यक्रमको परिचय | थुनेलो रोग नियन्त्रण, प्रदर्शन तथा रेबिज रोग नियन्त्रण |

| | |
|---|---|
| उद्देश्य | पशुहरुमा लाग्ने थुनेलो रोग नियन्त्रण गर्ने तथा कुकुर, बिरालो इत्यादिबाट उत्पन्न हुने रेबिज रोगबाट मानव तथा पशुलाई बचाउने |
| अपेक्षित प्रतिफल | थुनेलो रोग नियन्त्रण भई दूग्ध उत्पादनमा वृद्धि हुने, रेबिज रोगबाट हुने क्षति न्यूनिकरण हुने । पशुरोगबाट हुने क्षति न्यूनिकरण हुने |
| सञ्चालन प्रक्रिया | पशु सेवा केन्द्रले तयार गरेको प्रस्तावनका आधारमा वडास्तरीय शिविर सञ्चालन गर्ने |
| समयावधि | आ.व. भर |
| परिणाम सूचक | प्रतिवेदन |

कार्यक्रमको नामः कृषि औजार वितरण तथा यान्त्रिकीकरण ५०% अनुदान

खर्च शीर्षक नं.: ३११२२

वार्षिक वजेट र श्रोतः १५००

| | |
|---|---|
| कार्यक्रमको परिचय | आधुनिक च्यापकटर, मिनि ट्रेलर, सिकेचर, स्प्रेयर जस्ता आधुनिक कृषि यन्त्रहरुको खरिदमा कृषकलाई ५०% अनुदान |
| उद्देश्य | कृषि तथा पशुपंक्षीपालन व्यवसायलाई आधुनिकीकरण गर्ने । |
| अपेक्षित प्रतिफल | श्रम तथा समयको बचत, कृषि तथा पशुपंक्षीपालन व्यवसाय आधुनिकीकरण भई आयआर्जनमा वृद्धि हुने । |
| सञ्चालन प्रक्रिया | कृषकबाट प्रस्ताव माग गरी छनौट भएका किसानलाई ५०% अनुदानमा औजार उपलब्ध गराउने । |
| समयावधि | दोश्रो चौमासिक |
| परिणाम सूचक | वितरण भरपाई तथा प्रतिवेदन |

कार्यक्रमको नामः कृत्रिम गर्भाधान सामग्री खरिद

खर्च शीर्षक नं.: ३११२२

वार्षिक वजेट र श्रोतः ३००

| | |
|---|---|
| कार्यक्रमको परिचय | नश्ल सुधारका लागि कृत्रिम गर्भाधान सेवा सञ्चालन हेतु नाइट्रोजन कन्टेनर, मदर रेफ्री, गन, सीथ, ग्लोब, थइङ किट, थइङ थर्मामिटर, रेफ्री, रेफ्री बोक्ने झोला आदि खरिद गर्ने । |
| उद्देश्य | पशुहरुको नश्ल सुधार गरी उन्नत जातका पशुहरुको उत्पादन गर्ने । |
| अपेक्षित प्रतिफल | सूर्योदय नगरपालिका उन्नत गाईको श्रोतकेन्द्रको रुपमा विकास भएको हुनेछ । |
| सञ्चालन प्रक्रिया | आवश्यक सामग्रीको पूर्वानुमान र खरिद गर्ने । मागका आधारमा कृत्रिम गर्भाधान सेवा उपलब्ध गराउने । |
| समयावधि | आ.व. भर |
| परिणाम सूचक | अभिलेख तथा प्रतिवेदन |

कार्यक्रमको नामः गाईपालक कृषकहरुलाई काउ म्याट / मिल्किङ मेसिन / मिल्क एनालाइजरमा ५०% अनुदान

खर्च शीर्षक नं.: ३११२२

वार्षिक वजेट र श्रोतः १५००

| | |
|---|---|
| कार्यक्रमको परिचय | स्वच्छ दूध उत्पादनका लागि आवश्यक सामग्रीहरु अनुदानमा उपलब्ध गराउने । |
| उद्देश्य | गुणस्तरीय दूग्ध उत्पादन र दूग्धजन्य उत्पादनको व्यावसायिकरण गर्ने । |
| अपेक्षित प्रतिफल | गाई चिसोबाट जोगिने, घुँडामा पानी जम्ने समस्या तथा थुनेलो समस्या न्यूनिकरण भई स्वच्छ दूधको उत्पादनमा वृद्धि हुने । |
| सञ्चालन प्रक्रिया | अनुदान उपलब्ध गराउने मापदण्ड तयार गरी माग समेतका आधारमा ५०% अनुदानमा कृषकलाई उपलब्ध गराउने । |
| समयावधि | दोश्रो चौमासिक |
| परिणाम सूचक | वितरण भरपाई र प्रतिवेदन |

कार्यक्रमको नामः च्यापकटर वितरण ५०% अनुदान
खर्च शीर्षक नं.: ३११२२
वार्षिक वजेट र श्रोतः ४००

| | |
|---|---|
| कार्यक्रमको परिचय | कृषकहरुलाई ५०% अनुदानमा च्यापकटर मेसिन उपलब्ध गराउने । |
| उद्देश्य | पशुपालन व्यवसायको आधुनिकीकरण |
| अपेक्षित प्रतिफल | समयको बचत हुने तथा उत्पादन लागत घट्ने |
| सञ्चालन प्रक्रिया | अनुदान उपलब्ध गराउने मापदण्ड तयार गरी माग समेतका आधारमा ५०% अनुदानमा कृषकलाई उपलब्ध गराउने । |
| समयावधि | दोश्रो चौमासिक |
| परिणाम सूचक | भरपाई तथा प्रतिवेदन |

कार्यक्रमको नामः पशुस्वास्थ्य उपकरण खरिद
खर्च शीर्षक नं.: ३११२२
वार्षिक वजेट र श्रोतः १००

| | |
|---|---|
| कार्यक्रमको परिचय | पशुसेवा केन्द्रबाट उपलब्ध गराइने बन्ध्याकरण लगायतका सेवालाई थप व्यवस्थित गर्न आवश्यक पर्ने बर्डिजो क्यास्ट्रेटर, चेन पुली तथा अन्य औजार उपकरण खरिद गर्ने । |
| उद्देश्य | परम्परागत उपकरण र प्रविधि विस्थापित हुने । पशु उपचारमा सहजता आउने तथा बन्ध्याकरणमा हुन सक्ने इन ब्रिडिङ्गबाट जोगाउने । |
| अपेक्षित प्रतिफल | पशु बन्ध्याकरणमा इन ब्रिडिङ्ग हुन नदिई गुणस्तरीय मासुको उत्पादनमा वृद्धि गर्ने । |
| सञ्चालन प्रक्रिया | प्रचलित खरिद कानून बमोजिम आवश्यक उपकरण खरिद गर्ने |
| समयावधि | प्रथम चौमासिक |
| परिणाम सूचक | जिन्सी अभिलेख |

कार्यक्रमको नामः कृषकहरुलाई गाई खरिदमा अनुदान एवम् तालिम
खर्च शीर्षक नं.: ३११३१
वार्षिक वजेट र श्रोतः ६०००

| | |
|---|---|
| कार्यक्रमको परिचय | नगरपालिकाको नीति तथा कार्यक्रम बमोजिम सूर्योदय नगरपालिकालाई उन्नत |

| | |
|---|---|
| | गाईको श्रोतकेन्द्रको रुपमा विकास गर्ने एवम् कृषकहरुलाई पशुपालनतर्फ आकर्षित गरी आर्थिक विकासमा टेवा पुर्याउन, परम्परागत पशुपालनलाई क्रमशः विस्थापित गर्दै एक घर एक उन्नत जातको गाई पालन गराउने अभियान अन्तर्गत यस आ.व.मा साठी माउ गाई खरिदमा ८०% अनुदान उपलब्ध गराउने र आवश्यक तालिमको व्यवस्था गर्ने |
| उद्देश्य | नगर क्षेत्रभित्र रहेको गाईपालन व्यवसायलाई सुदृढीकरण गरी उत्पादकत्वमा वृद्धि गर्ने । नगरपालिकालाई उन्नत जातको गाईको श्रोतकेन्द्रको रुपमा विकास गर्ने |
| अपेक्षित प्रतिफल | दूग्ध तथा दूग्धजन्य पदार्थको उत्पादन बढाई नगरपालिका क्षेत्रभित्र दैनिक २ लाख लिटर दूध उत्पादनको लक्ष्य पूरा गर्ने, प्रांगारिक कृषि प्रवर्द्धन गर्दै स्वरोजगारीमा वृद्धि गराई कृषकको आयस्तरमा वृद्धि हुने । |
| सञ्चालन प्रक्रिया | कृषक आँफैले खरिद गर्ने गाईको छनौट गर्नेछन् । सिफारिसका लागि समितिको गठन गरिनेछ ।<br>खरिदका लागि छनौट हुने गाईको मापदण्डः<br>पहिलो वा दोश्रो वेतसम्मको, बाच्छा बाच्छी भएको, पशु सेवा केन्द्रबाट निरोगी प्रमाणित भएको, जात पहिचान भएको, कम्तीमा दैनिक १५ लिटर दूध दिने, चार वटै थुनहरु ठीक अवस्थामा भएको, ब्याएको बढीमा दुई महिना ननाघेको, शारीरिक अपांगता नभएको<br>अनुदान उपलब्ध गराउँदा तपशिल बमोजिम भएका कृषकहरुलाई ग्राह्यता दिइनेछः<br>गाईलाई पशु आहार व्यवस्थापन गर्न सक्ने आफ्नो बारीमा उन्नत घाँस बिरुवा लगाएको वा लगाउने पूर्वाधार भएको<br>गोठ व्यवस्थापन भएको<br>कम्तीमा ४ वर्षसम्म गाई विक्री नगर्ने शर्त पालन गर्न सक्ने<br>पशुपंक्षीपालनको अनुभव भएको<br>अनिवार्य रुपमा पशुबीमा गर्न सक्ने<br>गोठ सुधार तथा गोठ मल व्यवस्थापन भएको<br>नगरपालिकाले सञ्चालन गर्ने उन्नत गाईपालन तालिममा सहभागी भएको / सहभागी हुन सक्ने<br>कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाउन एवं अपेक्षाकृत लक्षित समूह लाभान्वित हुने गरी कार्यान्वयन गर्न कार्यालयले थप मापदण्ड र प्रकृया निर्धारण गरी कार्यक्रम सञ्चालन गर्ने । |
| समयावधि | दोश्रो चौमासिक |
| परिणाम सूचक | वितरण भरपाई तथा प्रतिवेदन |

कार्यक्रमको नामः गाई दानामा ५०% अनुदान
खर्च शीर्षक नं.: ३११३१
वार्षिक वजेट र श्रोतः ५००

| | |
|---|---|
| कार्यक्रमको परिचय | गुणस्तरीय गाई दाना प्रयोग गर्न गराउन कृषकहरुलाई प्रोत्साहित गर्ने |
| उद्देश्य | गुणस्तरीय दाना प्रयोग गर्न लगाई उत्पादन र उत्पादकत्व वृद्धि गर्ने । |

| | |
|---|---|
| अपेक्षित प्रतिफल | उत्पादन लागत घट्ने र स्वस्थ पशुबाट स्वच्छ दूध उत्पादन हुने । |
| सञ्चालन प्रक्रिया | दूग्ध उत्पादक कृषि सहकारी संस्थाहरुमार्फत नेपाल गुणस्तर चिन्ह प्राप्त उद्योगबाट उत्पादित दाना खरिद गरी उक्त दाना प्रयोग गर्नेलाई ढुवानीमा अनुदान उपलब्ध गराउने । |
| समयावधि | आ.व. भर |
| परिणाम सूचक | |

कार्यक्रमको नामः गोठे मल सुधार कार्यक्रम

खर्च शीर्षक नं.: ३११३१

वार्षिक वजेट र श्रोतः १०००

| | |
|---|---|
| कार्यक्रमको परिचय | अर्गानिक खेती गर्नका लागि मललाई व्यवस्थित गर्न तथा पिसाबलाई व्यवस्थित गर्न ट्यांकीको समेत व्यवस्थापन |
| उद्देश्य | प्रांगारिक उन्मुख नगरपालिकाको नीति अनुरुप गोठेमल सुधार गर्ने |
| अपेक्षित प्रतिफल | विषादी प्रयोगमा न्यूनिकरण तथा प्रांगारिक मल प्रयोगमा वृद्धि भई माटोमा जैविक गुण संरक्षण तथा विकास गर्ने |
| सञ्चालन प्रक्रिया | सूचना प्रकाशन गरी कृषकहरुको माग र आवश्यकता अनुसार गोठ सुधार गरेका कृषकहरुलाई आवश्यक सामाग्री खरिदमा अनुदान उपलब्ध गराउने |
| समयावधि | दोश्रो चौमासिक |
| परिणाम सूचक | प्रतिवेदन |

कार्यक्रमको नामः बाखा विकास कार्यक्रम

खर्च शीर्षक नं.: ३११३१

वार्षिक वजेट र श्रोतः ५००

| | |
|---|---|
| कार्यक्रमको परिचय | बाखामा नश्ल सुधार गर्न अनुदानमा उन्नत बोका वितरण |
| उद्देश्य | मासुमा आत्मनिर्भर भई कृषकहरुको आम्दानी वृद्धि गर्ने, खसीबोका मासुमा आत्मनिर्भर हुने |
| अपेक्षित प्रतिफल | मासुको उत्पादनमा वृद्धि हुने |
| सञ्चालन प्रक्रिया | व्यावसायिक बाखापालक कृषकहरुबाट प्रस्ताव आव्हान अनुसार ५०% अनुदानमा बयर बोका खरिद गरी वितरण गर्ने । |
| समयावधि | दोश्रो चौमासिक |
| परिणाम सूचक | भरपाई तथा प्रतिवेदन |

कार्यक्रमको नामः वर्षे तथा बहुवर्षे (डाले) घाँसको बीउ वितरण

खर्च शीर्षक नं.: ३११३१

वार्षिक वजेट र श्रोतः ३००

| | |
|---|---|
| कार्यक्रमको परिचय | पशु आहारा श्रोत केन्द्रमा वृद्धि गर्न घाँसको बीउ तथा बेर्ना वितरण गर्ने |
| उद्देश्य | हरियो घाँसमा आधारित पशुपालन गर्ने, लागतप्रभावी पशुपालन व्यवसाय गर्ने |
| अपेक्षित प्रतिफल | उत्पादन लागत घट्ने, पशुस्वास्थ्यमा विकास हुने । |
| सञ्चालन प्रक्रिया | घाँसको बीउ / बेर्ना / सेट्स खरिद गरी कृषिहरुलाई निशुल्क रुपमा वितरण |

| | |
|---|---|
| | गर्ने । |
| समयावधि | तेश्रो चौमासिक |
| परिणाम सूचक | भरपाई तथा प्रतिवेदन |

कार्यक्रमको नामः गोठ सुधार कार्यक्रम
खर्च शीर्षक नं.ः ३११३१
वार्षिक वजेट र श्रोतः १०००

| | |
|---|---|
| कार्यक्रमको परिचय | स्वच्छ, सफा तथा व्यवस्थित पशुपालन व्यवसायको लागि सुधारिएको गोठ |
| उद्देश्य | पशु तथा पशुजन्य उत्पादन स्वच्छ तथा सफा हुने, आधुनिक र व्यवस्थित पशुपालन व्यवसाय अभिवृद्धि हुने । |
| अपेक्षित प्रतिफल | स्वच्छ तथा सफा गोठ व्यवस्थापन हुँदा विभिन्न रोगहरु लाग्नबाट सुरक्षा तथा उत्पादकत्व वृद्धि हुने । |
| सञ्चालन प्रक्रिया | कृषकहरुबाट प्रस्ताव आव्हान गरी छनौट प्रक्रियाबाट उत्कृष्ट कृषकहरुलाई ५०% अनुदानमा सामग्री उपलब्ध गराउने । |
| समयावधि | दोश्रो चौमासिक |
| परिणाम सूचक | प्रतिवेदन |

## उद्यम विकास

**कार्यक्रमको नाम - डेरी उद्यमहरुको व्यवस्थापन तालिम**
खर्च शीर्षक नं. - २२५१२
बार्षिक बजेट र श्रोत - २०० हजार (समानिकरण अनुदान - नेपाल सरकार)
(कार्यालयबाट प्रस्तावना स्वीकृत गरी खण्ड १४ बमोजिमको मापदण्डका आधारमा सम्बन्धित लाभग्राहीहरुकोलागि तालिम सञ्चालन गर्ने, तालिम आयोजना गर्दा नगर क्षेत्र भित्रमा डेरी उद्यम सञ्चालनसँग सम्बन्धित संघसंस्था सँग समन्वय गर्ने)

**कार्यक्रमको नाम - महिला उद्यमी लक्षित उद्यम प्रवर्द्धन कार्यक्रम**
खर्च शीर्षक नं. - २२५१२
बार्षिक बजेट र श्रोत - ३०० हजार (समानिकरण अनुदान - नेपाल सरकार)
(कार्यालयबाट प्रस्तावना स्वीकृत गरी खण्ड १४ बमोजिमको मापदण्डका आधारमा नगरक्षेत्रभित्रमा महिला उद्यमी लाभान्वित हुनेगरी आवश्यक कार्यक्रम सञ्चालन गर्ने)

**कार्यक्रमको नाम - उद्यम विकास कोष**
खर्च शीर्षक नं. - २२५२२
बार्षिक बजेट र श्रोत - २५०० हजार (आन्तरिक श्रोत)
(नगरपालिकाले स्थापना गरेको उद्यम विकासकोषमा एकमुष्ठ रकम ट्रान्स्फर गरी खर्च लेख्ने)

**कार्यक्रमको नाम - दिगो विकासमा युवाको भूमिका कार्यक्रम**
खर्च शीर्षक नं. - २२५२२
बार्षिक बजेट र श्रोत - २५०० हजार (आन्तरिक श्रोत)
(युवाशक्तिलाई उद्यमशीलता तर्फ उन्मुख गर्ने उद्देश्यले सम्भावित युवा उद्यमीहरु पहिचान गरी दीगो विकासमा युवाको भूमिका कार्यक्रम सञ्चालन गर्ने)

## खण्ड ९ - महिला, वालवालिका, समाज कल्याण तथा सामाजिक समावेशीकरणतर्फको बजेटको कार्यान्वयन प्रकृया

### क) महिला विकास कार्यक्रम

**परिचय**

अनभिज्ञ, विपन्न, विभेदित ग्रामीण महिलाहरुको विशेष अवस्थालाई ध्यानमा राखेर विकासका आम अवसरमा पहुँच स्थापना गर्ने उद्देश्यका साथ नेपाल सरकारले महिला तथा वालवालिका कार्यालयमार्फत महिला विकास कार्यक्रम सञ्चालनमा ल्याएको थियो । शूरुमा पेवा बढाउनका लागि सहुलियतपूर्ण ऋणमा बढी जोड दिएको भएतापनि पछिल्लो समयमा महिलाको वैयक्तिक, आर्थिक सामाजिक पक्षको सशक्तिकरणमा जोड दिइएको थियो ।आजको महिला विकास कार्यक्रम उत्पादन कर्जाको उद्देश्य भन्दा सदस्यको बहुआयामिक विकासको वैकल्पिक अवसरको रुपमा सञ्चालित छ । राष्ट्रिय प्राथमिकता प्राप्त यो कार्यक्रमको रचना महिलाका लागि महिलाद्वारा नै एक अर्काको सहयोगी भएर साङ्गठनिक विकासको प्रकृयाबाट महिला सशक्तिकरणको अभियानलाई अग्रगति दिने गरि गरिएको छ ।

महिला विकास कार्यक्रम वस्तुतः लैङ्गिक समानताका पक्षमा सामाजिक परिचालन हो । कार्यक्रममा हरेक व्यक्ति सशक्तोग्य हुन्छ भन्ने मानव विकासको मान्यता राखिएको छ । कार्यक्रममा विपन्न महिलालाई नै परिवर्तनका मुख्य संवाहक मानिएको छ । कार्यक्रममा सहभागी महिलाको वैयक्तिक, आर्थक र सामाजिक सशक्तिकरणको न्यूनतम स्तरका साथै निकटवर्ती सूचकहरु निर्धारण गरिएका छन् ।सशक्तिकरणको जुनसुकै अवसर उपयोग गर्ने गरी कार्यान्वयनमा महिलालाई नै संलग्न गराउने विधिहरु अपनाइएका छन् । सामुहिक गतिशीलतालाई बढावा दिन समूह सदस्यहरुको व्यक्तित्व विकास गरी अनुशिक्षणका साथै समविकास, आधारभूत, नेतृत्व तथा संस्थागत विकास लगायतका प्रशिक्षण दिने गरी कार्यक्रम तर्जुमा गरिएको छ ।अनुशिक्षण प्रत्येक समूह सदस्यलाई अनिवार्य जस्तै छ भने थप प्रशिक्षण आवश्यकता र नयाँ ज्ञानको वाँडफाँडको आधारमा गर्नु पर्छ भन्ने मान्यतामा आधारित छन् ।

विपन्न महिलालाई तत्काल आर्थिक सुरक्षाको प्रत्याभूति दिन र अन्ततः जेथा जोड्न सघाउन कार्यक्रमको अभिन्न भागको रुपमा समूह बचत परिचालनलाई लिइएको छ । बचत गर्ने बानीसँगै प्रायः जागृत हुने आर्थिक निर्भरता र व्यवसायिकताको भावनालाई कार्यक्रम अन्तरगत प्रोत्साहन दिने गरिएको छ । खास गरी विपन्नतम सदस्यहरुमा केन्द्रित भएर उनीहरुले नै पहिचान गरेको अर्थोपार्जनको अवसर उपयोग गर्न सीप तथा व्यवसायिकता प्रशिक्षण, बजार सम्बन्धन र न्यूनतम स्तरमा व्यवसाय प्रारम्भ गर्न चाहने अनुदान सहित व्यावसायिक समूह विकास तर्फका क्रियाकलाप सञ्चालन गरिन्छन् जसबाट कृषि तथा गैर कृषि क्षेत्रमा व्यावसायिक समूह अग्रसर भई स्वरोजगारीका व्यवसायबाट उल्लेखनीय आम्दानी गर्न सफल हुने र ग्रामीण ऋणग्रस्तता घटाउन समूह बचत परिचालनबाट त्यत्तिकै योगदान पुग्ने अपेक्षा गरिएको छ ।

जीवनमा नजानेका कुरा जान्ने मौका, केही गर्ने आँट गर्नेहरुका लागि थाल्ने मौका र नेतृत्व लिई अघि सर्ने मौका प्राप्त गर्न यो कार्यक्रम महत्वपूर्ण हुनेछ ।सामाजिक विभेदका कारण घटीरहेका हिंसाका घटनाहरुको निगरानी, प्रतिकार र प्रभावितको मद्दत, प्रजनन अवस्थामा मागपक्षीय जागरुकता, संकटापन्न वालवालिका, विद्यालयविमुख किशोरी लक्षित कृयाकलाप समेत महिला संस्थाहरुबाटै एकिकृत रुपमा सञ्चालन गर्दा प्रभावकारी हुने देखिन्छ । समग्रममा महिला विकास कार्यक्रम महिलाका लागि हुँदाहुँदै विपन्न महिलाले गर्ने अभियानको रुपमा विकसित गर्न आवश्यक छ ।

**लक्षित समूह**

महिला विकास कार्यक्रम खास गरी ग्रामीण क्षेत्रका विपन्न महिलाहरुको लागि हो । ग्रामीण भन्नाले नगरपालिकाका मोफसल पनि जानिन्छ र त्यस्तै विपन्न महिला भन्नाले देहाको कुनै क वा दुवै अवस्थालाई जनाउँदछ ।

क) आफ्नो जग्गा जमीन वा नियमित आम्दानीबाट वर्षदिन खान नपुग्ने आर्थिक रुपमा वञ्चित र

ख) विद्यालयतहसम्मको शिक्षा पुरा गर्न नपाएका शैक्षिक रुपमा वञ्चित

उल्लेखित एक वा दुवै अर्थमा वञ्चित ग्रामीण क्षेत्रका २० वर्ष माथिका विपन्न महिलाहरु तर्फ महिला विकास कार्यक्रम लक्षित छ । समाजमा व्याप्त पितृसत्तात्मक सोचका कारण सिर्जित विभेद, अभाव र निराशामा बाँचिरहेको महिलाको अवस्थाबाट समानता, सम्पन्नता र उत्साहको अवस्थामा कसरी पुर्याउने भन्ने चिन्ताको विषय रहेको अवस्थामा यो कार्यक्रम प्रत्येक विपन्न महिलाको जीवनमा सकारात्मक परिवर्तनका लागि केन्द्रित बनाई कार्यान्वयन गरिन्छ ।

**परिकल्पना**

महिला विकास कार्यक्रमको परिकल्पना समतामय सम्पन्न समुदाय निर्माण गर्ने रहेको छ ।

**ध्येय**

'सार्थक अभिकार्यका लागि विपन्न महिलाको साथ' महिला विकास कार्यक्रमको ध्येय हो ।

अर्थात्, विपन्नताकै अवस्थामा पनि महिलामा रहेको अभिकार्यलाई सार्थक बनाउँदै किनारामा रहेको अवस्थाबाट मूलप्रवाहमा पुग्न सदस्यहरुको गतिशिलतालाई बढावा दिने ध्येय कार्यक्रमको छ । विपन्न महिलाहरु पनि आफू र आफूजस्ता अरुको जीवन परिवर्तनका लागि अग्रसर बनी उपलव्धी हासिल गर्न सक्षम छन् भन्ने मानिएको छ ।

**मूल्य**

परिकल्पनालाई साकार पार्न स्वावलम्बन, एकता, सहभागिता, समता, इमान, स्थानीयता, छर्लंगता, भूलसहनशीलता जस्ता मूल्यहरुमा विश्वास गरी कार्यक्रमलाई अघी बढाइएको छ ।

कार्यक्रमको उद्देश्य, आयाम तथा प्राथमिकता

गाउँ, वस्ती र वडा स्तरमा सङ्गठित मात्र गर्ने नभई कार्यक्रममा आवद्ध प्रत्येक सदस्यको जीवनमा सार्थक परिवर्तनका लागि कार्यक्रममा तीनवटा आयाम र पाँचवटा प्राथमिकता निर्धारण गरिएका छन् ।




यी पाँचवटा प्राथमिकता क्षेत्रमा लक्षित महिलाको सशक्तिकरणको न्यूनतम स्तर हासिल गर्नु नै कार्यक्रमको उद्देश्य रहेको छ । सशक्तिकरणको न्यूनतम स्तर देहायबमोजिम परिभाषित गरिएको छ ।

लैंगिक समता : महिला विरुद्ध लगाईएका सम्पूर्ण अवान्छित छेकबारजन्य चलनको सबैले अवज्ञा गरिएको, महिलाका व्यावहारिक लैङ्गिक आवश्यकताको संबोधन भएको, घरपरिवार तथा समुदायमा सकारात्मक कार्य (Affirmative Actions) लाई बढावा दिइएको अवस्था सिर्जना गर्ने ।

प्रजनन स्वस्थता : समूह सदस्य सबैलाई प्रजनन स्वास्थ्यको प्राथमिक ज्ञान भएको, आफ्ना समस्या बताउने अनि उपचार गराउने तत्परता रहेको र पारिवारिक असंवेदनशीलताको अवस्थामा छिमकी संवेदनशीलताबाट उपचार प्राप्तिमा सहयोग पुर्याई प्रजनन स्वास्थ्यको समस्या समाधान गर्न सक्ने अव्था सिर्जना गर्ने ।

जीवनोपयोगी शिक्षा : सबै विपन्न दिदी-बहिनीहरुले आफूलाई व्यक्त गर्ने अर्थात् आफूमा अन्तरनिहीत क्षमताको उजागर गर्ने, अर्काका कुरा सहि वा गलत के छ ? परख गरी छुट्याउन सक्ने र विभिन्न परिस्थितिमा आफैं निर्णय लिने आत्मविश्वास बढाउने ।

पुगिसरी सम्पन्नता: सबै सदस्यहरुको वर्षैभरी खान पुग्ने आयस्रोत हुने, भैपरी आए दुई महिनाको निर्वाह खर्च धान्न सक्ने बचत हुने र विद्यालय तह सम्मको शैक्षिक एवं स्वदेशमा उपलव्ध आवश्यकीय उपचार खर्च व्यहोर्न सक्ने हैसियत भएको अवस्थामा पुर्याउने ।

संस्थागत सहभागिता : कहाँ के भईरहेको छ जानकारी लिन, बुझ्न बाहिरी सञ्चार कायम भएको, घर परिवारबाट समूह हुँदै वडा भरीका दिदी-बहिनीहरुसँगको विस्तारित साथ बनेको, सदस्यहरुले आवश्यकताअनुसार कहिले नेतृत्व लिने वा कहिले अनुयायित्व (Followership) बहन गर्दै नेतृत्वलाई घच्घच्याउने क्रियाशिलतासहित प्रत्येक विपन्न सदस्यले सामुदायिक सङ्गठनको सदस्यता प्राप्त गर्न सक्षम हुने परिपाटी बसाल्ने ।

यसरी लक्षित विपन्न महिलाले कम्तीमा पनि माथि उल्लिखित अवस्था प्राप्त गरेमा मात्र सशक्तिकरणको न्यूनतम स्तर हासिल भएको मानिनेछ । यसका लागि सहभागी महिलाको सङ्गठित अग्रसरता अपरिहार्य छ । अर्थात् सदस्यहरुको सामूहिक प्रयासबाट नै सशक्तिकरणको न्यूनतमस्तर हासिल हुन्छ भन्ने विश्वास गरिएको छ ।

## कार्यान्वयन विधि

एकैपल्ट नरपालिकाका सबै वस्ती ढाक्नेगरी महिला विकासका सबै थरी क्रियाकलाप सञ्चालन गर्न सकिँदैन र दीगोपनाका लागि उपयुक्त समेत हुँदैन । तसर्थ पहिलो वर्ष एउटा वस्तीबाट कार्यक्रम शुरु गरिन्छ । यसका लागि पालिकाको वैठकबाट निर्णय भएको कार्यक्षेत्रमा वडास्तरीय परामर्श बैठक राखी विपन्नताको अवस्था बढी भएको वस्तीमा कार्यक्रम केन्द्रित गरिन्छ । छनौट भएको वडामा विपन्न वस्तीका दिदी-बहिनीहरुलाई सर्वप्रथम ४ देखि ७ जना सम्मको समूहमा सङ्गठित गरी यस्ता कम्तिमा ६ वटा समूह भएपछि गाउँस्तरीय समिति गठन गरिन्छ । समिति गठनका साथै समुहमा आवद्ध सबै सदस्यका लागि कार्यालयबाट अनुशिक्षण कार्यक्रम सञ्चालन गर्नु पर्दछ । समूहको छुट्टै र वडा समितिका सबै सदस्यको छुट्टै मिहनामा कम्तिमा एक-एक पटक बैठक बसी आफ्ना समस्या र समाधानका उपायका बारेमा सोच्ने र सल्लाह गर्ने परिबाटी बसालिन्छ । सबै सदस्यहरुलाई आफ्नो क्षमता अनुसार मासिक रुपमा नियमित बचत गर्ने, सो बचतको परिचालन गर्ने कार्य समेत साथसाथै भईरहेको हुन्छ । यस बीचमा कार्यालयबाट पटक-पटक साथ सम्पर्क गरी सदस्यहरुलाई वैठक सञ्चालन र बचत परिचालन लगायतका क्रियाकलाप के कसरी गर्ने भन्ने बारेमा सहजिकरण गरिन्छ ।

दोश्रो वर्ष पहिलो वस्तीको समितको समेत सहयोग लिई दोश्रो वस्तीमा कार्यक्रम विस्तार गरिन्छ । पूर्ववत समूह गठन, समिति गठन, समूह सदस्यको अनुशिक्षण, समूह, समितिको मासिक वैठक सञ्चालन, बचत परिचालन, साथ सम्पर्क र समूह कार्यमा सहजिकरण गरिन्छ । पहिलो वर्षको वस्तीको समितिमा समूह गतिशीलता अनुसार बीउपुँजी परिचालन, महिला-पुरुष समविकास तालिम, आधारभूत तालिम, साथ सम्पर्क, समूह विस्तार र समूह कार्यमा संयोजन लगायतका कार्यक्रमहरु सञ्चालन गर्नु पर्दछ ।

तेश्रो वर्ष तेश्रो वस्तीमा कार्यक्षेत्र विस्तार गर्नु पर्दछ जस अनुसार नयाँ वस्तीमा पहिलो वर्षका कृयाकलाप गर्ने, दोश्रो वर्षको वस्तीमा दोश्रो वर्षको कृयाकलाप गरेने र साथै पहिलो वर्षको वस्तीसँगसँगै दोश्रो वर्षको अनि नयाँ वस्ती समेत संगलेमा अग्रसरता उपयोगी नियमित क्रियाकलाप (जस्तै : नेतृत्व तथा संस्थागत विकास तालिम, प्रजनन स्वास्थ्य सचेतना तालिम, रेखांकन अभ्यास) स१चालन गर्न सकिन्छ । यसैगरी कनै एक समितिमा व्यवसायिक समूह विकासका क्रियाकलाप लैजानुका साथै साथ सम्पर्क ।र समूह कार्यमा स्रोत सेवा निरन्तर जारी राख्नु पर्दछ ।

चौथो वर्ष थप नयाँ वस्ती विस्तार सँगै अग्रणी वस्तीहरुको सहयोगमा कम्तीमा पाँचवटा वस्तीमा कार्यक्षेत्र विस्तार भई सदस्यहरुको सक्रियतामा संस्था गठनको पहल हुन सक्छ । समूह विकासको क्रम हेरी चौथो वर्ष वा सो भन्दा पछी कम्तिमा पाँचवटा वस्तीमा कार्यक्रम फैलिएपछी नगरपालिकाको वडाभरी कार्यक्षेत्र राखेर संस्था गठन गर्न सकिन्छ ।यस चरणमा महिला संस्था गठन, अंशधन(Share Capital) परिचालन र महिला संस्थाको रणनीति-पत्र तर्जुमा गरेर रणनीतिक प्राथमिकताका क्रियाकलाप सञ्चालन गरिनेछन् ।कार्यालयको नियमित साथ सम्पर्क र संस्थागत कार्यमा स्रोत सेवा जारी रहन्छ ।त्यसपछि बाँकि वस्ति ढाक्ने लक्ष्य कार्यालयको समर्थनमा सथासमय संस्थाबाटै पुरा हुनेछ ।

यसरी कम्तीमा पनि चार वर्ष सम्मको निरन्तर प्रयासबाट विना, हतारमा संस्था गठन गर्नु ठीक हुँदैन, किनभने तीव्र गतिको भन्दा स्वभाविक गतिको सामाजिक परिचालन नै बढी प्रभावकारी देखिएको छ । एक त, द्रुत्ततर समूहीकरणले निष्क्रिय सदस्य बढाउँदछ । दोश्रो, महिला विकासमा लक्षित समूहको सक्रियताले लैङ्गिक छेकबार छिचोल्नुपर्ने हुन्छ, चाहे पारिवारिक वा सामाजिक, वन्धन हत्तपत्त फुक्दैन । त्यसैगरी सङ्गठन विकास आवश्यकीय

रुपमा समय-खर्चिलो हुन्छ । किनकि त्यसका लागि नेतृत्वसँगै अनुयायित्वको विकास हुन पर्दछ र एक दौरानको कार्यकत सिकाइ पनि चाहिन्छ ।

एकातर्फ व्यावहारिक कठिनाइ र अर्कातर्फ साङ्गठनिक आवश्यकताको विचार गर्दा नयाँ वडाको कार्यक्षेत्रमा सामाजिक परिचालन चार वर्ष जतिको अवधिमा सम्पन्न गर्न सकिने देखिन्छ भने वस्ती विस्तार र क्रियाकलापको क्रमलाई विभिन्न चरणमा लिन सकिन्छ । कार्यक्रम विस्तारलाई स्पष्ट बनाउन निम्न तालिका प्रस्तुत गरिएको छ ।

| वर्ष | वस्ती विस्तार | क्रियाकलाप श्रृंखला |
|---|---|---|
| पहिलो | १ | • वडा स्तरीय परामर्श बैठक<br>• समूह गठन<br>• समिति गठन<br>• समूह सदस्यको अनुशिक्षण<br>• समूह, समितिको मासिक बैठक सञ्चालन<br>• बचत परिचालन<br>• साथ सम्पर्क र समूह कार्यमा सहजीकरण |
| दोश्रो | १+१ | • नयाँ वस्तीमा पहिलो वर्षका क्रियाकलाप<br>• पहिलो वर्षको वस्तीमा समूह गतिशिलता अनुसार<br>-बीउपूँजी परिचालन<br>-महिला-पुरुष सशक्तिकरण सहकार्य तालिम<br>-आधारभूत तालिम<br>• साथ सम्पर्क, समूह विस्तार र समूह कार्यमा संयोजन |
| तेश्रो | १+१+समूहगतिशीलता अनुसार ०/१/२ | • नयाँ वस्तीमा पहिलो वर्षका क्रियाकलाप<br>• दोश्रो वर्षको वस्तीमा सँगसँगै दोस्रो वर्षको अनि नयाँ वस्ती समेत संगोलमा अग्रसरता उपयोगी नियमित क्रियाकलाप<br>-नेतृत्व तथा संस्थागत विकास तालिम<br>-प्रजनन स्वास्थ्य सचेतना तालिम<br>-रेखांकन अभ्यास<br>• कुनै एक वस्तीमा व्यावसायिक समूह विकास<br>• साथ सम्पर्क र समूह कार्यमा स्रोत सेवा |
| चौथो | १+१+समूहगतिशीलता अनुसार ०/१/२ ≥ ५ | • पालिकाको वडास्तरमा महिला संस्था गठन<br>• अंशधन परिचालन<br>• महिला संस्थाको रणनीति-पत्र तर्जुमा<br>• रणनीतिक प्राथमिकताका क्रियाकलाप<br>• साथ सम्पर्क र संस्थागत कार्यमा स्रोत सेवा |

कार्यक्रमको सोच

शुरुमा समूहमा आवद्ध दिदी-बहिनीहरुका लागि भोलिको सोच के हो, समूह बनाएर, बचत गरेर, बैठक बसेर के गर्न खोजिकएको हो भन्ने प्रश्न उठ्न स्वाभाविक हुन्छ ।एउटा वस्तीबाट शुरु गरिएको कार्यक्रम कार्यालयको सहजीकरण र निरन्तर प्रयासबाट लक्षित महिलालाई गोलवन्द गर्दै पालिकाको वडा स्तरमा सहकारी संस्थाको रुपमा दर्ता गरिन्छ

। संस्था दर्ता गराउन मात्र उपति होइन। यस्तो संस्था सदस्यको जीवनमा सार्थक परिवर्तन ल्याउन सक्षम पनि हुन पर्दछ । त्यसैले आजका दिनमा सदस्यले गरेको प्रयासबाट भोलिका दिनमा पालिकाको प्रत्येक वडामा लैंगिक समताको ध्वजावाहक महिला संस्था निर्माण गरेको हुने विश्वास गरिएको छ । जुन संस्थाहरु निम्न सातवटा विशेषतायुक्त हुनेछन् ।

सदस्यहरुको अर्थोपार्जनमा सहयोगी: विपन्नताको अवस्थाबाट पार लगाउने गरी प्रत्येक विपन्न सदस्यको अर्थोपार्जनमा संस्थाले सहयोग पुर्याएको हुनेछ ।सदस्यका लागि सम्भाव्य व्यवसाय पहिल्याई प्रत्येकलाई कुनै न कुनै व्यवसाय गर्न समूहबाटै प्रेरित गरिएको हुनेछ । कोही विपन्न भएर वस्नुपर्ने छैन । कसैका छोराछोरी भोकै हुनेछैनन् । शिक्षा, स्वास्थ्य जस्ता आधारभूत सेवाहरु प्राप्तिका लागि कसैको मुख ताक्नु पर्ने छैन ।

व्यावसायिक मानकहरुको प्रवर्तक : सदस्यहरुका उत्पादनको व्यवसायीकरणका लागि गुणस्तर कायम गर्नु अपरिहार्य हुन्छ । त्यसैले इमान्दारी, नैतिकता, भाखा जस्ता व्यावसायिक मानकहरुको जगेर्नामा सबैको विश्वास हुन पर्दछ । कसैले छलकपट वा मिसावट गरेमा व्यवसाय चौपट हुने हुँदा सामाजिक जाँच तथा नियन्त्रणको परिपाटी संस्थाले बसाल्नु पर्दछ । बजारको नियम अनुसार पनि मान्छे होइन माल नै बोक्नु पर्दछ अर्थात् गुणस्तरीय सामान मात्र हातहातै विक्रि हुन्छ । त्यसैले सामूहिक प्रयासमा टिकेको व्यवसायमा कुनै एकले गरेको छलीले सबैलाई असर गर्न सक्ने कुराको रखवारी संस्थाले गर्नु पर्दछ ।

स्वावलम्वनको पर्यायवाची : प्रत्येक सदस्यलाई स्वावलम्बी बनाउन संस्था आफ्नै खुट्टामा उभिएको हुन पर्दछ । अर्काका स्रोतमा टिकेको नभई सदस्यको स्रोतमा संस्था टिक्नु पर्दछ । किनभने संस्था भन्नु नै सदस्य हो । अर्काको स्रोतमा टिकेको संस्थालाई व्यवस्थापकीय स्वतन्त्रता नहुनुको साथै वित्तीय दवाव पनि पर्दछ । सदस्यहरुको प्राथमिकता क्षेत्रमा काम गर्ने स्वतन्त्रता नहुने र अर्काले स्रोत जुनसुकै वेला फिर्ता माग्न सक्ने हुनाले संस्था जहिले सुकै जोखिममा रहेको हुन्छ । त्यसैले सहकारीताको मर्म अनुसार सकभर सदस्यको स्रोत सिर्जनामा जोड दिने र बाह्य स्रोत लिनुपर्दा निशर्त स्रोतहरुको परिचालनमा ध्यान पुर्याउन पर्दछ ।

सामाजिक परिवर्तनको शक्ति : लैंगिक विभेदको अन्त्य, समाजमा व्याप्त कुरितिहरुका विरुद्ध समुदाय नै एकजुट हुन पर्दछ । त्यसैले लैङ्गिक समानता ल्याउने, समावेशीकरणको भावना बढाउने, कुरितिजन्य परम्पराको अन्त्यका लागि संस्था लागिपरेको हुनेछ ।

महिला सुरक्षाको पहरेदार : छिमेकी हस्तक्षेपका माध्यमबाट महिलामाथि हुने सबै प्रकारका हिंसाबाट सुरक्षाको रखबारी महिला संस्थाले गर्नु पर्दछ । कार्यक्षेत्रा घरेलु हिंसाको निवारण, मानवबेचविखनको अन्त्य र प्रभावितका लागि सहयोग जुटाउने कार्यमा संस्थाले नेतृत्वदायी भूमिका खेलेको हुनेछ ।

सहकारी सिद्धान्तको परिपालक : संस्थाले सहकारिताका सातै सिद्धान्तको पालना गरेको हुनेछ । विपन्नतम सदस्यको भूमिका बढाउन प्राथमिकता दिनेछ र छद्मवेशी लेक्षणबाट मुक्तिमा जोड दिएको हुनेछ ।

सहभागिताको सुगम मञ्च: महिला समितिको पूर्ण वैठक नै सहभागिताको सुगम मञ्च हो । त्यसैले समूह समितिको व्यवस्था, सबै समूह सदस्यलाई समितिको वैठकमा बोलाउने चदलन र नेतृत्व मात्र नभई अनुयायित्व विकासमा समेत संस्थाले जोड दिएको हुनेछ ।

यसरी हरेक वडामा गठन हुने महिला संस्था उल्लिखित सातै सूचकमा अब्बल हुन सकेमा मिहला विकास कार्यक्रमले परिकल्पना गरे जस्तो समतामय सम्पन्न समदाय क्रमश: बन्ने अपेक्षा गरिएको छ ।

माथी उल्लेख गरिए बमोजिम महिला विकास कार्यक्रम कार्यान्वयन विधि अनुसार कार्यक्रमले कम्तिमा ४ वर्षको अवधि लिने भनिएतापनि साविकमा महिला तथा वालवालिका कार्यालयबाट र महिला जाग्रिति कार्यक्रमबाट नगरपालिका क्षेत्रका विभिन्न वस्तीमा महिला समूह तथा समितिहरु गठन भइसकेका छन् । ती समूह तथा समितिहरु विगत केही वर्ष देखी अभिभावकत्वको अभावमा निश्क्रियप्राय रहेको अवस्था छ । ती समूह तथा समितिहरुको पहिचान गर्नु, तिनलाई क्रियाशील बनाउनु, ती समूहले गरेको बचतकार्यलाई नियमितता दिनु र संरक्षण गर्न लगाउनु तथा सरकारको तर्फबाट ती समूहमा भएको लगानीलाई हराउन नदिई परिचालनमा ल्याउनु आजको आवश्यकता रहेको छ । त्यसैले साविकका समूह/समितिहरुलाई समेट्नुका साथै नयाँ वस्तीमा कार्यक्रम सञ्चालन गर्न आ.ब. २०७६/७७ का लागि नगरपालिकाले देहायका क्रियाकलाप सञ्चालन गर्ने गरी बजेट विनियोजन गरेको छ । महिला, वालवालिका तथा समाज कल्याण उपशाखाले प्रमुख जिम्मेवारी लिई देहायका क्रियाकलापहरु सञ्चालन गर्नेछ ।

| खर्च शीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | स्रोत | बजेट रु ००० |
|---|---|---|---|
| २२३११ | महिला विकास कार्यक्रमकालागि कार्यालय सञ्चालन खर्च | राजश्व बाँडफाँड - ने.स. | १०० |
| २२५१२ | आधारभूत तालिम ५ दिने नगरस्तर | समानिकरण अनुदान - ने.स. | १९० |
| | एकल महिलाका लागि आयआर्जन सीप मूलक तालिम ३ दिने व्यवसाय अनुदान सहित | समानिकरण अनुदान - ने.स. | १७० |
| | बेमौसमी तरकारी खेति तालिम | समानिकरण अनुदान - ने.स. | ७० |
| | महिला समिति /संस्थाका अध्यक्ष/सचिव माझ चौमासिक अन्तरक्रिया | समानिकरण अनुदान - ने.स. | १५० |
| | महिला समूह एवं संस्थाहरुको कार्यको समीक्षा | समानिकरण अनुदान - ने.स. | २५० |
| | महिला समूहहरुको संस्थागत क्षमता विकास तालिम | समानिकरण अनुदान - ने.स. | ५०० |
| २२५२२ | एकल तथा विपन्न महिलाहरुका लागी स्वास्थ्य विमा कार्यक्रम | आन्तरिक श्रोत | ५०० |
| | अन्तराष्ट्रिय महिला दिवश मनाउने | समानिकरण अनुदान - ने.स. | ५० |
| | अन्तराष्ट्रिय महिला दिवस/सूर्योदय आमा घोषणा | समानिकरण अनुदान - ने.स. | १०० |
| | घरेलु हिंसा विरुद्ध सचेतना कायक्रम | समानिकरण अनुदान - ने.स. | १०० |
| | महिला- दिवसिय कार्यक्रम | समानिकरण अनुदान - ने.स. | ६० |
| | प्रजन्न स्वास्थ्य तालिम ५ दिने नगर स्तर | समानिकरण अनुदान - ने.स. | १९० |
| | महिला स्वास्थ्य शिविर संचालन | समानिकरण अनुदान - ने.स. | १५० |
| | लैंगिक हिंसा निवारण सम्बन्धी कार्यक्रम (१६ दिने अभियान समेत) | समानिकरण अनुदान - ने.स. | १०० |
| | महिला- समिति गठन र निगरानी समुह गठन | समानिकरण अनुदान - प्र.स. | ३० |
| | महिला- समुह गठन | समानिकरण अनुदान - ने.स. | २६ |
| | सहभागितात्मक लेखाजोखा विधि बाट व्यवसाय छनौटमा सहजिकरण | समानिकरण अनुदान - ने.स. | ७५ |

| खर्च शीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | स्रोत | बजेट रु ००० |
|---|---|---|---|
| | सुत्केरी महिलालाई भीटामिन/मह/ध्यू उपलव्ध गराउने | समानिकरण अनुदान - ने.स. | ५०० |
| | स्थलगत प्राविधिक निरिक्षण | समानिकरण अनुदान - ने.स. | ५० |
| | मानव बेच विखन विरुद्ध सचेतना कार्यक्रम | समानिकरण अनुदान - ने.स. | १०० |
| जम्मा | | | ३४६१ |

**ख) वालमैत्री स्थानीय शासन कार्यक्रम**

वालवालिका समुन्नत समाज र समृद्ध राष्ट्र निर्माणका आधार हुन् । उनीहरुका लागि बालमैत्री व्यवहार आजको आवश्यकता हो । बालमैत्री समाज निर्माणका लागि सरोकारवालाहरुसँगको समन्वय र साझेदारीता उत्तिकै अपरिहार्य छ । बाल अधिकार सम्बन्धि अन्तराष्ट्रिय महासन्धि १९८९ पारित भए पश्चात विश्वमा बालवालिकाको अधिकारहरु सुनिश्चितताको लागि थुप्रै प्रयासहरु भएका छन् । यिनै मर्मलाई दृष्टिगत गर्दै नेपालले पनि महासन्धिलाई अनुमोदन गरे पश्चात कार्यन्वयनको लागि वालवालका सम्बन्धि ऐन, २०४८, बालश्रम (निषेध र नियमित) ऐन २०५६, नेपालको संविधानमा वाल अधिकार सम्बन्धी व्यवस्था तथा  स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय सरकारलाई दिएको वालअधिकारका विषयका दायित्वहरु एवं विभिन्न कानून र नीतिगत प्रयासहरु गर्दै आइरहेको छ । पछिल्लो समयबाट नेपाल सरकारले बालमैत्री शासन पद्दतिद्वारा बाल अधिकार सुनिश्चत गर्ने प्रण गरेको छ । बालमैत्री सेथानीय शासन राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्यविधि २०६८ को व्यवस्था गरी स्थानीय तहहरुले बालमैत्री शासनको अवलम्बन गर्नुपर्ने व्यवस्था गरेको छ ।
बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधिले व्यवस्था गरेको बाल बचाउ, बाल विकास, बाल संरक्षण र बाल सहभागिताका सूचकहरुमा कम्तिमा ८० प्रतिशत पुरा गरेपछि त्यस्तो स्थानीय तहलाई बालमैत्री घोषणा गरिने प्रावधान राखेको छ ।

यस नगरपालिकाले पनि विगतमा भएका प्रयासहरुलाई संस्थागत गरी वालअधिकार सुनिश्चित गर्ने क्षेत्रमा स्थानीय सरकारले गर्नुपर्ने कार्यको मूल्यांकनका सूचकहरु पुरा गरी बालमैत्री नगर घोषणा गर्ने लक्ष्यका साथ  वाल क्लव गठन, परिचालन लगायतका अन्य क्रियाकलाप गर्न आ.ब. २०७६/७७ का लागि आवश्यक बजेट विनियोजन गरेको छ । महिला वालवालिका तथा समाज कल्याण उपशाखाको अगुवाइमा देहायका क्रियाकलापहरु सञ्चालन गरिनेछन् । कार्यक्रम सञ्चालका लागि उपशाखाबाट प्रस्तावना तयार गरी स्वीकृत गरी कार्यान्वयन गरिनेछ । खर्चको मापदण्डको हकमा खण्ड १४ मा व्यवस्था भए बमोजिम गर्नु पर्नेछ ।

| खर्च शीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | स्रोत | बजेट रु ००० |
|---|---|---|---|
| २२५२२ | अनाथ वालआश्रमको स्थापना | समानिकरण अनुदान - ने.स. | ३०० |
| महिला वालवालिका तथा समाज कल्याण उपशाखाबाट प्रस्तावना तयार गरी अनाथ वालआश्रमको स्थापना गर्ने कार्यमा खर्च गर्ने । यसका लागि वालवालिकाको क्षेत्रमा कार्य गर्ने संघसंसथाहरु सँगको साझेदारीमा समेत कार्य गर्न सकिनेछ । | | | |
| २२५२२ | बालबालिका माथि हुने यौन दूव्यवहार विरुद्ध/लागुऔषध विरुद्ध सचेतना कार्यक्रम | समानिकरण अनुदान - ने.स. | १२० |
| वालवालिकाको क्षेत्रमा वकालत गर्ने संघ संस्थाहरु, नेपाल प्रहरी लगायतका सरोकारवालाहरुको सहकार्यमा विद्यालय केन्द्रित सचेतना कार्यक्रम सञ्चालन गर्ने । | | | |

| | | | |
|---|---|---|---|
| २२५२२ | राष्ट्रिय तथा अन्तराष्ट्रिय बाल दिवस | राजश्व बाँडफाँड - ने.स. | ३० |
| नगर राष्ट्रिय तथा अन्तराष्ट्रिय वाल दिवश मनाउने कार्यका लागि यो रकम विनियोजन गरिएको हो । खासगरी वालदिवश विद्यालय केन्द्रित हुने भएकोले शिक्षा युवा तथा खेलकुद शाखाले यस कृयाकलापको संयोजन गर्नु पर्दछ । | | | |
| २२५२२ | वालक्लव गठन, परिचालन र नियमन | समानिकरण अनुदान - ने.स. | ५०० |
| विगतमा गठन भएका वालक्लवहरुलाई पुनर्जीवित बनाउने, विद्यालय स्तरमा नयाँ वालक्लवहरु गठन गर्ने, नगर स्तरीय वालसंजाल गठन गर्ने र परिचालन गर्ने उद्देश्यले यो रकम विनियोजन गरिएको हो । यसका लागि कार्यालयबाट प्रस्तावना तयार गरी आवश्यक कृयाकलापमा खर्च गर्न सकिनेछ । | | | |
| २२५२२ | वालवालिका लक्षित अन्य कार्यक्रम (वालमैत्री स्थानीय शासन सँग सम्बन्धित कृयाकलाप संचालन) | समानिकरण अनुदान - ने.स. | १००० |
| बालमैत्री नगर घोषणाका लागि नगरपालिकाले पुरा गर्नुपर्ने सूचकहरु पुरा गर्न निर्धारित लक्ष्य प्राप्तिका लागि गर्नुपर्ने कार्यहरु शाखाले गर्न सम्भव नहुने भएकोले परामर्शदातृ संस्था मार्फत कार्य गराउन आवश्यक हुन्छ । वालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयनकालागि TOR तयार गरी वालवालिकाको क्षेत्रमा कार्य गरिरहेका संस्थाहरुबाट आसय पत्र माग गर्ने र छनौट भएको संस्थाबाट कार्यक्रम संचालन गरी लक्ष्य प्राप्ती गर्ने । विभिन्न कृयाकलाप संचालन र सम्बन्धित संस्थालाई उपलव्ध गराउन पर्ने सेवा शुल्क भुक्तानीमा यो रकम खर्च गरिनेछ । | | | |
| २२५२२ | वौद्धिक अपांगता भएका वालवालिकाको स्रोत केन्द्र संचालन | समानिकरण अनुदान - ने.स. | ५०० |
| करफोक विद्या मन्दीरमा सञ्चालित बौद्धिक अपांगता भएका वालवालिकाको स्रोत केन्द्रलाई व्यवस्थित रुपमा सञ्चालनमा ल्याउनका लागि थप बजेट आवश्यक परेको हुँदा स्थानीय तहको तर्फबाट यो रकम विनियोजन गरिएको हो । सशर्त अनुदानबाट प्राप्त हुने रकमका अतिरिक्त स्रोत केन्द्रमा आवश्यक खर्च गर्नका लागि स्रोत व्यवस्थापन समिति मार्फत पेश भएको कार्ययोजना स्वीकृत गरी स्रोत केन्द्रलाई रकम उपलव्ध गराउने । | | | |
| जम्मा | | | २४५० |

**ग) जेष्ठ नागरिक लक्षित कार्यक्रम**

| खर्च शीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | स्रोत | बजेट रु ००० |
|---|---|---|---|
| २२३१५ | ज्येष्ठ नागरिक परिचय पत्र र नाम दर्ता रजिष्टर छपाई | समानिकरण अनुदान - ने.स. | ५० |
| २२५२२ | जेष्ठ नागरिक दिवा मिलन केन्द्र स्थापना | समानिकरण अनुदान - ने.स. | ३०० |
| | जेष्ठ नागरिक देश दर्शन कार्यक्रम | समानिकरण अनुदान - ने.स. | ७०० |
| | जेष्ठ नागरिक संरक्षण कोष स्थापना | समानिकरण अनुदान - ने.स. | ५०० |
| | जेष्ठ नागरिक सम्बन्धी दिवशहरु (अन्तराष्ट्रिय जेष्ठ नागरिक दिवश, अल्जाइमर्स दिवश, जेष्ठ नागरिक प्रति हुने दुर्व्यवहार विरुद्धको दिवश) | समानिकरण अनुदान - ने.स. | ५० |
| Grand Total | | | १६०० |

**घ) आदिवासी जनजाती लक्षित कार्यक्रम**

खर्च शीर्षक २२५२२

| कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | स्रोत | बजेट रु ००० |
|---|---|---|

| | | |
|---|---|---|
| **आदिवासी जनजातीको क्षेत्रमा नगरपालिकाले विगत वर्षदेखि नै रकम विनियोजन गर्दै आइरहेको छ । आदिवासी जनजाती नगर समन्वय परिषदसँग समेत परामर्श लिइ आदिवासी जनजातीहरु लाभान्वित हुने गरी देहायका कृयाकलापहरु सञ्चालन गर्ने । कार्यक्रम संचालनका लागि प्रस्तावना आह्वान गर्ने, छनौट गर्ने र छनौट भएका प्रस्तावदातामार्फत देहायका कार्यक्रम सञ्चालन गर्ने गराउने ।** | | |
| आदिवासी जनजाती लक्षित कार्यक्रमको वार्षिक समीक्षा मूल्यांकन एवं रणनीतिक योजना अध्यावधिक गर्ने | समानिकरण अनुदान - ने.स. | ५० |
| आदिवासी जनजाती संस्कृतिको उत्थान तथा प्रवर्द्धन | समानिकरण अनुदान - ने.स. | १५० |
| आदिवासी जनजातीका लागि लोकसेवा तयारी कक्षा संचालन | समानिकरण अनुदान - ने.स. | ३०० |
| एड्भान्स ढाका बुनाई तालिम | समानिकरण अनुदान - ने.स. | २०० |
| एड्भान्स ब्यूटीपार्लर तालिम | समानिकरण अनुदान - ने.स. | २०० |
| राष्ट्रिय आदिवासी जनजाती महिला महासंघ आयमूलक/सीपमूलक कार्यक्रम | समानिकरण अनुदान - ने.स. | ३०० |
| विपन्न आदिवासी जनजाती आयमूलक/सीपमूलक कार्यक्रम | समानिकरण अनुदान - ने.स. | ३०० |
| स्वीकृत प्रस्तावना अनुसार आदिवासी जनजाती लक्षित कार्यक्रम सञ्चालन | समानिकरण अनुदान - ने.स. | ५०० |
| **नगर कार्यपालिकाले पहिचान गरी निर्धारण गरेको स्थानमा आदिवासी जनजातीहरुको लागि एकिकृत चिहान निर्माण गर्नका लागि यो बजेट विनियोजन गरिएको हो । निर्माण स्थलमा गर्नु पर्ने कार्य पहिचान गरी प्राविधिक लागत अनुमान तयार गरी सोही बमोजिम कार्य गराउन पर्दछ ।** | | |
| आदिवासी जनजाती- एकिकृत चिहान निर्माण- जहरसिंह गाउँ | समानिकरण अनुदान - ने.स. | ५०० |
| | | २५०० |

ङ) अपांगता लक्षित कार्यक्रम

| खर्च शीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | स्रोत | बजेट रु ००० |
|---|---|---|---|
| २२३१५ | अपाङ्ग परिचय पत्र तथा नाम दर्ता रजिष्टर छपाई | समानिकरण अनुदान - ने.स. | ५० |
| २२५१२ | अपाङ्गता समन्वय समितिको बैठक | समानिकरण अनुदान - ने.स. | ९० |
| २२५२२ | अपांगता भएका वालवालिकाको कार्यक्रम | समानिकरण अनुदान - ने.स. | ३०० |
| **जम्मा** | | | ४४० |

च) दलितवर्ग लक्षित कार्यक्रम

| खर्च शीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | स्रोत | बजेट रु ००० |
|---|---|---|---|
| २२५२२ | दलित वर्ग लक्षित अन्य कार्यक्रम | समानिकरण अनुदान - ने.स. | ३०० |
| | दलित वर्गको पेशा आधुनिकिकरण सम्बन्धि कार्यक्रम | समानिकरण अनुदान - ने.स. | १०० |
| **जम्मा** | | | ४०० |

**छ) सिमान्तकृत परिवारको फुसको छानो प्रतिस्थापन कार्यक्रम**

खर्च शीर्षक नं. - २२५२२

बार्षिक बजेट र श्रोत- १०००हजार (समानिकरण अनुदान- नेपाल सरकार)

| | |
|---|---|
| कार्यक्रमको परिचय | नगरपालिकाले गत वर्ष देखि सञ्चालनमा ल्याएको सिमान्तकृत परिवारको फुसको छानो प्रतिस्थापन कार्यक्रम लाई यस वर्ष समेत निरन्तरता दिइएको छ । |
| उदेश्य | सिमान्तकृत वर्गका परिवारलाई सुरक्षित वासको प्रवन्ध गर्न र हरेक वर्ष छानो छाउन पर्ने वाध्यताबाट मुक्ति दिई कर्कटपाताको छाना भएको घरमा परिणत गर्नु यस कार्यक्रमको उद्देश्य रहेको छ । |
| अपेक्षित प्रतिफल | फुसको छाना भएका सिमान्तकृत परिवारको घर कर्कटपाताको छानो भएको घरमा परिणत भएका हुनेछन् । |
| संचालन प्रकिया | यस कार्यक्रम अन्तरगत नगरपालिका क्षेत्र भित्र फुसका घर भएका घरधुरीको विवरण गत वर्ष संकलन गरी अध्यावधिक गरिएको छ । सो मध्ये केही घरधुरीका लागि गत वर्ष नै कर्कटपाता समेत उपलव्ध गराइसकिएको छ । गत वर्ष कर्कटपाता उपलव्ध गराएको घरपरिवारले उक्त कर्कटपाताको उपयोग कसरी गरेको छ सो को यथार्थ विवरण वडा कार्यालयमार्फत प्राप्त गर्ने । उचित सदुपयोग भए नभएको अनुगमन गर्ने । बाँकी घरलाई कर्कटपाताको छानो भएको घरको रुपमा परिणत गर्न आवश्यक पर्ने कर्कटपाताको अनुमानित विवरण र सो को लागत तयार गर्ने । विपन्न घरपरिवारलाई कर्कटपाताको अतिरिक्त अन्य सामाग्री र निर्माण खर्च समेत उपलव्ध गराउनपर्ने हो वा होइन एकिन गरी सोको विवरण तयार गर्ने र उक्त विवरण बमोजिम प्रस्ताव तयार गरी कार्यपालिकामा स्वीकृतिका लागि पेश गर्ने । निकासा भए बमोजिम  कर्कटपाता एवं निर्माण सामाग्री प्रचलित खरिद कानून बमोजिम खरिद गरी सम्बन्धित घरमूलीलाई हस्तान्तरण गर्ने ।<br>उपलव्ध गराएको सामाग्रीको उपयोगिताका सम्बन्धमा वडा समितिहरुबाट अनुगमन गर्ने ।<br>वार्षिक रुपमा यस कार्यक्रमको प्रगति विवरण तयार गर्नु पर्ने । |
| अनुगमन प्रणाली | विपन्न परिवारलाई उपलव्ध गराएको सामाग्रीको सही सदुपयोग भए नभएको सम्बन्धमा वडा समितिबाट अनुगमन गरि प्रतिवेदन पेश गर्नु पर्ने । वार्षिक रुपमा प्रगतिको तथ्यांक कार्यपालिकामा पेश हुन पर्ने । |
| जिम्मेवार निकाय | नगर कार्यपालिकाको कार्यालय, जिन्सी शाखा, भवन आवास तथा वस्ति विकास शाखा, नगर कार्यपालिका, वडा समितिहरु |
| समयाबधि | आ.व. ०७६/०७७ को दोश्रो चौमासिक अवधि भित्र |
| परिणाम सूचक | प्रगति प्रतिवेदन |

**ज) महिला हिंसा पिडीत महिलाहरुको लागि पुनस्थापना केन्द्र भवन निर्माण(२०७५/०७६को क्रमागत)**

खर्च शीर्षक नं. - ३११११२

बार्षिक बजेट र श्रोत - ८०००हजार (आन्तरिक श्रोत)

| | |
|---|---|
| कार्यक्रमको परिचय | हिंसा पिडीत महिलाहरुको लागि पुनस्थापना केन्द्र भवन निर्माण(२०७५/०७६को क्रमागत) । यस कार्यको लागि करुणा फाउण्डेशन नेपालले रु २० लाख व्यहोर्ने सम्झौता भएकोमा गत वर्ष रु १० लाख सञ्चित कोषमा दाखिला भएको छ  यस वर्ष प्राप्त हुने रु १० लाख समेत सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ । निर्माण कार्यको लागि गत वर्ष नै ठेक्का वन्दोवस्त भइसकेकोले प्राविधिक नापजाँच बमोजिम निर्माण सम्पन्न कार्यको नियमानुसार भुक्तानीका लागि बजेट व्यवस्था गरिएको हो । |
| उदेश्य | |
| अपेक्षित प्रतिफल | |
| संचालन प्रकिया | निर्माण व्यवसायीबाट संझौता बमोजिम भएको कार्यको मूल्यांकन, नापी किताब, रनीङ तथा अन्तिम विल एवं कार्य सम्पन्न प्रतिवेदन, कर विजकको आधारमा नियमानुसार रकम भुक्तानी |

| | |
|---|---|
| | गर्ने । |
| अनुगमन प्रणाली | सम्बन्धित प्राविधिकबाट नियमित अनुगमन मूल्यांकन गर्ने । निर्माण चरणमा त्रुटी भएको भए त्रुटीसच्याउन आवश्यक सुझाव दिने । नगर स्तरीय अनुगमन समितिले अनुगमन गरी प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाउने । |
| जिम्मेवार निकाय | महिला बालबालिका तथा समाजकल्याण उपशाखा/ योजना तथा प्राविधिक शाखा |
| समयावधि | सम्झौताको शर्त एवं म्याद थप भएकोमा सोही अनुसार |
| परिणाम सूचक | कार्य सम्पन्न प्रतिवेदन, नापी किताब, अनुगमन प्रतिवेदन |

## खण्ड १० -हेरचाहका लागि उत्प्रेरणा कार्यक्रम तर्फ विनियोजित बजेटको कार्यान्वयन प्रकृया

हेरचाहका लागि उत्प्रेरणा (Inspire2Care) कार्यक्रमको उद्देश्य स्थानीय तहहरुसँगको लागत साझेदारी तथा स्थानीय तहहरुको नेतृत्वमा मातृ तथा शिशु स्वास्थ्यको सेवाको गुणस्तरमा सुधार गरी सेवाको पहुँच र उपभोगमा बृद्धि गर्दै अपाङ्गता हुनबाट बालबालिकालाई जोगाउनु र अपाङ्गता भएका व्यक्तिको समुदायमै पुनर्स्थापना गरी तिनको जीवनमा गुणस्तरीय सुधार ल्याउनु हो । यस कार्यक्रमले सूर्योदय नगरपालिका तथा करुणा फाउन्डेसन नेपालको साझेदारीबाट स्थानीय स्वास्थ्य संस्थाहरुको सेवा प्रदान गर्ने क्षमता र गुणस्तरमा सुधार गर्दै मोबाईल फोन प्रविधि समेतको प्रयोग गरेर प्रजनन उमेरका महिला, गर्भवती तथा सुत्केरी महिला एवं दश वर्ष मुनिका बालबालिकाहरुलाई प्रत्यक्षरूपमा र समुदायका अन्य व्यक्तिलाई अप्रत्यक्षरूपमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नेछ । त्यसैगरी यस कार्यक्रमले विश्व स्वास्थ्य संगठनले विकास गरेको समुदायमा आधारीत पुनरुथापना प्रणाली अनुसार अपाङ्गता भएका व्यक्ति तथा तिनको परिवारलाई सेवा प्रदान गर्दै अपाङ्गता भएका व्यक्तिहरुको जीवनको गुणस्तरमा सुधार ल्याउनेछ । हेरचाहका लागि उत्प्रेरणा (Inspire2Care) कार्यक्रम लक्षित वर्गको सहभागिता एवं सहयोगमा तयार गरी सञ्चालनमा रहेको छ ।

करुणा फाउण्डेसन नेपालसँगको सहकार्यमा विकास गरिएको हेरचाहका लागि उत्प्रेरणा (Inspire2Care) कार्यक्रम संचालनको सम्पूर्ण जिम्मेवारी यस नगरपालिकामा निहित छ । करुणा फाउन्डेसनले आफ्नो नीति एवं क्षमता अनुसार यस नगरपालिकासँगको साझेदारी र सहकार्यमा अपाङ्गता रोकथाम र अपाङ्गता भएका व्यक्तिहरुको समुदायमानै पुर्नस्थापना गर्न तर्जुमा गरिएको यस कार्यक्रम सञ्चालन गर्न स्थानीय तहसँग आर्थिक एवं प्राविधिक सहकार्य गर्नेछ । कृयाकलापगत सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ ।

**कार्यक्रमको नाम प्रसुती सेवा उपभोगका लागि गर्भवति महिलाहरुलाई निरन्तर निगरानी गर्नको लागि अनमी लाई संचार खर्च**

खर्च शीर्षक नं. २११३५

बार्षिक बजेट र श्रोत

| | |
|---|---|
